**अतिथिलाई सत्कार**
सिन्धुलीमा पहिलो होमस्टे



**वाग्मतीबाट सम्मानित**
साग पदकधारीलाई प्रदेशको सम्मान । १६



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५४ काठमाडौं | १ फागुन २०७६ बिहीबार फाल्गुण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 13, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

## अमेरिकामाथि कीर्तिमानी जित



कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार अमेरिकाको विकेट लिएपछि नेपालका सन्दीप लामिछाने कप्तान ज्ञानेन्द्र मल्लसँग खुसी साट्दै । सन्दीपले ६ र सुसन भारीले ४ विकेट बाँडेपछि क्रिकेट विश्वकप लिग २ मा नेपालले अमेरिकालाई ३५ रनमै अलआउट गरेको थियो । थुप्रै कीर्तिमान स्थापित भएको यो खेल नेपालले ८ विकेटले जित्यो । समाचार पृष्ठ १५ । तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

ओलीका २ वर्ष

# पूरा भएनन् वाचाहरू

वाम गठबन्धनको चुनावी घोषणापत्रमा दुई, पाँच र १० वर्षभित्र गर्ने कामका सूची थिए । तर दुई वर्षमा ठूल्ठूला महत्त्वाकांक्षी योजनामा मात्र होइन, ससाना काममा समेत उत्साहजनक प्रगति छैन ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सिंहदरबारभित्रका मन्त्रालय र मुख्य विभागमा केही दिनयता कर्मचारीलाई सरकारको कामको फेहरिस्त उतार्ने चटारो छ । उपलब्धिको सूची बुझाउन उनीहरूलाई प्रधानमन्त्री कार्यालयले ताकेता गरेको हो । आउँदो शनिबार फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको दुई वर्ष पुग्दै छ । त्यही दिन उपलब्धिहरू सार्वजनिक गर्ने तयारी छ । वाम गठबन्धनको चुनावी घोषणापत्रलाई दाँजेर हेर्दा भने यी दुई वर्षमा भएका काम उत्साहजनक देखिँदैनन् ।

चुनावमा मत माग्दा तत्कालीन एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमै आफ्नो नेतृत्वमा बहुमतको सरकार बने दुई, पाँच र १० वर्षभित्र के-के गर्ने भनेर काम उल्लेख गरिएको थियो । घोषणापत्रमा 'दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइनेछ' भनिएको थियो । तर यिनै वस्तुका लागि अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्रमुख बाली तथा माछामासु आयातमा ७१ अर्ब र २०७५/७६ मा ७० अर्ब रुपैयाँ बाहिरियो ।

घोषणापत्रमा दुई वर्षभित्र भैरहवा विमानस्थल निर्माण पूरा हुने उल्लेख थियो । तर भैरहवा विमानस्थलको काम अझै पूरा भएको छैन । केही समय तलमाथि हुनुलाई अन्यथा नठानिएला तर प्रतिबद्धताअनुसार काम गर्ने गतिमा देखिएको सुस्तता भने यसले झल्काउँछ ।

घोषणापत्रमा दुई वर्षभित्र काम पूरा गर्ने अर्को विषय थियो- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनले प्रतिस्थापन गर्ने । यो काममा कुनै प्रगति छैन । पेट्रोलियम सवारीकै आयात बढिरहेको छ ।

घोषणापत्रमा 'द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ' भनिएको थियो । यसमा केही प्रगति भएन । उल्टै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग विवादले झन्डै एक वर्ष पदाधिकारीविहीन भए ।

ठूल्ठूला महत्त्वाकांक्षी योजनासँगै जनताका दैनिक जीवनमा प्रभाव पार्ने खालका काम गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा थिए । तर दैनिक जीवनमा प्रभाव पार्ने काममा पनि सर्वसाधारणले अनुभूति गर्ने खालको प्रगति छैन । घोषणापत्रमा सबै पसलमा मूल्यसूची अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने भनिएको थियो । तर मूल्यवृद्धि, सिन्डिकेट र भ्रमपूर्ण विज्ञापन निरन्तर छ । आक्कलझुक्कल मात्र अनुगमन हुन्छ तर औपचारिकताका लागि मात्र जस्तो देखिन्छ ।

घोषणापत्रमा राष्ट्रिय मुद्दा, जनजीविकादेखि अन्तर्राष्ट्रिय विषय पनि समेटिएका थिए । दुई वर्षभित्र भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्ने र सीमा समस्याको समाधान र सीमानाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल हुने पनि उल्लेख थियो । चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, वर्षौंदेखि अल्झिएको पेट्रोलियम पाइपलाइन बिछ्याउने लगायतमा उल्लेख्य प्रगति भए पनि दुई वर्षमा तोकेरै गर्ने भनिएको घोषणापत्रको यो काम भने पूरा भएको छैन ।

सरकार बनेलगत्तै अर्थमन्त्री युवराज खतिवडाले संसद्मा श्वेतपत्र पेस गरी अघिल्ला सरकारको तीव्र आलोचना गरेका थिए । तर एक वर्षको पूर्ण बजेट कार्यान्वयन र अर्को छ महिना बितिसक्दा पनि विकास खर्च सुध्रेको छैन । बुधबारसम्मको तथ्यांक हेर्ने हो भने विकास खर्च साढे १८ प्रतिशत मात्र छ । प्रधानमन्त्री ओली भने अन्तर्राष्ट्रिय संस्थाहरूले सार्वजनिक गरेको सकारात्मक सूचीहरूलाई देखाएर सरकारको गति मापन गर्नुपर्ने बताइरहेका छन् ।

बाँकी पृष्ठ १४ ▶▶

> भनिएको भन्दा अन्य काम गर्ने खालको सरकारको शैली छ, मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखियो
>
> – **खगेन्द्र प्रसाई**, विश्लेषक

## भित्र


प्रदेश र स्थानीय तहको अधिकार कटौती


श्रमिकहरू अझै सामाजिक सुरक्षा कोषबाहिरै


२०६ पालिकामा पुग्न सकेन प्राविधिक शिक्षा


संक्रमणकालीन न्यायका कामहरू अघि बढ्न सकेनन्


कूटनीतिमा अलमल, सम्बन्ध विस्तारमा भने सफल



राजस्व र खर्चमा सरकारलाई सकस

**दुई वर्षभित्र सक्ने भनिएका मुख्य काम :**

- भैरहवा विमानस्थल निर्माण
- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनबाट प्रतिस्थापन
- यातायातलगायत क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य
- तुइनलाई झोलुङ्गे पुलले विस्थापन गर्ने
- राष्ट्रिय परिचयपत्र र गरिबी परिचयपत्र
- सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू
- भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, भूकम्प, बाढी र पहिरोपीडितलाई घर निर्माणमा सहयोग
- सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट
- राष्ट्रव्यापी नापी, भूमिको अभिलेख अद्यावधिक, वैज्ञानिक भूमिसुधार लागू
- आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर
- पूर्वपश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण
- परिमार्जित शिक्षा नीति लागू, बजेटको २० प्रतिशत शिक्षामा लगानी
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्कुल भर्ना
- केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना
- द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरण
- सबै पसलमा मूल्यसूची, गुणस्तर अनुगमन
- स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेपलाई अस्वीकार
- भारतसँगको १९५० को लगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन, सीमा समस्याको समाधान र नाकाको व्यवस्थापन

# ट्रस्टको १७३ रोपनी शंकास्पद मोहीका नाममा

■ **कृष्ण ज्ञवाली**
**बिनु सुवेदी** (काठमाडौं)

नेपाल ट्रस्टको सम्पत्तिमा कसैको हकदाबी नलाग्ने कानुनी व्यवस्था विपरीत बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको मन्त्रिपरिषद् निर्णयबाट १७३ रोपनी जग्गा मोहीका नाममा बाँडेको भेटिएको छ । सरकारले ट्रस्टका नाममा ल्याएको दिवंगत राजा वीरेन्द्र र उनको परिवारका नाममा रहेको १७३ रोपनी जग्गा मन्त्रिपरिषद् निर्णयलाई आधार मानी मालपोत कार्यालयले २०६९ सालमा मोहीका नाममा जग्गा दर्ता गरिएको हो ।

**२०६४ पुस १**
राजा वीरेन्द्र र उनको परिवारको जग्गा नेपाल ट्रस्टका नाममा दर्ता

**२०६९ भदौ ११**
छानबिन गरी आवश्यक देखिए दर्ता स्रेस्ता कायम गर्ने मन्त्रिपरिषद् निर्णय

**२०७० असार ४ देखि**
बिनाछानबिन १७३ रोपनी १५ आना मोहीका नाममा

ट्रस्ट कार्यालयले तत्कालीन अन्तरिम संविधान र प्रचलित कानुनको बर्खिलाप हुने गरी ट्रस्टको जग्गा मोही र उनका हकवालामा दर्ता गरिएको भन्दै छानबिनका लागि सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगमा निवेदन दिइसकेको छ । ट्रस्ट कार्यालयले गत जेठ २१ गते आयोगमा पठाएको पत्रमा काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल, साबिक इचंगु गाविसको १७३ रोपनी १५ आना जग्गा मोहीका नाममा गएको भन्दै छानबिन गर्न आग्रह गरिएको छ । पत्रमा भनिएको छ, 'ती जग्गा २०६४ पुस १ गते मालपोत कार्यालय कलंकीले ट्रस्टमा नामसारी गरेको हो । फेरि मोही र उनीहरूको हकवालाका नाममा नामसारी भएको बुझिन आएको छ ।'

ट्रस्ट कार्यालय स्रोतले जग्गा थाहै नदिई गैरकानुनी रूपमा मोहीका नाममा दर्ता भएकाले आयोगमा निवेदन दिएको जनाएको छ । ट्रस्टले पत्रका साथमा उक्त जग्गा नेपाल सरकारको हो भनी ७५ पानाको प्रमाणसहितको मिसिलसमेत पठाएको छ ।

ट्रस्टको कार्यालयले ती जग्गाबारे सोधखोज गत चैतदेखि गरेको हो । मालपोत कार्यालय कलंकीले जवाफमा '२०६९ भदौ ११ गते मन्त्रिपरिषद्को निर्णयअनुसार एकलौटी रूपमा मोहीका नाममा नामसारी भएको' भनी जवाफ लेखेको थियो । उक्त पत्रपछि ट्रस्टको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पत्र पठाएर 'निर्णयको व्यहोरा के थियो ?' भनी विवरण मागेको थियो ।

नेपाल ट्रस्ट ऐनको दफा १३ मा 'ट्रस्टको सम्पत्ति बिक्रीवितरण र भोगाधिकार गर्नमा प्रतिबन्ध हुने' व्यवस्था छ ।

बाँकी पृष्ठ १४ ▶▶






ओलीका २ वर्ष

# कूटनीतिमा अलमल

## सम्बन्ध विस्तारमा भने सफल



■ **जगदीश्वर पाण्डे** (काठमाडौं)

तत्कालीन एमाले र माओवादी केन्द्रको संयुक्त चुनावी घोषणापत्रमा कूटनीतिक विषयसम्बद्ध दुई प्रमुख बुँदा थिए- भारतसँगको सम्बन्धको पुनर्व्याख्या र सीमा समस्या समाधान। भारतसँगको सम्बन्धलाई महत्त्वपूर्ण स्थान दिएर वाम घोषणापत्रमा 'सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गरिनेछ। सीमा समस्याको समाधान र सीमा-नाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल गरिनेछ।'

ती दुई दलले चुनाव जितेर सत्तारोहण गरेको दुई वर्षमा यी दुवै विषय बहसमा मात्रै आइरहे। परिणाम देखिएन। घोषणापत्रमा नेपाल-भारत संयुक्त प्रबुद्ध व्यक्ति समूह (ईपीजी) भन्ने शब्द प्रयोग नगरिए पनि यही संकेतमा सन्धि-सम्झौता पुनरावलोकन गर्ने भनिएको थियो तर ईपीजी गठनपछि उसले आफ्नो अध्ययन प्रतिवेदन तयार गरेको एक वर्ष बित्नै लाग्दा पनि यो 'स्वीकार्य' बनेको छैन।

तत्कालीन एमाले र माओवादी केन्द्र एकतापछि बनेको नेकपाका सांसद तथा कूटनीतिक जानकार दीपक प्रकाश भट्ट भने कामको गति अघि नबढेको देखिए पनि नेपाल सरकारले काम गरिरहेको दाबी गर्छन्। 'ईपीजीको प्रतिवेदन कुनै एक देशले बुझेर मात्र हुँदैन। त्यसमा दुवै मुलुकको भूमिका उत्तिकै हुन्छ,' उनले भने, 'ईपीजी प्रतिवेदनलाई लिएर दुई पक्षबीच अब हुने बैठकमा समीक्षा हुन आवश्यक छ।'

**भारतसँगको सम्बन्धको पुनर्व्याख्या र सीमा समस्या समाधानलाई प्राथमिकता दिने घोषणा गरिए पनि सत्तारोहण गरेको दुई वर्षमा परिणाम देखिने काम भएको छैन।**

यसबीचमा भारतले नेपालको लिपुलेक, कालापानी र लिम्पियाधुरालाई आफ्नोपट्टि पारेर नयाँ राजनीतिक नक्सा जारी गर्‍यो। कात्तिक १७ मा जारी गरिएको उक्त नक्साले नेपालमा ठूलै तरंग ल्यायो। सडक, सदन, पार्टीहरू, बौद्धिक क्षेत्रसम्म यसबारे बहस भयो। विद्यार्थी, नागरिक समाजका आन्दोलन चले। राष्ट्रिय सभामा सत्ता पक्ष नेकपा र प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले मिलेर संकल्प प्रस्ताव दर्ता गरी छलफल गरे र पास पनि गरे। नेपाल सरकारले परराष्ट्र मन्त्रालयमार्फत भारतलाई कूटनीतिक नोट पठायो। भारतले त्यसको उत्तर पनि दियो तर फेरि नेपालले सीमा विवादका विषयमा बैंठक बस्नुपर्‍यो भन्दै गरेको कूटनीतिक आग्रहको जवाफ भारतले दिएको छैन।

कूटनीतिक जानकार गेजा शर्मा वाग्ले वाम गठबन्धनले चुनावका बेला जनताको भोट पाउनका लागि मात्र राष्ट्रवादी नारा लगाएको जस्तो देखिएको बताउँछन्। 'वाम गठबन्धन निर्वाचनमा धेरै राष्ट्रवादी नारा बोकेर गएको थियो। प्रचण्ड बहुमत ल्याएपछि ओली सरकारले न ईपीजीको प्रतिवेदन भारत सरकारले ग्रहण गर्न सक्ने अवस्थामा पुर्‍याउन पहल गर्न सक्यो, न नेपाल-भारतबीच भएका सीमा विवादसहितका समस्या समाधान भए,' उनले भने।

ओली सरकारले चीनसँगको द्विपक्षीय सम्बन्धमा भने लामो फड्को मारेको छ। २०७२ सालमा पहिलो पटक प्रधानमन्त्री हुँदा ओलीले चीन सरकारसँग पारवहन र यातायातसम्बन्धी समझदारी गरेका थिए। त्यसलाई अघि बढाउन चीनसँग प्रोटोकलमा हस्ताक्षर गर्नु महत्त्वपूर्ण काम थियो। नेपाललाई दुवै छिमेकीसँगको सामुद्रिक बन्दरगाहमा पहुँच पुर्‍याउनुपर्ने आम नेपालीको माग थियो। राष्ट्रपति विद्यादेवी भण्डारीले सन् २०१८ सेप्टेम्बरमा चीनमा भएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) को दोस्रो सम्मेलनमा जाँदा प्रोटोकलमा हस्ताक्षर गरेकी हुन्। त्यसले नेपाललाई उत्तरबाट पनि तेस्रो मुलुकमा व्यापार गर्ने बाटो खोलिदिएको छ।

घोषणापत्रमा गरिएको प्रतिबद्धताअनुरूप भारतसँगको सीमा विवाद समाधान गरी राष्ट्रिय अखण्डता र नेपाली सार्वभौमिकताको संरक्षण गर्ने काममा सरकारले अर्थपूर्ण कूटनीतिक प्रयास नगरेको वाग्ले बताउँछन्। 'भारतले नयाँ राजनीतिक नक्सा प्रकाशन गरेपछि वार्ता गर्न नेपालको सम्पूर्ण राजनीतिक दल र नागरिक समाजले सरकारलाई आग्रह गरेका थिए तर नेपाल सरकारले थर्ड पर्सन डिप्लोम्याटिक नोट पठाउनेबाहेक केही पनि काम गर्न सकेन,' उनले भने।

घोषणापत्रमा 'स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दै आन्तरिक मामिलामा बाह्य हस्तक्षेपलाई अस्वीकार गरिनेछ, हीनताबोध र आत्मसमर्पणवादी मान्यतालाई निरूत्साह गरिनेछ' भनिएको छ। संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत ङ (१) मा अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीतिमा भनिएको छ, 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने।'

कात्तिक ७ देखि ९ सम्म अजरबैजानको बाकुमा भएको असंलग्न अभियान (नाम) को १८ औं शिखर सम्मेलनमा सहभागिता जनाउँदै नेपालले कुनै पनि शक्तिको पक्ष र विपक्षमा नलाग्ने स्वतन्त्र र सार्वभौम देश रहेको प्रस्ट पारेका थिए। प्रधानमन्त्री ओलीले अहिलेको परिप्रेक्ष्यमा असंलग्न अभियान झन् महत्त्वपूर्ण भएको उल्लेख गरेका थिए तर सरकार अहिले चीनले अघि सारेको बीआरआई र अमेरिकाले ल्याएको इन्डो प्यासिफिक रणनीति (आईपीएस) सँग कसरी 'डिल' गर्ने भन्ने असहज स्थितिमा देखिएको छ। बीआरआईको हस्ताक्षर गरेका राष्ट्रमध्येको नेपाल एक हो। आईपीएसमा नेपाल संलग्न छ कि छैन भन्नेमा सरकारले सार्वजनिक रूपमा प्रस्ट पार्न सकेको छैन।

वाम सरकारले उच्चस्तरीय भ्रमण र कूटनीतिक सम्बन्ध विकेन्द्रीकरणलाई काम भन्ने गरेको छ। नेपालले २०१८ अगस्ट ३०-३१ सम्म चौथो बिमस्टेक सम्मेलन आयोजना गरेको थियो। प्रधानमन्त्री ओलीले सन् २०१९ जनवरी २२ देखि २५ सम्म स्विट्जरल्यान्डको डाभोसमा भएको वर्ल्ड इकोनोमिक फोरममा गएर नेपालका तर्फबाट प्रस्तुति पनि दिए। चीनका राष्ट्रपतिलाई सी चिनफिङले असोज २५ र २६ मा नेपालको भ्रमण गरे। त्यसअघि चीनका तत्कालीन राष्ट्रपति जियान जेमिनले सन् १९९६ को डिसेम्बर ५-६ मा नेपालको भ्रमण गरेका थिए। सीको यो भ्रमण नेपाल-चीनबीचको सम्बन्धमा नयाँ कोसेढुंगाका रूपमा रह्यो। 'उच्चस्तरीय कूटनीतिक भ्रमण भयो, त्यो सकारात्मक कुरा हो तर उच्चस्तरीय कूटनीतिक भ्रमणबाट मुलुकले आर्थिक विकासमा लाभ लिन सकेको देखिँदैन,' वाग्लेले भने।

सरकार अमेरिकी नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सँगको सम्झौतामा राष्ट्रिय र पार्टी स्तरमा बृहत् छलफल गर्दै निचोडमा पुग्न लागेको सांसद भट्ट बताउँछन्। उनले द्विपक्षीय भ्रमणहरू उल्लेखनीय रूपमा भएको दाबी गरे। 'नेपालले चैतमा पहिलो पटक सगरमाथा संवाद गर्दै छ। त्यस बेला रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आए अझ ठूलो उपलब्धि हुनेछ,' उनले भने। उनले सरकार परराष्ट्र नीतिको सवालमा सही बाटामा अघि बढिरहेको तर्क गरे।

# अधिकार हस्तान्तरणमा कन्जुस्याइँ

## संविधानले दिएको र अभ्यास थालिएका अधिकार संघीय कानुनमार्फत केन्द्रले खोस्न थालेपछि प्रदेश सरकार र स्थानीय तहमा असन्तुष्टि बढेको छ।

■ **राजेश मिश्र** (काठमाडौं)

तत्कालीन एमाले र माओवादी केन्द्रको संयुक्त चुनावी घोषणापत्रमा संघीयता कार्यान्वयन मूल राजनीतिक लक्ष्य थियो। चुनावपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले संघीय कार्यान्वयनमा सन्तोषजनक काम भने गर्न सकेन। केन्द्र सरकारले गरिदिनुपर्ने कानुन निर्माण, जनशक्ति पूर्ति, भौतिक पूर्वाधारको व्यवस्थापन, अधिकार हस्तान्तरणलगायत केही काम भए तर अत्यन्त सुस्त शैलीमा। कर्मचारी समायोजन टुंग्याइँदा पनि प्रदेशमा कर्मचारी अभावको समस्या छँदै छ।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत निर्धारण गरिएकामध्ये एक तिहाइ कर्मचारी मात्र प्रदेशमा रहेको बताउँछन्। नेकपा नेतृत्वकै सरकार रहेका अन्य ६ वटा प्रदेशमा पनि कर्मचारीको उपस्थिति न्यून छ। २६ जना उपसचिवको दरबन्दी रहेको सुदूरपश्चिम र २३ जनाको दरबन्दी रहेको कर्णालीमा उक्त पदका एक जना पनि कर्मचारी छैनन्।

समायोजन भइसकेकाले रिक्त दरबन्दीमा प्रदेश आफैंले प्रदेश लोकसेवा आयोगमार्फत कर्मचारी भर्ना गर्न पाउँछन्। प्रदेश लोकसेवा गठनसम्बन्धी संघीय कानुन ढिला गरी आएको छ। प्रदेशमा हालै लोकसेवा आयोग गठन भएका छन्। तर संघीय निजामती सेवासम्बन्धी कानुन नबन्दा प्रदेशमा प्रादेशिक जनशक्तिसम्बन्धी कानुन बन्न सकेको छैन। स्थानीय तहमा पनि अपुग जनशक्तिको पूर्ति हुन सकेको छैन। केन्द्रले नै पठाउनुपर्ने प्रशासकीय अधिकृतहरू छैनन्। करिब २०० स्थानीय तहमा कार्यपालिकाले गरेका निर्णयहरू कर्मचारी अभावले कार्यान्वयनमा समस्या छ।

संघीयता कार्यान्वयनको प्रमुख आधार संविधानअनुसारका कानुन निर्माण हो। तर तिनै कानुन निर्माण ढिला हुँदा प्रदेशले गति लिन सकेको छैन। बनेका संघीय कानुनहरूप्रति पनि प्रदेशले चित्त बुझाएका छैनन्। संविधानले दिएको र अभ्यास थालिएको अधिकार पनि संघीय कानुनमार्फत केन्द्रले खोस्न थालेको प्रदेशको गुनासो छ।




**दुई वर्षमा ५५ वटा संघीय कानुन बनेका छन् तर संविधानअनुसार साझा अधिकार सूचीका सम्बन्धमा आवश्यक कानुन नबन्दा प्रदेश र स्थानीय तहले काम गर्न पाएका छैनन्।**

प्रदेशको अधिकार क्षेत्रमा हस्तक्षेप गरिएको भन्दै प्रदेश २ ले वन ऐन खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेको छ। प्रादेशिक अधिकारलाई उक्त ऐनले मिचेको प्रदेशको आरोप छ। संविधानले प्रदेशभित्रको वन व्यवस्थापनको जिम्मा प्रदेशलाई दिए पनि संघले वन कार्यालयको प्रमुख रहने 'डीएफओ' लाई आफू मातहत राख्ने गरी कानुन ल्याएपछि प्रदेशले आपत्ति जनाएका हुन्। संघले बनाएका कानुनहरू प्रदेशलाई अधिकार हस्तान्तरण गर्ने किसिमबाट नआएको मुख्यमन्त्री राउतले बताए। 'संविधानप्रदत अधिकार पनि खोस्ने प्रयत्न गरिएको छ,' उनले भने, 'संघले बनाएका सबैजसो कानुनमा केन्द्रीकृत शासन सत्ताकै सोच हावी छ।'

प्रदेश सरकारका प्रमुख सचिव, मन्त्रालयका सचिव, प्रदेश प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी, डीएफओ, स्थानीय तहका प्रशासकीय प्रमुख जस्ता सबै प्रमुख पदमा केन्द्रबाटै कर्मचारी तोक्ने गरी कानुन निर्माण गरिएका छन्। गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानले संघीय कानुनहरू संघीयताको मर्मअनुसार नबनेको बताए। 'कानुनहरूमा केन्द्रीकृत मानसिकता देखिएको छ,' उनले भने, 'संघीय कानुन ढिला गरी आएकाले प्रदेश व्यवस्थित हुन अझै समय लाग्छ।'

ओली नेतृत्वको सरकारले दुई वर्षमा ५५ वटा संघीय कानुन बनाएको छ। त्यसमा १६ वटा मौलिक हकसँग सम्बन्धित छन्। यस अवधिमा प्रदेशलाई आवश्यक प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण), वन, भूमि, भू-उपयोग, प्रहरी कर्मचारी समायोजन, नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन लगायतका ऐन पनि आएका छन्। तर संविधानको अनुसूचीमा रहेका साझा अधिकारका सूचीका सम्बन्धमा आवश्यक कानुन नबन्दा प्रदेश र स्थानीय तहले धेरै विषयमा काम नै गर्न पाएका छैनन्।

कानुनमन्त्री भानुभक्त ढकाल जनतालाई अधिकार दिने हिसाबले पछिल्ला दुई वर्षमा ऐतिहासिक काम भएको दाबी गर्छन्। 'कानुन बनाएर जनतालाई अधिकारसम्पन्न बनाउने, संविधानलाई गति दिने र संघीयता कार्यान्वयनका लागि कानुनहरूमा सुधार गरिएको र नयाँ कानुन बनाइएको छ,' उनले भने, '२४२ वटा कानुनलाई नयाँ संविधान र त्यसले गरेको संघीयता लगायतका व्यवस्था चिनाउने गरी अद्यावधिक गरिएको छ।'

कानुन निर्माणलाई सरकारले आफ्नो महत्त्वपूर्ण उपलब्धि मानेको छ। तर, कानुन निर्माण प्रक्रियामा सरोकारवालालाई गरिएको उपेक्षाले संसद्मा पेस भएका विधेयक र कतिपय बनिसकेका कानुन पनि विवादित छन्। सरोकारवालाकै विरोधका कारण गुठी विधेयक सरकारले फिर्ता लिनुपरेको थियो।

संसद्को प्रक्रियामा रहेका मिडिया काउन्सिल, सूचना प्रविधि, नेपाल विशेष सेवा, राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी, शान्ति सुरक्षालगायत कैयन् विधेयकमा सरकारले चर्को विरोध सामना गर्नुपर्‍यो। विधेयकका प्रावधानहरूका कारण सरकार नियन्त्रणमुखी बन्दै गरेको आरोप छ। संविधान र कानुनका जानकार भीमार्जुन आचार्य कानुन बनाउनु मात्रैलाई उपलब्धि मान्न नसकिने बताउँछन्। 'कानुन कस्तो बनाइएको छ/बनाउन खोजिएको छ, कानुन कार्यान्वयनको अवस्था कस्तो छ, मूल्यांकन त्यसबाट गर्ने हो,' उनले भने, 'त्यसरी हेर्दा उपलब्धि मान्न सकिने अवस्था छैन। मौलिक हकका कानुन आए पनि नियमावली नबनेर कार्यान्वयन भएका छैनन्। अर्कोतिर, कानुनहरू शक्ति आफूमा केन्द्रित गर्ने र नागरिक तथा प्रेसको मुख थुन्ने हिसाबले ल्याइएका छन्।' उनले अधिकार केन्द्रीकरण गर्ने, अभिव्यक्ति स्वतन्त्रलाई नियन्त्रण गर्ने र संवैधानिक निकायमाथि अंकुश लगाउने गरी कानुन ल्याउन खोजिएको बताए। संघीयताको मर्मविपरीत अधिकार केन्द्रीकरणसमेत गर्न खोजिएको उनको भनाइ छ।

# २०६ पालिकामा पुगेन प्राविधिक शिक्षा

## २७.३६ प्रतिशत स्थानीय तहमा प्राविधिक धारको शिक्षा विस्तारै हुन सकेको छैन। सबैभन्दा धेरै प्रदेश २ को ४९ स्थानीय तहमा प्राविधिक शिक्षा पुग्न सकेको छैन।

■ **सुदीप कैनी** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्को पहिलो एउटा निर्णय थियो, 'दुई वर्षभित्र प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच विस्तार गरिसक्ने'। यो निर्णय गरेकै दुई वर्ष भइसक्दा पनि पूर्ण कार्यान्वयनमा आएको छैन।

वाम गठबन्धनको चुनावी घोषणापत्रमा समेत गैरप्राविधिक विषयमा ३० प्रतिशत र व्यावसायिक तथा प्राविधिक विषयमा ७० प्रतिशत जनशक्ति विकसित गर्ने गरी शिक्षा नीति परिवर्तन गर्ने उल्लेख थियो। तर दुई वर्ष अवधिमा प्राविधिक शिक्षाको पहुँच विस्तार गरिएका पालिकामा समेत पूर्वाधार र शिक्षक अभाव छ। तत्कालीन एमाले र माओवादी गठबन्धनले प्राविधिक तथा व्यावसायिक शिक्षकका लागि साधन स्रोतले युक्त पर्याप्त भौतिक संरचनाहरू निर्माण गर्ने प्रतिबद्धता जनाएको थियो।

शिक्षा मन्त्रालयको तथ्यांकअनुसार २७.३६ प्रतिशत स्थानीय तहमा प्राविधिक धारको शिक्षा विस्तार हुन सकेको छैन। ७५३ स्थानीय तहमध्ये ५४७ वटामा मात्रै प्राविधिक एसएलसी, डिप्लोमा र प्राविधिक धारको कक्षा (९-१२) मा पठनपाठन हुने गरेको छ। यसबाहेक उच्च शिक्षामा प्राविधिक शिक्षा पढाइ हुने विश्वविद्यालय र प्रतिष्ठान मातहतमा २८० क्याम्पस रहेका छन्। प्राविधिक शिक्षामा पहुँच बाहिरका पालिकामा प्राविधिक शिक्षालय खोल्न सरकारले वर्ष ०७६/७७ को बजेटमा २६ करोड विनियोजन गरेको छ। सबैभन्दा धेरै प्रदेश २ को ४९ स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच पुग्न सकेको छैन। उक्त प्रदेशबाट नेकपा नेता गिरिराजमणि पोखरेल शिक्षा तथा विज्ञान प्रविधिमन्त्रीसमेत छन्।

प्रदेश १ को ४५ र वाग्मतीको ३२ स्थानीय तहमा प्राविधिक शिक्षालयहरू खुल्न बाँकी छ। गण्डकी प्रदेशमा २६, प्रदेश ५ मा १७, कर्णाली र सुदूरपश्चिम प्रदेशमा क्रमशः १८ र १९ वटा स्थानीय तह प्राविधिक शिक्षाको शिक्षण संस्थाविहीन रहेका छन्। केन्द्र र परिषद्मातहत आंगिक, सामुदायिक विद्यालय, साझेदारी र सम्बन्धन प्राप्त संस्थाहरूले माध्यमिक तहसम्म प्राविधिक शिक्षा दिने गर्छन्। यस्ता शिक्षण संस्थाको संख्या १ हजार ३१२ वटा रहेको छ। सबैभन्दा धेरै कक्षा ११-१२ मा प्राविधिक धार सञ्चालित ४३४ विद्यालय रहेका छन् भने निजी सम्बन्धनमा चलेका ४२९ प्रमाणपत्र (डिप्लो) तहका रहेका छन्।

प्राविधिक एसएलसीमा इन्जिनियरिङ, स्वास्थ्य, कृषि, पशुपालन, वन विद्यामा पढाइ हुने गरेको छ। यसका अतिरिक्त डिप्लोमा तहमा होटल व्यवस्थापन, वन विज्ञानको समेत पठनपाठन हुन्छ। उच्च शिक्षामा विज्ञान प्रविधि, चिकित्साशास्त्र, वन विज्ञान, इन्जिनियरिङ, आयुर्वेद, पशु विज्ञान, पशु चिकित्सा, मत्स्य पालन र कृषि संकायको अध्यापन हुने गरेको छ। 'श्रम बजारको आवश्यकताका आधारमा सीप नक्सांकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ,' शिक्षा नीतिमा भनिएको छ, 'मुनाफा नलिने निजी र सहकारी क्षेत्रलाई समेत सहभागी गराइनेछ।' प्रदेश स्तरमा प्राविधिक शिक्षासम्बन्धी विषयगत प्रयोगशालासहितका अनुसन्धानशालाहरू स्थापना गर्ने नीति लिएको मन्त्री पोखरेलले बताए। चालु आर्थिक वर्षभित्र सबै पालिकामा प्राविधिक शिक्षा पुर्‍याउने उनले दाबी गरे।

सरकार गठनको १९ महिनापछि मन्त्रिपरिषद्ले राष्ट्रिय शिक्षा नीति स्वीकृत गरी लागू गरेको हो। शिक्षा नीतिले भने स्पष्ट दिशा निर्देशन गर्न नसकेको र संविधान/संघीयताविरोधी व्यवस्था राखिएको भनेर आलोचना हुँदै आएको छ। आफैंले गठन गरेको उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन सार्वजनिक नगरेको र उसका सुझावहरूको समेत बेवास्ता गरिएकामा शिक्षाविद्हरू असन्तुष्ट छन्। संविधानले स्थानीय तहलाई दिएको माध्यमिक तहसम्मको अधिकार नीतिले कटौती गरिदिएको छ। नीति अस्पष्ट रहेको र संविधानसँग बाझिने बुँदाहरू राखिएको शिक्षाविद् विद्यानाथ कोइरालाले बताए। शिक्षा नीतिले संघीयताको मर्ममाथि प्रहार गरेको उनले टिप्पणी गरे। 'स्थानीय तहले आफ्नो अधिकार प्रयोग गरेर काम गर्न खोजेका थिए, काम गर्न दिइएको छैन,' कोइरालाले भने, 'विकेन्द्रीकरणमा जानुपर्नेमा जनवादी केन्द्रीयता लाद्न खोजिएको छ।' संविधानको मर्मअनुसार नीति, नियम नआएकामा उनले असन्तुष्टि जनाए।



- गैरप्राविधिक विषयमा ३० प्रतिशत र व्यावसायिक तथा प्राविधिक विषयमा ७० प्रतिशत जनशक्ति विकसित गर्ने गरी शिक्षा नीति परिवर्तन गर्ने। प्राविधिक तथा व्यावसायिक शिक्षकका लागि साधन स्रोतले युक्त पर्याप्त भौतिक संरचना निर्माण गर्ने।
  *(प्रदेश १ को ४५, प्रदेश २ को ४९, वाग्मतीको ३२, गण्डकीको २६, प्रदेश ५ को १७, कर्णालीको १८ र सुदूरपश्चिमको १९ पालिकामा प्राविधिक शिक्षा पुगेको छैन)*
- शिक्षामा २० प्रतिशत बजेट पुर्‍याउने
  *(दुई वर्षका बजेट तथा कार्यक्रममा यो प्रतिबद्धता पूरा गरिएको छैन। अघिल्लो वर्ष १०.२३ प्रतिशत र यो वर्ष १० दशमलव ६८ प्रतिशत मात्रै विनियोजन)*
- दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गरिसक्ने
  *(कक्षा (१-५) को भर्नादर ९६.९ प्रतिशत पुगेको शिक्षा मन्त्रालयको दाबी। युनिसेफले हालसालै सार्वजनिक गरेको सर्वेक्षणअनुसार विद्यालय उमेर समूहमा ७ लाख बालबालिका अझै कक्षाकोठा बाहिर छन्।)*

चुनावी वाम घोषणापत्रमै शिक्षामा २० प्रतिशत बजेट पुर्‍याउने प्रतिबद्धता गरिएको छ। त्यसपछि सरकारले दुई पटक बजेट तथा कार्यक्रम सार्वजनिक गर्‍यो तर २० प्रतिशत बजेट विनियोजन गर्ने प्रतिबद्धतामा भने चुकेको छ। विज्ञान प्रविधिसहित शिक्षा क्षेत्रका लागि अर्थमन्त्री युवराज खतिवडाले १ खर्ब ६३ अर्ब ७६ करोडको बजेट प्रस्तुत गरेका थिए। उक्त बजेट गत वर्षभन्दा करिब २९ अर्ब बढी हो। गत वर्ष १०.२३ प्रतिशत बजेट विनियोजन गरिएको थियो। यस वर्ष कुल बजेटको १०.६८ प्रतिशत हुन आउँछ। यसरी हेर्दा ०.४५ प्रतिशत बजेट मात्रै वृद्धि भएको देखिन्छ। शिक्षामा गत वर्षको तुलना खर्च गर्ने क्षेत्र भने वृद्धि हुँदै गएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, चिकित्सा शिक्षा ऐन कार्यान्वयन गर्न अर्बौं खर्च आवश्यक छ। यी दुई ऐनको सुरुवाती कार्यान्वयनका लागि मात्रै कम्तीमा १० अर्ब हाराहारीमा रकम आवश्यक पर्ने शिक्षा मन्त्रालयका अधिकारीहरू बताउँछन्। त्यस्तै बजेट बढे पनि सँगसँगै शिक्षकहरूको तलब भत्ता पनि बढेको छ। यी दुई ऐनले आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको ग्यारेन्टी गरेको छ भने चिकित्सा शिक्षा अध्ययन गर्ने ७५ प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने प्रावधान छ। यीबाहेक सरकारले घोषणा गरेका सामुदायिक विद्यालय सबलीकरण दशक, राष्ट्रपति शैक्षिक विकास कोष कार्यक्रममा पनि थप रकम आवश्यक हुन्छ। घोषणापत्रमा २० प्रतिशत बजेट पुर्‍याउने प्रतिबद्धता गरे पनि मन्त्रालयले तयार पारेको दिगो विकास लक्ष्यका सूचकहरूमा २०८७ सालमा मात्र कुल बजेटमा शिक्षाको २० प्रतिशत बजेट पुर्‍याउने उल्लेख छ। उच्चस्तरीय शिक्षा आयोगले समेत कम्तीमा २० प्रतिशत बजेटको व्यवस्था गर्न सरकारलाई सुझाव दिएको थियो। शिक्षाविद् कोइरालाले सरकारले लगानीमा गरेको प्रतिबद्धता पूरा नगरेकामा असन्तुष्टि जनाए। मन्त्री पोखरेलले भने संघ, प्रदेश र स्थानीय सरकारको बजेट जोड्दा क्रमशः वृद्धि हुँदै गएको तर्क गरे। 'बजेट वृद्धिको प्रक्रियामा छ, २५ प्रतिशत आवश्यक छ,' उनले भने।

वाम घोषणापत्रमा गुरुकुल, विहार, गुम्बा, मदरसा, खुला एवं वैकल्पिक शिक्षा कार्यक्रमलाई राष्ट्रिय शिक्षा प्रणालीसँग आबद्ध गर्ने प्रतिबद्धता गरिएको थियो। अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने नीति लिइएको छ। 'धार्मिक प्रकृतिका परम्परागत विद्यालयको नियमन र सहजीकरणका लागि गुरुकुल शिक्षा बोर्ड, मदरसा शिक्षा बोर्ड र गुम्बा शिक्षा बोर्ड गठन गर्न सकिनेछ,' नीतिमा भनिएको छ, 'परम्परागत शिक्षासम्बन्धी बोर्डले सम्बन्धित संस्थाको मूलप्रवाहीकरण र गुणस्तरीयताका लागि सबै तहका शिक्षाको मापदण्ड निर्धारण, पाठ्यक्रम निर्माण र परिमार्जन, ब्रिज कोर्स र समकक्षता निर्धारण लगायत समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ।' मन्त्रालयले विद्यालय, उच्च शिक्षा र प्राविधिक शिक्षाको छुट्टाछुट्टै ३ विधेयकको मस्यौदा तयार पारिरहेको छ। नीतिअनुसार ऐन स्वीकृत गरेर कार्यान्वयन गरिने मन्त्री पोखरेलले जनाए।

दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकाको विद्यालयमा भर्ना गरिसक्ने प्रतिबद्धता गरिएको थियो। उक्त प्रतिबद्धता भने सरकारले पूरा गर्न सकेको छैन। शिक्षा मन्त्रालयले भने कक्षा (१-५) को भर्नादर ९६.९ प्रतिशत पुगेको दाबी गरेको छ। कुनै सर्वेक्षणबिना मातहतको निकायको तथ्यांकका आधारमा उक्त दाबी गरिएका मन्त्रालयका अधिकारीहरू बताउँछन्। युनिसेफले हालसालै सार्वजनिक गरेको सर्वेक्षणमा विद्यालय उमेर समूहमा ७ लाख बालबालिका अझै पनि कक्षाकोठा बाहिर छन्। सबै बालबालिकालाई विद्यालय ल्याउन सरकारले अभिभावकत्व ग्रहण कार्यक्रम सञ्चालन गरे पनि प्रभावकारी हुन सकेको छैन।

पाँच वर्षमा सबै नागरिकलाई साक्षर तुल्याउन सरकारले २०७६ लाई साक्षर वर्ष घोषणा गरेको छ। हालसम्म ५१ जिल्लाहरू साक्षर जिल्ला घोषणा भइसकेका छन्। ०६८ को जनगणनामा १५ वर्षमाथिको जनसंख्याको साक्षरता ५८ प्रतिशत रहेको थियो भने वर्ष २०७४/७५ मा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता ८८.६ प्रतिशत पुगेको दाबी गरिएको छ। ५ वर्षभित्र सबै नागरिकलाई साक्षर बनाइसक्ने घोषणापत्रमा उल्लेख छ। १ सय ७२ स्थानीय तहले सबै बालबालिका विद्यालय भर्ना भएको घोषणा गरिसकेका छन्। स्थानीय तहमार्फत बालबालिकालाई विद्यालयमा भर्ना गराउने नीति लिइएको हो। 'छिटो छरितो ढंगले बढ्नुपर्ने काम प्रणालीले गर्दा ढिला भएको मन्त्री पोखरेलले स्वीकार गरे। उनले भने, 'सर्वाधिक महत्त्वको विषय भनेको नीति ल्याउन सफल भयौं, यहीअनुसार ऐन-नियम बन्छ, अधुरा काम पनि ५ वर्षभित्र पूरा गरिछाड्छौं।'




ओलीका २ वर्ष

# संक्रमणकालीन न्याय घोषणामा मात्रै



■ **घनश्याम खड्का** (काठमाडौं)

सत्तारूढ दल नेकपा (तत्कालीन एमाले र माओवादी केन्द्र) को संयुक्त चुनावी घोषणापत्रको मुख्य बुँदामध्ये एउटा थियो, संक्रमणकालीन न्याय । घोषणापत्रको १२ औं नम्बरमा लेखिएको थियो, 'सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिसम्बन्धी आयोगका कामलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक वातावरण मिलाइनेछ । द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापना र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ ।'

नेकपाले चुनाव जितेर सरकार गठन गरेको दुई वर्षमा न संक्रमणकालीन न्याय प्रक्रियामा कुनै गति थपियो न पीडितहरूले कुनै परिपूरण वा न्याय पाए । उल्टै सरकार आफ्ना माग नसुन्ने र नटेर्ने रणनीतिमा लागेको आरोप पीडितहरूले लगाउन थालेका छन् ।

संक्रमणकालीन न्यायमा यो सरकारले कार्यकालको पहिलो वर्ष सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगका पदाधिकारीको म्याद थपेरै चित्त बुझायो । थपिएको म्यादमा पनि काम गर्न नसकेपछि दोस्रो वर्ष सरकारले दुवै आयोगका पदाधिकारीलाई बर्खास्त गर्ने गरी ऐन संशोधन गर्‍यो । गत वैशाखदेखि खाली भएका दुवै आयोगमा नयाँ पदाधिकारी चयन गर्ने काममा १० महिना बितायो । अन्ततः पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको सिफारिस समितिको निर्णयअनुसार सरकारले दुवै आयोगमा पदाधिकारी नियुक्त गर्‍यो ।

तीन साताअघि काम थालेका दुवै आयोगका पदाधिकारी कार्यालयको काम बुझ्ने प्रक्रियामै छन् । 'हामी नयाँ छौं, केही समय त कुरा बुझ्न लाग्ने नै भयो,' सत्य निरूपण आयोगका अध्यक्ष गणेशदत्त भट्ट भन्छन्, 'अहिले हामी पहिले भएका कामको सूक्ष्म अवलोकन गर्ने क्रममै छौं, छिट्टै पीडितहरूसँग बसेर सल्लाह गरेर अघि बढ्छौं ।'

पीडितहरू भने सर्वोच्चको फैसलाअनुसार ऐन संशोधन नभएसम्म दुवै आयोगका पदाधिकारीसँग परामर्श नगर्ने अडानमा छन् । 'पाँच वर्षअघि आयोग गठन हुँदा जस्तो अवस्था थियो, अहिले पनि उस्तै छ,' सबै पक्षका पीडितहरूको संगठन द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी भन्छन्, 'सरकार र दलका प्रतिबद्धता हात्तीका देखाउने दाँतजस्ता मात्रै भए । अब ऐन संशोधन नभएसम्म हामी सरकार र आयोग दुवैका कुरा सुन्दैनौं ।' तत्कालीन विद्रोही माओवादी र सरकारबीचको 'विस्तृत शान्ति सम्झौता' का दुई महत्त्वपूर्ण पक्ष सेना समायोजन र संविधान निर्माण पूरा भए पनि तेस्रो अर्थात् संक्रमणकालीन न्याय जहींको त्यहीं छ । शान्ति सम्झौतामा अन्तरिम संविधान जारी भएको छ महिनाभित्र सत्य निरूपण आयोग गठन गर्ने र दुई वर्षभित्र द्वन्द्वका समयमा भएका मानव अधिकार उल्लंघनका घटनामाथि छानबिन टुंगो लगाउने वाचा गरिएको थियो । तर त्यसको ८ वर्षपछि २०७१ माघमा संक्रमणकालीन न्यायका दुई संयन्त्र सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गरिए । दुई वर्षका लागि गठित यी आयोगले चार वर्षसम्म पनि कुनै काम गर्न नसकेपछि सरकारले एक वर्षअघि ऐन संशोधन गरेर आयोग रहने तर आयुक्तहरू पदमुक्त हुने व्यवस्था गरेको थियो । त्यसैअनुसार पुराना पदाधिकारी घर गए र लामो अन्तरालपछि नयाँ आए तर पीडितहरू, मानव अधिकार आयोग तथा अन्तर्राष्ट्रिय समुदायले भन्दै आएको ऐन संशोधनको काम अघि बढेको छैन ।

हत्या, अपहरण, बलात्कार तथा बेपत्ता पार्ने काम मानव अधिकारको गम्भीर उल्लंघन भएकाले यस्ता घटनाका दोषीलाई कुनै पनि हालतमा आममाफी दिन नपाइने गरी ऐन संशोधन गर्नू भन्ने सर्वोच्च अदालतको आदेश पालना गर्नबाट सरकार पन्छिएको पाँच वर्ष भइसकेको छ ।

दसवर्षे सशस्त्र द्वन्द्वका क्रममा १७ हजार जनाको ज्यान गएको छ । १ हजार ३०० सयभन्दा बढी बेपत्ता छन् भने ६० हजार घाइते र ८० हजार विस्थापित । त्यस्ता पीडितलाई रोजगारी, स्वास्थ्योपचार र तीनका बालबच्चाका लागि शिक्षादीक्षाको निकै जरुरत छ । संक्रमणकालीन न्यायको एक मुख्य पाटो यी पीडितका आवश्यकता पूरा गर्न उचित परिपूरण र पुनःस्थापनाको व्यवस्था हो । हरेक घटनाको सत्य निरूपण गर्नु, मानव अधिकार उल्लंघनका गम्भीर दोषीलाई कानुनअनुसार कारबाही गर्नु र देशमा मेलमिलापको वातावरण बनाउनु संक्रमणकालीन न्यायका अन्य महत्त्वपूर्ण काम हुन् जुन अझैसम्म सरकार र दलको प्रतिबद्धतामै सीमित छन् ।






# महिलालाई मन्त्री बनाउन माग

मकवानपुर (कास)- प्रदेश सरकार समावेशीको सिद्धान्त र संविधानअनुसार नबढेको भन्दै महिलालाई मन्त्री बनाउन सांसदहरूले माग गरेका छन् । मन्त्रिपरिषद् विस्तारको तयारी भइरहेका बेला बुधबारको प्रदेशसभा बैठकमा सत्तारूढ नेकपा, प्रतिपक्षी कांग्रेस र विवेकशील नेपाली दलले यस्तो माग अघि सारेका हुन् । मुनु सिग्देल, रमेश पौडेल, रमेश पौड्याल, भीमसेन खत्री, विजया केसीले मन्त्रिपरिषद्मा महिलालाई पनि स्थान दिन सरकारको ध्यानाकर्षण गराए । वाग्मती प्रदेशमा ११० सांसदमध्ये ३७ जना महिला छन् । 'प्रदेश सरकारले समावेशिताको अभ्यास गर्न सकेन । अब सरकारको अवधि तीन वर्षमात्र रहेको छ,' सांसद सिग्देलले भनिन्, 'पार्टीले दिएको सम्पूर्ण जिम्मेवारी महिलाले पूरा गरिरहेका छन् । जिम्मेवारी दिने मन्त्री नदिने ?' संविधानमा ३३ प्रतिशत महिला सुनिश्चितता गरिए पनि मन्त्रिपरिषद्मा लागू नभएको सांसद् रमेश पौड्यालको भनाइ थियो ।

यस्तै, प्रदेश सरकारको कामप्रति सत्तापक्षकै सांसदले असन्तुष्टि व्यक्त गरेका छन् । विशेष समयमा बोल्ने क्रममा सत्तापक्ष र प्रतिपक्षका सांसदले विकास निर्माणको काममा प्रदेश सरकार सुस्त देखिएको आरोप लगाए । प्रदेश सरकार गठन भएको बुधबार दुई वर्ष पुगेको छ । सत्तारूढ नेकपाका सांसद मीना ज्ञवाली, ओमबहादुर ग्लानलगायतले बजेट कार्यान्वयनको अवस्था असाध्यै कमजोर रहेको बताए । 'प्रदेश पूर्वाधार कार्यक्रममा समानुपातिक सांसदलाई बेवास्ता भइरहेको छ,' ग्लानले भने, 'त्यसकारण हामीलाई दुई करोड रुपैयाँ भए पनि बजेट व्यवस्था जरुरी छ ।'

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका उपनेता कृष्णलाल भडेलले सरकारले विनियोजन गरेको विकास बजेट जिल्ला-जिल्लामा नपुगेको भन्दै चिन्ता व्यक्त गरे । नेपाल मजदुर किसान पार्टीका सुरेन्द्रराज गोसाईंले प्रदेश सरकारले गफ बढी र काम कम गरेको टिप्पणी गरे । विशेष समयमा बोल्ने अधिकांश सांसदले स्थानीय तहका जनप्रतिनिधिको सेवासम्बन्धी कानुन संशोधन गर्न जरुरी रहेकामा सरकारको ध्यानाकर्षण गराए ।

## छोटकरी

**दुई वर्ष खेर गएको छैन : मुख्यमन्त्री**

मकवानपुर (कास)- वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश सरकार गठनको दुई वर्ष खेर नगएको बताएका छन् । प्रदेश सरकार गठन भएको बुधबार दुई वर्ष पुगेको सन्दर्भमा आयोजित समारोहलाई सम्बोधन गर्दै उनले विस्तारै परिणाम देखिन थाल्ने दाबी गरे । प्रदेशको स्थायी राजधानी र नामकरणजस्तो जटिल विषय पनि टुंगो लागेको उनको भनाइ थियो । 'हामीले दीर्घकालीन रूपमा प्रभाव पार्ने काम गर्न खोजिरहेका छौं । प्रदेशले त्यसका लागि खास योजना खाकासमेत निर्माण गरेको छ,' उनले थपे । सभामुख सानुकुमार श्रेष्ठ र आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले विभिन्न अप्ठेराका बाबजुद कानुन निर्माण र विकासको काम भइरहेको बताए । प्रदेश सरकारले हालसम्म ४८ वटा कानुन निर्माण गरिसकेको छ ।

**फाइबर विस्तारमा सम्झौता**

हेटौंडा (कास)- हेटौंडा उपमहानगरपालिकाले १९ वटै वडामा सञ्चार क्षेत्रका सबै खालका सुविधा उपलब्ध गराउने भएको छ । वडास्तरमा कम्प्युटर र नेटवर्किङका माध्यमले काम गर्न उपमहानगरपालिकाले कोइकासँग सम्झौता गरेको हो । मेयर हरिबहादुर महत र कोइकाका नेपाल प्रोग्राम कोर्डिनेटर वान चुन काङबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो । वडाबाटै एकीकृत सम्पत्तिकरलगायत शुल्क भुक्तानी गर्न सहज होस् भनेर सबै वडामा ६ र १२ कोरको फाइबर विस्तार गर्न लागिएको मेयर महतले बताए । यसका लागि उपमहानगरको ६० लाख र कोइकाको ३० लाख रुपैयाँ लगानी हुनेछ ।

**प्रहरीलाई मोटरसाइकल र क्यामेरा**

चितवन (कास)- जिल्लाका विभिन्न निकायले चितवन ट्राफिक प्रहरीलाई मोटरसाइकल र अन्य उपकरण सहयोग गरेका छन् । भरतपुरमा बुधबार चितवनका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सवा ६ लाख रुपैयाँ बराबरका सामग्री हस्तान्तरण गरिएको हो । नारायणी मोटर्सले १२५ सीसीको दुईवटा बजाज डिस्कभर मोटरसाइकल, निर्माण सेवा संघ चितवनले दुईवटा गोप्रो क्यामेरा र पिनाकल ट्रेडिङ कन्सर्नले एउटा ल्यापटप र प्रोजेक्टर उपलब्ध गराएको ट्राफिकका जिल्ला प्रमुख इन्स्पेक्टर दयाकृष्ण भट्टले बताए ।

**गोलीसहित बन्दुक बरामद**

सिन्धुली (कास)- मरिण गाउँपालिका-३ नक्कले जंगलबाट एक थान भरुवा बन्दुक बरामद भएको छ । सिन्धुली प्रहरीका डीएसपी श्यामबहादुर केसीको कमान्डमा रहेको गस्ती टोलीले गोली लोड गरिएको बन्दुक फेला पारेको हो । प्रहरीलाई देख्नासाथ एक व्यक्ति भागेकाले उनको खोजी भइरहेको केसीले बताए ।



पशुपति मन्दिर परिसरमा बुधबार साधुसँग सेल्फी खिच्दै युवती । महाशिवरात्रि नजिकिँदै गर्दा पशुपतिमा साधुहरूको चहलपहल बढेको छ । फागुन ९ गते महाशिवरात्रि पर्व परेको छ । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

# विभागलाई थाहै नदिई भत्काइन्छ सडक

■ **प्रशान्त माली** (काठमाडौं)

कालोपत्र गरेको एक साता नपुग्दै ललितपुरको पुल्चोक-झम्सीखेल-सानेपा सडक भत्काउन थालिएको छ । पाइपलाइन मर्मत गर्न भन्दै डिभिजन सडक कार्यालय ललितपुरले एक साताअघि पिच गरेको उक्त सडक काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले भत्काएको हो । सडक खन्न केयूकेएलले स्वीकृतिसमेत नलिएको सडक विभागका महानिर्देशक केशव शर्माले बताए । एक महिनाअघि पनि पाटन कृष्ण गल्लीमा विनास्वीकृति सडक खनिएको उनको भनाइ छ ।

समन्वयविनै केयूकेएलले उक्त काम गरेपछि डिभिजन सडक कार्यालय ललितपुरका प्रमुख अमृतमणि रिमाल र महानिर्देशक शर्माले सामाजिक सञ्जालमा तस्बिर पोस्ट गर्दै आक्रोशसमेत पोखेका छन् । यसबारेमा सडक विभागका उपमहानिर्देशक शिवहरि सापकोटाले संसदको विकास तथा प्रविधि समितिको बैठकमा समेत कुरा उठाएका छन् ।

गत वैशाखमा पनि केयूकेएलले पुतलीसडकमा कालोपत्रे गर्दागर्दै खडक खनेको थियो । स्वीकृतिविनै सडक भत्काइएको विभागले जनाएको छ । उपमहानिर्देशक सापकोटा कालोपत्रे गरेको एक वर्षसम्म मर्मतसम्भारको अवधि भएकाले त्यसबीचमा कसैले सडक बिगार्न नहुने बताउँछन् । 'विभागले चाहे पनि मर्मत गर्न मिल्दैन, अरू ठेक्काको त कुरै छाडौं,' उनले भने, 'तर केयूकेएल, टेलिकमले मनपरी खन्ने गरेका छन् ।' उनका अनुसार सबभन्दा बढी समन्वय गर्नुपर्ने निकाय विद्युत् प्राधिकरण हो । प्राधिकरणले पनि विनास्वीकृति पोल गाड्ने र हटाउने गरिरहेको उनले बताए ।

केयूकेएलका महाप्रबन्धक मिलन शाक्यले भने आ-आफ्नो निकायको वार्षिक कार्यक्रमअनुसार निर्धारित समयमा काम सम्पन्न गर्नुपर्ने भएकाले समस्या हुने गरेको बताए । 'काम नगर्ने हो भने बजेट फ्रिज हुन्छ,' उनले भने, 'एउटा निकाय र अर्कोबीच समन्वयको अभावले पनि समस्या देखिएको हो ।'

सडक विभागले कालोपत्र गरेको केही दिन नबित्दै खानेपानीले पाइप, टेलिकम र प्राधिकरणले पोल गाड्ने क्रम निरन्तर चलिरहेको छ । यसले सडक कुरूप बन्नुका साथै धुलोधुवाँको मात्रा बढेको छ । सडकको दायाँबायाँ खानेपानी, विद्युत, टेलिफोनलगायतका तार भूमिगत बनाउने (युटिलिटी करिडोर) सम्बन्धी कानुन बनेमा यो समस्या केही हदसम्म समाधान हुने सरकारी अधिकारी बताउँछन् ।

संसद्को विकास तथा प्रविधि समितिको सोमबारको बैठकमा अधिकारीहरूले आवश्यक कानुन नबन्दा अन्तरनिकायबीच समन्वय हुन नसकेको बताएका थिए । खानेपानी मन्त्रालयका सचिव माधव बेल्वासेले युटिलिटी करिडोर आवश्यक भए पनि कानुन बन्न ढिलाइ भइरहेको बताए । सहरी विकास मन्त्रालयले ऐनको मस्यौदा तयार गरिसकेको उनको भनाइ छ । विद्युत् प्राधिकरणले तार भूमिगत बिछ्याउन सडक विभागसँग सम्झौता गरिसकेको छ ।

> समन्वय नहुँदा विभागले कालोपत्र गरेको सडक भत्काएर खानेपानी, टेलिकम र प्राधिकरणले पाइप/पोल गाड्ने गरेका छन्

संसदको विकास तथा प्रविधि समिति सदस्य टोपबहादुर रायमाझीले कानुन बनेर आएपछि त्यो कामलाई प्रभावित पार्न सक्नेतर्फ बेलैमा सचेत बन्नुपर्ने बताए । ऊर्जा मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठ करिडोरको ऐन नबेसम्म अन्तरनिकायबीच समन्वयले मात्र समस्या समाधान नहुने बताउँछन् । 'खानेपानीका धेरै पाइप बिछ्याइसकेका छन्,' उनले भने, 'चाँडै ऐन बनाएर लागू गर्नुपर्‍यो ।'

युटिलिटी ऐनअनुसार सडकमुनि टनेल बनाइनेछ । त्यसमा युटिलिटी पूर्वाधार एकै ठाउँमा राखिनेछ । एउटा 'वेट' (पानी र ढल) र अर्को 'ड्राई' (बिजुली, टीभी, इन्टरनेट, टेलिफोन, केबलतार) को छुट्टै करिडोर बनाउनुपर्छ । यी दुवै च्यानललाई छुट्याएर लैजान सके राम्रो हुने विकास तथा प्रविधि समिति सदस्य टोपबहादुर रायमाझीले बताए । नेपाल विद्युत् प्राधिकरणका निर्देशक सुरेन्द्र हाडाले करिडोर आएमा पानी, ढल, बिजुलीका पोल भन्दै घरीघरी सडक खन्नुपर्ने अवस्थाको अन्त्य हुने बताए ।




डिभिजन सडक कार्यालय ललितपुरले कालोपत्र गरेको सातादिन नबित्दै काठमाडौं उपत्यका खानेपानी लिमिटेडले झम्सीखेलमा खनेको सडक । *तस्बिर : प्रशान्त/कान्तिपुर*

# २० वर्ष नपुग्दै गर्भवती

■ **प्रमिता ढकाल** (भरतपुर)

भरतपुर महानगरपालिका-२२ पटिहानीकी आशिमा चौधरी १८ वर्षकी भइन् । १० कक्षा पढ्दै गरेकी उनको बिहे भएको आठ महिना भयो । उनी हाल गर्भवती छिन् । गर्भ रहेको थाहा पाएर पनि स्वास्थ्यचौकी जान लाज मानेकी उनलाई स्वास्थ्य स्वयंसेविकाले घरमै पुगेर जाँच गरे । वडा नम्बर २२ ले सुरु गरेको हरियो झन्डा राख्ने अभियानअन्तर्गत उनको घर पुगेका स्वयंसेविकाले छिमेकीमार्फत उक्त घरको सदस्य गर्भवती भएको थाहा पाएका थिए । आशिमालाई स्वास्थ्यको ख्याल राख्न र चारपटकसम्म स्वास्थ्यचौकीमा जाँच गराउन उनीहरूले सुझाएका छन् ।

आशिमाकै छिमेकको अर्को घरमा पनि हरियो झन्डा राखिएको छ । घरकी बुहारी १७ वर्षकी सुनिता बोटे चार महिनाकी गर्भवती छिन् । आठ कक्षा पढ्दै गर्दा बिहे गरेकी उनले गर्भ रहेपछि विद्यालय जान छाडिन् । गर्भ जाँच गराउन उनी पनि स्वास्थ्यचौकी पुगेकी छैनन् । झन्डा राख्न उनको घर पुगेका स्वयंसेविकाले नियमित जाँच गराउन र आइरन चक्की खान सुझाएका छन् ।

वडा नम्बर २२ मा आशिमा र सुनिताजस्तै अरू तीन जना २० वर्ष उमेर नपुगेका युवती गर्भवती छन् । पुसमा पहिलोपटक गर्भ जाँचका लागि स्वास्थ्यचौकी पुगेका १७ जनामध्ये पाँच जना २० वर्ष उमेर नपुगेका छन् ।

गत मंसिर १९ देखि महानगरले वडाका सबै घरधुरी सर्वेक्षण गरी गर्भवती भएकाको घरमा हरियो झन्डा राख्ने काम सुरु गरेको हो । त्यसयता ११० घरमा झन्डा राखिएको पटिहानी स्वास्थ्यचौकीकी एएनएम प्रियंवदा शर्माले बताइन् । सुरुमा महिला स्वयंसेविकाले गर्भवती भएको घरको पहिचानपछि स्वास्थ्यचौकीमा सिफारिस गर्छन् । त्यसपछि ती घरमा हरियो झन्डा राखिन्छ । 'हरियो झन्डा भएका घरमा महिला स्वास्थ्य स्वयमंसेविकाको निगरानी रहन्छ,' शर्माले भनिन्, 'यो अभियानले गर्भावस्थामा आउने जोखिम कम गर्न मद्दत पुग्ने विश्वास लिएका छौं ।'

भरतपुर महानगरको स्वास्थ्य महाशाखाका अनुसार यस आर्थिक वर्षको पुस मसान्तसम्म वडा नम्बर २२ मा २० वर्षभन्दा कम उमेरका १० जना महिलाले पहिलोपटक स्वास्थ्यचौकीमा गर्भ जाँच गराएका छन् । यस आर्थिक वर्षको पुस मसान्तसम्म २० वर्ष नपुग्दै गर्भवती भएका २ हजार ८५ जना पहिलोपटक स्वास्थ्यचौकी पुगेका छन् । २० वर्षभन्दा कम उमेरका गर्भवतीले नियमअनुसार चौथो महिनामा गर्भ जाँच गराउने संख्या ८२८ छ भने नियमअनुसार चारपटकसम्म गर्भ जाँच गराउनेको संख्या जम्मा ३५८ छ । गर्भ जाँच गराउन आएका २० वर्षभन्दा कम उमेरका गर्भवतीमध्ये ३९ प्रतिशतले चौथो महिनामा गर्भ जाँच गराएको देखिन्छ भने १७ प्रतिशतले मात्रै प्रोटोकलअनुसार चारपटक स्वास्थ्य जाँच गराएका छन् ।

वडा नम्बर १० मा मात्रै यस आर्थिक वर्षको पुस मसान्तसम्म २० वर्ष नपुग्दै गर्भवती भएका १ हजार ८४१ युवती पहिलोपटक गर्भ जाँच गराउन स्वास्थ्य संस्था पुगेका छन् । चारपटक पुग्नेको संख्या भने २१० मात्र छ । वडा १६ मा २० वर्ष नपुग्दै गर्भवती भएका ३२ युवती पहिलोपटक स्वास्थ्य संस्था पुगेका छन् । भरतपुर महानगरभित्र सुरक्षित गर्भपतन सेवा लिने २० वर्ष नपुगेका युवतीको संख्या १९० छ ।

ठूलो संख्यामा २० वर्ष उमेर नपुगेका युवती गर्भवती हुनु र स्वास्थ्य जाँचमा लापरबाही देखिनु महानगरको सुरक्षित मातृत्व कार्यक्रमका लागि चुनौतीपूर्ण रहेको स्वास्थ्य महाशाखा प्रमुख दीपक सुवेदीले बताए । सुरक्षित मातृत्वलाई प्राथमिकतामा राखेर महानगरले पुस महिनामा मात्रै यातायात सेवा निःशुल्क गर्ने निर्णय गरेको छ । नगर कार्यपालिकाको पुस ७ गतेको बैठकअनुसार भौतिक दूरीलाई आधार मानेर महानगरले यातायात खर्च दिने भएको उनले बताए ।

# शवदाह गृहप्रति स्थानीयको विरोध

ललितपुर (कास)- ललितपुर महानगरपालिकाले आवास क्षेत्र शंखमुलमा विद्युतीय शवदाह गृह बनाउन लागेको भन्दै स्थानीय बासिन्दाले विरोध जनाएका छन् । उनीहरूले बुधबार ललितपुरका प्रमुख जिल्ला अधिकारी र काठमाडौं उपत्यका नगर विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय ललितपुरमा ज्ञापनपत्र बुझाएका छन् ।

स्थानीय मणिडोल टोल सुधार समितिका अध्यक्ष राजेन्द्र तण्डुकारले शवदाह गृहको विरोध नभई छनोट गरिएको स्थानमा असहमति रहेको बताए । 'घना बस्ती बनिसकेको ठाउँमा शवदाह गृह राख्दा वरिपरिका बासिन्दालाई प्रत्यक्ष असर पर्छ,' उनले भने । ललितपुरका प्रमुख जिल्ला अधिकारी भागिरथ पाण्डेयले वडा कार्यालयबाट सिफारिस भएर आइसकेकाले केही गर्न नसक्ने बताए । 'पहिला नै विरोध आएको भए ललितपुर महानगरलाई निर्णय सच्याउन आग्रह गर्न सकिन्थ्यो,' उनले भने । ललितपुर महानगरको २०७६ साउन २३ मा बसेको बोर्ड बैठकले शवदाह गृहबारे निर्णय गरेको थियो । महानरको ११ नम्बर वडामा एक रोपनी एक आना ३ पैसामा उक्त गृह बनाउन लागिएको हो ।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | दुबिधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धन | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २ गते शुक्रबार तदनुरुप १४ फरवरी २०२० फाल्गुन कृष्णपक्ष षष्टि तिथि रात्रिको १२:२ बजेसम्म उप्रान्त सप्तमी तिथि, चित्रा नक्षत्र दिनको १२:५६ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, गण्ड योग रात्रिको १०:१४ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको १:८ बजेसम्म उप्रान्त वणिज करण, तुला राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:०० | कान्तिपुर समाचार |
| ५:३० | आध्यात्मिक सन्देश | ४:३० | रजतपट (रिपिट) |
| ६:०० | जीवन विज्ञान | ५:०० | कल कान्तिपुर |
| ६:३० | भजन | ६:०० | कान्तिपुर न्यूज |
| ७:०० | कान्तिपुर समाचार | ६:३० | सुमनसँग (रिपिट) |
| ८:०० | गुडमर्निङ नेपाल | ७:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्युज | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ९:०० | इट्स माइ सो (रिपिट) | ८:०० | कान्तिपुर समाचार |
| १०:०० | कान्तिपुर समाचार | ९:०० | ह्वाट द फ्लप |
| १०:३० | फिल्म टनिक (रिपिट) | १०:०० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज | १०:३० | कान्तिपुर न्युज |
| ११:३० | रजतपट (रिपिट) | ११:०० | प्रदेश विशेष (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार | ११:३० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| २:०० | कान्तिपुर समाचार | १:३० | सुमनसँग (रिपिट) |
| २:३० | बलियो घर (रिपिट) | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| ३:०० | इट्स माई सो (रिपिट) | २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| | | ३:०० | कल कान्तिपुर रिपीटेड |
| | | ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (निशान्त) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (निशान्त) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७०६६/४२१७७०५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७०३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७०५५/४२१७७०६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३९५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३००४/४२७०९२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२०४/४७८३०२४ |
| काठमाडौ नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# गुम्बा गाउँमा २०० बिरामी



गुम्बागाउँको पांगर्पुस्थित स्वास्थ्य इकाइमा जँचाउन आएका स्थानीय । तस्बिर : कान्तिपुर

■ अनिश तिवारी (सिन्धुपाल्चोक)

एउटै गाउँका धेरैजना ज्वरो, रुघाखोकी र श्वासप्रश्वासको समस्याले बिरामी परेपछि कोरोना भाइरसको संक्रमण हुन सक्ने भन्दै डराएका छन्। जुगल गाउँपालिका-३ गुम्बा गाउँका बिरामीमा एउटै प्रकारको लक्षण देखा परेपछि बुधबार जिल्ला स्वास्थ्य कार्यालयबाट गएको स्वास्थ्यकर्मीको टोलीले औषधि वितरण गरेको छ।

रुघाखोकी र ज्वरोका करिब दुई सय जनालाई औषधि वितरण गरिएको डा. पीताम्बर खनालले बताए। उनका अनुसार गुम्बाथानको स्वास्थ्य इकाईमा औषधि पनि सकिएको छ। 'औषधि सकिएपछि माग गरेका छौं। मास्क पनि सकियो। माथिल्लो निकायमा खबर भइसकेको छ,' उनले भने, 'सडकबाट औषधि ल्याए जुगलबाट हिँडेर जान दिनभर लाग्छ। हेलिकप्टरबाट ल्याइदिन अनुरोध गरेका छौं।' बिरामीहरूको अवस्था सामान्य भए पनि दुई दिनसम्म उपचार जारी राख्नुपर्ने उनले बताए।

गत शुक्रबार गुम्बाथानको पांगर्पुस्थित स्वास्थ्य इकाईमा चारजना बिरामी ज्वरो, रुघाखोकी र श्वासप्रश्वासको समस्या लिएर पुगेका थिए। धेरै खोकी लाग्ने, टाउको र जीउ दुख्ने 'फ्लु लाइक सिन्ड्रम' देखिएपछि माथिल्लो निकायलाई गुहारेको जुगल गाउँपालिकाका स्वास्थ्य संयोजक अनिल साउदले बताए। 'बिहीबार भाइरस विशेषज्ञसहितको टोलीसँगै स्वास्थ्य मन्त्रालय, ल्याबको टिम पुग्दैछन्। त्यसपछि मात्रै कुन भाइरस हो भन्ने थाहा हुनेछ,' उनले भने। औषधोपचार गरेका बिरामी निको हुँदै गएकाले कोरोनाको संक्रमण भने नहुनुपर्ने उनले बताए।

अझैसम्म सडक नजोडिएको जुगल गाउँपालिकाको दीपु, तेगा र तेम्बाथान हुँदै गुम्बाथानका बिरामीको उपचार केन्द्र पांगर्पुस्थित स्वास्थ्य इकाई हो। चीनसँग केही हिमाली भूभाग जोडिएकाले कोरोनाको आशंका गरिए पनि लक्षण यकिन गर्न दुई साता लाग्ने स्वास्थ्यकर्मीले बताएका छन्। कोरोनाको जस्तै लक्षण पाइएपछि मन्त्रालयदेखि केन्द्रीय स्वास्थ्य निकायमा गुहारेको जुगल गाउँपालिकाकी उपाध्यक्ष सिर्जना तामाङले बताइन्। 'चीनबाट कोही यता नआएकाले कोरोना भाइरस हुने कुनै आधार नभएको डाक्टरहरूले भनेका छन्,' उनले भनिन्।

जुगल गाउँपालिकाले गत मंगलबार जिल्ला स्वास्थ्य कार्यालय, प्रदेश सरकार र संघीय सरकारको स्वास्थ्य मन्त्रालयलाई 'कोरोना भाइरस' हुन सक्ने भन्दै गुम्बा गाउँको स्वास्थ्य अवस्थाबारे जानकारी गराएको थियो। गाउँपालिकाका स्वास्थ्य संयोजक अनिल साउदले भने पत्रमा लेखिएको जस्तो अवस्था नभएको बताए।

### चीनबाट फिरेर अस्पताल भर्ना

धनगढी- चीनबाट फर्किएका एक युवकलाई कोरोना भाइरस संक्रमणको आशंकामा बुधबार सेती प्रादेशिक अस्पताल धनगढीमा भर्ना भएका छन्। ज्वरो र घाँटी दुःख्ने समस्या लिएर आएका उनलाई आइसोलेसन कक्षमा राखेर र्‍यालका नमुना काठमाडौं प्रयोगशालामा पठाइएको अस्पतालका डा. निराजनदत्त शर्मा पौडेलले बताए। चीनमा अध्ययनरत उनी नौ दिनअघि घर फर्किएका हुन्।

# वाइडबडी शनिबार वुहान उड्ने

लामो अलमलपछि चीनबाट १८० जनालाई उद्धार गरेर स्वदेश फिराउँदै भक्तपुरका दुई स्थानमा क्वारेन्टाइनमा राख्ने सरकारी तयारी

### चार्टर उडानको भाडा प्रतिघण्टा कम्तीमा १८ हजार डलर

■ सुरज कुँवर र लीला श्रेष्ठ (काठमाडौं)

कोरोना प्रभावित चीनको हुबेई प्रान्तमा रहेका १८० जना नेपाली विद्यार्थी लगायतलाई फिर्ता ल्याउन नेपाल वायुसेवा निगमको वाइडबडी विमान शनिबार दिउँसो पौने ३ बजे काठमाडौंबाट त्यसतर्फ जाने भएको छ।

मन्त्रिपरिषद्को मंगलबार साँझ भएको बैठकले जहाज पठाउने निर्णय गरेसँगै निगमले वुहानका लागि उक्त समयतालिका सार्वजनिक गरेको हो। 'शनिबार दिउँसो पौने ३ बजे हाम्रो जहाज काठमाडौंबाट वुहान जाँदै छ,' निगमको अपरेसन विभाग प्रमुख दीपुराज जुहार्चनले भने, 'उताबाट फर्कंदा राति सवा २ बजे जहाज काठमाडौं अवतरण हुनेछ।' उक्त विमानमा निगमका तीन पाइलट, छ क्याबिन क्रु, इन्जिनियर, प्राविधिक, फ्लाइट डिस्प्याचर र लोडमास्टर एक/एक जना रहनेछन् भने नेपाली सेनाका चारजना चिकित्सक रहनेछन्।

नेपाली सेना र स्वास्थ्य मन्त्रालयका चिकित्सकले बुधबार निगमको केन्द्रीय कार्यालयमा चीन जाने टोलीसहित विमानस्थलमा रहेका निगमका कर्मचारीहरूलाई तालिम दिएका थिए। निर्देशक जुहार्चनका अनुसार चिकित्सकहरूले पर्सनल प्रोटेक्टिभ इक्युभमेन्ट (पीपीई) प्रयोगबारे सिकाएका थिए। 'के गर्ने के नगर्ने तथा पीपीई प्रयोगपछि उक्त उपकरणलाई कसरी डिस्कार्ड (स्वास्थ्यलाई असर नपर्ने गरी निस्तेज गर्ने) बारे सिकाइयो,' उनले भने। विमानस्थलमा कार्यरत कर्मचारीलाई बिहीबार थप तालिम दिइँदै छ।

उक्त उडानपछि जहाज र चालक दलगायत निगमका कर्मचारीलाई कति घण्टा क्वारेन्टाइनमा राख्नेबारे भने सरकारले कुनै निर्णय गरिसकेको छैन। यसबारे विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड पालना गर्नुपर्ने हुन्छ। 'बिहीबारको मन्त्रिपरिषद्ले यसबारेको मापदण्ड पारित गरेपछि मात्रै जहाज र कर्मचारीहरूको क्वारेन्टाइनबारे यकिन भन्न मिल्नेछ,' क्याप्टेन जुहार्चनले भने।

स्वास्थ्य मन्त्रालयले बनाएको मापदण्ड प्रधानमन्त्री कार्यालयमा पेस भइसकेको बताइएको छ। सरकारको निर्देशनअनुसार आफ्नो जहाज र कर्मचारीलाई वुहान पठाउन लागेको निगमले जनाएको छ। 'यो देशका लागि गर्नुपर्ने कर्तव्य हो। कसैलाई दबाब दिएर वा अनिवार्य पठाउन लागिएको होइन,' निर्देशक जुहार्चनले भने, 'निकट भविष्यमा सरकारले निगम र वुहान जाने पाइलट, क्याबिन क्रु, प्राविधिकलगायत कर्मचारीको कामको मूल्यांकन गर्ने विश्वास लिएका छौं।'

यसैबीच वुहान जाने वाइडबडी जहाजको ग्राउन्ड ह्यान्डलिङ गर्न परराष्ट्र मन्त्रालयले त्यहाँको ग्राउन्ड एक्सप्रेस लिमिटेडलाई तोकेको छ। उक्त कम्पनीले निगमको उक्त उडानमा नेपाल आउने विद्यार्थीलगायतका ब्यागेज जहाजमा राख्ने र जहाजलाई अन्य प्राविधिक काममा मद्दत गर्ने छ।

यसबापत निगमले उक्त कम्पनीलाई भुक्तानी दिनुपर्ने छ। निगमले यस पटक गर्न लागेको यो चार्टर उडान हो। यसको भाडा निगमले प्रतिघण्टा कम्तीमा १८ हजार हाराहारी डलरका दरमा लिनेछ।

जहाज थप ४८ घण्टा कम्तीमा ग्राउन्डेड गरिनुपर्ने भएकाले यो दरमा निगमले थप अतिरिक्त शुल्क पनि लगाउन सक्ने एक अर्का निर्देशकले बताए।



क्वारेन्टाइनका लागि तयार गरिएको भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित विद्युत् प्राधिकरणको तालिम केन्द्र परिसर। तस्बिर : लीला/कान्तिपुर

### क्वारेन्टाइन तयार

चीनबाट उद्धार गरी ल्याइने नेपालीहरूलाई राख्ने क्वारेन्टाइन कक्षका लागि भक्तपुरको चाँगुनारायण नगरपालिका-७ खरिपाटीस्थित विद्युत् प्राधिकरण तालिम केन्द्र र वडा नम्बर ६ को पीपलबोटस्थित खानेपानी तथा सरसफाइ डिभिजन तालिम केन्द्रको भवनलाई तयार पारिएको छ।

कोरोना भाइरसको संक्रमण फैलिएको चीनको हुबेई प्रान्तमा रहेका नेपाली विद्यार्थीलाई स्वदेश फर्काउने तयारी गरेको सरकारले १४ दिन क्वारेन्टाइनमा राख्ने भएको हो। चीनबाट १८० विद्यार्थीलाई नेपाल फर्काइँदैछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ल्याइएपछि स्क्रिनिङ (परीक्षण) गर्दा कोही संक्रमणको शंकास्पद देखिए सिधै अस्पताल लगिने स्वास्थ्य सेवा विभागले जनाएको छ। स्वदेश ल्याइएकाहरूलाई स्क्रिनिङमा शंकास्पद लक्षण नदेखिए पनि तुरुन्त घर जान दिइने छैन। पाँचवटा बसमा खरिपाटी क्वारेन्टाइनमा ल्याएर राखिने स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन विभागका डा. फणीन्द्रप्रसाद बरालले बताए। 'विद्यार्थीहरूलाई खरिपाटी र उनीहरूलाई लिएर आएका विमानको चालक दलका सदस्य र कर्मचारीहरूलाई खानेपानीको तालिम केन्द्रमा राखिनेछ,' उनले भने, 'अन्तर्राष्ट्रिय मान्यताबमोजिम विमान चालक दललाई समेत १४ दिन क्यारेन्टाइनमा राख्नुपर्छ।' क्वारेन्टाइनका लागि प्राधिकरणको तालिम केन्द्रका चारवटा भवन खाली गरिएको छ। जसमध्ये पुरुषका लागि दुईवटा, महिला र कोरोना भाइरसको सुरक्षा तथा निगरानीमा खटिने चिकित्सक, मेडिकल अफिसर, स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, पारामेडिक्स लगायतका लागि एक/एकवटा भवनमा व्यवस्था गरिएको छ। प्रत्येक कोठामा तीन/तीन जनालाई राखिने छ। क्वारेन्टाइनमा खाना र खाजाको क्याटरिङको व्यवस्था हुनेछ भने सुरक्षाका लागि भवन बाहिर सेना, सशस्त्र र नेपाल प्रहरीको तैनाथी रहनेछ।

प्राधिकरणको कम्पाउन्डसँगै हेल्थ डेस्कको समेत व्यवस्था गरिने भएको छ। स्थानीय बासिन्दाको मागबमोजिम क्वारेन्टाइन अवधिभर भक्तपुर अस्पताल र हेल्थ डेस्कमा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने विभागले जनाएको छ।

### आइसोलेसनका लागि १४० शय्या

चीनको हुबेई प्रान्तबाट ल्याइने नेपालीहरूका लागि आइसोलेसन बेड पूर्ण रूपमा तयार पारिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा.वासुदेव पाण्डेका अनुसार आइसोलेसनका लागि १४० वटा बेड तयारी अवस्थामा छ। सरकारले स्वास्थ्यकर्मीको परिचालन, सुरक्षाकर्मी, एयरपोर्टका कर्मचारी, एम्बुलेन्स परिचालन, स्क्रिनिङको कार्य, हवाई सुरक्षा लगायतको तयारी गरिसकिएको उनले बताए। भक्तपुर अस्पताल, वीरेन्द्र सैनिक अस्पताल, पाटन अस्पताल, सिभिल अस्पताल तथा त्रिवि शिक्षण अस्पताल गरी पाँचवटा स्वास्थ्य संस्था हब अस्पतालका रूपमा तोकिएका छन् भने अन्य ३६ वटा अस्पतालबाट पनि आवश्यक उपचार र परामर्शको सेवा पाइने छ।

### जनप्रतिनिधिको असहमति

चीनबाट ल्याइने नेपालीलाई १४ दिन राख्न बनाइएको खरिपाटी र पीपलबोट (नगरकोट) क्वारेन्टाइनको बारेमा केन्द्र सरकार र स्थानीय सरकारबीच समन्वयको अभाव देखिएको छ। चाँगुनारायण नगरपालिकामा बुधबार शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा.वासुदेव पाण्डेसँगको अन्तरक्रियाका क्रममा स्थानीय जनप्रतिनिधिहरूले सरकारको निर्णयको विरोध गर्दै बैठक पुस्तिकामा हस्ताक्षर गरेनन्।

प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयले स्थानीय सरकारसँग समन्वय नगरी आफूखुसी निर्णय गरेर क्वारेन्टाइन तयार गरेको भन्दै उनीहरू आक्रोशित भएका थिए। 'स्थानीय बासिन्दा त्रासमा छन्, दिनहुँ नगरपालिकामा डेलिगेसन आइरहेका छन्,' चाँगुनारायण नगरप्रमुख सोमप्रसाद मिश्रले भने। सरकारले क्वारेन्टाइन राख्ने विषयमा जनप्रतिनिधि समन्वय नगरी लत्याउन खोजेको उनको आरोप छ। नगरप्रमुख मिश्र जस्तै वडा नम्बर १ का वडाध्यक्ष राजेश खड्का, ६ का सन्ते वाइबा र ७ का ज्ञानबहादुर केसीलगायतले स्थानीय सरकारलाई बेवास्ता गर्दै केन्द्रीय सरकारले एकलौटी निर्णय गर्दा स्थानीय बासिन्दालाई जवाफ आफूहरूले दिनुपरेको गुनासो गरेका छन्।




सम्पादकीय

# प्रहरीमा चाहिएको वैज्ञानिक वृत्तिविकास

नेपाल प्रहरीमा कायम ३० वर्षे सेवा अवधिका कारण मंगलबार तत्कालीन प्रहरी महानिरीक्षक (आईजीपी) सर्वेन्द्र खनालसहित, तीन प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) र १८ प्रहरी नायब महानिरीक्षक (डीआईजी) ले एकैसाथ अवकाश पाए । सबै एआईजी सेवानिवृत्त भएपछि प्रहरीभित्रको पदसोपानमा तेस्रो श्रेणीमा रहने डीआईजीबाट सोझै आईजीपी बने ठाकुरप्रसाद ज्ञवाली । यसरी एआईजीको अनुभवबिनै फड्को हानेर संगठनको मूल नेतृत्वमा पुग्ने उनी एक्ला होइनन् । यसअघि खनाल र प्रकाश अर्याल पनि डीआईजीबाटै आईजीपी भएका थिए । यस्तो परिपाटीले प्रहरीमा नेतृत्व विकासलगायत थुप्रै समस्या उत्पन्न गरेको छ । त्यसैले डीआईजीबाटै नेतृत्व चयन हुने/गर्ने प्रथा अन्त्य गर्नमात्र होइन, पूरै संगठनलाई गतिशील बनाउन पनि प्रहरीमा वैज्ञानिक वृत्तिविकास प्रणाली लागू हुनुपर्ने देखिन्छ ।

प्रहरी नियमावली-२०७२ अनुसार आईजीपी ३० वर्षे सेवाबाहेक ५८ वर्ष उमेर पुगे वा चार वर्षको पदावधि पूरा गरेसमेत अवकाशमा जान्छन् । एआईजी र डीआईजीको ५६ वर्ष उमेरहद र ५ वर्षे पदावधिको सीमा तोकिएको छ । यस्तो व्यवस्थाका कारण अधिकांश प्रहरी अधिकृत सेवा अवधि समाप्त भएर अवकाशमा जाने गरेका छन् । २०४८ सालमा भित्र्याइएको र पछिल्लो समय कायम राखिएको ३० वर्षे सेवा अवधिका कारण प्रहरी संगठन र मुलुकलाई धेरै हिसाबले हानि भइरहेको छ । कार्यक्षमता भएका अधिकृतहरू उमेर छँदै बाहिरिने गरेका छन् । व्यवस्थित वृत्तिविकास योजना नभएकाले अनुभव भएका अधिकृतहरूको ठूलै डफ्फा एकैपटक बाहिरिँदा संगठनमा नकारात्मक असर पर्ने गरेको छ । जस्तो, मंगलबार अवकाश पाएका २२ अधिकृतहरूको अनुभव २२ किसिमकै हुन सक्छ, उनीहरूले फरक-फरक विषयमा विज्ञता हासिल गरेका हुन सक्छन्, जसको अभाव संगठनमा नपर्ला भन्न सकिँदैन ।

वर्तमान अभ्यासले नेतृत्व पंक्तिमा अस्वाभाविक रिक्तता सिर्जना गर्छ । यसको प्रत्यक्ष असर नियन्त्रण शृंखलामा पर्छ । माथिल्लो तहको जिम्मेवारी बहन गर्न सक्ने क्षमता तल्लो तहका अधिकृतहरूमा विकास भइसकेको हुँदैन । अर्कातिर, बढुवा प्रणाली भद्रगोल भएकाले पनि समस्या थपिने गरेको छ । बढुवासम्बन्धी नियमित पात्रो छैन, कतिपय पदमा एक वर्षदेखि यससम्बन्धी निर्णय भएको छैन । कुन पदको बढुवा कहिले गर्ने भन्ने कुनै ठेगान छैन । प्रहरी संगठन तथा गृहप्रशासनलाई आफ्नो मान्छेलाई अगाडि ल्याउनुपर्ने भए जुनसुकै बेला बढुवा हुन्छ, नभए महिनौं रोकिन्छ । यसो गर्दा वरिष्ठ र कनिष्ठ व्यक्ति एकैपटक उही पदमा बढुवा हुने स्थिति छ, जसले नियन्त्रण शृंखलाको प्रभावकारितामा ह्रास ल्याउँछ ।

नेपाल प्रहरीजस्तो संवेदनशील निकायको कुनै पनि पदमा क्षमतावान् र अनुभवी जनशक्ति नहुँदा त्यसको असर शान्ति सुरक्षाका कार्यमा समेत पर्छ । वैज्ञानिक वृत्ति विकास प्रणाली नहुँदा रिक्त पदमा नियुक्त नयाँ अधिकारीको वैयक्तिक क्षमता त्यही ढंगले विकास नभएको हुन सक्छ । गत वर्ष सर्वोच्च अदालतले तीन महिनाभित्र कुनै पनि रिक्त पदमा बढुवा गरिसक्नुपर्ने नजिर स्थापना गरेको भए पनि त्यसको पालना गरिएको छैन । अर्कोतर्फ, ठूला पदहरूमा बढुवा अलि छिटो-छिटो हुने गरे पनि तल्ला तहमा त्यो भएको देखिन्न । नागरिकसँग जोडिएर काम गर्नुपर्ने पदहरूको वृत्तिविकास व्यवस्थित नहुँदा त्यसको मनोवैज्ञानिक असर उनीहरूको काम र मनोबलमा पर्छ, जुन उनीहरूले नागरिकसँग गर्ने व्यवहारमा नकारात्मक ढंगबाट झल्कन सक्छ ।

मुलुकको सरकारी सेवामा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाहेक अन्यत्र ३० वर्षे प्रावधान छैन । राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालयमातहत लगिएपछि गत वर्ष उक्त विभागबाट ३० वर्षे प्रावधान हटाई पदावधि र उमेरमात्रै कायम गरिएको छ । प्रहरीमा भने यस्तो व्यवस्था राखिरहनु भनेको सरकार र गृहप्रशासनले यी संगठनहरूमा खेल्न पाउने आधारलाई जीवित राख्न खोज्नुमात्रै हो । यसबीचमा बनेका केही आयोगले यो व्यवस्था हटाउन सुझाव पनि दिएका छन् । तर, कहिले हटाउने र कहिले राख्ने काम भइरहेको छ । पछिल्लो पटक २०६६ सालयता यो व्यवस्था कायम छ । यस्तो नीतिगत अस्थिरताका बीच स्वयं प्रहरी नेतृत्वमा पनि दोहोरो चरित्र देखिने गरेको छ- उनीहरू अलि तल्ला पदमा हुँदा ३० वर्षे सेवाका पक्षमा हुन्छन् भने जिम्मेवारीमा पुगेपछि विपक्षमा उभिन्छन् । यसखाले तमाम विकृति अन्त्यका लागि प्रहरीमा वैज्ञानिक वृत्तिविकास प्रणाली लागू गर्नैपर्छ । भर्ना र बढुवाको पात्रो नियमित गर्न, कार्यसम्पादनका आधारमा मूल्यांकन पद्धति बसाल्न र राजनीतिक शक्तिकेन्द्र धाउने प्रवृत्तिलाई निरुत्साहित गर्न पनि यस्तो व्यवस्था आवश्यक छ । पदावधि र उमेरहदका आधारमा सेवानिवृत्त हुने व्यवस्था भएमा अनुभवीले स्वाभाविक प्रणालीबाट अवकाश पाउँछन्, नेतृत्वको अविच्छिन्न विकास हुन्छ । उमेर र कार्यक्षमता भएका अधिकृतहरू बेलैमा अवकाशमा जान बाध्य नभए समयअगावै उनीहरूलाई पेन्सन सुविधा दिनुपर्ने भार पनि राज्यलाई पर्दैन । त्यसैले संगठनको समग्र विकासका लागि वृत्तिविकास र अवकाश नीति व्यक्तिलाई हेरेर होइन, पद्धति बसाल्नका लागि बनाइनुपर्छ ।

# विज्ञ अर्थमन्त्रीको अलमल



विश्वास गौचन

आर्थिक वर्ष २०७६/७७ को कुल राजस्व लक्ष्य १,११२ अर्बमध्ये पुस मसान्तसम्म ४३३ अर्ब रुपैयाँ अर्थात् ३९ प्रतिशत संकलन भएको छ । पुस मसान्तसम्मको लक्ष्यको दाँजोमा करिब १०० अर्ब रुपैयाँ कम राजस्व उठेको चर्चा मिडियामा आएको छ ।

नेपालको बजेट व्यवस्थापनको इतिहासमा केही अपवादबाहेक प्रायः आन्तरिक राजस्वले साधारण खर्चसहित केही हदसम्म वित्तीय खर्च पनि धानेको छ । जुनसुकै पार्टी सरकारमा हुँदा पनि यो संस्कारको निरन्तरता देखिएकाले एक प्रकारको वित्तीय अनुशासन तथा अभ्यास संस्थागत भएको देखिन्छ, जुन हाम्रो देशको बजेट व्यवस्थापनको राम्रो पक्ष हो ।

अर्थतन्त्रको आकारको दाँजोमा राजस्वको अनुपात सार्क क्षेत्रमा मात्र नभएर विश्वमै उच्च हुने देशहरूमध्ये नेपाल पनि एक हो । कर राजस्व भारतमा ११ प्रतिशत, श्रीलंकामा १२ प्रतिशत, अति कम विकसित राष्ट्रमा १० प्रतिशत र विश्वमा १५ प्रतिशत हुँदा नेपालमा २२.५ प्रतिशत छ । कुल सरकारी राजस्व करिब २५ प्रतिशत छ । फलस्वरूप बजेटको आकार र सरकारी खर्च पनि अन्य देशको दाँजोमा निकै बढी छ । यस्तो अवस्थामा पनि हाम्रो आवश्यकता अनुरूप राजस्व पर्याप्त छैन । देश संघीय बनोटमा जाँदा स्रोतको आवश्यकता अझ बढेको छ ।

कुल करमा आयकरको हिस्सा करिब २५ प्रतिशत मात्र छ । बाँकी ७५ प्रतिशत गैरआयकर अर्थात् अप्रत्यक्ष करबाट राजस्व संकलन हुँदा गरिब जनताले करको भार बढी उठाउनुपरेको छ । अप्रत्यक्ष करले धनी र गरिबबीच भेद राख्दैन । एक किलो चिनी किन्दा हरेक नागरिकले समान दरले अप्रत्यक्ष कर तिर्नुपर्छ । तर आयकरको दर निर्धारण प्रगतिशील करको अवधारणा अनुरूप तय गरिने हुँदा बढी आम्दानी गर्ने नागरिकले बढी दरमा धेरै राजस्व तिर्नुपर्छ । यस कारण पनि चरणबद्ध रूपमा राज्यले प्रत्यक्ष करको दायरा बढाई कम्तीमा अप्रत्यक्ष कर बराबर पुर्‍याउने मध्यकालीन तथा दीर्घकालीन रणनीति अपनाउन जरुरी छ ।

दस वर्षअगाडि देशका ठूला तथा प्रतिष्ठित भनाउँदा अधिकांश उद्योगी-व्यापारी अर्बौं रुपैयाँको भ्याट छली प्रकरणमा मुछिएका थिए । आफू पेसाले चार्टर्ड एकाउन्टेन्ट भएका नाताले हाम्रो सञ्जालमा म सुन्ने गर्थें– यस्ता अधिकांश उद्योगी-व्यवसायीले भारतबाट सीए ल्याएर नक्कली बिलको कारखाना नै चलाएका छन् । यही प्रसंगमा २०६७ चैत १५ मा भावी मुख्य सचिवका रूपमा चिनिएका इमानदार तथा कर्तव्यनिष्ठ अर्थसचिव रामेश्वर खनाल अचानक राजीनामा दिई अर्थ मन्त्रालयबाट बाहिरिए । सम्भवतः सोही घटनापछि सरकारमाथि नैतिक दबाब बढ्दै गयो र कर व्यवस्थापनमा सुधार भयो । फलस्वरूप नौ वर्षयता राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको छ । त्यतिखेर जीडीपीको करिब १४.६ प्रतिशतमा सीमित हाम्रो राजस्व हाल २५ प्रतिशतसम्म पुगेको छ । यद्यपि अहिलेसम्म भ्याट छली प्रकरण भने दोहोरिई नै रहेको छ ।

हाम्रो समाजमा सकेजति कर छल्ने मनोवृत्ति व्याप्त भएकै कारण कुल राजस्वमा आयकरको अनुपात निकै कम छ । करको दर कम गरी दायरा बढाउँदा राजस्व बढ्ला कि भन्ने तर्कमा पनि पूर्णविश्वस्त हुन सक्ने ठाउँ छैन । उदाहरणका लागि, घर तथा सम्पत्ति भाडाबाट हुने आम्दानीमा केवल १० प्रतिशत कर लाग्छ । तर देशका अधिकांश घरधनीले भाडामार्फत हुने आम्दानीमा कर तिर्दैनन् र तिर्नैपरे पनि कम तिर्छन् । गत आर्थिक वर्षमा केवल ५ अर्ब रुपैयाँको भाडाकर संकलन भएको थियो । मुलुकमा कुल ५० अर्ब रुपैयाँ बराबरको मात्र घरसम्पत्ति भाडाको वार्षिक कारोबार देखिनुले एकातिर हाम्रो समाजको करप्रतिको गलत प्रवृत्ति र अनुपालनको कमजोर अवस्था चित्रण गरेको छ भने, अर्कातिर अनौपचारिक अर्थतन्त्रको परिमाणलाई इंगित गरेको छ ।

हाम्रो राजस्वको अर्को विशेषता भनेको आयातमा निर्भर कर प्रणाली हो । भन्सारविन्दुमा संकलन हुने कर कुल कर राजस्वको करिब ४५ प्रतिशत छ भने कुल राजस्वको ४० प्रतिशत । सो तथ्यांकमा देशभित्र आयातित वस्तु तथा सेवाको कारोबारबाट संकलन हुने थप राजस्वको गणना गरिएको छैन । यस्तो अवस्थामा राष्ट्रको राजस्व अधिकांश रूपमा आयातमै निर्भर भएको पुष्टि हुन्छ ।

राष्ट्र बैंकले यही आर्थिक वर्षदेखि कर तिर्दा र बैंकसँग ऋण लिँदा पेस गर्ने वासलात एउटै हुनुपर्ने व्यवस्था गरेको छ । हालै मात्र व्यक्तिगत आवधिक कर्जा, घर कर्जा र हायर पर्चेज कर्जामा पनि आयकर तिरेको प्रमाण हुनुपर्ने अनि कुल आम्दानीको ५० प्रतिशत मात्र गणना गर्ने नीति अवलम्बन गरिएको छ, जसका दुइटा पाटा छन् । पहिलो, सुधारका यस्ता पहलहरू राम्रा छन् र अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा लैजान कोसेढुंगा साबित हुनेछन् । यसका अलावा विशेष अवस्थामा बाहेक प्यान लिनैपर्ने व्यवस्था पनि सराहनीय छ, जसले कर छल्न प्रयोग हुने कृत्रिम कर्मचारी (घोस्ट वर्कर) र नक्कली बिलको बेथितिलाई हदैसम्म सम्बोधन गर्नेछ । हाम्रो अर्थतन्त्रका अनेक बेथितिलाई सम्बोधन गर्न सुधारका यस्ता पहल आवश्यक छन् । बलियो र स्थायी सरकारले यस्ता संरचनात्मक सुधार नगरे कसले र कहिले गर्ने ?

दोस्रो, देशका अधिकांश ठाउँमा प्यान लिन सम्भव छैन । कहीँ-कहीँ राजस्वका कर्मचारीले नै प्यान लिन हतोत्साहित गर्ने गरेका छन् । राष्ट्रिय आर्थिक गणना-२०७५ अनुसार, कुल ९.२२ लाख लघु, साना तथा मझौला उद्यममध्ये करिब ३६ प्रतिशतको वित्तीय पहुँच देखिन्छ । राष्ट्र बैंकको निर्देशनले लघु, साना तथा मझौला संस्थालाई बैंकिङ क्षेत्रबाट कर्जा परिचालन गर्न जटिल बनाए त्यो औपचारिक क्षेत्रबाट अनौपचारिक क्षेत्रमा स्थानान्तरण हुनेछ । राष्ट्रको रूपान्तरकारी विकास र समृद्धिका लागि बाँकी ६४ प्रतिशत उद्यमलाई पनि वित्तीय पहुँच र यो सुविधा पाएका तर अनौपचारिक स्रोतमा निर्भर उद्यमलाई औपचारिक स्रोतमा बढ्दो पहुँच पुर्‍याउन अत्यावश्यक छ ।

**घर कर्जा लिन आयकरको प्रमाण चाहिने व्यवस्था तत्कालै लागू गर्नु उपयुक्त हुँदैन । सिमेन्ट र फलाम तथा स्टिलको माग उल्लेख्य घटेका बेला यी क्षेत्र उकास्न सकारात्मक नीति अवलम्बन गर्नुपर्नेमा सरकार उल्टो बाटो हिँडेको छ ।**




यद्यपि अर्थतन्त्रमा भएका बेथितिलाई एकै चोटि सम्बोधन गर्न खोज्दा नतिजा थप नकारात्मक पनि हुनसक्छ । कतिपय सुधारका कार्यक्रम वृद्धिशील (इंक्रिमेन्टल) भए बढी प्रभावकारी हुनसक्छ । सरकारले अर्थतन्त्रलाई टेवा पुग्ने गरी प्रतिचक्रीय (काउन्टर साइक्लिकल) नीति अवलम्बन गर्नुपर्छ । उदाहरणका लागि, घर कर्जा लिन आयकरको प्रमाण चाहिने व्यवस्था तत्कालै लागू गर्न उपयुक्त हुँदैन । यसै पनि यो क्षेत्रमा कर्जा घटेको छ । सिमेन्ट र फलाम तथा स्टिलको माग उल्लेख्य घटेका बेला सरकारले यी क्षेत्र उकास्न सकारात्मक नीति अवलम्बन गर्नुपर्नेमा सरकार उल्टो बाटो हिँडेको छ । सो व्यवस्थाले निर्माण क्षेत्रमा थप धक्का लाग्नेछ । निर्माण रोजगारी सिर्जना गर्ने अर्थतन्त्रको एउटा प्रमुख क्षेत्र हो ।

अनुभव र प्राज्ञिक हिसाबले डा. युवराज खतिवडा अहिलेसम्मकै सबैभन्दा विज्ञ अर्थमन्त्रीका रूपमा चिनिन्छन् । उनी मात्र यस्ता व्यक्ति हुन्, जो राष्ट्रिय योजनाको उपाध्यक्ष, राष्ट्र बैंकको गभर्नर हुँदै अन्ततः अर्थमन्त्री पनि भए । यस कारण अर्थतन्त्रमा व्याप्त अनेक बेथितिबारे उनी धेरै हदसम्म जानकार छन् र सक्दो सम्बोधन गर्दै जाने इच्छाशक्ति पनि देखाएका छन् । राष्ट्र बैंकको गभर्नर हुँदा पनि तत्कालीन डेपुटी गभर्नर महाप्रसाद अधिकारीको प्रभावकारी सहयोगमा उनले देशको वित्तीय क्षेत्रमा धेरै सुधार ल्याएका थिए ।

तर हाल राष्ट्रिय योजना आयोग पूर्ण रूपले ओझेलमा परेको र राष्ट्र बैंक अर्थ मन्त्रालयद्वारा बढी नै निर्देशित भएको जस्तो देखिन्छ । विशेष गरी प्राज्ञिक सञ्जालमा राष्ट्रिय योजना आयोगको अस्तित्वबारे र वित्तीय क्षेत्रमा राष्ट्र बैंकमाथि अर्थ मन्त्रालयको हस्तक्षेपबारे चर्चा हुने गरेको छ । श्वेतपत्रमा नेपालको छवि नै धमिलिने गरी अर्थतन्त्रलाई जुन ढंगले अत्यन्त नकारात्मक रूपले प्रस्तुत गरियो, त्यो अर्थमन्त्रीको पहिलो प्राविधिक त्रुटि तथा राजनीतिक अपरिपक्वता थियो ।

राजस्व व्यवस्थापनका लागि चुस्त र प्राविधिक तथा दक्ष जनशक्ति आवश्यक छ । प्रचलित बजार मूल्यमा भए पनि दक्ष जनशक्ति परिचालन गरे ठूलो परिवर्तन गर्न सकिन्छ । लोकसेवा पास गरेर भर्ना भएका सरकारी कर्मचारीबाट मात्र राजस्व परिचालन तथा व्यवस्थापन प्रभावकारी हुने सम्भावना देखिँदैन । राष्ट्रको प्रमुख आम्दानी तथा खर्च व्यवस्थापन गर्ने, आयोजना व्यवस्थापन तथा कार्यान्वयन गर्ने, अनुसन्धान गर्ने निकाय र नियमनकारी संस्थाहरूमा ठूलो संख्यामा व्यावसायिक तथा दक्ष जनशक्तिको खाँचो छ । राज्यले विशेष व्यवस्था गरेर भए पनि सयौंको संख्यामा चार्टर्ड एकाउन्टेन्ट, फोरेन्सिक विशेषज्ञ, व्यवस्थापन विशेषज्ञ, कानुनविद् जस्ता दक्ष जनशक्तिहरूलाई भन्सार तथा राजस्व, बजेट शाखा, वैदेशिक आयोजना, ठूला आयोजना, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग लगायतमा भर्ना गर्ने हो भने वित्तीय व्यवस्थापन सुधारका सरकारी योजनाले सफलता पाउन सक्छन् ।

तीन दशकमा औसत वर्षेनि १५ प्रतिशतको दरले वृद्धि भएको राजस्व सन् २००६ मा माओवादी द्वन्द्व अन्त्य भएयता औसत २१ प्रतिशतले बढेको छ । यसको प्रमुख कारण बढ्दो विप्रेषण र यसले पोसेको आयात हो । सोही अवधिमा विप्रेषण औसतमा वर्षेनि १९.३ प्रतिशत र आयात १८ प्रतिशतले बढेको छ । तर विप्रेषण वृद्धि यही अनुपातमा दिगो नहुने तथा विगत दुई वर्षमा बाह्य क्षेत्रमा पर्न गएको चापलाई व्यवस्थापन गर्न सरकारले लिएको नियन्त्रणमुखी आयातका कारण सोही अनुपातमा राजस्व वृद्धि हुन सम्भव छैन । यसका बावजुद यो आर्थिक वर्ष राजस्व २९ प्रतिशतले वृद्धि हुने प्रक्षेपणका साथ बजेट पेस भएको छ । फलस्वरूप पहिलो ६ महिनाको लक्ष्यको दाँजोमा राजस्व संकलन सम्भवतः पहिलो चोटि यति ठूलो परिमाणमा अपुग भएको छ । डा. खतिवडाको दुवै वर्षको बजेट संशोधन गर्नुपर्ने अवस्था आउनु तथा स्थायी र बलियो सरकारको पहिलो दुई वर्षको बजेट कार्यान्वयनमा लक्ष्य तथा उपलब्धिमा धेरै ठूलो अन्तर देखिनुले उनको विज्ञता, सरकारको कार्यक्षमता र बहुमतको बलियो सरकारप्रति प्रशस्त प्रश्न उब्जाएको छ ।

*गौचन सेन्टर फर इकोनोमिक पोलिसी, आईआईडीएसका निर्देशक हुन् ।*

# सम्पादकलाई चिठी

## चीनमै पो सुरक्षित हुन्छन् कि !

चीनमा कोरोना जीवाणु संक्रमणबाट बिरामी निको हुने दर वृद्धिको खबर उत्साहजनक छ । आइतबारसम्म चीनभित्रका जम्मा संक्रमितमध्ये ३ हजार २ सय ८१ जना पूर्णरूपमा निको भएर घर फर्केको समाचार छ । यसै सन्दर्भमा चीनमा रहेका १ सय ८० नेपालीलाई नेपाल फर्काउने नेपाल सरकारको तयारी भइरहेको सन्दर्भमा केही प्रश्न उब्जिएका छन् । के हाम्रो सरकारले संक्रमितको उपचार, हेरविचारमा चीन सरकारभन्दा विशेष व्यवस्था गर्न सक्छ ? फर्किएका व्यक्तिमा यदि कुनै संक्रमित रहेको पाइए र त्यसबाट उत्पन्न हुनसक्ने सम्भावित खतराबाट बच्न वा निराकरण गर्न हामी चीनको दाँजोमा सक्षम छौं ? चीनमा रहँदा असुरक्षित र नेपाल फर्किए पूर्णरूपमा सुरक्षित हुने कुरा वैज्ञानिक हो ? अभिभावकहरूको दबाब र भावनात्मक अभिव्यक्तिको आधारमा चीनबाट फर्काउन लागिएका नेपालीहरू, आफू बसिरहेको ठाउँभन्दा बाहिर ननिस्केमा यहाँभन्दा चीनमा नै पूर्ण सुरक्षित हुनसक्ने भएकोले त्यसबारे पुनर्विचार गर्नु जरुरी छ ।

**– महेन्द्रसिंह बम,** *टीकापुर-१, कैलाली*

## जनताको सरकार कसरी भन्ने ?

ललिता निवास जग्गा प्रकरणमा अख्तियारले धेरैलाई अभियोगपत्र दर्ता गराएपछि उसको कदमलाई लिएर एकातिर प्रशंसा भएको छ भने अर्कोतिर मुख्य दोषीहरूलाई जोगाइएको भनेर विरोध पनि भएको छ । हुन पनि त्यसबेलाका प्रधानमन्त्रीहरूलाई दोषी नठानिनु आश्चर्यकै कुरा हो । 'जग्गा फिर्ता गर्नेछौं' भन्नासाथ नेकपाका महासचिव विष्णु पौडेलका पुत्र नवीन पौडेल र सर्वोच्चका न्यायाधीश कुमार रेग्मीलाई नछोइनुले नेपाली जगतकै चित्त बुझेको छैन । नेपालको कानुन हो । मुद्दा दायर भए पनि फैसला के कस्तो आउने हो, कति समय लाग्ने हो ? यसबारे अनुमान गर्न सकिने कुरा भएन । जे भए पनि व्यवस्थित र मिहिन सेटिङ, लिंक-अप, कानुनी दायराको होशियारीपूर्वक प्रयोग, शक्ति, आदेश र संयन्त्रको अधिकतम 'उपयोग' समेतलाई विचार गर्दा योजनाकारको 'शार्प माइन्ड' र दुस्साहसको प्रशंसा गर्नुपर्ने अवस्था छ । सिंगो सरकार नै लागेर राष्ट्रिय सम्पत्ति सिध्याउने यो भ्रष्टाचार इतिहासकै 'लोभलाग्दो भ्रष्टाचार' हो । सम्भावित जोखिमप्रति पहिले नै सतर्क र दूरदर्शी भई, त्यही जग्गा धितो राखेर बेलैमा ऋण लिई जसरी पनि आफूलाई सुरक्षित र फाइदामा राख्ने ऋणीहरूको 'डरलाग्दो बुद्धि' थाहा पाएपछि शिक्षित र बाठो ठान्ने मध्यमवर्गीय सर्वसाधारणहरू यतिखेर आफूलाई धिक्कारिरहेका छन् । अन्य देशमा भएको भए यति ठूलो भ्रष्टाचार छताछुल्ल हुँदासम्म कारबाही धेरै अगाडि बढिसकेको हुन्थ्यो ।

**– इन्द्रकुमार श्रेष्ठ,** *ओखलढुंगा*

## तुइन : कथा-व्यथा



पछिल्लो समय राजनीति, समाज, स्वास्थ्य, मनोरञ्जन वा साहित्यभन्दा मुलुकभित्रका विकास निर्माण सम्बन्धी समाचारमा रुचि बढेको छ । बबरमहलमा होस् या मुग्लिनमा 'आर्क ब्रिज' बनेकामा भन्दा हुम्लामा तुइन तर्नका लागि प्रतिव्यक्ति १०० रुपैयाँ तिर्नुपर्ने समाचारले बढी चासो र चिन्ता जगाएको छ । गाउँघरतिर झोलुङ्गे पुल नै नदी तर्न भरलाग्दा माध्यम हुन् । ती नभएका ठाउँमा कित काठे डुंगा हो, नभए कतिपय साना नदी, खोलामा काठका फड्के हुन्छन् । पछि ट्युब पनि प्रयोगमा आए, तर ती धेरै जोखिमपूर्ण छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलोपटक प्रधानमन्त्री भएको दिन पहिलो हस्ताक्षर मुलुकभरबाट दुई वर्षभित्र यस्ता तुइन हटाउने भनी गरेजस्तो लाग्छ । पहिलाको त कुरै छाडौं, अहिलेको कार्यकाल पनि दुई होइन, साढे दुई वर्ष बित्न लाग्यो । हुन त ओलीको प्राथमिकता दमकमा 'भ्युटावर' होस् या नागढुंगामा सुरुङमार्ग बनाउने भएकाले यस्ता झिनामसिना विकासमा ध्यान नपुगेको पनि हुनसक्छ । उनकै सिको गर्न होला, केही समयअघि वाग्मती प्रदेश सरकारले पनि हेटौंडा-काठमाडौं रोप-वेलाई पुनर्जीवन दिन अध्ययन भइरहेको कुरा समाचारमा कतै पढेको थिएँ । रोप-वेको रूपमा होइन, सम्भव भए त्यसलाई बरु केवलकारमा परिणत गर्नसके उत्तम हुने हो । भैंसे, भीमफेदी, कुलेखानी आसपास सुरुङमार्ग बन्ने पनि कतै पढेझैं लाग्यो ।

गण्डकी प्रदेश यसै सुदूर उसै दूरदराजमा न परे । त्यसमाथि हुम्ला जिल्ला बाहेक जहाँ सडक पुगे उताका गाउँपालिका प्रमुखसम्मले सुविधाको गाडी अवश्य चढे होलान् । हुम्लामा तत्काल एम्बुलेन्स, गाडी खरिद गर्ने बेला नभएकाले कम्तीमा यस्ता केही लाखको बजेटले मर्मत गर्न सकिने कामलाई पनि गाउँपालिकाले ठेक्कामा लगाएर हजारौं जनता तथा गाउँलेको दैनिकीसँग जोडिने विकासमा ध्यान पुग्दैन । अझै यस्ता कमजोर प्रविधि वा त्रासदीपूर्ण एउटामात्र फलामका लट्ठामा नाम्लोजस्तो डोरी बनाएर वारपार गर्नुपर्ने सुनिन्छ, पढिन्छ । मैले अनुमान गरेकोमा यस्ता तुइन महाकाली नदी तथा कर्णाली नदीमा धेरै रहेछन् । विस्थापन गर्न नसके पनि आधुनिक डिब्बा प्रविधिमा लानुपर्छ । जसको प्रयोग कुस्मा, पर्वतदेखि बलेवा, बाग्लुङ आवत-जावत सहज बनाउनमा प्रयोग छन् । त्यत्ति पनि गर्न नसके डोरीका सहारामा तुर्नुपर्ने तुइनमा अनिवार्य 'सेफ्टी बेल्ट' व्यवस्था गरौं । राजधानी नजिकै त्रिशूलीमा पहिला धेरै देखिन्थे तुइन । अहिले झोलुङ्गे पुल तथा पक्की पुलले विस्थापित गरेको छ । बीपी राजमार्गमा सुनकोसी नदी तर्न केही किमिको फरकमा धेरै पक्की पुल बने, यस्ता विकास धेरै ठाउँमा आवश्यकता र जरुरीभन्दा पहुँच र प्रभावले पनि बने होलान् । तर सुदूर पहाडी जिल्लामा थोरै बजेटका यस्ता तुइन फेर्न पनि राज्यका कुनै पनि तहको ध्यान किन कहिल्यै गएन ?

**– श्रीकृष्ण राजवंशी,** *सुनकोसी-३, सिन्धुली*

## विकासको नाममा विनाश, दुःखद

माघ २८ गते प्रकाशित प्रकाशकुमार श्रेष्ठको 'सिर्जनशील विनाश'मा लेखकले प्रकृतिको दोहन गरेर भए पनि निजगढ विमानस्थल निर्माण गर्नु नै उचित हुने तर्क गरेका छन् । सबै चिज परिवर्तनशील हुने हुँदा विनाश गरेर भए पनि विकास गर्न डराउनु नपर्ने उनको तर्क छ । प्रविधिको विनाश प्रविधिले गर्‍यो, त्यसले कसैलाई केही फरक पर्दैन । बच्चाको जन्म सिर्जन हो । तर आमा मारेर बच्चा जन्माउने कुरा विकास होइन । प्रकृतिलाई हामीले कसरी परिष्कृत गर्न सक्छौं ? प्रकृतिको विनाशले नै आज विश्वमा हाहाकार मच्चिएको छ । पश्चिमा विद्वान जोसेफ शम्टरको अर्थशास्त्र पढेरै त आज पश्चिमा प्रकृतिको अन्धाधुन्द विनाश गरेर समृद्धि हासिल गर्ने सोचिएको छ । यो साबित भइसकेको छ कि जंगलको विनाश गरेर मानिसले जंगल बनाउन सक्दैन । सिर्जनशील आविष्कारले मानिस अवश्य लाभान्वित हुन्छ र भएको पनि छ । त्यो भौतिक विकासमा सत्य हो । तर मानिसले एकपटक वन वा वन्यजन्तु विनाश गर्‍यो भने त्यसको नकारात्मक असर उसले ढिलो-चाँडो भोग्नैपर्छ । त्यसैले विकासको नाममा प्रकृति विनाश गर्नेहरूले भविष्यमा आफू पनि मासिन वा सकिन तयार रहनुपर्छ । त्यसकारण निजगढ विमानस्थलको मृत सिर्जनको लागि भगवानको जीवित सिर्जनको विनाशको पक्षमा वकालत गर्न सकिन्न ।

**– शिवशंकर यादव,** *छपकैया, वीरगन्ज*

## राजनीतिज्ञ हो कि व्यापारी

राजनीतिमा विसंगति, विकृति मौलाउँदो छ । जनतामा निराशा छाएको छ । दुई तिहाइको सरकारले केही गर्ला कि भन्ने थियो, त्यो पनि हावामा महल बनाउनु जस्तै भयो । जनताका लागि कसैले केही माखो मारेका छैनन् । धनी नेता, गरिब जनता भएको देशमा दरिएको छ, मातृभूमि । निकै सजिलो पेसा बनेको छ-राजनीति । पढ्न पनि नपर्ने, नैतिकता पनि नचाहिने पेसा भएको छ, राजनीति । खालि नेताको आशिर्वाद भए पुग्छ । जनसेवाको काम गर्ने त कुरै हराइसक्यो । जसरी हुन्छ, आफ्नै भुँडी भर्न पाए मख्ख पर्ने नेता भएको देशमा जनताको कहिल्यै भलो हुँदैन । भन्ने बेलामा जनप्रतिनिधि भन्ने चाहिने बेलामा कर्मचारीलाई जस्तो सेवासुविधा, तलबभत्ता सबै चाहिने । के यस्तै हुन्छन्, जनप्रतिनिधि ? यिनीहरू त निर्वाचित कर्मचारीजस्ता पो देखिए । जनताबाट उठाएको करबाट सुविधै-सुविधा पाइन्छ भने नगरपालिकाको मेयर, गाउँपालिकाको अध्यक्ष बन्न किन करोड खर्च नगरुन् ? सरकारी सम्पत्तिको दोहोलो काढेका छन् । मितव्ययी बनेर जनसेवामा लाग्ने त यिनको सोचै छैन । अहिले त को राजनीतिज्ञ हो ? को व्यापारी हो ? छुट्याउनै नसक्ने अवस्था छ । डोजरवाला, ठेकेदार, बिचौलियाहरू राजनीतिको नाममा राष्ट्रिय ढुकुटीमा रजाइँ गर्दैछन् ।

**– पुरुषोत्तम घिमिरे,** *जोरपाटी, काठमाडौं*

# समस्या छाउ मानसिकता



प्रज्ञा पनेरु

सुदूरपश्चिमका अछाम, बाजुरा लगायतका जिल्लामा हाम्रा दिदीबहिनीहरूले महिनावारीका बेला अव्यवस्थित छाउगोठमा बस्न बाध्य हुनुपर्दा ज्यान गुमाउनु परिरहेका खबर वर्षेपिच्छे पढ्न-सुन्न पाइन्छ। यस वर्ष पनि छाउगोठ भत्काउने प्रहरीलाई किलाले हानेको अनि अछाममा एक महिलाको ज्यान गएको समाचारले स्तब्ध बनायो। यो कुप्रथाको अन्त्यका लागि धेरै पहिलेदेखि प्रहरी-प्रशासन तथा अभियन्ताहरूले छाउगोठ भत्काउने अभियान चलाए पनि समस्या ज्युँका त्युँ छ। अझ अभियन्ता भनिएकाहरू नै महिनावारी हुँदा छाउगोठमै बस्ने गरेका खबरहरूले यो कुप्रथा कति गहिरिएको रहेछ भनी सजिलै अनुमान गर्न सकिन्छ।

छाउगोठ भत्काउने अभियान सुरु हुन्छ, गाउँले विरोधमा उत्रिन्छन्। भत्किएका छाउगोठहरू फेरि ठडिन्छन् र यो सिलसिला फेरि चल्न थाल्छ। छाउगोठ नै समस्या हुँदो हो त भत्काएपछि समाधान हुनुपर्ने थियो। तर यस्तो हुन सकेको छैन, किनभने समस्या छाउगोठ नभएर छाउ प्रवृत्ति र योसँग सम्बन्धित विभिन्न धार्मिक र सांस्कृतिक अन्धविश्वास हुन्। अनि यो प्रवृत्ति अछाम, बाजुरामा मात्र सीमित नभई काठमाडौंसहित नेपालभरि र विशेष गरी बाहुन-क्षत्रीका घर-घरमा व्याप्त छ। अन्यत्र केवल छाउगोठ हुन्न, फरक यति मात्र हो। महिनावारीका बेला सबैतिरका बाहुन-क्षत्री महिलाहरू चारपाँच दिन अलग्गै बसेकै हुन्छन्, भान्सा वा पूजाकोठामा छिर्दैनन्, निश्चित दिनपछि नुहाइ-धुवाइ सकेर मात्र सामान्य दिनचर्यामा फर्किन्छन्। र अर्को कुरा, उनीहरूको मृत्युको खबर आउँदैन। उनीहरू गोठको साटो घरभित्रै बसेका हुन्छन् नि त!

**छाउगोठ भत्काउँदैमा सुदूरपश्चिमका महिलाहरूको कष्ट कम हुँदैन। जबसम्म रजस्वलालाई अपवित्रतासँग गाँसिन्छ, तबसम्म छाउगोठ बनिरहन्छ।**

छाउगोठविरोधी कैयौं बुद्धिजीवी र शिक्षित भनिएकाहरूसमेत महिनावारीका बेला महिला अछूतका रूपमै रहनुपर्नेमा विश्वास गर्छन्, तिनले छोएको नखाने गर्छन्। त्यस कारण सरोकारवालाहरूले सोच्न जरुरी छ– छाउगोठ भत्काउँदैमा सुदूरपश्चिमका महिलाहरूको कष्ट कम हुँदैन। जबसम्म रजस्वलालाई अपवित्रतासँग गाँसिन्छ, तबसम्म छाउगोठ बनिरहन्छ र छाउगोठ नभएका ठाउँमा समेत महिलाहरू आफ्नै घरभित्र खुम्चिइरहन्छन्। देखिनु समस्या र नदेखिनु चाहिँ समाधान पक्कै होइन। पढेलेखेका सहरी समाजमा यो समस्या नभएको र अछाम, बाजुरामा मात्र टड्कारो भएको पनि निश्चय नै होइन।

छाउगोठका कारण वर्षेनि हुने मृत्युलाई रोक्न तत्काल संस्कृतिमैत्री प्रयास हुन जरुरी छ, जसलाई कार्यान्वयन गर्न त्यस भेगका बासिन्दासमेत राजी होऊन्। छाउगोठको सट्टा महिलामैत्री र आवश्यक सुविधासम्पन सामूहिक नमुना छाउघर निर्माण गरियोस्। उक्त घरमा प्रशस्त खानेपानी, सफाइ प्रयोजनका निम्ति पानी, भान्सा, शयनकक्ष, शौचालय अनि निःशुल्क प्याडहरूको व्यवस्था गरियोस्। यति हुन सके दुर्गम पश्चिम पहाडका महिलाले महिनावारीका बेला अकालमा ज्यान गुमाउनुपर्दैन। यसपछि स्थानीय बासिन्दामा महिनावारीका बेला आमा, दिदीबहिनीहरूलाई हेरचाह गर्नुपर्छ भन्ने चेत पलाउँदै जान्छ। सामूहिक छाउघरमा गाउँभरिका महिलाहरू जम्मा हुने गर्दा सुखदुःख साटासाट अनि सशक्तीकरणको अवसर पनि प्राप्त हुन सक्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, छाउघर निर्माणको सायद कसैले विरोध गर्दैन। तथापि समस्याको समाधान भने होइन यो।

छाउ उन्मूलन तब मात्र हुन्छ, जब सम्पूर्ण महिलामा आफू छाउ भएको भन्ने मानसिकताबाट मुक्त हुन्छन्। सर्वप्रथम, शिक्षित महिला यस्तो मानसिकताबाट बाहिर निस्कनु जरुरी छ। अनि मात्र तिनले सबै महिलालाई यही बाटोमा ल्याउन सक्छन्। अनि वर्षेनि छाउगोठमा भैरहेको मृत्युले हाम्रो विकास, शिक्षा र लोकतन्त्रलाई जिस्क्याउने क्रमले विराम पाउनेछ।

*पनेरु नेपाल कमर्स क्याम्पसमा प्राध्यापनरत छिन्।*

# फागुन १ : गौरव कि दुःस्वप्न ?



डेटलाइन तराई

चन्द्रकिशोर

फागुन १ नेपाली स्मृतिलाई लामो समयसम्म पछ्याइरहने दिन हो। २०५२ सालको यही दिन नेकपा माओवादीले सशस्त्र संघर्ष थालेको थियो। यो दिन पारेर प्रत्येक वर्ष जस्तो विमर्शको प्रक्षेपण गरिन्छ, त्यसभित्र अतिवादको गन्ध भेटिन्छ। एक पक्षले केवल युद्धको गौरवगान गर्ने, अर्को पक्षले दुःस्वप्न मात्रै मान्ने। तर यो यस्तो आली हो, जसले नेपाली समाजको विकासक्रमलाई विभाजन गर्छ। संघर्ष सुरु हुनुपहिले र पछिको नेपाली समाज। तसर्थ सशस्त्र विरोधको व्याकरणलाई फराकिलो क्यानभासमा हेर्नुपर्छ।

फागुन १ 'हिंसा उत्सव' को दिन होइन कि, हाम्रो सामाजिक, सांस्कृतिक, आर्थिक वा राजनीतिक क्षेत्रमा विद्यमान हिंसाको उपस्थितिप्रति मन्थन गर्ने अवसर हो। हिंसाको समस्यालाई गम्भीरतापूर्वक सोच्ने र त्यसलाई कसरी न्यून गर्दै जाने भनी चिन्तन गर्ने मौका हो यो। परिवर्तनका लागि बन्दुक कुन अवस्थामा, कसरी, कोबाट, कुन क्षेत्रमा उठाइयो? संघर्षको अवतरण कसरी भयो? बन्दुक उठाउनेहरू कति बदलिए? लक्ष्यको कति समीप पुगे? नेपाली समाजको सामन्ती तर सहिष्णु धारले त्यो ज्वारभाटालाई आफूमा कसरी समाहित गर्‍यो? यसपछि राजनीतिमा हिंसाको फुटकर प्रयोगले कसरी निरन्तरता पाउँदै गयो? भुइँतहका योद्धाहरूमा केकस्तो परिवर्तनको इच्छा थियो? कुन महान् परिवर्तन ल्याउने सोचका साथ तिनीहरू त्यसमा संलग्न भएका थिए र त्यो कसरी विस्तार भयो? आम नेपालीमा यसबारे साझा बुझाइ र त्यसका लागि आवश्यक सामाजिक एवं शासकीय प्रबन्ध नभएसम्म हिंसाको पुनरावृत्ति भइराख्छ।

हिंसाको अग्निले आन्तरिक अनुकूलता पाएको अवस्थामा मात्रै यो वा त्यो बाह्य पक्षले पानी वा पेट्रोल लिएर आउँछ। नेपाली समाजमा उदीयमान नवराजनीतिक शक्तिको मूल प्रवृत्ति जहिले पनि हिंसा रह्यो, पृथ्वीनारायणदेखि प्रचण्डसम्म। २००७ सालमा नेपाली कांग्रेसले क्रान्ति र २०२८ सालमा वामपन्थीहरूले झापा आन्दोलन जस्ता प्रिय नाराका साथ गरे पनि तिनको माध्यम हिंसा नै थियो। नेपाली राजनीतिक विकासक्रममा हिंसाको निर्णायक भूमिका रहिआएको छ। अहिले संघीय संसदभित्र रहेका मुख्य ठूलो दलले हिंसालाई राजनीतिक निहितार्थका लागि प्रयोग गरेको थियो। प्रचण्ड नेतृत्वको माओवादी पार्टीले सात दलसँग १२ बुँदे सहमति गर्दै मूलधारको राजनीति अपनायो, जसको परिणति बृहत् शान्ति सम्झौता थियो। यो सम्झौता हुँदै गर्दा एउटा वृत्तमा अब त राजनीतिक कारणले बन्दुक उठ्दैन होला भन्ने विश्वास थियो। तर भयो के? जयकृष्ण गोइतदेखि विप्लवसम्मले फेरि उही गोरेटो समाउन पुगे। अहिले त झन् राजनीतिक हिंसा होइन, हिंसाको राजनीतिले स्पेस पाउँदै गएको छ।

सामान्यतः कुनै पनि सभ्य समाजबाट वैधानिक र लोकतान्त्रिक राजनीतिक व्यवहारको अपेक्षा गरिएको हुन्छ। अहिंसा र लोकतन्त्र एउटै सिक्काका दुई पाटा हुन्। जब कुनै पक्षद्वारा कुनै मागका लागि दबाब दिइन्छ, त्यतिखेर सत्ताद्वारा, त्यो चाहे राजनीतिक होस् वा धार्मिक-सांस्कृतिक, सदैव वैधानिकताको दुहाई दिइन्छ। यस्तो वैधानिकता प्रायः विद्यमान यथास्थितिवादी सत्ताका लागि अनुकूलता हुन जान्छ। किनकि कसैको वैधानिकता सत्ताको रवैयामा भर पर्ने हुन्छ। एक दिनअघिसम्म कतिपय माओवादी नेताका टाउकाको मोल तोकिएको थियो, रातारात फेरि उनीहरू वार्तायोग्य पात्र भए। संघर्षरत माओवादीहरू जे थिए-थिए, रूपान्तरण त सरकारी दृष्टिमा आयो।

यस कारण राजनीतिक आचरणको प्रसंग उठ्दा त्यो वैधानिक हो कि लोकतान्त्रिक वा अहिंसक भनी छुट्याउनुपर्ने हुन्छ। कुनै पनि औचित्यपूर्ण दबाबलाई अवैध घोषित गर्नु कुनै सरकारको वैधानिक अधिकार हुनसक्छ, तर त्यो लोकतान्त्रिक नहुन पनि सक्छ। असहमतिको अधिकार लोकतन्त्रको मूलभूत गुण हो, कसैलाई पनि आफ्नो धारणा व्यक्त गर्नबाट रोक्नु हुन्न। कसैको माग आफ्ना लागि अनुकूल छैन भन्दैमा सत्ताले सुनुवाइ नगर्ने भन्ने हुँदैन। सशस्त्र संघर्षमा जानुपूर्व माओवादीहरूले बुझाएको ज्ञापनमाथि सुनुवाइ र संवाद भएको भए त्यो कालान्तरमा भयानक संक्रमणमा रूपान्तरण हुँदैनथ्यो कि? इतिहासको झ्यालबाट चियाउँदा यस्तो प्रश्न गर्ने ठाउँ छ नि!

**डाक्टर र अपराधीको चक्कुलाई एउटै श्रेणीमा राख्न सकिँदैन। एउटाको मनोभाव अर्कालाई जीवन दिने हुन्छ, जसमा करुणा प्रबल हुन्छ। जबकि अर्को पक्षको मनोभाव आक्रामक र क्रोधले भरिएको हुन्छ।**

कुनै पनि उत्पीडन, दमन र शोषण आफैमा हिंसा हो। सरकार वा सत्ताका कुनै पनि निकायले अहिंसक आचरणको आवरणमा गर्ने शोषण, दमन, विभेद वा उत्पीडन पनि हिंसा हो। आफूमाथि उठेका प्रश्नलाई दबाउन सत्ताले प्रयोग गर्ने हिंसालाई लोकतान्त्रिक मान्न सकिँदैन। यहीँनिर एउटा सनातन प्रश्न खडा हुन्छ। सामाजिक उत्पीडन, आर्थिक शोषण र राजनीतिक दमनबाट ग्रस्त समाजले आफ्नो बचाउमा हिंसाको प्रयोग गर्छ भने त्यो वैधानिक किन हुने? हिंसा खराब वा असल, यो पक्षले गर्दा ठीक अनि अर्को पक्षले गर्दा बेठीक भनी गणितीय सूत्रका आधारमा परिभाषित हुने कुरै होइन। अन्यायका विरुद्ध बन्दुक उठाउनेहरू गलत कि सही भन्न कम जटिल छैन। एउटै उत्तर दिन गाह्रो छ। परिस्थितिपिच्छे विश्लेषणमा यसको जवाफ अन्तर्निहित हुन्छ।

तर राजनीतिक प्रश्नहरूको खोजीमा उठाइएको बन्दुकले अर्को प्रश्न जन्माउने गर्छ। बन्दुक चाहे जुन पक्षको हातमा होस्, त्यसले विवेकमाथि नै पहिलो प्रहार गर्छ। जहाँ बन्दुक छ, त्यहाँ थिचोमिचो सुरु भइहाल्छ; अपारदर्शिता, बलमिच्याइँ र आन्तरिक विभेदको सुरुआत भैहाल्छ। दुनियाँको जुनसुकै कुनामा गरिएको सशस्त्र संघर्षले पनि न्यायलाई मारेको, हिंसाको चक्रलाई टेवा दिएको नै भेटिन्छ। भयानक रक्तपातपछि प्राप्त हुने लासहरूमाथिको उपलब्धि कतिपय अवस्थामा फिका देखिन्छ। हिंसा आफैमा दुश्चक्र हो, यसको आधार घृणा हो। कतिपय भन्ने गर्छन्– महान् उद्देश्यप्राप्तिका लागि गरिने हिंसा हिंसा होइन। डाक्टर र अपराधीको चक्कुलाई एउटै श्रेणीमा राख्न सकिँदैन। एउटाको मनोभाव अर्कालाई जीवन दिने हुन्छ, जसमा करुणा प्रबल हुन्छ, जबकि अर्को पक्षको मनोभाव आक्रामक र क्रोधले भरिएको हुन्छ। केही आधुनिक विचारकहरूका मतमा, शोषितमाझ व्याप्त व्यवस्थाविशेषको घृणाले तिनलाई संगठित बनाउँछ र हिंसाले आत्मविश्वास भर्छ। तर उनीहरूले हेक्का राख्न नसकेको कुरा के हो भने, जुन समुदाय वा क्षेत्रले बन्दुक उठाएको हुन्छ, उसैले बढी क्षति बेहोरेको हुन्छ। घृणा र आक्रामकताको मनोभावले ऊ आफैलाई चिन्न र मानवीय संवेदना आर्जन गर्नमा तगारो हाल्छ।

यसैले एक पटक हिंसाको गोलचक्करमा प्रवेश गरिसकेको समाज त्यसबाट चाँडै मुक्त हुन सक्दैन। भूकम्पका बेलामा जस्तो पछिपछिसम्म परकम्प आइरहन्छ। नेपालको नियति पनि यस्तै छ। पछाडि फर्केर हेर्दा एकै पटक कैयौं प्रश्न इतिहाससमक्ष तेर्सिन्छन्। तर प्रश्नको कठघराबाट नेपालको वर्तमान र आगत पनि कहाँ मुक्त छ त! प्रत्येक समाजसँग एउटा आशा हुन्छ– व्यक्तिमा बदलाव आउँछ, एउटा नयाँ सामाजिक व्यवस्था अस्तित्वमा आउँछ र समाजभित्र रहेका हिंसाका अवशेषहरू समाप्त हुन्छन्। तर यसका लागि पहिले असहमति र प्रतिरोधहरूलाई 'स्पेस' दिएर आफूभित्र समाहित गर्न आवश्यक छ। तर रचनात्मक प्रतिरोधले सत्तालाई दमन गर्नबाट रोक्छ वा दमन गरे दुनियाँले आलोचना गर्छ भन्ने पनि बिर्सनु हुँदैन।

शान्तिपूर्ण विरोधलाई बल प्रयोग गरेर थिच्न खोज्ने कतिपय निर्वाचित सरकार स्वयं हिंसाका जननी हुन्। अर्कातिर, हिंसाको बाटो समाउन उत्प्रेरित गर्ने नेतृत्वको जब चेत जाग्छ, तबसम्म निकै विलम्ब भइसकेको हुन्छ। नेपालका सन्दर्भमा जुनजुन शक्तिले बन्दुक समाए, तिनले आफ्नो विगतप्रति आत्मालोचनाको संस्थागत निर्णय गर्नुपर्छ, अनि मात्रै प्राप्त उपलब्धिप्रति दाबी गर्न मिल्छ। त्यसो नगर्नेहरू स्वयं उदार राजनीतिको आवरणमा हिंसाका पुजारी हुन्। एक पटक हिंसाको उपयोगितालाई स्वीकार गर्ने कुनै पनि लोकतान्त्रिक व्यवस्थाको उद्देश्य आर्थिक-सामाजिक तनावहरूलाई कम गर्ने नभएपछि सत्ताको समानान्तर हिंसा-कारोबारीहरू सलबलाउन थाल्छन्। प्रतिक्रान्ति यस्तै अवस्थामा हुन्छ।

नेपाली समाजमा छोटा-छोटा अहिंसक आन्दोलनहरू भएका छन्। सत्तालाई ब्युँझाउन अनेक रचनात्मक तरिका छन्। यसमा समय त लाग्छ, तर यसले हानि पुर्‍याउँदैन, आयुर्वेदिक औषधिजस्तै। आज सरकार वा समाजभित्र हिंसाको जुन अवशेष छ, त्यसको मनोविज्ञान बुझ्न जरुरी छ। किनकि हिंसा आफैमा अर्थशास्त्र पनि हो, समाजशास्त्र पनि। र, राजनीति त हुँदै हो। पुँजीवादी व्यवस्थाले हिंसासँग संघर्ष गर्न सक्दैन, किनकि प्रतिद्वन्द्विता उसको मूलमा छ र प्रतिद्वन्द्विता स्वयं हिंसाको स्रोत हो। जस्तो– हामीकहाँ रहेको परिवारको बनोटको जगमा अधिनायक मानस छ। वयको अधिनायक, लिङ्गको अधिनायक, अर्थको अधिनायक, जात र समुदायको अधिनायक। यो सबै हिंसा हो, जसले राजनीतिक हिंसामार्फत परिवर्तनका लागि आधार दिन्छ। आखिर फागुन १ को त्यो पाञ्चजन्य नादले पनि समानतापूर्ण सामाजिक ढाँचा विकसित गर्न खोजेको थियो।

ब्रेख्तको एउटा नाटकमा एउटी युवती प्रहरीलाई भन्छिन्, 'मलाई तिमीसँग डर लागिरहेको छ। यो देखेर तिमीलाई लाज लाग्दैन?' यस्तो समाज र राज्य बनोस्, जहाँ कोही कसैसँग डराउनु नपरोस्। यस कारण हिंसाको प्रत्येक आयामलाई चिन्न, निफन्न र फाल्न अहिंसक कोसिस गर्नु नै फागुन १ को चिरसन्देश हो।



# अझै छ रेडियोको सान्दर्भिकता



पवन आचार्य

आज फेब्रुअरी १३ अर्थात् विश्व रेडियो दिवस। स्पेनको प्रस्तावमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, सामाजिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले २०११ नोभेम्बर ३ मा फेब्रुअरी १३ लाई रेडियो दिवसका रूपमा मनाउने घोषणा गरेको हो। त्यसयता हरेक वर्ष रेडियो दिवस मनाउने गरिएको छ। रेडियोलाई महत्त्वपूर्ण सञ्चार माध्यमको रूपमा सम्मान गर्न, प्रसारक बीचको अन्तर्राष्ट्रिय समन्वय र सहयोगमा सुधार गर्न, ठूला नेटवर्क र सामुदायिक रेडियोमा सूचनाको पहुँचलाई बढावा दिन प्रेरित गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो।

यस सन्दर्भमा एउटा तितो सत्य प्रस्तुत गर्न मन लाग्यो। ८० वर्षभन्दा लामो इतिहास भएको भारतको लोकप्रिय रेडियो बीबीसी हिन्दी सेवा गतमाघ १७ गते अन्तिम कार्यक्रम गर्दै बन्द भयो। कार्यक्रमको लोकप्रियता र श्रोता घट्दै गएकाले रेडियो बन्द गर्नुपरेको बीबीसीले जनाएको छ। रेडियो बन्द भए पनि अनलाइन सेवा भने यथावत रहनेछ। १९४० मे ११ मा सुरु भएको यो रेडियो एक वर्ष अघिदेखि नै बन्द गर्ने प्रक्रिया सुरु भएको थियो।

**श्रोता के सुन्न चाहन्छन् भन्दा पनि प्रसारकहरू के सुनाउन चाहन्छन् भन्नेले बढी महत्त्व र स्थान पाउने क्रमको अन्त्य आवश्यक छ।**

नेपालमा अहिले नै श्रोताको संख्या घटेकाले रेडियो बन्द गर्ने निर्मम निर्णयमा पुगिहाल्नुपर्ने अवस्था आइहालेको छैन। तर, रेडियोप्रति श्रोताको चाख बढाउने काम गरिएन भने त्यो दिन धेरै टाढा पनि छैन। २०५२ फागुन १० गते रेडियो नेपालले एक सय मेगाहर्जमा एफएम रेडियो सञ्चालन गर्ने अनुमति लिएयता अहिले मुलुकभर ७ सय ४० एफएम स्टेसनहरूले इजाजत लिइसकेका छन्। तीमध्ये अधिकांश सञ्चालनमा छन्।

इन्टरनेट र मोबाइल फोनको बढ्दो प्रयोगले परम्परागत सञ्चार माध्यमहरूको उपयोगमा कमी आउन थालेको विभिन्न सर्वेक्षणले देखाएका छन्। पत्रिका र रेडियो इन्टरनेटको व्यापक विस्तारपछि खुम्चिनुपर्ने अवस्थामा पुगेको आभास भइसकेको छ। पहिले पाठक र श्रोताले पत्रिका र रेडियो ती सञ्चार माध्यमको अनुकूलता र उपलब्धताका आधारमा पढ्ने र सुन्ने गर्थे। अहिले अवस्था उल्टिएर पाठक र श्रोताको अनुकूलतामा ती माध्यमको उपयोग हुने क्रम बढेको छ। मोबाइल फोनको फैलावटले अहिले मुलुकको ७१ प्रतिशत जनसंख्या इन्टरनेटको पहुँचमा रहेको तथ्याङ्क छ। यीमध्ये ५५ प्रतिशतले मोबाइलमार्फत इन्टरनेट प्रयोग गर्ने गरेको नेपाल दूरसञ्चार प्राधिकरणको कात्तिक २०७६ को मासिक प्रतिवेदनले देखाउँछ। तर, हाम्रा रेडियोका कार्यक्रमहरू ती मोबाइल प्रयोगकर्ताहरूप्रति लक्षित छैन। वा भनौं जहाँ श्रोता छन्, त्यहाँ प्रसारकहरू पुग्न सकिरहेका छैनन्।

रेडियोको सबैभन्दा सबल पक्ष भनेको विभिन्न भाषाभाषीका कार्यक्रम सञ्चालन गर्नु हो। रेडियोको फैलावट यसरी तीव्र गतिमा नहुँदो हो त मातृभाषामा देशदेशावरका सूचना र मनोरञ्जन प्राप्त गर्ने अवसरबाट विभिन्न भाषाभाषी समुदायहरू बञ्चित हुने थिए। यसले भाषाको मात्र होइन, संस्कृति जर्गेनामा पनि राम्रै टेवा पुगेको छ। पहिले रेडियो नेपालले थालेको भाषाभाषी सम्बन्धी कार्यक्रम अहिले विभिन्न जिल्लामा सञ्चालित एफएम स्टेसनहरूले गर्न थालिसकेका छन्। जसले गर्दा स्थानीयलाई उनीहरूकै लवजमा सूचना प्राप्त गर्ने अवसर जुरेको छ र त्यसले सूचनामा मिठास पनि थप्छ। देशभरि खुलेका रेडियो स्टेसनहरूबाट विभिन्न समुदायले आआफ्नो मातृभाषामा कार्यक्रम सञ्चालन गर्न पाउनाले बहुजातीय, बहुभाषिक, बहुसांस्कृति, बहुधार्मिक मुलुकको पहिचानले थोरैमात्र भए पनि सार्थकता पाएको छ। यस अघि सञ्चार जगतमा पनि बहुपहिचानको विषय संविधानको धारामा मात्रै सीमित थियो। तर अहिले विभिन्न भाषामा सञ्चालित कार्यक्रममार्फत समुदायले आफ्नो अनुभूति, विचार, दृष्टिकोण आफ्नै मातृभाषामा अभिव्यक्त गर्न पाएका छन्। समाज रूपान्तरणका लागि आफ्ना ज्ञान, अनुभव, क्षमता र योजना प्रस्तुत गर्ने भरपर्दो थलो पनि रेडियो हुनपुगेको छ। यसले ती समुदायमा आत्मगौरवको विकास पनि गराएको छ। रेडियो कार्यक्रमहरू समुदायका लागि सूचना एवं जानकारी सम्प्रेषण गर्ने भरपर्दो विकल्पका रूपमा उभिएको छ। साथै मातृभाषामा रेडियोमा बोल्न र सुनाउन पाउँदा ती समुदायमा रहेको हीनताबोधलाई चिर्ने काम पनि भएको छ।

नेपाल जस्तो गरिबी र अस्तव्यस्तताले जकडिएको मुलुकमा रेडियोको भूमिका महत्त्वपूर्ण देखिन्छ। असमान भौगोलिक धरातल र असमान विकासले गर्दा नेपालमा रेडियोको पहुँच अझ बढाउनुपर्ने देखिएको छ। रेडियोहरूलाई वास्तविक आवाजविहीनहरूको आवाज बनाउन कार्यक्रमको प्रस्तुतिमा परिमार्जनसँगै श्रोताको चाहनालाई प्राथमिकतामा राख्न जरुरी छ। नभए रेडियो अहिलेझैं कुइरोको काग हुन बेर छैन। नियन्त्रण र नियमनभन्दा माथि देखिएका रेडियोहरूले सत्य-तथ्य, निष्पक्षजस्ता पत्रकारिताको धर्म धान्नसकेका छैनन्। जसले गर्दा आम नागरिकको विश्वासको कसीमा सबै रेडियो खरो उत्रिनसकेका छैनन्। समयक्रमसँगै सूचना प्रवाहको गहकिलो जिम्मेवारी बोक्ने रेडियोहरू श्रोताको नजरमा विश्वासिलो माध्यमका रूपमा स्थापित हुन सकेनन् भने त्यसको प्रभाव आमसञ्चार र पत्रकारिताका अन्य माध्यममा पनि पर्न सक्छ।

लोकतान्त्रिक आन्दोलन, विनाशकारी भूकम्प, बाढी र पहिरोको प्रकोपजस्ता इतिहासका महत्त्वपूर्ण कालखण्डमा नेपाली रेडियोहरूले सूचना सम्प्रेषणमा पुर्‍याएको योगदानकै कारण अहिले पनि यो विश्वासिलो माध्यमका रूपमा श्रोताका मनमा बस्न सफल छ। तर, अनलाइन न्युज पोर्टलहरूले छिनछिनमा विश्वभरका ताजा सूचना पाठकका मोबाइल स्क्रिनमा पुर्‍याउन थालेपछि रेडियोले तीव्र रूपमा सूचना प्रवाहभन्दा पनि विषय-वस्तुको गहनतामा पुग्ने कोसिस गर्नुपर्ने अवस्था सिर्जना भएको छ। अझ सामाजिक सञ्जालमा आइसकेका सूचनालाई रेडियोले समाचारका रूपमा प्रस्तुत गर्दा श्रोताको चाहना पूर्ति हुन सक्दैन। कुनै पनि विषयको साङ्गोपाङ्ग प्रस्तुति, फरक मतलाई पनि दिइने स्थान, नेताहरूको भाषण र कटाक्षभन्दा विशेषज्ञको अनुभवमा आधारित भएर रेडियो कार्यक्रम र समाचारहरू सम्प्रेषण गर्नुपर्ने बेला आइसकेको छ। तर, त्यसका लागि रेडियोमा काम गर्ने जनशक्तिमा लगानी आवश्यक छ। जुन अहिले रेडियो प्रसारकहरूको प्राथमिकतामा छैन। श्रोता के सुन्न चाहन्छन् भन्दा पनि प्रसारकहरू के सुनाउन चाहन्छन् भन्नेले बढी महत्त्व र स्थान पाउने क्रमको अन्त्य आवश्यक छ।

सर्वेक्षणले के देखाएको छ भने श्रोताहरू पहिलेजस्तो रेडियो सुनेर बस्दैनन्। समाचार र विभिन्न सूचना जान्न रेडियो सुन्नेले पनि आफ्नो अनुकूलतामा मात्रै यसको प्रयोग गर्छन्। साँझ-बिहान बाहेक आफ्नो अनुकूलता वा फुर्सदमा रेडियो सुन्ने जमात बढ्दो छ। त्यसैले श्रोता जहाँ त्यहीँ रेडियो सामग्री पुर्‍याउनुपर्ने नयाँ चुनौती रेडियोकर्मीहरूलाई छ। पछिल्ला दिनमा विषय र प्रस्तुति केन्द्रित एफएमहरू खुल्ने क्रम बढ्दो छ। किनभने श्रोताको चाहना समयसँगै परिवर्तन हुँदै गइरहेका मात्रै छैनन् कि आफ्नो विषय केन्द्रित विषयमा उनीहरूको रुचि पनि उत्तिकै बढ्दो छ। पहिले जस्तो एउटै रेडियोबाट सूचना, मनोरञ्जन, व्यंग्य, शिक्षा, स्वास्थ्य लगायतको जानकारी खोज्ने श्रोता अचेल छैनन्।

गाउँघरतिर बुढापाकाले नयाँ पुस्तालाई कथा सुनाउँदा अन्त्यमा 'सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला....' भन्दै कथाको बिट मार्थे। उतिबेलादेखि नै श्रोतालाई कति महत्त्व दिइन्थ्यो भन्ने बुझ्न हामी सबै विगततर्फ फर्किने हो भने पनि पुग्छ। अचेल हाम्रा रेडियोहरू श्रोताकेन्द्रित कम र आत्मकेन्द्रित ज्यादा त भइरहेका छैनन्? 'सेयरकाष्ट इनिसियटिभ'को तथ्याङ्कले के देखाएको छ भने इन्टरनेट चलाउनेमध्ये ९५ प्रतिशत सामाजिक सञ्जालमा सक्रिय छन्। त्यस्तै रेडियो सेटको प्रयोग गर्नेहरू ४८ प्रतिशत हाराहारी हुँदा मोबाइलमार्फत रेडियो सेट सुन्ने श्रोताको संख्या ५६ प्रतिशत छ। यसले पनि रेडियोका कार्यक्रमहरू कतातिर केन्द्रित हुनुपर्छ भन्ने सङ्केत गर्छ।

रेडियोको सम्पत्ति त्यहाँ बज्ने गीत/संगीत र सूचना हुन् कि श्रोता? गहिरिएर सोच्ने बेला भएको छ। रेडियोकर्मीसँगै व्यवस्थापकहरूले पनि यसबारे श्रोतालाई समय घर्किनु अघि नै जानकारी गराउँदा उत्तम हुन्छ। किनभने श्रोता भएकाले रेडियो हुने हो। रेडियो भएकै कारण श्रोता हुने अवस्थाको अन्त्य नेपालमा पनि धेरै अघि नै भइसक्यो।



सन्दर्भ : विश्व रेडियो दिवस

# सइदलाई ११ वर्ष कैद

## भारत र अमेरिकाले सइदको योजनामा सन् २००८ मा मुम्बइमा शृंखलाबद्ध बम आक्रमण भएको दाबी गर्दै आएका छन्

लाहोर (एजेन्सी)- पाकिस्तानको प्रतिआतंकवाद अदालतले इस्लामिक नेता हाफिज सइदले आतंकवादी गतिविधिमा आर्थिक सहयोग पुर्‍याएका ठहर गर्दै एघार वर्षको कारावास सजाय सुनाएको छ ।

सइदको मुख्य योजनामा सन् २००८ मा मुम्बईमा शृंखलाबद्ध आक्रमण गराइएको अमेरिका र भारतले दाबी गर्दै आएका छन् । आक्रमणमा १६० जनाको ज्यान गएको थियो ।

अमेरिकाले उनको टाउकाको मोल १ करोड डलर तोकेको छ । सइदले आक्रमणमा आफ्नो संलग्नता अस्वीकार गर्दै आएका छन् । आक्रमणपछि भारत र अमेरिकाले सइदलाई आफूहरूसमक्ष बुझाउन पाकिस्तानलाई आग्रह गर्दै आएका छन् ।

पाकिस्तान सरकारले गत मार्चमा सइदको परोपकारी संस्था जमात-उद-दवा (जेयूडी) र अन्य संगठनमाथि प्रतिबन्ध लगाएको थियो । प्रतिबन्धित संगठनहरूलाई आर्थिक सहयोग मागेको आरोपमा सइदमाथि गत डिसेम्बरमा मुद्दा लगाइएको थियो ।



हाफिज सइद

पाकिस्तानी अदालतका अनुसार सइदलाई प्रतिआतंकवाद ऐनअनुसार 'प्रतिबन्धित संस्थाको सदस्यता लिएको, समर्थन गरेको र बैठक गरेको' ठहर गर्दै सजाय सुनाइएको हो ।

'हाफिज सइद र उनका निकट सहयोगीलाई अतंकवादलाई आर्थिक सहयोग उपलब्ध गराउने दुई फरकफरक मुद्दामा दोषी ठहर गरिएको छ,' अभियोजक अब्दुल राउफ वाटोले भने ।

सइदका वकिल इमरान गिलका अनुसार उनलाई एघार वर्षको कारावास सजाय तोकिएको भए पनि दुवै सजाय सँगसँगै कट्ने भएकाले उनी पाँच वर्ष छ महिनापछि छुट्नेछन् ।

सइदले भारत प्रशासित कश्मीरको स्वतन्त्रताका लागि पाकिस्तानी नागरिकलाई आफूले सधैं साथ दिने बताउने गरेका छन् । सइदले सन् १९९० को दशकमा लस्कर-ए-तोयबा नामक उग्रवादी समूह गठन गरेका थिए । तर त्यसविरुद्ध प्रतिबन्ध लगाइएपछि उनले सन् २००२ मा पुरानो संगठन जमात-उद-दावाको पुनर्गठन गरे ।

सइदले जेयूडी इस्लामबादी परोपकारी संस्था भएको दाबी गरे पनि अमेरिकाले यो लस्कर-ए-तोयबाकै सशक्त मोर्चा भएको बताउने गर्छ । सन् २०१४ मा एक अन्तर्वार्ता दिँदै सइदले मुम्बई आक्रमणसँग आफ्नो कुनै सम्बन्ध नरहेको दाबी गरेका थिए ।

'आफ्नो भूमिमा भएका दर्जनौं उग्रवादी आक्रमणमा सइदको संलग्नता रहेको' भारतीय आरोपलाई उनले 'आफूविरुद्धको झूटो प्रचारबाजी' बताउने गरेका छन् ।

# कोरोना भाइरस अब 'कोभिड-१९'

## चीनको वुहानबाट फैलिएको भाइरसलाई विश्व स्वास्थ्य संगठनले दियो औपचारिक नाम

जेनेभा (एजेन्सी)- विश्व स्वास्थ्य संगठनले चीनबाट फैलिएको नयाँ कोरोना भाइरसबाट हुने रोगको औपचारिक नाम 'कोभिड-१९' राखेको छ ।

'हामीसँग अब यो रोगको नाम छ र त्यो कोभिड-१९ हो,' संगठन प्रमुख डा. टेड्रोस एड्हानोम घेब्रेयसुसले जेनेभामा संवाददाताहरूसँग भने । भाइरसका कारण चीनमा हालसम्म मृत्यु हुने मानिसको संख्या हजार नाघिसकेको छ ।

भाइरसको नाम घोषणा गर्ने क्रममा बोल्दै डा. घेब्रेयसुसले 'कोभिड-१९ लाई परास्त गर्न सम्भव भएसम्मका सबै उपाय अवलम्बन गर्न' सबैसँग आग्रह गरेका छन् ।

'कोरोना भाइरस' शब्दले हाल चीनमा फैलिएको मात्र नभई विभिन्न भाइरसको समूहलाई जनाउँछ । 'इन्टरनेसनल कमिटी अन ट्याक्सोनमी अफ भाइरसेस' ले नयाँ भाइरसलाई सार्स-कोभ-२ नामकरण गरेपछि कतिपय अनुसन्धानकर्ताले यसप्रतिको भ्रम निवारणका लागि औपचारिक नाम राख्न आग्रह गरेको थिए ।

'हामीले कुनै भौगोलिक क्षेत्र, जीवजन्तु, व्यक्ति वा मानिसको समूह इंगित नगर्ने तथा उच्चारण गर्न मिल्ने र रोगसँग सम्बन्धित नाम खोज्नुपर्ने थियो,' डा. घेब्रेयसुसले भने, 'यसले आगामी दिनमा फैलन सक्ने कोरोना भाइरसको नाम राख्नसमेत सहज हुनेछ ।' उनका अनुसार 'कोरोना भाइरस र डिजिज (रोग) र फैलिएको वर्ष २०१९' का आधारमा नयाँ नाम जुराइएको हो । विश्व स्वास्थ्य संगठनले सन् २०१९ को डिसेम्बर ३१ मा यो भाइरसको संक्रमण फैलिएको औपचारिक सूचना पाएको थियो ।

भाइरसका कारण बुधबारसम्म मृत्यु हुनेको संख्या एक हजार १०० नाघेको छ । चीनमा मात्र ४२ हजार २ सय मानिसमा भाइरसको संक्रमण पुष्टि भइसकेको छ । चिनियाँ अधिकारीले संक्रमित हुने बिरामीको संख्या घटिरहेको दाबी गरेको बीबीसीले जनाएको छ । सन् २००२ र २००३ मा फैलिएको सार्स रोगपछि जनस्वास्थ्यका क्षेत्रमा चीनले खेप्नुपरेको यो ठूलो संकट हो । भाइसरको प्रकोप फैलन नदिन सुरुमै पहल नगरेको भन्दै पछिल्ला दिनमा चीनको निकै आलोचना हुँदै आएको छ ।



चीनको सानडोङ प्रान्तस्थित जिमो जिल्लामा बुधबार मास्क बनाउँदै कामदारहरू । तस्बिर : एपी

भाइरसको संक्रमण देखिएलगत्तै चेतावनी दिने डाक्टरको मृत्यु भएपछि सर्वसाधारणहरू निकै आक्रोशित भएका जनाइएको छ । ती डाक्टरको चेतावनीलाई हुबेई प्रान्तको राजधानी वुहानका अधिकारीहरूले बेवास्ता गरेका थिए ।

भाइरसको रोकथामका लागि आवश्यक कदम चाल्न नसकेको भन्दै चीनले मंगलबार दर्जनौं वरिष्ठ अधिकारीलाई बर्खास्त गरिसकेको छ । बर्खास्त हुनेमा हुबेई स्वास्थ आयोगका पार्टी सचिव र आयोग प्रमुखसमेत छन् ।

यसैबीच 'कोभिड-१९' को संक्रमण रोक्ने उपायबारे छलफल गर्न स्विट्जरल्यान्डको जेनेभामा विश्वका वैज्ञानिकहरू जम्मा भएका छन् । विश्व स्वास्थ संगठनका प्रमुख घेब्रेयसुसले 'यथेष्ठ स्रोतसाधन परिचालन गर्न सके भाइरसको संक्रमण थप फैलनबाट रोक्न सकिने' बताएका छन् ।

Save the Children

**TENDER NOTICE**

First Publish Date: 14th February 2020

**Tender Reference No. SCI/NEP/ITT/2020/001**

**Save the Children** believes every child deserves a future. In Nepal and around the world, we give children a healthy start in life, the opportunity to learn and protection from harm. We do whatever it takes for children – every day and in times of crisis – transforming their lives and future we share. Save the Children expects that anyone associated with it abides by its Child Safeguarding Policy.

**Save the Children Nepal Country Office** is inviting tenders for various insurance policies (such as medical, GPA, vehicle, assets, transit etc).
Interested Insurance Company may request tender document by sending email at **nepal.tenders@savethechildren.org** or can collect from Save the Children's Office, Sinamangal. Prospective bidders should submit **request letter with tender reference number SCI/NEP/ITT/2020/001 as mentioned above, your company name, your name, contact number, other valid email addresses with scanned/copy of company registration, VAT registration, FY 2075/76 Tax clearance certificate**.

PRE-BID MEETING : 2nd March 2020, Monday, 10:00 am
LAST DAY TO COLLECT BID DOCUMENT : 2nd March 2020, Monday, 4:00 pm
LAST DAY TO SUBMIT BIDS : 10th March 2020, Tuesday, 4:00 pm
OPENING OF TENDER : 11th March 2020, Wednesday, 10:00 am

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

बिनाअप्रेशननै सफल उपचारकोलागि सबिता आयुर्वेद गौशालाचोक 9843096920

हाइट बढाउन, कृतिम सेक्सटोय, 9840706141

## पशुपंक्षी

मेसिनबाट हांस, कुखुरा, बट्टाई, टर्कि, चल्ला निकाल्न, जुनसुकै चल्ला चाहिएमा ९८५१०४९५७१

## बिहावारी

२८बर्षिय क्यानडियन अफिसरछोरीलाई Doctor /Engineer/pr वरचाहियो ९८६३३८३९९९

बिवाहकोलागि डिभोर्स महिला चाहियो ९८६०९७४१०८

पचासबर्षिय वरलाई बधु चाहियो 9813198176

क्यानडा , अमेरिका, अष्ट्रेलिया PR सिटिजन नेपालभरिकै 20 देखि 56 सम्मका बरबधु चाहिएमा 9862597178

डाक्टर, ईन्जिनियर, CA अफिसर बरबधु चाहिएमा बिन्दाम्यारिजब्यूरो 9849447654, 9803873032

Never married 36 y o Aus PR Brahaman from KTM seeks family oriented girl (Aus/Nepal) for marriage. Contact decentguyan@gmail.com to explore Compalibility No agency


# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-५१९९६११/९८५११७८८३० | अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ | सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५५२५५५०, ९८५११९५५२५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

बर्गीकृत डिस्प्ले
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

बर्गीकृत विज्ञापन
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

* म.अ.क. बाहेक

**काँसमा कला**

काठमाडौं बिजेश्वरीमा सिंगिङ बाउलमा चित्र खोप्दै कलाकार





# राजस्व र खर्चमा सरकारलाई सकस

**महत्त्वाकांक्षी राजस्व लक्ष्य, पुँजीगत खर्च र आयात कम भई आर्थिक गतिविधि सुस्त हुँदा सरकार गत जेठमा ल्याएको १५ खर्ब ३२ अर्बको बजेट अब १३ खर्ब ८५ अर्ब मात्रै खर्च गर्ने नयाँ लक्ष्य निर्धारण गर्न बाध्य भएको छ**

■ **कृष्ण आचार्य** (काठमाडौं)

महत्त्वाकांक्षी बजेट विनियोजन, आर्थिक गतिविधि सुस्तता र छ महिनामा प्रगति न्यून भएपछि सरकारले यस वर्षको बजेट घटाउँदै राजस्व संकलन र खर्चमा नयाँ लक्ष्य निर्धारण गरेको छ।

जेठ १५ मा ल्याएको बजेटको आकार ९.६ प्रतिशत घटाउँदै अर्थमन्त्री युवराज खतिवडाले खर्च, राजस्व संकलन, वैदेशिक सहायता र आन्तरिक तथा वैदेशिक ऋणको नयाँ लक्ष्य निर्धारण गरेका हुन्। यस वर्षका लागि १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख विनियोजन गरेको बजेट खर्च बाँकी छ महिनामा १३ खर्ब ८५ अर्ब ९६ करोड ३६ लाख मात्रै हुने लक्ष्य निर्धारण गरिएको हो। ११ खर्ब १२ अर्ब ३ करोड राजस्व संकलन गर्ने भनिएकामा करिब ५ प्रतिशत घटाई १० खर्ब ५६ अर्ब ७० करोड रुपैयाँ मात्रै संकलन गर्न सक्ने नयाँ लक्ष्य छ। आफैंले पेस गरेको बजेट गत वर्ष पनि अर्थमन्त्री खतिवडाले संशोधन गरेका थिए। कहिलेकाहीँ कुनै क्षेत्रको लक्ष्य संशोधन गर्ने विगतको अभ्यास रहे पनि मध्यावधि समीक्षामार्फत अर्थमन्त्री खतिवडा लगातार दुई वर्ष सबै क्षेत्रको लक्ष्य घटाउन बाध्य भए।

'बजेट र राजस्वको लक्ष्य नै अति महत्त्वाकांक्षी रहेकाले यसलाई लगातार संशोधन गर्नुपरेको पहिलो कारण हो,' पूर्वअर्थसचिव शान्तराज सुवेदी भन्छन्, 'दोस्रो कारण पुँजीगत खर्च नभएकाले आर्थिक गतिविधि बढेको छैन। आयातसमेत कम हुँदै गएपछि सरकारलाई राजस्व संकलनमा निरन्तर समस्या परेको हो।' अर्को कारण दुई तिहाइ व्यापारमा निर्भर रहनुपर्ने मुलुक भारतको आर्थिक मन्दीले नेपाललाई समेत असर गरेकाले सरकारका लक्ष्यलाई असर गरेको उनको भनाइ छ। मध्यावधि समीक्षामा जनाइए अनुसार साउन-पुस (६ महिना) मा जम्मा १५ प्रतिशत मात्रै पुँजीगत खर्च हुन सकेको छ। वार्षिक लक्ष्यको ४१ प्रतिशत मात्रै राजस्व संकलन भएको छ। 'सरकारले खर्च गर्ने क्षमता नबढाउने हो भने नयाँ लक्ष्यहरूसमेत बाँकी छ महिनामा पूरा हुन सम्भव छैन,' सुवेदीको दाबी छ, 'दुई तिहाइको शक्तिशाली सरकारको पनि बजेट कार्यान्वयन क्षमता कमजोर हुनु मुलुकका लागि दुर्भाग्य हो।' अर्थमन्त्री खतिवडाले भने अर्थतन्त्रमा चुनौती रहेको बताउँदै 'आजको विश्वका कुन अर्थमन्त्री गहिरो निद्रामा रातभर सुत्न सकेका होलान्?' भन्ने टिप्पणी गरेका छन्। 'अहिलेको विश्व र क्षेत्रीय परिवेशको समस्या' रहेको उनले बताए। 'एउटा अर्थमन्त्रीले गर्नुपर्ने दायित्वको सजगता, जोखिम कम गर्नुपर्ने काम गरिरहेको छु,' उनले भने, 'केही राम्रा काम गर्दा अर्को केही क्षेत्रमा असर र जोखिम भएकै हो।' आयातित वस्तुको परिमाण घट्दै जाँदा र विगतदेखिकै संरचनात्मक विकृतिले समस्या परिरहेको उनको स्वीकारोक्ति छ। 'धेरै विषय क्रमशः हल हुँदै गएका छन्। लामो समयदेखि वित्तीय जवाफदेहिता थिएन। बल्ल वित्तीय उत्तरदायित्वसँग सम्बद्ध ऐन आएका छन्। अब थप सुधार हुनेछ,' उनले भने।

### ८० प्रतिशत पुँजीगत खर्चको लक्ष्य

छ महिनामा पुँजीगत खर्च १५ प्रतिशत मात्रै भएपछि अब बाँकी समयमा ८० प्रतिशत पुऱ्याउने नयाँ लक्ष्य निर्धारण गरिएको छ। पहिलेको तुलनामा २० प्रतिशत खर्च कम हुने अर्थ मन्त्रालयको अनुमान छ। यस वर्षका लागि ४ खर्ब ८ अर्ब ५९ लाख रुपैयाँ पुँजीगत खर्च विनियोजन गरेकामा अब ३ खर्ब २६ अर्ब ८१ करोड २७ लाख रुपैयाँ मात्रै खर्च हुने अनुमान छ। चालु खर्च विनियोजन भएकामा ९४.५ प्रतिशत अर्थात् ९ खर्ब ४ अर्ब ४६ करोड ९ लाख रुपैयाँ खर्च हुने अनुमान छ। अघिल्लो आवको तुलनामा यस पटक केही क्षेत्रमा कम खर्च भएकाले घटाउनुपरेको अर्थमन्त्री खतिवडाको भनाइ छ। पुनर्निर्माण सम्पन्न हुने अवस्थादेखि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट अनुमोदन हुन नसक्नुलाई खर्च कम हुने कारणका रूपमा अर्थ्याइएको छ। 'भूकम्पपीडितलाई व्यक्तिगत आवास निर्माण गर्न अनुदानका रूपमा दिइने किस्ता वितरण अन्तिम चरणमा पुगेकाले गत वर्षको तुलनामा १४ अर्ब १४ करोड कम अनुदान गएको छ,' खर्च नभएको कारणबारे अर्थमन्त्री खतिवडाले भने, 'नेपाल र एमसीसीबीच भएको सहायता सम्झौता संघीय संसद्बाट अनुमोदन हुन ढिलाइ भइरहेकाले विनियोजित १० अर्ब खर्च हुन सकेको छैन।' पुस मसान्तसम्म पनि केही ठूला आयोजना तथा कार्यक्रम कार्यान्वयन विधि निर्माण, कार्यविधि तर्जुमा, रकम बाँडफाँट र खरिद प्रक्रिया सुरु हुन नसकेकाले खर्च कम भएको जनाइएको छ।

'सार्वजनिक खरिद प्रणाली र निर्माण व्यवसायीका सन्दर्भमा देखिएका समस्या समाधान हुन समय लागेका कारण पनि अपेक्षाकृत खर्च हुन सकेन,' खतिवडाले भने। उनका अनुसार प्रदेश र स्थानीय तहमा केही अनुदानअन्तर्गतको रकम हस्तान्तरण गर्नु नपरेको र २० भन्दा बढी स्थानीय तहमा चालु वर्षको वित्तीय हस्तान्तरण हुन नसकेकाले खर्च कम देखिएको हो। बजेट बनाउँदा वास्तविक धरातलबाट बाहिर गई निर्माण गर्ने गर्दा यस्तो अवस्था आएको पूर्व अर्थ सचिव सुवेदी बताउँछन्। 'बजेट अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले चाहेअनुसार बनाउन पाइँदैन। अन्तिम समयमा राजनीतिक हस्तक्षेप हुन्छ, मन्त्रालयहरूले पनि हचुवाका कार्यक्रममा महत्त्वाकांक्षी कार्यक्रममा बजेट माग्छन्,' उनले भने, 'तर राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र दुवै खर्च गर्ने समयमा भने उदासीन भइदिन्छन्।' यसकारण विनियोजन गरेअनुसार कहिल्यै खर्च हुन नसकेको उनको निष्कर्ष छ।





| शीर्षक | जेठ १५ को बजेट | अबको लक्ष्य |
|---|---|---|
| चालु खर्च | ९ खर्ब ५७ अर्ब १० करोड १४ लाख | ९ खर्ब ४ अर्ब ४६ करोड ९ लाख |
| पुँजीगत खर्च | ४ खर्ब ८ अर्ब ५९ लाख | ३ खर्ब २६ अर्ब ८१ करोड २७ लाख |
| वित्तीय खर्च | १ खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख | १ खर्ब ५४ अर्ब ६९ करोड १ लाख |
| कुल बजेट | १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख | १३ खर्ब ८५ अर्ब ९६ करोड ३६ लाख |
| राजस्व | ११ खर्ब १२ अर्ब ३ करोड | १० खर्ब ५६ अर्ब ७० करोड |
| आन्तरिक ऋण | १ खर्ब ९५ अर्ब | ७५ अर्ब ८० करोड |
| वैदेशिक अनुदान | ५७ अर्ब ९९ करोड ५५ लाख | ४३ अर्ब ५५ करोड ४६ लाख |
| वैदेशिक ऋण | २ खर्ब ९८ अर्ब ८३ करोड ३३ लाख | २ खर्ब ९ अर्ब ९० करोड ९० लाख |

### खर्च र आयातको असर राजस्वमा

पुँजीगत खर्च र आयात कम हुँदा यसको असर राजस्व संकलनमा परेको छ। खर्चको तुलनामा राजस्व पनि पहिले निर्धारण गरेअनुसार संकलन नहुने भन्दै यो पनि घटाइएको छ।

यस वर्ष ११ खर्ब १२ अर्ब ३ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकामा अब करिब ५ प्रतिशत कम अर्थात् १० खर्ब ५६ अर्ब ७० करोड रुपैयाँ मात्रै संकलन हुने अर्थमन्त्री खतिवडाले जनाए।

बाँकी पृष्ठ १३ ▸▸

## घटाएनन् आर्थिक वृद्धिको लक्ष्य

बजेटसँग सम्बद्ध प्रायः क्षेत्रको नयाँ संशोधन गरे पनि अर्थमन्त्री युवराज खतिवडाले यस वर्षको आर्थिक वृद्धिदर यथावत् राखेका छन्। किन संशोधन नगरेको भन्ने सञ्चारकर्मीको जिज्ञासामा उनले 'आर्थिक वृद्धिदर लक्ष्य नजिक पुग्ने' दाबी गरे। यस वर्षको बजेटले ८.५ प्रतिशत आर्थिक वृद्धि हुने लक्ष्य निर्धारण गरेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले ६ प्रतिशत हाराहारीमा आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ। अन्य अन्तर्राष्ट्रिय संस्थाले समेत सोही हाराहारीमा आर्थिक वृद्धि हुने अनुमान गरेका छन्। अर्थमन्त्री खतिवडाले भने बजेटको लक्ष्य नजिक पुगिने दाबी गर्दै आएका छन्।

'पुँजी निर्माण गर्ने सामग्रीको आयात घटेको भए आर्थिक वृद्धिदर घट्ने थियो,' उनले भने, 'अवस्था त्यस्तो छैन।' आयात घटेका सामग्रीहरूको सूची हेर्दा त्यसले हाम्रो अर्थतन्त्रलाई सकारात्मक दिशामै लैजाने उनको विश्वास छ। 'पेट्रोलियम पदार्थको आयात घटेको छ, यसले हाम्रो आन्तरिक ऊर्जा उत्पादन बढेको पुष्टि गर्छ,' उनले भने, 'निर्माण सामग्रीको आयात घटेको छ, यसमा पनि हाम्रै उत्पादन बढेको छ। चामल आयात घटेको छ, हामीलाई अब धेरै आयातमा निर्भर पर्नुपर्ने छैन।' पुँजीगत खर्च पनि विगतका वर्षमा हुने ७५ प्रतिशतभन्दा बढी हुने हुँदा आर्थिक वृद्धिमा असर नगर्ने उनको भनाइ छ। 'कुनै अपवादका वर्षहरूबाहेक ७५ प्रतिशतभन्दा बढी पुँजीगत खर्च भएको छैन। तर यस वर्ष हुनेछ,' उनले भने।

## यात्रु बिमा वृद्धि अन्योलमा

काठमाडौं (कास)- दुर्घटनाबाट मृत्यु वा घाइते भएमा यात्रुले पाउने बिमा रकम बढाउने भनिए पनि त्यसको प्रक्रिया अघि बढेको छैन। यातायात क्षेत्रको सिन्डिकेट खारेजीपछि यात्रु बिमा नीति परिमार्जन गरी बिमा रकम (बिमांक) बढाउने सरकारको तयारी थियो। त्यसका लागि यातायात व्यवस्था विभाग र बिमा समितिबीच छलफल पनि भएको थियो। तर पछिल्लो समय सो प्रक्रिया अघि बढ्न सकेको छैन। लामो समयसम्म प्रक्रिया अघि बढ्न नसक्दा यात्रु बिमाको सीमा वृद्धि अन्योलमा परेको हो।

हाल दुर्घटनाबाट यात्रुको मृत्यु भए ५ लाख र घाइते भए उपचार खर्च ३ लाख रुपैयाँ पाउने व्यवस्था छ। उक्त सीमा बढाएर मृत्यु भएमा प्रतिव्यक्ति १० लाख रुपैयाँ, स्वास्थ्योपचारका लागि ५ लाख रुपैयाँ र आजीवन घाइते भएमा १५ लाख रुपैयाँ बिमा रकम दिने तयारी सरकारले गरेको थियो। सरकारको निर्देशन नमान्ने केही यातायात व्यवसायीले यात्रु तथा तेस्रो पक्षको बिमा देखाएर पन्छिएको र दुर्घटनामा परेका यात्रुको उपचार खर्च भुक्तानी नगरिरहेको बेला करिब एक वर्षअघि यात्रु बिमाको सीमा बढाउन तयारी थालिएको थियो। यात्रु बिमाको सीमा बढाउन आवश्यक नीतिगत व्यवस्था गर्न त्यति बेला भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बिमा समितिलाई पत्र पनि पठाएको थियो। त्यसपछि छलफल पनि भयो। पछि यातायात व्यवस्था विभागले यात्रु बिमाको सीमाबारे पुनः छलफल गर्नुपर्ने भनेपछि प्रक्रिया रोकिएको हो।

> **दुर्घटनाबाट यात्रुको मृत्यु भए १० लाख, उपचारका लागि ५ लाख र आजीवन घाइते भए १५ लाख रुपैयाँ बिमा रकम दिने सरकारको तयारी थियो**

उता विभागले भने छलफल चलिरहेको दाबी गरेको छ। 'यात्रु बिमाको सीमा वृद्धिका लागि सोहीअनुसार नीतिगत व्यवस्था गर्नुपर्छ। यसका लागि केही समय लाग्छ,' विभागका महानिर्देशक गोगनबहादुर हमालले भने, 'यो कुरा मन्त्रीज्यूलाई पनि जानकारी गराइसकेका छौं।' बिमा दर निर्धारण गर्ने काम बिमा समितिको भएको र हाल यसबारे समितिले केही जानकारी नगराएको उनले बताए। 'समितिले छलफल गरिरहेकै होला,' उनले थपे, 'मन्त्रालयको सहमतिमा छिट्टै नीतिगत व्यवस्था गर्छौं। नीतिगत व्यवस्था गर्नुपर्ने भएकाले केही समय त लागिहाल्छ नि।'

बिमा समितिले भने सम्बन्धित मन्त्रालय र यातायात विभागको निर्देशन नआएकाले दर निर्धारण हुन नसकेको बताएको छ। 'यात्रु बिमाको सीमा वृद्धिबारे छलफल भइसकेको छ, अब मन्त्रालय वा यातायात विभागबाट औपचारिक रूपमा पत्र आए पनि दर तोक्छौं,' बिमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईंले भने, 'बिमाको सीमा बढाउने काम हाम्रै हो। यसका लागि औपचारिक पत्र चाहिन्छ।'

समिति र विभागले एकअर्कामा आरोपप्रत्यारोप लगाइरहे पनि सरकारले हालकै बिमा शुल्कमा यात्रु बिमाको सीमा बढाउन चाहेको छ। उक्त शुल्कमा बिमा दर बढाउन यातायात व्यवसायीहरूले इन्कार गरेका छन्। यही कारण प्रक्रिया रोकिएको स्रोतको दाबी छ। यसअघि मन्त्रालयले पठाएको पत्रमा दुर्घटनाबाट यात्रुको मृत्यु भएमा १० लाख र आजीवन घाइते (हेड इन्जुरी) भए १५ लाख रुपैयाँसम्मको बिमा हुने गरी दर तोक्न आग्रह गरिएको थियो। 'सुरुमा उपचार बिमाको सीमा पनि बढाउने भनियो,' स्रोतले भन्यो, 'पछि मन्त्रालयको पत्रमा भने उपचार बिमाबापत ३ लाख रुपैयाँको सीमा यथावत् थियो।'

यात्रु बिमा नीति परिमार्जन गर्दा 'हेड इन्जुरी' लाई छुट्टै वर्गीकरण गरी बिमा दररेट तोकिनेछ। हालको बिमा नीतिमा 'हेड इन्जुरी' को व्यवस्था छैन। पछिल्ला वर्षमा दुर्घटनाबाट धेरै यात्रु घाइते हुने क्रम बढेपछि 'हेड इन्जुरी' को व्यवस्था पनि थप्न लागिएको हो। छलफल भएकै आधारमा बिमादर निर्धारण भएमा निजी सवारीका यात्रु (तेस्रो पक्ष बिमा) ले पनि यो सुविधा पाउनेछन्।

बाँकी पृष्ठ १३ ▸▸

गाडी बलियो इन्जिनले
इन्जिन बलियो "कन्ट्रोल" ले
"स्वदेशी उत्पादन"
CONTROL
LUBRICANTS

NIC ASIA
एन आई सी एशिया बैंक लि.
हार्दिक बधाई
श्री रामचन्द्र संघईज्यू
NEPAL CIP Commercially Important Person 2076-78 (2019-21)
महत्वपूर्ण व्यवसायिक व्यक्ति



यस बैंकका संचालक श्री रामचन्द्र संघईज्यूले नेपाल सरकारद्वारा Commercially Important Person (CIP) अर्थात् महत्वपूर्ण व्यवसायिक व्यक्तिको सम्मान प्राप्त गर्नुभएकोमा वहाँलाई यस बैंकको संचालक समिति, व्यवस्थापन समूह लगायत सम्पूर्ण बैंक परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै, भविष्यमा समेत वहाँको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि
IMPRESSIONS_2020



BIG OPPORTUNITIES COMING YOUR WAY
Casino Vegas, an upcoming Casino located at Hotel Mechi Crown, Jhapa, Nepal
(Proposed managed by Big Daddy Casino)
Requires smart, dynamic, highly motivated and result-oriented candidates for the following departments:
Dealers: Dealers / Inspectors / PIT Managers / Shift Managers
Front Office (Females): Associates / Executives / Managers
VIP Services & Business Development (Females): Associates / Executives / Managers
F & B Service: Stewards / Stewardess / Captains / Executives/ Managers
F & B Production: Commis 3 / Commis 2 / Commis 1 Required for Indian section (curry) / Chinese section
CDP/DCDP: Required for Indian curry / Tandoor
Technical: Slot Technicians / IT Executive
Housekeeping: Associates / Supervisors / Managers
Engineering: Office Electricians / Plumbers / A/C Technicians
Human Resources: Office Assistant / Time Keepers / Executives
Accounts: Assistant Accountants / Accountants
Sales & Marketing: Associates / Executives
Candidates must be able to communicate in English and Hindi. If you fulfill the above criteria and want to make a career in one of the leading hospitality companies, send your application to the address mentioned below, with your updated CV and recent photograph within ten days of this publication.
Only shortlisted applicants will be invited for the interview.
Address: Dhulabari, Jhapa, Nepal
+977-9807906816 | +977-9807906916 hrnepal@bigdaddy.in

# सिमेन्ट उद्योगलाई सघाउँछौं : पोखरेल

काठमाडौं (कास)- स्वदेशी सिमेन्ट उद्योगलाई गुणस्तरीय उत्पादनका लागि राज्यले सहयोग गर्ने रक्षामन्त्री ईश्वर पोखरेलले बताएका छन् । सिमेन्टका लागि चाहिने कच्चा पदार्थ, कर र बजार समस्यामा कस्तो सहयोग चाहिएको छ, सरकारले विचार गर्ने उनको भनाइ छ ।

नेपाल सिमेन्ट उत्पादक संघले बुधबार आयोजना गरेको 'सडकका लागि सिमेन्ट कंक्रिट फुटपाथको एक दिगो अवधारणा' विषयक अन्तर्क्रियामा मन्त्री पोखरेलले भने, 'उद्योगले गुणस्तरीय उत्पादन गर्न कहाँ, कुन नीतिले असर गर्छ, सरकारलाई निर्धक्क भन्नुहोस् । त्यसमा के गर्न सकिन्छ, छलफल गरौं ।' उद्योगीले सरकारसमक्ष राखेका समस्यालाई सकारात्मक रूपमा हेरिने उनले बताए ।

अहिले बनेका सडक धेरै नटिक्नुमा लापरबाही मात्र नभई गुणस्तरीय सामान पनि कारण भएकाले त्यसमा ध्यान दिनुपर्ने उनको भनाइ राखे । 'अहिले काममा लापरबाही भयो भन्ने कुरा उठेको छ,' उनले भने, 'यसमा गुणस्तरको विषय पनि आउँछ । हिजोआज केही सिमेन्ट उद्योगले कम गुणस्तरको उत्पादन गरेको गुनासो सुनिएको छ ।'


## जग्गा बिक्रीमा

काठमाण्डौ जिल्ला बुढानिलकण्ठ नगरपालिका, गल्फुटार - बाँसबारी, खड्का पेट्रोल पम्प अगाडि मूल सडकबाट एक कित्ता पछाडि १२ फिटको बाटोमा १३ आना जग्गा प्रति आना ४० लाखका दरले एकमुष्ठ बिक्रीमा रहेकोले ७ दिनभित्र खरिदकर्ताले मात्र सम्पर्क गर्नुहोला ।

**बिस्तृत जानकारीको लागि सम्पर्क**

**दि स्किन हेल्थ एण्ड रिफ्रल सेन्टर प्रा. लि.**
महाराजगंज, काठमाडौं
फोन नं.: ९८४१५११२५८, ९८४१२४९७२८


# मास्क उत्पादन गर्ने दुई उद्योग मात्रै

● स्वदेशी उत्पादनले माग धान्दैन ● वार्षिक ६ करोड थान मास्क आयात ● उपत्यकामा मात्र ७५ प्रतिशत खपत



फाइल तस्बिर

■ **नुमा थाम्सुहाङ** (काठमाडौं)

बजारमा 'एयर-फिल्टर मास्क' को माग बढ्दो छ । चीनको वुहान सहरबाट फैलिएको नोवल कोरोना भाइरसको संक्रमणबाट जोगिन मास्कको माग बढेको सरोकारवाला बताउँछन् । भाइरसको प्रकोपकै कारण दुई सातायता मास्क आयात हुन सकेको छैन । बजारमा मास्क पाइँदैन पनि । अहिले नेपालमा दुई उद्योगले मात्र मास्क उत्पादन गरिरहेका छन् । तिनले यहाँको माग भने धान्न सकेका छैनन् । त्यसैले आयातकै भर पर्नुपरेको उद्योगीहरू बताउँछन् ।

काठमाडौंको बौद्धमा नवीन श्रेष्ठले हालै पेपर मास्क उद्योग सञ्चालनमा ल्याएका छन् । उनको उद्योगले दैनिक २ हजारदेखि ३ हजार थान मास्क उत्पादन गर्छ । अर्का उद्योगी खडानन्द पाण्डेले रूपन्देही बुटवलमा दुई वर्षदेखि कपडाको कटन मास्क बनाइरहेका छन् । उनको उद्योगले अहिले दैनिक आठ सय थान मास्क उत्पादन गर्छ । 'हामीले उद्योग सञ्चालनमा ल्याएको धेरै भएको छैन, हातले चलाउने मेसिन हो, दिनमा ३ हजार थानभन्दा बढी उत्पादन गर्न सक्दैनौं,' उद्योगी श्रेष्ठले भने । २५ लाख रुपैयाँको लगानीमा उद्योग सञ्चालनमा ल्याएको उनले बताए । उनको उद्योगमा उत्पादन हुने मास्कको मूल्य ३ देखि ५ रुपैयाँ छ । आयातित पेपर मास्कको मूल्य भने १ रुपैयाँ ८० पैसादेखि ३ रुपैयाँसम्म पर्ने उनले जानकारी दिए । प्रोत्साहनको अभावमा स्वदेशी उद्योगको उत्पादन लागत बढी पर्दा महँगो हुन जाने उनको भनाइ छ । मास्कका लागि आवश्यक कच्चा पदार्थ (नाक र कानमा लगाइने लुप) आयातमा छुट दिनुपर्ने उनको भनाइ छ । त्यसो भए आयातितभन्दा स्वदेशी मास्क सस्तो पर्ने उनले बताए । चीनबाट आयातित मास्क १५ प्रतिशतमा भन्सारबाट छुट्छ । कच्चा पदार्थमा भने ३५ प्रतिशत भन्सार महसुल लाग्ने उनको भनाइ छ ।

चीनले एकैदिन करोडौं मास्क उत्पादन गरेर विश्व बजारमा पुर्‍याउँछ । चीनमा नयाँ वर्षको बिदाका कारण केही समय फ्याक्ट्री बन्द रहे, जसका कारण त्यहाँ पर्याप्त मास्क उत्पादन हुन सकेन । त्यसमाथि चीनमा नोवल कोरोना देखिएपछि नेपालमा समेत मास्कको माग बढेको उद्योगी पाण्डे बताउँछन् । 'हामीले कपडाको मास्क बनाउँदै छौं,' उनले भने, 'तर स्वदेशी मास्कको तुलनामा आयातित सस्तो पर्दा समस्या पर्छ ।'

पाण्डे त्रिपुरेश्वरस्थित पामिर इन्टरनेसनलका सञ्चालक पनि हुन् । पामिरले चीनबाट सर्जिकलसम्बन्धी सामान आयात गरी नेपालमा होलसेल व्यापार गर्छ । 'स्वाइनफ्लुको प्रकोप देखिएपछि बजारमा पेपर मास्कको प्रयोग बढेको हो,' पाण्डेले भने, 'काठमाडौंको वायु प्रदूषणबाट जोगिन पनि मास्क लगाउनेहरू बढिरहेका छन् ।'

### छैन नियमन

बजारमा मास्कको माग बढेपछि खुद्रा व्यवसायीहरूले होलसेल मूल्यभन्दा तेब्बर मूल्य लिइरहेका छन् । होलसेलमा पेपर मास्कको मूल्य १ देखि ३ रुपैयाँसम्म पर्छ । तर फार्मेसी र बाहिर बजारमा प्रतिगोटा १० रुपैयाँमा बिक्री हुने गरेको छ । कोरोना भाइरसको डरले गर्दा मूल्य बढेको व्यवसायी बताउँछन् । एउटा डब्बामा पेपर मास्क ५० प्रति हुन्छ । यसको होलसेल बजारमै ५० रुपैयाँ बढेर आएको एक फार्मेसी सञ्चालकले बताए ।

नेपाली बजारमा पुस ५ देखि १८ गतेसम्म मात्र ५१ लाख थान मास्क बजारबाट उठिसकेको केमिकल एन्ड मेडिकल सप्लायर्स एसोसिएसनका अध्यक्ष सुरेश घिमिरेले बताए । पुस ५ देखि २० सम्ममा ७ लाख ५९ हजार थान मात्र मास्क चीन र हङकङ निर्यात भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको तथ्यांक छ ।

वार्षिक सर्जिकल, पेपर र एन-९५ मास्क ६ करोड थान हाराहारीमा आयात भइरहेको एसोसिएसनका उपाध्यक्ष कविराज पोखरेलले जानकारी दिए । एक महिनामा एउटा ठूलो अस्पतालमा १०/१२ हजार थान नर्मल मास्क प्रयोग हुने एसोसिएसनका महासचिव विनोद मानन्धरले बताए ।


नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि.को
**'प्रथम बहुउद्देश्यीय सहकारी राष्ट्रिय सम्मेलन, २०७६'**
**आयोजना सम्बन्धी सूचना**

बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरुलाई उद्देश्य अनुरुप अगाडि बढाउनको लागि समस्याहरुको पहिचान गर्न, भावी कार्यदिशा निर्दिष्ट गर्न तथा बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरुको सवल व्यवस्थापन गरी सहकारी मार्फत उत्पादन तथा व्यवसायिक क्रियाकलापहरुलाई विशेष जोड दिँदै राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण गरी समग्र नेपालको सहकारी आन्दोलनलाई अग्रणी दिशामा अगाडि बढाउने उद्देश्य लिई यस संघको मिति २०७६/१०/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार पहिलो पटक "प्रथम बहुउद्देश्यीय सहकारी राष्ट्रिय सम्मेलन, २०७६" मिति २०७६ फाल्गुण ३० र चैत्र १ गते (13th & 14th, March 2020) होटल सोल्टी क्राउन प्लाजा, ताहाचल, काठमाडौंमा आयोजना गर्न गइरहेको व्यवहोरा सम्पूर्ण बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरूलाई जानकारी गराउँदछौं ।

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी न्युनीकरणका लागि सार्वजनिक, निजी र सरकारी क्षेत्र सहितको तीनखम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेको हुँदा, सहकारी क्षेत्रको महत्त्व थप उजागर भएको व्यवहोरा विधितै छ। यसै सन्दर्भमा, बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरुको भूमिका र महत्त्व शिर्ष स्थानमा रहने भएकोले बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरुको संस्थागत सुशासन र व्यवसायीकरण गर्न आवश्यक आधारहरू तय गर्नको लागि बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरूको राष्ट्रिय स्तरको सम्मेलन आयोजना गरिएको व्यवहोरा समेत सम्पूर्ण बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरूलाई जानकारी गराउँदछौं ।

बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरुको पहिलो राष्ट्रिय स्तरको यस सम्मेलनमा देशभर सञ्चालित बहुउद्देश्यीय सहकारी संघ/संस्थाहरुबाट सक्रिय रुपमा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

विस्तृत जानकारीको लागी :
**नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि.**
प्रदेश नं. ३, ललितपुर जिल्ला लपु.म.न.पा. वडा नं. १३ कुसुन्ती चक्रपथ (यातायात कार्यालयको ठीक अगाडी)
फोन नं. ५५४६९२३, फ्याक्स: ५५४६६०८

आज्ञाले
सुरेन्द्र भण्डारी
अध्यक्ष
संचालक समिति

Email: nemccu@gmail.com | Website: www.nemccu.com.np


# लेखापरीक्षकको सुविधा नकाट्न माग

काठमाडौं (कास)- लेखापरीक्षकले खाइपाई आएको सुविधा नकाट्न नेपाल अडिटर्स एसोसिएसन (अडान) ले आग्रह गरेको छ । हालै सम्पन्न केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले उक्त निर्णय गरेको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन-०५३ को दफा ३० मा दर्तावाल लेखापरीक्षकलाई लेखापरीक्षक ऐन-०३१ बमोजिम पाइआएका सुविधाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहे पनि सो ऐनविरुद्ध नियमावलीमा ऐनको अधिकार कटौती गरिएको भन्दै अडानले यस्तो माग गरेको हो । 'यो निर्णय कानुनको सामान्य सिद्धान्तविपरीत भएकाले त्यस्ता प्रावधान तत्काल खारेज गर्न सम्बद्ध निकायसँग यो बैठक माग गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

क्षमतावान् आरएहरूलाई चार्टर्ड एकाउन्टेन्सी (सीए) मा सहज प्रवेश गर्ने वातावरण बनाउन तथा हालसम्म एक जना पनि सदस्य नरहेको 'क' वर्गको लेखापरीक्षकमा योग्यता पुगेका र अनुभव भएका सदस्यलाई वर्ग वृद्धि गर्न पनि अडानले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासमक्ष माग गरेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले जारी गरेका सबै प्राविधिक मान र आचारसंहिता सीए तथा आरए सबै सदस्यका लागि समान रूपमा लागू हुन्छन् । कानुनतः बहन गर्ने दायित्व पनि समान छ । तर लेखापरीक्षण गर्ने कारोबारको सीमा फरक छ । यस्तो अवस्थामा बजारले पत्याएका सबैलाई बिनारोकावट समान हुने गरी सीमाविहीन लेखापरीक्षण गर्ने व्यवस्था गर्नुपर्ने माग अडानको छ । बैठकले यीसहित चार्टर्ड एकाउन्टेन्ट्स र लेखापरीक्षकबीच रहेको विभेद अन्त्य गर्न विभिन्न ११ बुँदे माग गर्ने निर्णय गरेको छ ।

## अर्थ संक्षेप

### सिटिजन्स-म्याक्स सम्झौता



काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनल र म्याक्स मनी ट्रान्सफरबीच बुधबार मलेसियालगायत अन्य मुलुकबाट नेपालमा रहेका आफन्त वा अन्य व्यक्तिले भुक्तानी पाउने गरी बैंकिङ प्रणालीमार्फत पठाएको विप्रेषण रकम भुक्तानी दिनेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार म्याक्स मनी ट्रान्सफरमार्फत विदेशबाट नेपालमा पठाएको विप्रेषण रकम बैंकका शाखाबाट भुक्तानी पाउनेछन् ।

### भिस्ताराको काठमाडौं उडान

काठमाडौं (कास)- टाटा एसआईए एयरलाइन्स भिस्ताराले बुधबार काठमाडौं उडान सुरु गरेको छ । उसले सिंगापुर एयरलाइन्सको संयुक्त उद्यममा दिल्ली र काठमाडौंमा दैनिक उडान सुरु गरेको हो । भिस्ताराको उडानले बेंगलोर, चेन्नई, हैदराबाद, मुम्बई, पुणेलगायत भारतका अन्य सहरमा आवतजावत गर्ने यात्रुलाई सहज हुने कम्पनीको विश्वास छ ।

### पुस्तकालयलाई मनकामनाको सहयोग

काठमाडौं (कास)- मनकामना दर्शनले गोरखाको पुस्तकालय पुनर्निर्माणका लागि १० लाख रुपैयाँ सहयोग प्रदान गरेको छ । गोरखा नगरपालिका-६ स्थित तीनधारेमा पुनर्निर्माण भइरहेको त्रिभुवन पुस्तकालयका लागि मनकामना दर्शनले आर्थिक सहयोग गरेको हो ।

### हिमालयनको १२ प्रतिशत नगद लाभांश




काठमाडौं (कास)- हिमालयन बैंकले आफ्ना सेयरधनीलाई १२ प्रतिशत नगद लाभांश वितरण गर्ने भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष मनोजबहादुर श्रेष्ठको अध्यक्षतामा बुधबार सम्पन्न २७औं साधारणसभाले सेयरधनीलाई नगद लाभांशसहित १० प्रतिशत बोनस सेयर वितरण गर्ने निर्णय गरेको छ ।

### एनआईसी-खल्ती सहकार्य




काठमाडौं (कास)- एनआईसी एसिया बैंक र खल्ती डिजिटल वालेटबीच बुधबार डिजिटल भुक्तानी सेवा प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । बैंकका सीईओ रोशनकुमार न्यौपाने र खल्तीका डाइरेक्टर अरविन्द साहले थापाथलीस्थित बैंकको प्रधान कार्यालयमा सम्झौतापत्रमा हस्ताक्षर गरे । सम्झौताअनुसार बैंकका ग्राहकले मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङ सेवा प्रयोग गरी खल्तीमा रकम पठाउन र सबै प्रकारका डिजिटल भुक्तानी गर्न सक्छन् ।

### सानिमाको नारी बचत खाता




काठमाडौं (कास)- सानिमा बैंकले 'सानिमा नारी बचत खाता' सञ्चालनमा ल्याएको छ । 'बचत आफ्ना लागि, सहयोग नारीका लागि' नामक योजनामा हरेक नारी बचत खाताबापत बैंकले आफ्ना तर्फबाट मासिक १ रुपैयाँ विपन्न वर्गका महिलाको उत्थान तथा स्वास्थ्योपचारमा उपयोग गर्नेछ ।

### पुष्प प्रदर्शनी सुरु

सुनसरी (कास)- फूल व्यवसायीलाई प्रेरित गर्ने उद्देश्यले धरानको पब्लिक स्कुल मैदानमा बुधबारदेखि प्रदेश १ स्तरीय चौथो पुष्प प्रदर्शनी तथा व्यापार मेला सुरु भएको छ । फ्लोरिकल्चर एसोसिएसन सुनसरी र प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहयोगमा फागुन ४ सम्म सञ्चालन हुने प्रदर्शनीमा ५२ स्टल रहेको मेला संयोजक पवित्रा नर्सरीकी सञ्चालक कल्पना लिम्बूले बताइन् । प्रदेश १ मा फ्लोरिकल्चर एसोसिएसन नेपालमा आबद्ध ६५ फूल तथा नर्सरी व्यवसायी दर्ता भएका छन् । झापा, मोरङ, सुनसरी र सिरहाबाट आएका व्यवसायीले ४५० प्रजातिका फूल बिक्री तथा प्रदर्शनीका लागि राखेका छन् ।


**स्थानीय सरकार**
**देवताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पिप्राढी गोठ, बारा
प्रदेश नं. २ नेपाल

**बोलपत्र/सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६।११।०१

| ठेक्का नं | ठेक्का शिर्षक विवरण | न्यूनतम ठेक्का अंक मु.अ. कर बाहेक | धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| DRM/NCB/W/01 /076/77 | Construction of school building, Indradev Ni.Ma.bi. Aamwa | 27,90,544.31/- | 70,000/- | 3,000/- |
| DRM/NCB/W/02 /076/77 | Construction of school building, Rauwahi Ma.bi. | 43,63,593.10/- | 1,10,000/- | 3,000/- |
| DRM/NCB/W/03 /076/77 | Road construction work, Badki phulwariya-1 | 8,63,303.11/- | 22,000/- | 1,000/- |
| DRM/NCB/W/04 /076/77 | Road construction work, Badki phulwariya-1 | 8,57,326.36/- | 21,500/- | 1,000/- |
| DRM/NCB/W/05 /076/77 | Road construction work, Badki phulwariya-1 | 21,54,513.52/- | 54,000/- | 3,000/- |
| DRM/NCB/W/06 /076/77 | Construction of ward office building, Badki Phulwariya | 8,67,463.54/- | 22,000/- | 1,000/- |
| DRM/NCB/W/07/ 076/77 | Construction of ward level health care ceter, Badki phulwariya-1 | 10,03,962.75/- | 26,000/- | 1,000/- |

१. यस देवताल गाउँपालिका अन्तर्गत पर्ने विभिन्न वडाहरुमा निर्माण कार्य बोलपत्रबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुको लागि बोलपत्र आव्हान गरिएको छ ।
२. इच्छुक निर्माण व्यवसायीहरुले प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र उल्लेखित बोलपत्र दस्तुर वापतको रकम (पछि फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गरीसक्नु पर्नेछ ।
३. इच्छुक निर्माण व्यवसायीहरुले बोलपत्र फाराम वापतको नगदी रसिद साथ नविकरण भएको निर्माण व्यवसाय इजाजत पत्र, आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई बोलपत्र खरिद गर्न सक्नेछ ।
४. शिलबन्दी बोलपत्र ३१औ दिनको १२:०० बजे सम्म देवताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, देवताल, बारामा दर्ता गराई सक्नु पर्नेछ । रितपुर्वक दर्ता भएका सिलबन्दी बोलपत्र, सोही दिन दिनको २:०० बजे पछि बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
५. बोलपत्र जमानत वापत को रकम यस कार्यालयको सिद्धार्थ बैंक लि. देवताल शाखामा रहेको धरौटी खाता नं. ००२१५३६९६६० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त 'क' वर्गको बैंक बाट यस कार्यालयको नाममा जारि भएको कम्तिमा ९० दिन (**बोलपत्र बुझाउने अन्तिम मिति देखि**) मान्य अवधि भएको सक्कल बिडबण्ड/बैंक जमानत पत्र पेश गर्नु पर्नेछ।यसरी पेश गरिने बैंक भौचर वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिईनेछ ।
६. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा लग्तै कार्यालय खुलेको पहिलो दिनको सोही समय भित्र बोलपत्र खरिद गर्ने वा दर्ता गर्नु पर्नेछ ।
७. सम्पूर्ण कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।
८. बोलपत्र दाताले बोलपत्र भर्दा प्रत्येक आईटम को दरभाउ अंक र अक्षरमा खुल्ने गरी स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सही गरी छाप लगाएको हुनु पर्नेछ ।
९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।
१०.यसमा उल्लेखित नभएमा अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ ।

**नि.प्रमुख प्रशासकिय अधिकृत**



**विद्यालय कक्षाकोठाका लागि फर्निचर निर्माण तथा ढुवानी संम्बन्धी कोटेशन आव्हान**

पढ्नको लागि कोठा (Room to Read) को आर्थिक तथा प्राविधिक सहयोगमा गोरखा जिल्लाका (कोटेसन फारमा उल्लेखित) ५ वटा पालिका भित्रका ८६ वटा सामुदायिक विद्यालयहरूमा सञ्चालन हुन लागेको साक्षरता कार्यक्रमका लागि कक्षाकोठा फर्निचरहरू निर्माण गरी ढुवानी गर्नुपर्ने भएकोले इच्छुक, भ्याटमा दर्ता भएका, कानुनी मान्यताप्राप्त फर्निचर उत्पादक कम्पनीबाट खामबन्दी कोटेशन आव्हान गरिन्छ।

**कोटेशन फारम प्राप्त गर्ने मिति र स्थान:** इच्छुक कम्पनीले आफ्नो कार्यालयको लेटर प्याडमा निवेदन दिई मिति २०७६/११/०१ देखि ८ गतेसम्म कार्यालय समयमा, कोटेशन फारम प्राप्त गर्न सिक्नेछ ।

**कोटेशन सुरक्षण धरौटी :** कुल जम्मा कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकमको सुरक्षाण धरौटी (Security Deposit) कुनै पनि "क" बर्गको बैङक बाट **पढ्नको लागि कोठाको** नाममा जारी भएको (कोटेशन पेस गर्ने अन्तिम दिनबाट ९० दिनको म्याद भएको) धरौटीको सक्कल प्रति कोटेसन साथ पेस गर्नुपर्नेछ।

**कोटेशन बुझाउने मिति र स्थान:** मिति **२०७६/११/०५** देखि अन्तिम मिति **२०७६/११/१२** गते दिनको **०२.००** बजे भित्र आवश्यक सबै कागजपत्र समावेश गरी यस कार्यालयमा बुझाउनु पर्नेछ । म्याद नाघी आएका कोटेशनहरू माथि कुनै कारवाही हुने छैन । कुनैपनि कारण जनाई वा नजनाई पूर्ण वा आंशिक रूपमा प्राप्त कोटेशन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

Room to Read
**प्रशासन बिभाग, पढ्नको लागि कोठा, थापाथली काठमाडौं, फोन न. ०१४१०२१२७/२८**



**Procurement Notice**
**(Request for Quotation)**

Padhnako Lagi Kotha (Room to Read) is soliciting Request for quotation for **following goods and materials** as specified in RFQ Document from legally registered company.

| | |
|---|---|
| Date of RFQ Issued | 13-Feb -2020 |
| RFQ Submission Deadline | 20-Feb-2020 (Before 03:00pm) |
| RFQ Due Date | 13 to 19-Feb-2020 (9 am- 5pm) |

| S.N. | Types of materials | Requested form |
|---|---|---|
| 1 | Printing of People Books, Teacher's Guide, Letter Cards, Matra card, Student Record Card, General & Foundational Writing Copy and Diary (as per sample) | Printing press having 4 color machines |
| 2 | Printing of different types of Registers and Stickers (as per sample) | Printing press having minimum least 2 color machines |
| 3 | Stationery Materials supply | Suppliers/vendor/ manufacturer |
| 4 | Metal Book stands supply | |
| 5 | Wooden cube supply | |

Interested company may request RFQ form with an application letter with **subject line: Request for RFQ**, before the RFP due date from Padhnako Lagi Kotha Office. The RFQ must be submitted in a closed envelope along with the required document in hard copies as mentioned in the RFQ form. **Clearly mark subject line of RFQ of submission**. RFQ submitted after the deadline will not be accepted. RtR/PLK reserves the right to accept or reject any or all RFQ without giving any reason.

**Note:** we request all interested companies to visit our office for sample inspection before submitting the quotation.

Room to Read
**Administration Department, Padhnako Lagi Kotha Thapathali, 11-Kathmandu , Phone: 01: 4102127/ 28**

# राजस्व र खर्चमा...

पुँजीगत खर्च कम हुँदा आर्थिक गतिविधि कम हुन र समग्र आयात नै निरन्तर ओरालो लागेका कारण भन्सार महसुल कम भई राजस्व संकलनमा सरकारलाई सकस परिरहेको छ। 'छ महिनामा भन्सार महसुल ७७ अर्ब ९२ करोड असुल भएको छ। यो गत वर्षको तुलनामा २.२ प्रतिशत कम हो,' मध्यावधि समीक्षामा भनिएको छ। साथै कुल आयात ४ प्रतिशत कम हुँदा भन्सार महसुल कम संकलन भइरहेको उल्लेख छ। सबैभन्दा बढी भन्सार महसुल लाग्ने कार, जिप, भ्यानको परिमाणमा कमी आउँदा यस क्षेत्रको भन्सार राजस्व संकलन १४ प्रतिशत कम भएको छ। भन्सार राजस्वमा ठूलो प्रभाव पार्ने वस्तु एमएस बिलेट, सुन, सिमेन्ट तथा क्लिंकर, चामल, कोइला, कार, जिप, भ्यानलगायतको आयात १३ प्रतिशत घटेको समीक्षा प्रतिवेदनमा उल्लेख छ।

आगामी दिनमा राजस्व संकलन बढ्ने अर्थमन्त्री खतिवडाको विश्वास छ। 'पछिल्लो समय आयातको परिमाणमा सुधार हुँदै गएको, समष्टिगत आर्थिक परिसूचकहरू सन्तोषजनक रहेको, आर्थिक क्रियाकलापमा बढोत्तरी भएको, करको दायरा विस्तार हुँदै गएको, भीसीटीएस कार्यान्वय एवं राजस्व चुहावट नियन्त्रण हुँदै गएकाले आगामी ५ महिनामा समेत कर राजस्वको संशोधित अनुमान हासिल हुने अपेक्षा गरिएको छ,' अर्थमन्त्री खतिवडाले भने।

### अनुदान र ऋण दुवै घट्ने

प्रतिशतका आधारमा सबैभन्दा बढी आन्तरिक र वैदेशिक ऋणको लक्ष्य घटाइएको छ। वैदेशिक सहायता तथा अनुदानको हिस्सासमेत बजेटको तुलनामा निकै कम गरी नयाँ लक्ष्य निर्धारण भएको छ। बजेटमा १ खर्ब ९५ अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने भनिएको यसलाई ६१.१२ प्रतिशत घटाएर ७५ अर्ब ८० करोड रुपैयाँ मात्रै संकलन गर्ने नयाँ लक्ष्य छ। २ खर्ब ९८ अर्ब ८३ करोड ३३ लाख रुपैयाँ वैदेशिक ऋण लिने भनिएकोमा झन्डै ३० प्रतिशत कम अर्थात् २ खर्ब ९ अर्ब ९० करोड ९० लाख रुपैयाँ लिने नयाँ लक्ष्य हो। जेठ १५ मा बजेट पेस गर्दा ५७ अर्ब ९९ करोड ५५ लाख वैदेशिक अनुदान प्राप्त हुने अनुमानलाई २५ प्रतिशत घटाई ४३ अर्ब ५५ करोड ४६ लाख रुपैयाँ मात्रै प्राप्त हुने लक्ष्य अर्थमन्त्री खतिवडाले निर्धारण गरेका छन्। छ महिनाको अवधिमा आन्तरिक ऋण उठाउनै नपरेको उनले बताए।

'गत वर्ष पनि यस अवधिमा आन्तरिक ऋण लिइएको थिएन,' उनले भने। संकलित राजस्वले नै आवश्यक क्षेत्रमा खर्च पुगेकाले आन्तरिक र बाह्य ऋणमा जोड गर्न नपरेको अर्थमन्त्री खतिवडाको संकेत छ। 'सामाजिक सुरक्षा भत्ता मासिक १ हजार वृद्धि, राष्ट्र सेवक कर्मचारीको तलब वृद्धि, गत वर्ष संसद्ले पारित गरेका १६ वटा मौलिक हकसम्बन्धी कानुनको कार्यान्वयन, शिक्षा स्वास्थ्य र पूर्वाधारमा लगानीले बजेटको आकार केही बढे पनि समीक्षा अवधिसम्म राजस्वबाट नै खर्च व्यवस्थापन भएको छ,' समीक्षा प्रतिवेदनमा भनिएको छ।

### गौरवका आयोजनामा निराशा

विकास निर्माण र बजेट खर्चको महत्त्वपूर्ण प्रभाव देखिनुपर्ने राष्ट्रिय गौरवका आयोजनाको वित्तीय तथा भौतिक प्रगति भने निराशाजनक रहेको मध्यावधि समीक्षाले देखाएको छ। २३ वटा गौरवका आयोजनालाई छुट्याइएको १ खर्ब २ अर्ब ६५ करोड रुपैयाँ बजेटमध्ये करिब १९ प्रतिशत अर्थात् १९ अर्ब २४ करोड मात्रै खर्च भएको छ। गौरवका आयोजनालाई छुट्याइएको रकम कुल बजेटको ७ प्रतिशत र पुँजीगत खर्चको एक चौथाइ हो। यी आयोजनामा भएको कम खर्चले 'पुँजीगत खर्चको प्रकृतिलाई चित्रित गर्ने' टिप्पणी मध्यावधि समीक्षाले गरेको छ। 'गौरवका ठूला आयोजना कार्यान्वयन र सञ्चालन गर्ने एकीकृत कानुन नहुँदा अरू आयोजनाका हकमा जस्तै कार्यविधिगत समस्या कायम छ,' गौरवका आयोजनामा खर्च हुन नसक्नुका कारणमा भनिएको छ। साथै आयोजना निर्माणको मोडालिटी, लागत, समयावधि, जग्गा प्राप्ति तथा मुआब्जा, पुनर्वास र आयोजनाको विस्तृत प्रतिवेदन (डीपीआर) जस्ता आधारभूत कार्य तय नगरी राष्ट्रिय गौरवको सूचीमा राख्दा समस्या भएको समीक्षा प्रतिवेदनमा उल्लेख छ। 'सडकअन्तर्गतका गौरवका आयोजनाको रेखांकन बारम्बार परिवर्तन भइरहेको छ,' प्रतिवेदनमा भनिएको छ, 'निर्माण व्यवसायीको प्राविधिक, वित्तीय व्यवस्थापकीय क्षमता परीक्षण नगरी ठेक्का लगाउनु, नियमित अनुगमन नगरिनु तथा तोकिएको समयमा काम सम्पन्न गर्न बाध्यन नपार्नु।'

आयोजना सञ्चालन गर्ने निकायहरूबीच समन्वय नहुनु, वन क्षेत्रभित्र रहेका रुख कटान गर्न मन्त्रालयसँग कानुनी जटिलता कायमै रहनुले गौरवका आयोजनामा छुट्याइएको बजेट खर्च हुन नसकेको समीक्षा प्रतिवेदनमा उल्लेख छ। समीक्षा प्रतिवेदनले यी समस्या समाधान गर्न एकीकृत कानुन निर्माणसहित दर्जन वटा उपाय अघि सारेको छ।

### फागुनसम्म ठेक्का नगर्नेको बजेट फिर्ता

बजेट कार्यान्वयनमा कमजोर अवस्था देखिएपछि विगतमा जस्तै यस वर्ष पनि अब बढाउने भन्दै दर्जनभन्दा बढी सुधारका प्रयास गरिने घोषणा समीक्षामा छ। फागुनसम्म ठेक्का नगर्ने आयोजनालाई बजेट नदिने मात्रै होइन,



**आजको विश्वका कुन अर्थमन्त्री गहिरो निद्रामा रातभर सुत्न सकेका होलान् ?**

*– युवराज खतिवडा*
*अर्थमन्त्री*

विनियोजित रकम फिर्ता गर्नुपर्नेसम्मको व्यवस्था गरिएको छ। 'आयोजना/कार्यक्रमको हाल सम्पन्न कार्यको सिर्जित दायित्वको भुक्तानीलाई प्राथमिकता दिई बजेट व्यवस्थापन गरिनेछ,' अर्थमन्त्री खतिवडाले भने, 'बाँकी रहेको बजेट बाँडफाँट ०७६ फागुन मसान्तभित्र निर्णय गरी सक्ने, फागुन मसान्तभित्र बाँकी रहेका ठेक्का सम्झौता सम्पन्न गरी कार्यादेश दिने।' प्रगति मूल्यांकनका आधारमा दोस्रो प्राथमिकता वा कम महत्त्वका कार्यक्रमहरूको बजेट तेस्रो चौमासिकबाट रोक्का वा कटौती गर्ने पनि जनाइएको छ। 'सम्भाव्य आयोजनाको आयोजना बैंक र मध्यकालीन खर्च संरचनाका आधारमा मात्र बजेट व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ,' समीक्षा प्रतिवेदनमा भनिएको छ। अधुरा आयोजनाको हकमा पर्याप्त बजेट विनियोजन गर्ने उल्लेख छ। प्रदेश तथा स्थानीय तहको अधिकार सूचीका आयोजना संघीय सरकारको बजेटमा समावेश नगर्ने पनि जनाइएको छ। 'पुनर्निर्माणको बाँकी कार्य सम्बन्धित मन्त्रालयबाट सम्पन्न गर्ने गरी हस्तान्तरण गर्ने, पुनर्निर्माण प्राधिकरणका कार्यक्रम क्रमशः फेज आउट गर्दै लैजाने,' प्रतिवेदनमा भनिएको छ।

खर्चमा मितव्ययिता अपनाउन नयाँ संगठन स्थापना र थप दरबन्दी सिर्जनामा नियन्त्रण गर्ने जनाइएको छ। 'संवैधानिक आयोग र मन्त्रालयको कार्यसँग समानान्तर काम गर्ने गरी रहेका छुट्टै निकाय खारेज गर्ने र नयाँ स्थापना नगर्ने,' खतिवडाले भने, 'सरकारी पदाधिकारीका लागि सवारीसाधन, भवन तथा कोठा, फर्निचर एवं अन्य सेवासुविधाको मापदण्ड पदअनुसार बनाई लागू गरिनेछ।'

अत्यावश्यकबाहेक सभा, गोष्ठी, भ्रमणलगायत कार्यक्रम तेस्रो चौमासिकमा सञ्चालन गर्न नपाइने उल्लेख छ। 'दोस्रो चौमासिकसम्म पनि सम्झौता गरी निकासा नलिएका अनुदान तेस्रो चौमासिकमा नदिने गरी स्रोत व्यवस्थापन गरिनेछ,' खतिवडाले भने। राजस्व परिचालन गर्ने सम्भाव्य व्यावसायिक क्षेत्रलाई करको दायरामा ल्याउने उनले बताए। 'विद्युतीय अर्थतन्त्रका विभिन्न क्षेत्र समेट्ने गरी कानुनी व्यवस्था गर्ने, कर छुटको सूची क्रमशः घटाउँदै लैजाने,' उनले भने, 'वैदेशिक सहायतालाई आवश्यकता र प्राथमिकताका आधारमा मात्र परिचालन गर्ने, बजेटरी सहायता एवं नगद भुक्तानी विधिमा सहायतामा परिचालन गरिनेछ।'

# यात्रु बिमा वृद्धि...

नेपालमा बिमादर निर्धारण गर्ने अधिकार बिमा सल्लाहकार समितिलाई दिइएको छ। बिमा समितिका अध्यक्षको संयोजकत्वमा गठित उक्त समितिले बिमा दररेट निर्धारण, परिमार्जन, थपघटलगायत शुल्कसम्बन्धी विविध काम गर्छ। करिब दुई वर्षअघि सरकारले यातायात व्यवसायीको सिन्डिकेट खारेज गर्न निर्देशन दिएको थियो। त्यसपछि निर्देशन नमान्ने व्यवसायीको बैंक खाता रोक्का गरेको छ। हाल व्यवसायीको बैंक खाता खुला भइसकेको छ। खाता रोक्का भएपछि व्यवसायीले दुर्घटनामा घाइते यात्रुको उपचार खर्च बेहोरेका छैनन्।

समितिले उपचार खर्च नदिएपछि घाइते यात्रुले राम्रोसँग उपचार नपाएको उनीहरूको गुनासो छ। उपचार खर्च नहुँदा केही यात्रु अस्पतालमै अलपत्र परेका समाचार आइरहेका छन्। यसअघि यातायात समितिले घाइते बिरामी उपचारका लागि लाखौं रुपैयाँ पनि तिर्दै आएका थिए।

यसअघि यातायात व्यवसायी समितिले सबै सवारीधनीबाट निश्चित रकम उठाउँथे। सोही रकमबाट दुर्घटनामा घाइतेको उपचार र अन्य खर्च गर्दै आएका थिए। यसरी उपचारबापत बिमा कम्पनीबाट आउने ३ लाखभन्दा बढी पीडितलाई तिरिने रकम समितिको सम्पत्ति वा कोषबाट खर्च हुँदै आएको थियो। हाल साविकका यातायात समिति कम्पनीमा परिणत भएका छन्। उनीहरूले कानुनले अतिरिक्त कोष राख्न नमिल्ने भन्दै दुर्घटनाका घाइतेलाई उपचार खर्च दिएका छैनन्।

ओलीका २ वर्ष

# सामाजिक सुरक्षामा आएनन् सबै श्रमिक

**वाम घोषणापत्रमा दुई वर्षभित्र सबै श्रमिकलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउने घोषणा गरिए पनि ७० लाख ८६ हजार कामदारमध्ये १ लाख ४५ हजार ६ सय ६३ जना मात्रै यसमा समावेश भएका छन्**

**होम कार्की** (काठमाडौं)

सरकारले श्रमिकको जीवनसँग प्रत्यक्ष जोडिएको सामाजिक सुरक्षा कार्यक्रम त ल्यायो तर सबै श्रमिकलाई समेट्न सकेको छैन।

वाम घोषणापत्रमा दुई वर्षभित्र सम्पूर्ण श्रमिकलाई पञ्जीकरण प्रक्रियामा लगी सामाजिक सुरक्षाको दायरामा ल्याइने उल्लेख थियो। वाम गठबन्धनको सरकार बनेको झन्डै १० महिनापछि प्रत्येक श्रमिकलाई पेन्सनसहित औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षाको ग्यारेन्टी गर्नेजस्ता लोकप्रिय योजनासहित घोषणापत्रअनुसारै सामाजिक सुरक्षा कार्यक्रम घोषणा गरियो। उत्साहजनक रूपमा सुरुवात गरिएको कार्यक्रममा रोजगारदाता भने खासै आकर्षित हुन सकेनन्। धेरै श्रमिक अझै यसको दायराबाहिरै छन्।

हालसम्म १२ हजार १४८ रोजगारदाताले १ लाख ४५ हजार ६६३ जनालाई मात्रै सामाजिक सुरक्षाको दायराभित्र समेटेका छन्। यी रोजगारदाता र श्रमिकबाट सामाजिक सुरक्षा कोषमा ५९ करोड रुपैयाँ संकलन भइसकेको छ। यी श्रमिकको संख्या आन्तरिक श्रम बजारमा भएको श्रमिकको तुलनामा निकै न्यून हो। श्रम सर्वेक्षणअनुसार औपचारिक क्षेत्रमा २६ लाख ७५ हजार र अनौपचारिक क्षेत्रमा ४४ लाख ११ हजार श्रमिक कार्यरत छन्। सामाजिक सुरक्षा कार्यक्रममा सामेल भएका श्रमिकलाई कोषले ६० वर्ष नाघेपछि आजीवन पेन्सन, आश्रित परिवारलाई ६० प्रतिशत पेन्सन, बालबच्चाको शिक्षाका लागि ४० प्रतिशत भत्ता, व्यवसायजन्य रोग तथा दुर्घटनाका सम्पूर्ण खर्च भुक्तानी, अंगभंग श्रमिकलाई आजीवन पेन्सनको सुविधा दिने व्यवस्था छ। कोषमा रोजगारदाताको २० र श्रमिकको ११ प्रतिशत गरी ३१ प्रतिशत योगदान हुन्छ।

ट्रेड युनियनहरूका अनुसार सरकारले रोजगारदातालाई बाध्यकारी बनाउन नसक्दा सबै श्रमिक सामाजिक सुरक्षाको दायराभित्र आउन नसकेको बताए। 'रोजगारदाता, सरकार र श्रमिक तीनै पक्ष सहमत भइसकेपछि यतिखेर औपचारिक क्षेत्रमा कार्यरत सबै श्रमिक सामाजिक सुरक्षाको दायरामा आइसक्नुपर्थ्यो,' संयुक्त ट्रेड युनियन समन्वय समितिका अध्यक्ष पुष्कर आचार्यले भने, 'यही रूपमा अगाडि बढ्ने हो भने सबै श्रमिकलाई सामाजिक सुरक्षा दिलाउन सकिँदैन।' उनले श्रम कानुनलाई प्रभावकारी कार्यान्वयन गर्न नसक्दा श्रमिकहरूको शोषण भइरहेको बताए।

वाम घोषणापत्रमा श्रम कानुनको प्रभावकारी कार्यान्वयन गरी अनौपचारिक श्रम सम्बन्धलाई औपचारिक बनाउने उल्लेख थियो। नयाँ श्रम ऐन २०७४ लाई कार्यान्वयनमा ल्याइएपछि श्रम बजारमा औपचारिक र अनौपचारिक भनेर कानुनले वर्गीकरण गरेको छैन। वाम घोषणा पत्रले अनौपचारिक श्रम सम्बन्धलाई औपचारिक बनाउने बताए पनि सरकार त्यसतर्फ केन्द्रित भएको छैन। औपचारिक बनाउन नयाँ श्रम ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हो, त्यो भएको छैन। 'सामाजिक सुरक्षामा रोजगारदाता जान इच्छुक नहुनुको कारण श्रम कानुनको कार्यान्वयन नहुनु हो, श्रम बजारमा श्रम निरीक्षकबाट अनुगमन भएको छैन,' उनले भने, 'सरकारले तोकेको न्यूनतम तलब पनि कार्यान्वयन भएको छैन।' श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले



- दुई वर्षभित्र सम्पूर्ण श्रमिकलाई पञ्जीकरण प्रक्रियामा लगी सामाजिक सुरक्षाको दायरामा ल्याइने।
  *(सरकार बनेको १० महिनापछि सामाजिक सुरक्षा कार्यक्रम घोषणा, न्यून श्रमिक मात्रै सहभागी)*
- श्रम कानुनको प्रभावकारी कार्यान्वयन गरी अनौपचारिक श्रम सम्बन्धलाई औपचारिक बनाउने।
  *(श्रम सम्बन्धलाई औपचारिक बनाउन नयाँ श्रम ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हो, त्यो भएको छैन)*
- व्यवसायजन्य स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड लागू गर्ने।
  *(यो मापदण्ड कार्यान्वयनमा आएको छैन, सामाजिक सुरक्षा दिने सर्तमा रोजगारदाताले श्रमिक कटौती गर्न पाउने व्यवस्था भने कार्यान्वयन भएको छ)*
- वैदेशिक रोजगारीमा जानेलाई आवश्यक तालिम र प्रशिक्षणद्वारा सीप विकास गरेर मात्रै पठाउने।
  *(पछिल्लो दुई वर्षमा नीतिगत व्यवस्था गरिए पनि यो व्यवहारमा आएको छैन, वैदेशिक रोजगारीमा जाने ७४.५ प्रतिशत कामदार अदक्ष छन्)*
- केन्द्र, प्रदेश र स्थानीय तहहरूमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना गरिने।
  *(यसको तयारीसमेत भएको छैन)*

गत आर्थिक वर्ष ७ सय ६२ वटा प्रतिष्ठानको मात्रै अनुगमन गरेको थियो। कार्यस्थलमा सबैभन्दा महत्त्वपूर्ण मानिएको व्यवसायजन्य स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड कार्यान्वयनमा आएकै छैन। सामाजिक सुरक्षा दिने सर्तमा रोजगारदाताले श्रमिक कटौती गर्न पाउने व्यवस्था भने कार्यान्वयनमा आएको छ। 'श्रम कानुनलाई कार्यान्वयनमा ल्याउन धेरै हदसम्म सरकारी संयन्त्र जिम्मेवार हुन्छ,' नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का उपाध्यक्षसमेत रहेका श्रम कानुनका विज्ञ रमेश बडालले भने।

वाम घोषणापत्रमा वैदेशिक रोजगारीमा जानेहरूलाई आवश्यक तालिम र प्रशिक्षणद्वारा सीप विकास गरेर मात्रै वैदेशिक रोजगारीमा पठाउने उल्लेख थियो। पछिल्लो दुई वर्षमा नीतिगत व्यवस्था गरिए पनि व्यवहारमा आएको छैन।

गत वैशाख १६ मा न्यूनतम सीपयुक्त जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउनका लागि भन्दै रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि बनाइएको थियो। जसअनुसार वैदेशिक रोजगार विभागले गत असार १५ देखि सीप सिकेको प्रमाण हुनेलाई मात्रै श्रम स्वीकृति दिने निर्णय गरेको थियो तर वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सीप दिन सक्ने क्षमता भएका तालिम केन्द्रहरू नहुँदा यो निर्णय कार्यान्वयन भएको छैन। संघीय सरकारमातहत भैंसेपाटी, बुटवल र इटहरीमा सीप सिकाउने तालिम केन्द्र छन्। प्रदेश सरकारमातहात १३ वटा तालिम केन्द्र छन्। प्रत्येक वर्ष श्रम बजारमा ५ लाख श्रमशक्ति आउने गर्छ तर यी तालिम केन्द्रबाट सरदर २० हजार जनालाई मात्रै तालिम दिन सक्ने स्थिति छ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका अनुसार पछिल्लो एक दशकमा १ लाख ८८ हजारले मात्रै तालिम पाएका छन्। 'सरकारसँग विदेशमा चाहिने तालिम दिन सक्ने तालिम केन्द्र पनि छैन, म्यानपावर व्यवसायी आफैंले मागअनुसारको सीप सिकाएर जसोतसो पठाइरहेको छ,' वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठले भने। सीप सिकाउने केन्द्र नहुँदा वैदेशिक रोजगारीमा जाने ठूलो हिस्सा अदक्ष तहका कामदार छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले सीपयुक्त जनशक्ति उत्पादनका लागि डीपीआर बनाउने गृहकार्य भइरहेको बताए। 'हामी कुन देशका लागि कुन खालको जनशक्ति चाहिन्छ, त्यही रूपमा तालिम केन्द्र बनाउने प्रक्रियामा छौं,' उनले भने।

वैदेशिक रोजगार विभागका अनुसार वैदेशिक रोजगारीमा गएकामध्ये दक्ष कामदार १.५ प्रतिशत, अर्धदक्ष २४ प्रतिशत र अदक्ष ७४.५ प्रतिशत छन्। झन्डै ४३ लाख जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन्। सबैभन्दा बढी मलेसियामा २९.८८, कतारमा २१.५, साउदी अरेबियामा २०.३७, संयुक्त अरब इमिरेट्समा १०.६२, कुवेतमा २.५, कोरियामा १.३२, बहराइनमा ०.८६, ओमनमा ०.६३, जापानमा ०.२१, लेबनानमा ०.३५ प्रतिशत र अन्य मुलुकका ११.६५ प्रतिशत नेपाली वैदेशिक रोजगारीमा छन्।

वाम घोषणापत्रले केन्द्र, प्रदेश र स्थानीय तहहरूमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना गरिने बताइए पनि यसको तयारीसमेत भएको छैन। प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरिएको छ। यसबाट बेरोजगारको लगत लिने काम मात्रै भइरहेको छ।

# अति दुर्घटना हुने ठाउँबारे अध्ययन सुरु

**विमल खतिवडा** (काठमाडौं)

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले देशभर सबैभन्दा बढी दुर्घटना हुने क्षेत्रबारे अध्ययन थालेको छ। यसका लागि मन्त्रालयअन्तर्गत पूर्वाधार महाशाखा सहसचिव प्रमिला बज्राचार्यको संयोजकत्वमा नौ सदस्यीय सडक सुरक्षा अध्ययन समिति गठन गरिएको छ। समितिले सवारी दुर्घटनाको कारण र न्यूनीकरणका उपायबारे प्रतिवेदन तयार गर्ने गरी अध्ययन गर्नेछ।

पहिलो चरणमा सडक विभागका उपमहानिर्देशक शिवहरि सापकोटा नेतृत्वमा गएको टोलीले अरनिको राजमार्गअन्तर्गत सिन्धुपाल्चोकको सुकुटे र इन्द्रावती गाउँपालिकाको भोटसिपाको अध्ययन सकेको छ। 'सिन्धुपाल्चोकको सबैभन्दा बढी दुर्घटना भएको स्थानको स्थलगत अध्ययन सकेका छौं,' सापकोटाले भने, 'दुर्घटना हुनुमा सडकको कारण देखिएन।' सुकुटेमा गाडीको चक्का र स्टेयरिङको सन्तुलन नमिल्दा दुर्घटना भएको प्रारम्भिक अध्ययनले देखाएको छ। गत कात्तिकमा दोलखाबाट काठमाडौं आउँदै गरेको यात्रु बस सुकुटेमा दुर्घटना हुँदा १८ जनाको मृत्यु भएको थियो। त्यस्तै असोजमा सिन्धुपाल्चोककै भोटसिपामा यात्रु बस दुर्घटना हुँदा १३ जनाको ज्यान गएको थियो। भोटसिपामा सडक कच्ची, ओरालो र घुम्ती छ। 'तर घटनास्थल हेर्दा ओरालो र घुम्तीले दुर्घटना भएजस्तो देखिँदैन,' उनले भने, 'घुम्ती नपुग्दै गाडी दुर्घटना भएको छ, सडकसम्बन्धी विज्ञ पनि साथै भएकाले सबै हेरेर मात्र अध्ययन प्रतिवेदन तयार पार्छौं।' बढी दुर्घटना हुने जिल्ला सुनसरी हो। यो जिल्लामा विभिन्न समयमा भएका दुर्घटनाबारे अध्ययन गर्न सापकोटा

- **सहसचिवको नेतृत्वमा नौ सदस्यीय समिति**
- **फागुनभित्र अध्ययन प्रतिवेदन बुझाइने**

नेतृत्वकै टोली फागुन पहिलो साता त्यसतर्फ जाँदै छ। बढी दुर्घटना भएका बागलुङ, अर्घाखाँची, बझाङ, बैतडीलगायत जिल्लामा टोली पुगेर अध्ययन गर्नेछ।

'देशभर जहाँजहाँ ठूला दुर्घटना भएका छन्, टोली ती सबै ठाउँ पुग्नेछ,' सापकोटाले भने, 'त्यस क्रममा छिटफुट दुर्घटना हुने सडकबारे पनि निरीक्षण गर्छौं।' अध्ययनले दुर्घटनाको मुख्य कारण पत्ता लगाएर प्रतिवेदन बुझाउनेछ। मानवीय त्रुटिका कारण ८० प्रतिशत दुर्घटना हुने गरेको सडकसम्बन्धी विज्ञहरू बताउँछन्। ओभरलोड र चालकको लापरबाहीका कारण पनि बढी दुर्घटना हुने गरेको पाइएको छ। चाडबाडका बेला क्षमताभन्दा बढी यात्रु बोक्दा ठूला दुर्घटना हुने गरेका छन्। ग्रामीण क्षेत्रमा सञ्चालित सडकमा चल्ने सवारी साधनमा यात्रु कोचाकोच गरेर बोक्ने गरिएको छ। यसले पनि दुर्घटना बढाएको सरोकारवाला बताउँछन्।

'बढी यात्रु बोक्ने कुरामा दुईमत छैन,' सापकोटाले भने, 'तीव्र गतिका कारण पनि दुर्घटना बढी हुने गरेका छन्।' सबैभन्दा बढी सवारी साधन ओहोरदोहोर गर्ने पृथ्वी राजमार्गमा बढी दुर्घटना हुने पर्छ। 'यो राजमार्गमा बढी दुर्घटना हुने क्षेत्रको अध्ययन गरिनेछ,' उनले भने, 'सबै जिल्लाको अध्ययन गरेर फागुनभित्र सुझावसहितको प्रतिवेदन मन्त्रालयलाई बुझाउँछौं।' सडकमा सेफ्टी ब्यारियर हुँदा पनि दुर्घटना हुने गरेको प्रारम्भिक अध्ययनले देखाएको छ। सडकमा हुने खाल्डाखुल्डीले दुर्घटना नहुने र यसले त झन् चालकलाई गाडीको गति कम गराउन सघाउने सापकोटाको भनाइ छ। 'सडकका सेफ्टी ब्यारियरले चालकलाई सुरक्षित हुन सचेत गराउँछ,' उनले भने, 'सेफ्टी ब्यारियर कटेपछि दुर्घटना भएको पायौं।'

# मिटरब्याजी राय कारागार चलान

सर्लाही (कास)- ठगी आरोपमा समातिएका सर्लाही बरहथवाका रामबाबु राय यादव धरौटी रकम बुझाउन नसकेपछि कारागार चलान भएका छन्। सर्लाही जिल्ला अदालतले रायलाई सोमबार न्यायाधीश हरिप्रसाद कोइरालाको एकल इजलासले १५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो। धरौटी रकम बुझाउन नसकेपछि उनलाई सुनसरीको झुम्का कारागार चलान गरिएको हो।

रायसँग आइतबार र सोमबार गरी दुई दिन बयान लिइएको अदालतका स्रेस्तेदार शिवहरि पौडेलले जानकारी दिए। मुद्दाको गम्भीरता र बहस हेरेर यो आदेश आएको उनको भनाइ छ। ठगी मुद्दामा पक्राउ परेका रायविरुद्ध नक्कली तमसुक बनाउने गरेको, चलनचल्तीको ब्याजदरभन्दा निकै बढी दरमा ऋण प्रवाह गरेको, धितोका लागि जग्गा पास गराएको जग्गा बेचिदिने गरेको लगायत आरोप छन्। विभिन्न आरोपसहित उनीविरुद्ध जिल्ला प्रहरीमा उजुरी परेपछि प्रहरीले गत पुस २३ मा हरिपुरबाट पक्राउ गरेको थियो।

रायलाई प्रहरीले २५ दिनसम्म थुनामा राखेर अनुसन्धान गरेको थियो। रायविरुद्ध गत शुक्रबार जिल्ला अदालतमा ठगी तथा विश्वासघातसम्बन्धी कसुरमा प्रहरीले अभियोगपत्र दर्ता गराएको थियो। रायलाई झुम्का कारागार चलान गरिएको प्रहरी नायब उपरीक्षक प्रतितसिंह राठौरले बताए। सर्लाहीमा कारागार भवन नरहेकाले यहाँ विभिन्न अभियोगमा पक्राउ परेकाहरूलाई अदालतको आदेशपछि छिमेकी जिल्लाका कारागारमा चलान गर्दै आएको छ। यसअघि ठगी आरोपमा अर्का मिटरब्याजी श्याम प्रदेशी पुर्पक्षका लागि कारागार चलान भएका छन्। भने अर्का मिटरब्याजी सञ्जय साह रौनियार फरार छन्। उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।




# कांग्रेसले क्रियाशील सदस्य साढे ७ लाख पुऱ्याउने

काठमाडौं (कास)– आसन्न महाधिवेशनसम्म कांग्रेसले क्रियाशील सदस्यता बढाएर साढे सात लाख पुऱ्याउने लक्ष्य लिएको छ। केन्द्रीय कार्यसमितिको बुधबारको बैठकले हाल कायम रहेका सदस्यताको पचास प्रतिशतसम्म थप सकिने निर्णय लिएको हो।

कांग्रेसमा हाल ४ लाख ९८ हजार ४ सय क्रियाशील सदस्य छन्, यसको पचास प्रतिशत बढाउँदा करिब ७ लाख ४८ हजार पुग्नेछ। कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माका अनुसार क्रियाशील सदस्यता बढाउँदा समानुपातिक समावेशिता भए/नभएको समेत हेरिने भएको छ। समानुपातिक र समावेशी गराउनका लागि केही संख्या थपघट हुन सक्ने कांग्रेसले जनाएको छ।

केन्द्रीय महाधिवेशनलाई प्रभावित पार्ने भएकाले क्रियाशील सदस्यता वितरण पार्टीभित्रको मुख्य विवाद बन्ने गरेको छ। यस पटक क्रियाशील सदस्यता वितरण र नवीकरण प्रक्रियामा संस्थापन र इतरपक्ष दुवै चनाखो बनेका छन्।

पार्टी विधानमा भने साधारण सदस्यता लिएको एक वर्षपछि मात्रै क्रियाशील सदस्य हुन पाइने व्यवस्था छ। केन्द्रदेखि तल्ला तहका निकायसम्म साधारण सदस्यता अद्यावधिक राख्ने व्यवस्था नभएका कारण कांग्रेसले विधानको यस्तो व्यवस्थालाई निलम्बन गरेको छ। केन्द्रीय सदस्य प्रदीप पौडेलले विधानकै व्यवस्था कायम राख्दा नयाँ अनुहारले सदस्यता पाउन नसक्ने भएकाले निलम्बन गर्नुपरेको बताए।

यसअघि क्रियाशील सदस्यता वितरणसम्बन्धी धारा निलम्बन गरेर महाधिवेशनलाई प्रभावित पार्न खोजेको भन्दै संस्थापन इतरपक्षीय समूह विरोधमा उत्रिएको थियो। पुस ११ मा संस्थापन इतरपक्षको अनुपस्थितिमा बसेको केन्द्रीय कार्यसमितिले बहुमतबाट विधानको दफा ४(२), ४(१०), ४(१२) (ख), दफा ३५ उपदफा २ को (घ), धारा ५० को उपदफा ६ निलम्बन गरिएको थियो। बहुमतको आडमा विधानका दफा निलम्बन गरिएको भन्दै संस्थापन इतरपक्षले केन्द्रीय कार्यसमितिको बैठक बहिष्कार गर्दै आएको थियो। धारा निलम्बन नगर्दा महाधिवेशन नै प्रभावित हुने भएपछि यसअघि बहुमतबाट भएको निर्णयलाई बुधवार सर्वसम्मतिबाट अनुमोदन गरिएको हो।

प्रदेश र प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिसम्मको समायोजन सम्पन्न भए पनि वडा तहसम्मको बाँकी छ। बुधबारसम्म २० जिल्लामा मात्रै पार्टीको सबै तहको समायोजन सकिएको छ।

# ट्रस्टको १७३ रोपनी...

तर व्यापक र सार्वजनिक सर्वोत्तम लाभ हुने भए सञ्चालक समितिको निर्णयबाट सरकारको स्वीकृति र ट्रस्ट हेर्ने संसदीय समितिको सहमतिमा ट्रस्टको सम्पत्ति बिक्रीवितरण हुन सक्नेछ। २०६९ सालमा मन्त्रिपरिषद्ले निर्णय गर्दा मुलुक संसद्‌विहीन थियो। त्यतिबेला सरकारले ट्रस्टको सञ्चालक समितिको सिफारिसबिनै निर्णय गरेको थियो। मालपोत कार्यालयले मोहीका नाममा जग्गा भने दर्ता २०७० असार ४ देखि गरेको हो।

**के थियो मन्त्रिपरिषद्को निर्णय ?**

त्यतिबेलाको मन्त्रिपरिषद् बैठकले जग्गासम्बन्धी तीनवटा कानुन तथा नियमावली उल्लेख गर्दै त्यस्ता प्रकृतिका अधिकांश जग्गा मोही/जोताहाका नाममा दर्ता भइसकेको निष्कर्ष निकालेको देखिन्छ। मन्त्रिपरिषद्ले ती जग्गा मोही/जोताहाका नाममा दर्ता हुन नसकी २०६४ सालपछि नेपाल ट्रस्टका नाममा कायम भएको दर्ता स्रेस्ता सच्याउनुपर्ने निष्कर्ष निकालेको थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले भूमिसुधार मन्त्रालयमा पठाएको पत्रमा भनिएको छ, 'आवश्यक छानबिन गरी दर्ता स्रेस्ता कायम गर्नुपर्ने देखिए (मोहीका नाममा) दर्ता स्रेस्ता कायम गर्ने भनी मन्त्रिपरिषद्को विधेयक समितिको निर्णय भएकाले सोहीअनुसार निर्णय कार्यान्वयन हुन आदेशानुसार अनुरोध छ।'

मन्त्रिपरिषद्को निर्णयपछि भूमिसुधार मन्त्रालयले विभाग हुँदै मालपोत कार्यालय कलंकीमा पत्र पठाएको थियो। तहगत निर्णयका क्रममा भूमिसुधार मन्त्रालयका तत्कालीन उपसचिव हुपेन्द्रमणि केसीसमेत संलग्न भएको कान्तिपुरलाई प्राप्त कागजातमा देखिन्छ। केसी ललिता निवास अनियमितता प्रकरणमा मुछिएका प्रमुख पात्रमध्येका एक हुन्। उनी अवकाशपछि लोकमानसिंह कार्की नेतृत्वकालमा अख्तियारमा भूमि विज्ञ बनेका थिए। 'काठमाडौं उपत्यकाका केही जग्गा अनियमिततामा उनको संलग्नता देखिन्छ,' भूमि व्यवस्था मन्त्रालय स्रोतले भन्यो, 'नेपाल ट्रस्टको जग्गामा समेत उनी संलग्न देखिएकाले भूमाफियाको मिलेमतोमा यो निर्णय भएको हुन सक्छ।' त्यतिबेला नेपाल ट्रस्टको कार्यालयलाई बोधार्थ पठाएको देखिए पनि उसले कुनै प्रतिक्रिया जनाएन।

सरकारले जग्गा जाँचबुझ गरेर दिनू भने पनि मालपोत कार्यालय कलंकीले मन्त्रिपरिषद्को निर्णय भन्दै सोझै 'मोही भनिएका व्यक्ति' का नाममा जग्गा दर्ता गरिदियो। त्यसबारे नेपाल ट्रस्टको कार्यालयले विवरण मागेकामा मालपोत कार्यालयले मोही भनिएका रामकुमारी उपाध्यायको नमुना पठाएको थियो। भूमि व्यवस्था मन्त्रालय स्रोतका अनुसार त्यस क्रममा अत्यन्त लापरबाही र बदनियतपूर्ण काम भएको भेटिन्छ।

मालपोत कार्यालय कलंकीले उपाध्यायका नाममा उठाएको टिप्पणीमा त्यतिबेलाको अवस्थामा 'मोहीका नाममा दर्ता भइसकेको जग्गा फेरि श्री ५ महाराजधिराजका नाममा दर्ता भएको' भन्ने उल्लेख छ। उक्त टिप्पणीमा मन्त्रिपरिषद्ले छानबिनपछि मात्रै निर्णय गर्ने भनेको व्यहोरा लुकाई मन्त्रिपरिषद्ले नै दर्ता गर्न निर्देशन दिएको भन्दै व्यक्तिका नाममा दर्ता गरिएको हो।

मोही भनिए पनि भूमिसुधार कार्यालयको अभिलेखमा '२ नम्बर अनुसूचीको व्यहोरा फेला नपरेको' उल्लेख छ। मोही भनिएका व्यक्तिले 'श्री ५ बडामहारानी माइलीलाई तिरो तिरी कमाइ खाई आएको' व्यहोरा लेखाएका छन्। कलंकी मालपोत कार्यालय स्रोतले भन्यो, 'यसरी ट्रस्टको सम्पत्ति मोही बनाइएका व्यक्तिका नाममा दर्ता गर्ने निर्णयमा २ नम्बर अनुसूची फेला नपरेको व्यहोरा उल्लेख छ।' नापीका क्रममा फिल्डमै गएर भरिने यो फारामविना मोहीको हक प्रमाणयुक्त हुँदैन।

**कसरी गलत ?**

नेपाल ट्रस्टको जग्गामा कोही पनि व्यक्तिको हकदावी नहुने कानुनी व्यवस्था छ। ऐनको दफा ४ को सम्पत्तिसम्बन्धी व्यवस्थाको उपदफा ३ मा भनिएको छ, 'ट्रस्टको सम्पत्तिउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हक वा दावी हुने छैन र त्यस्तो सम्पत्तिमा अंश वा अपुतालीसम्बन्धी कानुनबमोजिम कसैको हक वा दाबी सिर्जना हुने छैन।' भूमि व्यवस्था मन्त्रालय स्रोतका अनुसार ट्रस्टसम्बन्धी यो कानुनी व्यवस्था नहेरी अन्य भूमिसम्बन्धी ऐनको व्याख्या गरी मोहीका नाममा जग्गा वितरण गर्ने निर्णय गरिएको हो।

अधिवक्ता ज्ञानेन्द्र पोखरेलका अनुसार मोहियानी हकदाबी गर्ने प्रमुख आधार नै भूमिसुधार कार्यालयमा हुने अनुसूची २ अनुसारको फाराम हो। 'जोताहाको अस्थायी निस्सा र त्यो अनुसूची भिडेपछि बल्ल मोही रहेछ भन्ने पुष्टि हुन्छ,' भूमिसम्बन्धी कानुनका जानकार पोखरेलले भने, 'जसरी मालपोतको ढड्डामा नाम नहुन्जेल कसैलाई जग्गाधनी भन्न मिल्दैन, त्यसैगरी भूमिसुधार कार्यालयको अभिलेखमा अनुसूची २ मा नाम नहुँदा मोही भन्न मिल्दैन।' तर कलंकी मालपोत कार्यालयले अनुसूचीमै नाम नभएकालाई धमाधम नेपाल ट्रस्टको जग्गाको लालपुर्जा बाँडेको हो।

पूर्वराजकुमारी प्रेरणाको दाइजोसम्बन्धी मुद्दाको व्याख्याका क्रममा सर्वोच्च अदालतले तत्कालीन राजसंस्थाको सम्पत्तिलाई राष्ट्र हित प्रतिकूल कसैलाई व्यक्तिगत रूपमा दान गर्न वा हक हस्तान्तरण गर्न हक हुने भनी अर्थ लगाउन नमिल्ने नजिर प्रतिपादन गरेको छ। दुई वर्षअघिको यो नजिर आउनुअघि नै जग्गाको हक हस्तान्तरण गरिएको भनी अर्थ लगाइए पनि उक्त सम्पत्ति फिर्ता ल्याउन नजिर महत्त्वपूर्ण आधार हुने सरकारी वकिलहरू बताउँछन्। तत्कालीन राजा एवं राजपरिवारका सदस्यहरूको उपभोगका लागि उपलब्ध हुने सम्पत्तिको प्रबन्ध राज्यबाट हुने भन्दै सर्वोच्च अदालतले घरजग्गा र सम्पत्तिको स्रोत राष्ट्रिय स्रोत नै मान्नुपर्ने निर्क्योल गरेको थियो। त्यो आधारले हेर्ने हो भने मन्त्रिपरिषद्को निर्णयबाट बाँडिएको सरकारी जग्गामा मोही लाग्दैन। अधिवक्ता पोखरेल पनि सरकारीकरण भइसकेको जग्गामा मोही लाग्ने परिकल्पना भूमिसम्बन्धी कानुनमा नभएको बताउँछन्।

## 'मोहीले जग्गा पाउनुपर्छ'



बाबुराम भट्टराई

मैले त्यस्तो निर्णयलाई हेरेर नै प्रतिक्रिया दिनुपर्छ होला। सरकारी जग्गा व्यक्तिलाई दिने त प्रश्नै होइन। त्यतिबेला मन्त्रिपरिषद्मा हजारभन्दा बढी प्रस्ताव आएका होलान्। म बुझेर मात्रै भन्न सक्छु। हामीले मोहीलाई दिने निर्णय गरेको हो, फलानो व्यक्तिलाई भनेर किटेर दिने निर्णय गरेको होइन। हामी त मोहियानी हकका पक्षमा छौं। यहाँका राजा/महाराजाको जग्गा मोहीहरूले कमाइरहेका छन् तर उनीहरूको अधिकार छैन। स्वतः मोहीहरूको अधिकार हुनुपर्छ भन्ने त सैद्धान्तिक कुरा हो। तर विस्तृत रूपमा नहेरी केही भन्न सकिन्न। फलानो व्यक्ति किटेर व्यक्तिगत लाभ लिने हिसाबले मन्त्रिपरिषद्बाट केही गर्छु भन्ने त सपनामा पनि कल्पना गर्न सक्दिनँ। मेरो भनाइ प्रधानमन्त्री र प्रधानन्यायाधीशको पनि छानबिन गर्नुपर्छ र जनलोकपाल चाहिन्छ भन्ने पक्षमा हो सधैं। म आफैं छानबिन हुनुपर्छ भन्ने मान्छेका विषयमा किन खोजीखोतली भइरहेको छ, समयले बताउला।

## छोटकरी

**नेपाल र भट्टराईविरुद्ध रिट**

काठमाडौं (कास)– बालुवाटार जग्गा अनियमितता प्रकरणमा पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई मुद्दा चलाउनुपर्ने दाबी गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले मन्त्रिपरिषद्को नेतृत्व गरेकै कारण उनीहरूले उन्मुक्ति पाउन नहुने भन्दै रिट दर्ता गरेका हुन्। रिटमा उनीहरूमाथि छानबिन गरी भ्रष्टाचार मुद्दा दायर गर्न अख्तियारको नाममा आदेश जारी हुनुपर्ने माग गरिएको छ। यसैबीच भ्रष्टाचार मुद्दा लागेका जिल्ला न्यायाधीश विनोदकुमार गौतमले समेत आफूमाथि अख्तियारले मुद्दा चलाउन नसक्ने दाबी गर्दै सर्वोच्चमा रिट दर्ता गरेका छन्।

**डीआईजी श्रेष्ठ अस्पताल सुविधामै**

काठमाडौं (कास)– सेवा अवधिका आधारमा बुधबारबाट अवकाश पाएका डीआईजी राजेन्द्रमान श्रेष्ठको संवेदनशील स्वास्थ्य स्थितिका कारण प्रहरी अस्पतालले उपचारसहितको सेवासुविधा जारी राख्ने भएको छ। अढाई वर्षयता श्रेष्ठ मस्तिष्क सक्रियता स्थिर बनेको 'लक्ड इन सिन्ड्रोम' को स्थितिमा छन्। सेवा अवधिका आधारमा अवकाश पाए पनि अस्पतालले सुविधा दिने भएको श्रेष्ठकी श्रीमती आराधनाले बताइन्।

**भारतीय सहयोगमा गुल्मीमा क्याम्पस**

काठमाडौं (कास)– गुल्मीको चन्द्रकोट गाउँपालिकामा भारतको अनुदान सहयोगमा निर्मित चन्द्रकोट क्याम्पसको भवन सञ्चालनमा आएको छ। झन्डै ६ करोड रुपैयाँ अनुदान सहयोगमा निर्मित तीनतले भवनमा १२ कक्षाकोठा र कार्यालय तथा सबै तलामा छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालयको सुविधा छ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि. सं.
१९९३/०३/१६

स्वर्गारोहण
वि. सं.
२०७६/१०/१८

**स्व. अम्बुदेबी पोखरेल**

डेमोक्रयाटिक लयर्स एशोसिएशन, नेपालका सदस्य तथा नेपाल वार एशोसिएशन का पूर्व महासचिव सुनिल कुमार पोखरेलको ममतामयी आमा **अम्बुदेबी पोखरेल**को ८३ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै, यस दुखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दछौं।

- शेर बहादुर के सी, पूर्व अध्यक्ष, डि.एल.ए. नेपाल तथा निवर्तमान अध्यक्ष, नेपाल वार एशोसिएशन
- लिलामणी पौडेल, महासचिव, नेपाल वार एशोसिएशन
- खम्ब बहादुर खाती, निवर्तमान महासचिव, नेपाल वार एशोसिएशन
- योगेन्द्र बहादुर अधिकारी, अध्यक्ष, डि.एल.ए. नेपाल
- उपेन्द्र केशरी न्यौपाने, पूर्व अध्यक्ष, डि.एल.ए. नेपाल
- गोपाल कृष्ण घिमिरे, पूर्व अध्यक्ष, डि.एल.ए. नेपाल
- भरत प्रसाद खरेल, निवर्तमान अध्यक्ष, डि.एल.ए. नेपाल
- सुरेश कुमार पौडेल, वरिष्ठ उपाध्यक्ष, डि.एल.ए. नेपाल
- सुषमा बराल (बासकोटा), महिला उपाध्यक्ष, डि.एल.ए. नेपाल
- लक्ष्मीदेवी दाहाल रावल, महासचिव, डि.एल.ए. नेपाल
- मेघराज पोखरेल, निवर्तमान महासचिव, डि.एल.ए. नेपाल
- राजु कटुवाल, उपाध्यक्ष, बाग्मती प्रदेश, डि.एल.ए. नेपाल
- खड्ग बहादुर बुढाथोकी (सुवास), सचिव, डि.एल.ए. नेपाल
- बिष्णु बस्याल, सचिव, डि.एल.ए. नेपाल
- सुधा खतिवडा, कोषाध्यक्ष, डि.एल.ए. नेपाल
- शर्मिला थापा बिष्ट, केन्द्रिय सदस्य, डि.एल.ए. नेपाल
- दिब्यराज घिमिरे, केन्द्रिय सदस्य, डि.एल.ए. नेपाल

तथा नेपाल डेमोक्रयाटिक लयर्स एशोसिएशन परिवार

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९० असार १५

स्वर्गारोहण
२०७६ माघ १८

**स्व. मुक्तिनाथ ढकाल**

यस हाम्रो आत्मनिर्भर बचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालक समितिका सदस्य श्री कृष्णप्रसाद ढकालज्यूका प्रातस्मरणीय पिता **श्री मुक्तिनाथ ढकाल**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

हाम्रो आत्मनिर्भर बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पुतलीसडक–२९, काठमाडौं। फोन : ०१–४०१०५६५, ४०१०५६६

# पूरा भएनन् वाचाहरू...

प्रधानमन्त्री ओलीले सुरुवातदेखि नै उठाउँदै आएको रेल, पानी जहाजका ठूला योजनाहरू पनि घोषणापत्रमा थिए। दुई वर्षमा पानीजहाज कार्यालय खुल्यो तर कार्यालयका कर्मचारीले काम पाएका छैनन्। पाँच वर्ष र १० वर्षभित्र सक्नुपर्ने कामको जग पनि यही दुई वर्षमा तयार हुनुपर्थ्यो।

'घोषणापत्र नै अन्योलग्रस्त जस्तो थियो। त्यसमा समाजवाद र पुँजीवादमा पुग्ने दुवै खालका कुरा थिए,' विश्लेषक खगेन्द्र प्रसाईंले भने, 'जे भनियो त्योभन्दा अन्य काम गर्ने खालको शैली देखिएको छ।' उनी चुनावी घोषणा र ओली सरकारको काममा सन्तुलन नमिलेको बताउँछन्। मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखिएको उनको भनाइ छ।

घोषणापत्र निर्माणमा संलग्न नेकपाका नेताहरू भने सरकारको कार्यप्रगतिलाई समयसीमाभित्र बाँधेर हेर्न नहुने बताउँछन्। 'सरकारको समग्र काम वाम घोषणापत्रकै सेरोफेरोमा हिँडेको छ,' नेकपा स्थायी कमिटी सदस्य देव गुरुङले भने, 'जनताको आकांक्षाअनुसार चाहिँ अझै हिँड्न सकिएको छैन।' चुनावमा जाँदा उच्च लक्ष्य राख्नैपर्ने भएकाले कतिपय विषय घोषणापत्रमा आएको उनको भनाइ छ। 'तर व्यावहारिक रूपमा कार्यान्वयन गर्न कहिलेकाहीं समस्या हुन्छ, त्यसैले समयसीमाभित्रै केही काम पूरा हुन समस्या भएको हो,' उनले भने।

घोषणापत्रअनुसार सरकारले अपेक्षित काम गर्न नसक्नुलाई सत्तारूढ दलका नेताहरू संघीयता कार्यान्वयनसँग जोडेर टिप्पणी गर्छन्। यी दुई वर्षमा नयाँ खालका तीन तहको शासकीय स्वरूपलाई वैधानिक रूपमा खडा गर्ने काममा सरकारको बढ्ता जोडबल परेको उनीहरूको तर्क छ। 'संघीयता लागू गर्नुपर्दाको जटिलता कति हुन्छ भन्ने ख्याल नगरी घोषणापत्र ल्याइयो,' अर्थ राजनीतिका जानकार नेकपा नेता विजय पौडेलले भने, 'घोषणापत्र अलिक महत्त्वाकांक्षी भए पनि दुई वर्षको काम ठिकै ढंगले अघि बढेको छ।' उनका अनुसार दुई वर्षमा संघीयतासँग जोडिएका कानुन निर्माणमा सरकारको बढ्ता ध्यान गयो। 'प्रदेशको गुनासो रहँदारहँदै पनि वैधानिक रूपमा प्रदेशहरूलाई टिकाउने काममा सरकार लाग्यो। यसलाई सकारात्मक रूपमा लिनुपर्छ,' उनले भने।

सत्तारूढ दलभित्रको आन्तरिक किचलो, प्रधानमन्त्रीले मन्त्रीहरूमाथि लगाएको लगाम र कर्मचारीतन्त्रको असहयोग सरकारको अपेक्षित प्रगतिमा बाधक बनेको पनि सत्तारूढ दलका नेताहरूको तर्क छ। तर यो तर्कसँग विश्लेषक प्रसाईंको भने विमति छ। 'संघीयता व्यवस्थापनमा सरकारको ऊर्जा खपत गर्नुपर्ने भएकाले सरकारले सोचेजस्तो काम गर्न सकेन भनेर उम्किन मिल्दैन,' विश्लेषक प्रसाईंले भने, 'चुनावमा जाँदा राजनीतिक स्थिरतासहित आर्थिक विकासमा तीव्र गतिमा अघि बढ्ने प्रतिबद्धता गरेकाले अन्य कुनै तर्कका कारणबाट पन्छिन मिल्दैन।'

## बर्गिकृत डिस्प्ले

EUROPE (Croatia) Visa (free apply) CANADA Visa for staff nurse/Other free apply. Student Care Foundation. Contact 9863383884, 9815151535

चितवनको आकर्षक जग्गा बिक्रीमा। चितवनको कालिका नगरपालिकामा ५.५ कठ्ठा जग्गा बिक्रीमा। मुल्य एकमुष्ट १ करोड ४० लाख। ९८५११५४५०७

जग्गा बिक्रीमा। धापासी हाईटको २७ फिटे पिचबाटोमा ४५ फुट मोहडा भएको १० आना जग्गा तुरुन्त बिक्रीमा। प्रतिआना ४० लाख। सम्पर्क:- दलालले कष्ट नगर्नुहोला। 9851067692

OFFICE SPACE FOR RENT AVAILABLE (800 to 3000 sq. ft.) Big Parking Space, Lift, Generator, Security available. Location : Radha Bhawan Tripureshwor, Kathmandu. Contact : 98511 12376

जग्गा बिक्रीमा। महाराजगंज चक्रपथ सल्लाघारी, वेलनेश हस्पिटल सँगै मेनरोडबाट २–कित्ता भित्र १२–फिटे बाटोमा ०–१४–१–० जग्गा बिक्रीमा। सम्पर्क: 9803561317

जग्गा बिक्रीमा। चुन्देवी, गोकुल पाटी दहचोक नजिक ३/३ आनाको आकर्षक घडेरीहरु बिक्रीमा मूल्य प्रति घडेरी रु.४८ लाख देखी रु.५५ लाख सम्म तुरुन्त पास गर्न सक्नेले मात्र सम्पर्क गर्नुहोला। सम्पर्क : 9840649506

खानीको ढुङ्गा बिक्रीमा। धादिङ्ग जिल्ला, सातघुम्ती राम्चेको ढुङ्गा चाहिएमा सम्पर्क गर्नुहोला। (रिटेलिङ्ग वाल लगाउन उपयुक्त ढुङ्गा) ९८४१०९१२७७, ९८१८०१३४०१, ९८१८९९४२००

भाडामा। खुशिबुँ लिङक रोड नयाँबजार मेन बाटोमा पार्किङ्ग प्रसस्त भएको बैंक, अफिस, सोरुम लाई सटर भाडामा। सम्पर्क : 9851059785, 9841373417

आकर्षक घर विक्रिमा। बुढानिलकण्ठ सिद्दार्थ कोलोनी नजिकै ५.५ आना जग्गामा बनेको ४ बेडरुम ६ वाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न रोज भिल्लाको केहि घरहरु विक्रिमा। ९८४३०३६४६५ बिकाश जी

कर्मचारी तु आवश्यकता। कालिमाटी १३ स्थित एक प्रतिष्ठित सहकारीको लागि
- कार्यकारी प्रमुख १ जना
- लोन मेनेजर २ जना

रेष्टुरेण्ट तथा पार्टिप्यालेसको लागी
- मेनेजर १ जना
- किचेन सेफ ३ जना
- कुक ५ जना
- कुक हेल्पर ५ जना
- डिस वासर ४ जना
- कस्टुमर केयर लेडिज–२ (रेष्टुरेण्टको लागि)

सम्पर्क नं: ०१४२७३७५७ Email id : f10sccl@gmail.com

के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ? सुरक्षित वैदेशिक रोजगारका लागि नि:शुल्क परामर्श/जानकारी लिन तलको फोनमा मिस्कल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस्। साथै हाम्रो SaFE एप Google playstore मा गएर Safe foreign employment लेखेर खोजी नि:शुल्क download गर्नुसक्नुहुन्छ। www.fb.com/SAFE.THN नोट: हामी म्यानपावर कम्पनी चाही होइनौं। ९८०३८८८४२४

नेपाल सरकारबाट मान्यता प्राप्त। ४१ कर्मचारीहरु अर्जेन्ट। काम: अफिसभित्रै। No interview, 100% Job। योग्यता: Test, SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने। सुविधा:- गाडीभाडा:-१००। खाजा:-१००। काम: कम्प्यूटर/उत्पादन सेक्टर। तलब: Parttime: 27,500/- Fulltime: 48,500/-। समय: 12 to 4PM/9 to 5PM। जोरपाटीचोक बराल पेट्रोलपम्प नजिकै। 9823032655, 9840089976

यौन शक्ति। यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्वलताहरुको लागि विश्वस्तरीय हर्वल सप्लिमेन्ट। जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन। हाईट बढाउन। कपाल झर्न रोकी पुन: उमार्न। चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन। महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने। मोटोपना बढाउन/घटाउन। हिपथाई बढाउन/घटाउन। स्तन बढाउन/घटाउन/टाईट पार्न। नेपालभरी फ्रि–होम डेलिभरी। Global Fitness Shop 9851057631, 014461711, 9803464971, 9851057632 चावहिल (मेडिकेयर अगाडी) Not For Medicinal Use

३३ कर्मचारी अर्जेन्ट। काम: अफिसभित्रै। No Interview, 100% Job। योग्यता: Test, SEE, +2 above देखि साधारण लेखपढ भएनभएका जोकोहीले पनि गर्न सकिने। तलब: 18,500/-देखि 23,500/-सम्म। सुविधा: (खाजा खर्च १०० बसभाडा १००)। समय: 9:00 AM- 5:00 PM। Parttime/Fulltime पनिगर्न मिल्ने। क.नि. शर्त लागु हुनेछ। ग्वार्कोचोकमा 9808728580, 9846599866, 01-6224646। मार्केटिङ्ग अनलाईन जब होइन १६ वर्षमाथि जसलेनि गर्न मिल्ने।

स्टक सेल। घर बनाउँदै हुनुहुन्छ ? धाराहरु, कमोड, टायल, किचन सिङ्क, स्टिम, ज्याकुजी आदी चाहिएमा सम्पर्क गर्नुहोला। मैनाली बिजनेश कन्सर्न प्रा.लि. वालुवाटार–४, काठमाडौं। ९८५११८४७०१, ९८५११८४७०२, ०१–४४४५९७०, ०१–४४३६५३३, ०१–६२०००९०

त्रिशुली नदीको ढुंगा, गिट्टी वालुवा चाहिएमा। सम्पर्क : 98018-20504, 98011-81369, 98067-19035

११ कर्मचारीहरु अर्जेन्ट। काम: गार्ड, कल सेन्टर, उत्पादन सेन्टर। Home Based (घरैमा बसेर गरिने)। No Interview, 100% Job। योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने। सुबिधा: गाडीभाडा: १००।– खाजा: १००।–। तलब: 15,500-45,500/-। समय: 9-AM to 5-PM। गौशाला, जयबागेश्वरी, जयबागेश्वरी मन्दिर अगाडी। 9823124738, 9840273483। नोट: महिला, पुरुष, विद्यार्थीलाई विशेष प्राथमिकता

फ्रि-होम डेलिभरी। यौन-शक्ति। यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु। जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन। चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन। STEP-UP हाईट बढाउन। महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न। मोटोपना घटाउन-बढाउन। SEX-TOYS पनि पाईन्छ। कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber। ★हेलो शप नेपाल★ कोटेश्वर City-Tower 9808650895, 9868200286। Note: This Is Food Supplement Products, Not For Medicinal Use

WANTED

| | |
|---|---|
| Lower Secondary English Teacher | 1 |
| Primary Science Teacher | 1 |

(Apply within 7 days of publication) Boudha, Ktm. Contact 9849236390/9841497397

लगानी चाहियो। काठमाण्डुको प्राइम लोकेशनमा व्यवसाय चल्दै गरेको कम्पनीको लागि चल अचल सम्पत्ति बाट लगानी गर्न मिल्ने। सम्पर्क: ९८०८१७८५५५ ktmnepal015@gmail.com

५१ कर्मचारी अर्जेन्ट। Direct Job, No Selection। इच्छुक हुँदा काम सिधै आजैबाट गर्नसकिने। योग्यता: पढेनपढेका देखि Test/SEE+2 Above महिलापुरुष विधार्थीगृहिणी १६देखि६०वर्षसम्मका जोकोहीले गर्नमिल्ने। तलब: 21500/- - 37500/-। समय: 12am to 4pm / 9am to 5 pm। सुविधा: खाजाबसभाडा रु२०० दिनको। Part/Fulltime पनिगर्न मिल्ने। क.शर्त लागु। गोपीकृष्ण 9810342257 01-4820559 9849159679 Craft S S Nepal गोपीकृष्णहल नजिकै। नोट: भरपदो र दिगो कामको लागि सम्झिनै पर्ने, दक्षता क्षमता र योग्यतामा वृधि।



मुक्तिनाथ मनकामना दर्शन टुर। जान आउन आराम दाइ गाडी बाट सेवा उपलब्ध छ। मानसरोवर ट्राभल्स एण्ड टुर्स प्रा.लि. नयाँबसपार्क, काठमाण्डौ। 9851051659, 9856034631, 01-4353998, 4365807

जग्गाविक्रिमा। हेटौडा कमाने वडा नं.७ तासिर वोडिङ्ग स्कुलको छेउमा आर्कषक एककठ्ठा जग्गा सुपथ मुल्यमा विक्रिमा। 9845668375, 9808207244

आवश्यकता। सैलुनमा २ जना कर्मचारी (हजाम) को आवश्यकता भएको हुँदा ईच्छुक ब्यक्तिहरुले तु.सम्पर्क गर्नुहोला। एम पी सैलुन गुह्यश्वरी-८, पशुपति गैरिघाट चोक। 9851248160, 9851073796

बेकरी लाइन बिक्रीमा। Rotary Oven 34 tray, Proofer/Steamer, Dough Sheeter, Cake Mixer 60ltr, Spiral Mixer 25kg, Tabletop Slicer, Bread Boxes etc. Call: 9803372027, Ktm

तु. बिक्रीमा। पोखरा लेकसाईड स्थित बाराही चोकमा अवस्थित करिब ४ हजार स्वाक्यर फिटमा चालु अबस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणवश तुरुन्त बिक्रीमा छ। इच्छुक लगानीकर्ताहरुले सम्पर्क गर्नुहुन अनुरोध छ। सम्पर्क : ९८५१०३०५३२

complete crusher solution



propel Engineering Excellence. Contact: 98023-11689, 98023-11693

झापा जिल्लामा कक्षा ८ सम्म संचालित विद्यालयको लागि Active Partner चाहियो। 9860327470, 9808153751

नेपाल सरकारबाट मान्यता प्राप्त। ८५ कर्मचारीहरु अर्जेन्ट। काम: अफिसभित्रै। No interview, 100% Job। योग्यता: Test, SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने। सुविधा:- गाडीभाडा:-१००। खाजा:-१००। काम: कम्प्यूटर/उत्पादन सेक्टर। तलब: Parttime: 24,500/- Fulltime: 48,500/-। समय: 12 to 4PM/9 to 5PM। चावहिलचोक इजिलिंक नेपाल प्रा.लि. 9803434644, 014483414, 9866446837

विक्रीमा। होलसेल मूल्यमा टायल, कमोड, बेसिन विक्रीमा। सम्पर्क : बिहान १० देखि बेलुका ६ बजे सम्म (फ्रि होम डेलिभरीको व्यवस्था छ)। फोन : ५९०७७६८ मोवाइल : ९८०१२०३९०४

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*



घर बिक्रिमा



गाडि बिक्रिमा





जग्गा बिक्रिमा

* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

# खेलकुद

ekantipur.com




## च्याम्पियन

नेपालयले दोस्रो लिबर्टी कप अन्तरस्कुल फुटबलमा गर्ल्स र ब्वाइज दुवैतर्फ उपाधि जितेको छ । फाइनलमा नेपालयले ब्वाइजतर्फ भेनस पब्लिकलाई २-१ ले र गर्ल्सतर्फ गोकर्ण लाइटलाई १-० ले हरायो ।

# १०४ बलमैं खेलको छिनोफानो

### ‘गुड आफ्टर नून भन्न नपाउँदै सकियो खेल सकियो’

■ **विनोद पाण्डे** (काठमाडौं)

कीर्तिपुरस्थित त्रिवि मैदानको ओसिलो पिच बुधबार सुक्न भ्याइसकेको थिएन । टिकट काटिसकेका दर्शकहरू मैदान छिर्न दौडादौड गरिरहेकै थिए । तर क्रिकेट विश्वकप लिग २ मा घरेलु टोली नेपाल र अमेरिकाबीचको अन्तिम खेल १०४ बलमै छिनोफानो भइसकेको थियो । उद्घोषकले भनेजस्तै ‘गुड आफ्टर नून’ भन्न नपाउँदै खेल सकिएको थियो ।

नेपालले अमेरिकालाई ३५ रनमै समेट्दै जित प्राप्त गर्दा थुप्रै कीर्तिमानलाई स्थापित गराइदियो । नेपाल आएर खेल्नुअघि अमेरिका ६ जितसाथ क्रिकेट विश्वकप लिग २ को शीर्षस्थानमा थियो । नेपालले प्रतियोगिताको तीनवर्षे यात्रा सुरु गरेकै थिएन । त्यही अमेरिकालाई एकदिवसीय अन्तर्राष्ट्रियको न्यून स्कोरमा समेट्दै नेपालले कीर्तिमानी जित हात पारेको हो ।

नेपालले टस जितेपछि ब्याटिङमा आएको अमेरिका १२ ओभरमा ३५ रनमै अलआउट भयो । नेपालले अमेरिकालाई एकदिवसीय अन्तर्राष्ट्रियकै न्यून स्कोरमा समेटिदियो । श्रीलंकाले सन् २००४ मा जिम्बावेलाई हरारेमा ३५ रनमै अलआउट गरेको थियो । त्यही न्यून स्कोरको नकारात्मक कीर्तिमान अमेरिकाले बराबरी गऱ्यो ।

नेपालले अझ अमेरिकालाई एकदिवसीय अन्तर्राष्ट्रियमा सबैभन्दा कम बल खेल्ने कीर्तिमानमा पनि स्थापित गरिदियो । अमेरिकाले एकदिवसीयमा सबैभन्दा कम बलको सामना गरेको कीर्तिमान पनि बनाएको हो । जिम्बावे सन् २०१७ मा अफगानिस्तानसँग ५४ रनमा अलआउट हुँदा १३.५ ओभर खेलेको थियो । अमेरिका नेपालसँग त्योभन्दा ११ बल कम खेल्दै अलआउट भएको हो ।

नेपालले ५.२ ओभरमै विजय लक्ष्य पूरा गऱ्यो । अर्थात् ६ सय बलको खेल केबल १०४ बलमै सकिएको थियो । बिहान साढे ९ बजे सुरु खेल ११ बजेर ९ मिनेटमा सकिसकेको थियो । कमेन्टेटर सचिन तिमल्सेना पुरस्कार वितरण समारोहमा भन्दै थिए, ‘गुड आफ्टर नून पनि भन्न नपाई सकिएको यस खेलको पुरस्कार वितरण समारोहमा यहाँहरूलाई स्वागत छ ।’ अमेरिकाका प्रशिक्षक जिम्मी पेमेन्टले ‘यस्तो हारमा विकेट कन्डिसनलाई दोष लगाउन नमिल्ने’ भन्दै आफ्नो टोलीले लज्जास्पद प्रदर्शन गरेको जनाए ।




अमेरिकाको विकेट लिएपछि नेपालका सुसन भारी (बायाँ) । तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

यसअघि सन्दीप लामिछानेले ६ र सुसन भारीले ४ विकेट लिएपछि अमेरिका तहसनहस भएको हो । सन्दीपले ६ ओभरमा एक मेडन राख्दै ६ रन खर्चेर एकदिवसीय क्रिकेटमा नेपाली बलरको सर्वोत्कृष्ट प्रदर्शन गरे । सोमपाल कामीले गत वर्ष दुबईमा यूएईविरुद्ध ३३ रन खर्चेर ५ विकेट लिनु नेपाली बलरले यसअघि एकदिवसीयमा ५ विकेट लिएको कीर्तिमान हो । सुसन भारीले ३ ओभरमा १ मेडन राख्दै ५ रन खर्चेर ४ विकेट लिए, जुन नेपालको एकदिवसीय अन्तर्राष्ट्रियमा तेस्रो उत्कृष्ट बलिङ प्रदर्शन हो । अमेरिकाबाट जेभियर मार्सलले २२ बल खेली २ चौकासहित १६ रन बनाए । अन्य कुनै खेलाडीले ५ रन पनि बनाउन सकेनन् । पारस खड्काले १२ बलमा ३ चौका र १ छक्का प्रहार गरी २० तथा दीपेन्द्रसिंह ऐरीले ११ बलमा २ चौका र १ छक्का प्रहार गर्दै अविजित १५ रन बनाएपछि नेपालले सजिलै विजय लक्ष्य पछ्यायो । नेपालले एकदिवसीय अन्तर्राष्ट्रियमा तेस्रो चाडो लक्ष्य पछ्याउने कीर्तिमान बनाएको हो । यसअघि श्रीलंकाले जिम्बावेलाई २००१ मा कोलम्बोमा र श्रीलंकाले नै क्यानडालाई २००३ मा पराजित गर्दा विजय लक्ष्य क्रमश: ४.२ र ४.४ ओभरमा पूरा गरेको थियो ।

कीर्तिमानी विजयका बाबजुद नेपाली ओपनिङ ब्याटिङ समस्या यथावत् नै रह्यो । ओपनरद्वय कप्तान ज्ञानेन्द्र मल्ल १ र सुवास खकुरेल शून्यमा आउट भए । यही कमजोरीमा यस त्रिकोणात्मक शृंखलामा नेपालले ओमानसँगको दुई खेलमा हार भोगेको थियो । लिग २ मा शीर्षस्थानमा रहेर शृंखला सुरु गरेको अमेरिका सबै ४ खेलमा पराजित भयो । नेपालले अमेरिकासँगको दुवै खेल जित्यो । ओमान सबै चार खेल जित्दै लिग २ को शीर्षस्थानमा पनि पुगेको छ ।

ज्ञानेन्द्रले सोचेभन्दा राम्रो र चाँडो खेल जित्न सकिएको बताए । ‘यस शृंखलाको अन्तिम खेल भएकाले हामी जितसाथ नै अन्त्य गर्न चाहन्थ्यौं, जसरी हाम्रो बलिङको सुरुआत भयो, जसरी सन्दीप र सुसनले बलिङ गरे, त्यसले हामीलाई सोचेभन्दा पनि राम्रो र चाँडो नतिजा दियो,’ ज्ञानेन्द्रले भने, ‘ब्याटिङ गर्दा सजिलो जित हात पाऱ्यौं । हामीले यो शृंखलाबाट धेरै सिक्ने विषय पाएका छौं । नयाँ खेलाडीहरूको भएको देख्यौं । एकदिवसीय अन्तर्राष्ट्रियको यो सर्कलमा हामीले अझ गृहकार्य गर्न बाँकी छ । अमेरिका जस्तो टोलीलाई हराएकाले अझ राम्रो गर्न सकिन्छ ।’

सन् २०२३ को विश्वकप छनोटको आधार रहेको यस प्रतियोगितामा सहभागी ७ राष्ट्रले ३ वर्षभित्र समान ३६ खेल खेल्नेछन् । त्यसबाट शीर्ष ३ टोली विश्वकप छनोटमा पुग्नेछन् । नेपालले घरेलु मैदानमा पहिलो लिग २ आयोजना गर्दै एकदिवसीय अन्तर्राष्ट्रिय घरेलु मैदानमा खेलेको हो । नेपाल लिग २ को बाँकी त्रिकोणात्मक शृंखलाका लागि नामिबिया, स्कटल्यान्ड, पपुवा न्युगिनी र यूएई भ्रमणमा जानेछ । त्यस्तै २०२१ को फेब्रुअरीमा नेपालले यूएई र पपुवा न्युगिनी तथा नोभेम्बरमा नामिबिया र स्कटल्यान्डसँग घरेलु मैदानमा खेल्नेछ ।

‘सबै हिसाबमा हामी निराश छौं र हामीले आफ्नो स्तरअनुरूप खेल्न सकेनौं । प्राविधिक पक्ष एउटा कारण हुन सक्ला र हाम्रो टोलीमा अरू धेरै समस्या पनि छन्,’ अमेरिकाका कप्तान गौरव नेत्राभाल्करले भने, ‘यस्तो विकेटमा टस जितेको म पनि बलिङ नै गर्थें होला । तर यसो भनेर नेपाललाई यसको श्रेय नदिइरहन सकिन्न । उनीहरूले सही स्थानमा बल फालेका थिए । दुई बलर (सन्दीप र सुसन) ले ड्रिम स्पेल बलिङ गरे । हामीसँग हारको अरू कारण छैन, हामी निराश छौं ।’

## प्रेरणा विजयी

पोखरा (कास)- आईटीएफ विश्व वरीयता जुनियर यू-१८ टेनिस प्रतियोगितामा नेपालका प्रेरणा कोइराला र अभिलाषा विष्ट बुधबार विजयी भएका छन् । प्रेरणाले पोखरा रंगशालास्थित टेनिस कोर्टमा जापानकी केइदे हातनोलाई ६-१, ६-२ को सोझो सेटमा हराइन् । अभिलाषाले लगातार जितलाई निरन्तरता दिने क्रममा भारतीय मिली चुगलाई सोझै सेटमा पन्छाइन् । उनले ६-३, ६-२ को सेटमा जित पाइन् । सलोनी तामाङले हङकङकी एरिका कामना हागीको चुनौती पन्छाउने क्रममा ६-२, ६-३ को सेटमा नतिजा निकालिन् । जापानकी आइका नागासावाले भारतीय रिया उबोभेजालाई ६-३, ६-४ को सेटमा पराजित गरिन् । चिनियाँ हुवाई चाङले भारतकी हर्दिया साहलाई ६-२, ४-६, ६-४ को सेटमा हराइन् । चीनकी सुहाङ लियाङले मलेसियन हुई इल सुलाई ७-५, ७-५ को सेटमा पराजित गरिन् । भारतीय गार्गी परवरले नेपालकी सिवाङ्गी श्रेष्ठलाई ६-०, ६-१ को सेटले हराइन् । पुरुष डबल्सतर्फ नेपालका सम्यक वज्राचार्य र आर्यन गिरी पराजित भए ।

## हिसान खेलकुद सुरु

काठमाडौं (कास)- साइपाल एकेडेमी पाँचौं हिसान उपत्यकाव्यापी खेलकुद सप्ताहअन्तर्गत गर्ल्स बास्केटबलमा बुधबार सेमिफाइनल पुगेको छ । सात टिम सहभागी नकआउट प्रतिस्पर्धामा साइपालले गोल्डेनगेटलाई ४९-२१ स्कोरले हरायो । साइपालकी प्रविना गुरुङले १७ स्कोर गरिन् ।

बास्केटबलकै ब्वाइजमा काष्ठमण्डप, आइन्स्टाइन, जेभियर र गोल्डेनगेट विजयी भए । ब्वाइजमा १९ टिमले भाग लिएका छन् । भलिबलमा दोहोरो जित निकाल्दै प्रिसियस क्वाटरफाइनल पुगेको छ । प्रिसियसले रिभेरा र ह्वाइटफिल्डलाई सोझो सेटमा हरायो । जया मल्टिपल र टाइम्स पनि विजयी भए ।

# एपीएफ सातौंपल्ट च्याम्पियन




ढोरपाटन डबल लिग महिला भलिबल च्याम्पियन एपीएफ क्लब । सर्वोत्कृष्ट खेलाडी आर्मीकी सफिया पुन (तल) । तस्बिर : कान्तिपुर

काठमाडौं (कास)- नेपाल एपीएफ क्लबले बुधबार १५ औं ढोरपाटन महिला डबल लिग भलिबल प्रतियोगिताको उपाधि जितेको छ ।

डबल राउन्ड रोबिनको लिगको अन्तिम खेलमा विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिस क्लबलाई सोझो सेटमा पराजित गर्दै एपीएफले अपराजित रहेर उपाधि रक्षा गरेको हो । एपीएफ २५-२१, २५-२१, २५-१९ ले विजयी भयो । एपीएफले लगातार तेस्रोपल्ट च्याम्पियन हुँदै रनिङ सिल्ड कब्जा गरेको छ । ढोरपाटन लिगमा समग्रमा एपीएफ सातौंपल्ट च्याम्पियन भयो । एपीएफपछि पोखराको ज्ञानुबाबा स्कुलले ५ पटक ढोरपाटन लिग जितेको छ । पुलिस र रिड मोडल एकपल्ट च्याम्पियन भएका छन् ।

१४ खेलपछि अपराजित एपीएफले ४१ अंक जोड्यो । उति नै खेलबाट ३७ अंक जोडेको पुलिसले दोस्रो स्थानमा चित्त बुझायो ।

तेस्रो भइसकेको त्रिभुवन आर्मी क्लबले न्यु डायमन्ड स्पोर्ट्स क्लबलाई २५-२१, २५-१४, २५-१४ को सोझो सेटमा हरायो । विजेता एपीएफले ४ लाख ५ हजार, पुलिसले २ लाख ५ हजार तथा तेस्रो भएको आर्मीले १ लाख ५ हजार रुपैयाँ पुरस्कार पाए । चौथोदेखि छैटौंसम्मल भएका डायमन्डले ७५ हजार, चितवनले ५५ हजार र बुलबुले राराले ३५ हजार पाए । आर्मीकी सफिया पुन सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । पुलिसकी उषा भण्डारी उदीयमान खेलाडी चुनिइन् । डायमन्डकी सलिना श्रेष्ठ वर्ष खेलाडी तथा एपीएफकी कप्तान विनिता बुढाथोकीले ग्रेट एचिभमेन्ट अवार्ड प्राप्त गरिन् । उनीहरू सबैले युएम स्कुटर हात पारे । यस्तै लक्की ‘ड्र’ बाट चितवनका अनिल बुढाथोकीले भाग्यशाली दर्शक बन्दै एक थान मोटरसाइकल हात पारे ।




व्यक्तिगत विधातर्फ एपिएफकी सरस्वती चौधरी उत्कृष्ट स्पाइकर, न्यु डायमन्डकी अरुणा शाही उत्कृष्ट सेटर, आर्मीकी सुनीता खड्का उत्कृष्ट ब्लकर, पुलिसकी मनीषा चौधरी उत्कृष्ट सर्भर, सोही क्लबकी शान्तिकला तामाङ उत्कृष्ट डिफेन्स घोषित भइन् । एपीएफका महेश चौधरी उत्कृष्ट प्रशिक्षक घोषित भए । उत्कृष्टले समान ७ हजार रुपैयाँ प्राप्त गरे ।










# लक्ष्यभित्र जावलाखेल



सहिद स्मारक लिग फुटबलमा बुधबार जावलाखेल युथ र हिमालयन शेर्पाका खेलाडी बल नियन्त्रण प्रयासमा । तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

■ **कुशल तिमल्सिना** (काठमाडौं)

सानदार पुनरागमनसहित हिमालयन शेर्पा क्लबसँग ३-३ को बराबरी खेलेपछि जावलाखेल युथ क्लबले कतार एयरवेज सहिद स्मारक 'ए' डिभिजन लिगमा शीर्ष ६ स्थान सुरक्षित गरेको छ । लिगको शीर्ष ६ मा पर्नु भनेको प्रदेश लिगका टोलीसम्मिलित राष्ट्रिय लिग खेल्न पाउनु हो ।

बुधबार एन्फा मैदान सातदोबाटोमा धेरै उतारचढावबीच खेल बराबरीमा सकियो । पहिलो हाफको ३५ औं मिनेटमै गोलरक्षक अरुण ब्लोनले रातो कार्ड पाएपछि १० खेलाडीमा झरेको जावलाखेल त्यति बेलासम्म २-० ले पछि परिसकेको थियो । पहिलो हाफको इन्ज्युरी समयमा दुवै टिमले १-१ गोल गर्दा दोस्रो हाफ सुरु हुनुअघि शेर्पाको अग्रता ३-१ को रह्यो ।

जावलाखेलले दोस्रो हाफमा २५ मिनेटभित्र सानदार प्रदर्शन गर्दै २ गोल थप्यो । ६७ औं मिनेटमा शेर्पाका डिफेन्डर नीरज बस्नेत दोहोरो पहेंलो कार्ड पाउँदै मैदान बाहिरिएपछि दुवै टोली १० खेलाडीमा समेटिएको थियो । बाँकी २५ मिनेट दुवैले १० खेलाडीमा खेले । 'आज हामीलाई बराबरी नै पर्याप्त थियो । शेर्पाविरुद्ध जित निकाल्ने चक्करमा हाम्रा खेलाडी अगाडि बढेर खेले । त्यसको सजाय हामीले पहिलो हाफमा लगातार गोल खायौं,' आफ्ना गोलरक्षकको बचाउ गर्दै जावलाखेलका प्रशिक्षक नरेश थापाले भने, 'अरुण (ब्लोन) ले जानाजान हातले बल छोएको थिएन । तर रेफ्रीले उसलाई रातो कार्ड देखाइदियो । यस्तै घटना अन्य खेलमा पनि भएको थियो तर त्यति बेला पहेंलो कार्ड देखाइएको थियो । किन यस्तो भएको थाहा भएन ।'

मनाङ मर्स्याङदीसँगको अन्तिम खेल खेल्न बाँकी जावलाखेलले १२ खेलबाट १९ अंक बटुलेको छ । लिगको शीर्ष ६ मा स्थान सुरक्षित गर्ने जावलाखेल पाँचौं टिम हो । बाँकी एक स्थानलाई नेपाल पुलिस अगाडि छ । पुलिससँग १७ अंक छ । आफ्नो अन्तिम खेलमा पुलिसले बिहीबार फ्रेन्ड्ससँग खेल्नेछ । एनआरटी, संकटा र च्यासल युथको समान १५ अंक छ । उनीहरूले अन्तिम खेलमा क्रमश: हिमालयन शेर्पा, सरस्वती र थ्रीस्टारसँग खेल्दैछन् ।

'हामीले सुरुदेखि नै शीर्ष ६ को लक्ष्य लिएका हौं र यसका लागि धेरै मिहिनेत गरेका थियौं,' जावलाखेलका पूर्व डिफेन्डरसमेत रहेका प्रशिक्षक थापाले भने, 'सुरुका ६ खेल हारेका थिएनौं । त्यसपछि लगातार २ खेलमा पराजित हुँदा खेलाडीको मनोबल केही खस्कियो । यो लिगमा हामीले रक्षात्मक टिम बनाएका थियौं ।'

हिमालयन शेर्पाले पनि शीर्ष ६ लाई नै आफ्नो लक्ष्य बनाएको थियो । तर रेलिगेसनबाट जोगिन धौ-धौ परेको शेर्पालाई सनसनीपूर्ण खेलमा सरस्वती क्लबसँग हार बेहोरेपछि गाह्रो भयो । हिमालयनका प्रशिक्षक सन्जीव बुढाथोकीले टिममा 'खेल अनुशासन' को समस्या औंल्याए । 'हामी लगातार आफ्नै कारणले हारेका छौं । आजकै खेलमा पनि पहिलो हाफमा जस्तै प्रदर्शन कायम राखिदिएको भए हामी खेल जित्ने थियौं,' प्रशिक्षक बुढाथोकीले पत्रकार सम्मेलनमा भने, 'पछि परेको स्थितिमा उनीहरू अगाडि बढेर खेल्छन् भन्ने निश्चित थियो । यस्तो अवस्थामा हाम्रा खेलाडीले मार्किङ गर्न सकेनन्, रक्षापंक्ति निकै कमजोर देखियो ।'

उनले अभ्यासका क्रममा सिकेका कुरालाई खेलको दिन लागू गर्ने र प्रशिक्षक अनि अफिसियलको कुरा सुन्ने हो भने आफ्नो टिम नराम्रो नरहेको बताए ।

बुधबार पाँचौं मिनेटमै शेर्पाले स्टेफन समिरको गोलमार्फत अग्रता बनायो । दायाँ कर्नर नजिकैबाट उनले गरेको प्रहार सस्वतीका गोलरक्षक अरुणले सही अनुमान लगाउन सकेनन् । २७ औं मिनेटमा अग्रता दोब्बर बनाउँदा विजय श्रेष्ठले गोल गरे । स्टेफनले बक्सभित्रबाट दिएको ब्याकपासमा विजयले सन्तुलन मिलाउँदै पेनाल्टी एरियाबाट गोल गरेका हुन् ।

शेर्पाका खामिर गिल्सनले ३५ औं मिनेटमा काउन्टर एट्याकमा अगाडि बढाएको बल रोक्ने प्रयासमा जावलाखेलका गोलरक्षक अरुणले बक्सबाहिर आएर हातले बल छोए । रेफ्री प्रकाशनाथ श्रेष्ठले उनलाई रातो कार्ड देखाए । १० खेलाडीमा झरेको १० मिनेटपछि जावलाखेलले पहिलो गोल फर्काएको हो । डिफेन्डर सुरज घिमिरेलाई प्रतिस्थापन गरी ३३ औं मिनेटमा मैदान छिरेका कुवेर विष्टले फोडे फोफानाको क्रसमा गोललाइन नजिकैबाट गोल गरेका हुन् । त्यसको १ मिनेटपछि नै स्टेफनले व्यक्तिगत दोस्रो गोल गर्दा शेर्पाले पहिलो हाफमा ३-१ को अग्रता बनायो ।

दोस्रो हाफमा आक्रामक देखिएको जावलाखेलका लागि ६० औं मिनेटमा रुपबहादुर लामाको फ्रिकिक सदुपयोग गरी फोडे फोफानाले नजिकबाट हेड गोल गरी शेर्पाको अग्रता छोटयाए । सात मिनेटपछि शेर्पा १० खेलाडीमा समेटियो । काउन्टर एट्याकमा रहेका कुवेरलाई फाउल गरेपछि शेर्पाका डिफेन्डर नीरज बस्नेतले दोस्रो पहेंलो कार्ड पाए । उनले पहिलो हाफको इन्ज्युरी समयमा पहेंलो कार्ड पाइसकेका थिए । लगत्तै बक्सबाहिरबाट पाएको फ्रिकिकमा रुपबहादुरले शेर्पाको मानव पर्खाल नघाउँदै सानदार गोल गरे र खेल बराबरीमा ल्याए ।

**लिगमा जावलाखेल**

| | |
|---|---|
| ०-० | थ्रीस्टार |
| १-० | सरस्वती |
| १-१ | संकटा |
| २-० | च्यासल |
| ०-० | एनआरटी |
| ०-१ | मछिन्द्र |
| ०-२ | पुलिस |
| १-० | एपीएफ |
| ०-१ | आर्मी |
| १-० | ब्रिगेड ब्वाइज |
| १-० | फ्रेन्ड्स |
| ३-३ | हिमालयन शेर्पा |
| बाँकी | मनाङ |

**आजका खेल**

पुलिसविरूद्ध फ्रेन्ड्स
*९:४५ बजे*

एपीएफविरूद्ध ब्रिगेड ब्वाइज
*१२:१५ बजे*

सरस्वतीविरूद्ध संकटा
*१५:३० बजे*

**एन्फा कम्प्लेक्स, सातदोबाटो**

# साग पदकधारीलाई वाग्मतीको सम्मान

मकवानपुर (कास)- १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा पदक जितेका वाग्मती प्रदेशले आफ्ना प्रदेशका खेलाडीलाई सम्मानित गरेको छ ।



सुभाष बिडारी

बुधबार प्रदेश सरकार स्थापनाको दोस्रो वर्षका अवसरमा वाग्मती प्रदेशबाट सागमा पदक जित्ने १ सय ६३ खेलाडीलाई सम्मान गरिएको हो । प्रदेश सरकारले स्वर्ण विजेतालाई १ लाख, रजत विजेतालाई ५० हजार र कांस्य विजेतालाई २५ हजार रुपैयाँसहित सम्मान पत्रद्वारा प्रदान गरियो । वाग्मती प्रदेशका खेलाडीले सागमा ४० स्वर्ण, ४७ रजत र १ सय १ कांस्य जितेका थिए । वाग्मतीका प्रदेश प्रमुख विष्णु प्रसाईं, मुख्यमन्त्री डोरमणि पौडेल, सभामुख सानुकुमार श्रेष्ठ तथा सामाजिक विकासमन्त्री युवराज दुलालले पदकधारीलाई सम्मानित गरे । प्रदेश सरकारले पकद विजेता खेलाडीलाई ८८ लाख ७५ हजार रुपैयाँबराबर नगद प्रदान गरेको वाग्मती प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीले जनाए ।

मुख्यमन्त्री पौडेलले खेल क्षेत्रको विकास र खेलाडीको हौसला बढाउन प्रदेश सरकार सदैव तयार रहेको बताए । उनले प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्ने तयारीमा प्रदेश सरकार रहेको समेत बताए । वाग्मती प्रदेश सरकारले नेपालमा भएको साग प्रतियोगिताका क्रममा खेलाडीको हौसला बढाउन नगद पुरस्कार घोषणा गरेको थियो । मंसिर १५ देखि २४ सम्म काठमाडौं, पोखरा र जनकपुरमा भएकबो सागमा नेपालले ५१ स्वर्ण जितेको थियो ।


Ramsons LAUNDRY
A DIVISION OF IFB

IFB
www.ifbappliances.com



"IFB Ramsons"
Largest Commercial Laundry Solutions now in Nepal

- The comprehensive range features washers, hygiene/barrier washers, washer extractors, tumble dryers, calendaring machines, finishing equipment, folders, steam generation equipment etc. features energy and water efficient products with international certifications and empanelment.
- Stringent checks are performed throughout the installation phase to ensure flawless service by the machines along with a dedicated after sales team which follows up with industry leading service, ensuring flawless product performance till the end of its service life.
- IFB is hard at work devising improved products and services by investing in emerging technologies such as washer and combined washer and dryer platforms, auto pressing etc. to enhance the range's value to customers.

**Sanjay Poudel**
9851235941
Eastern Nepal to Hetauda

**Surya Bhakta Adhikari**
9855063391
Chitwan

**Sales Executive**
9849398243
Corporate Office: Kathmandu

SOLE IMPORTER:
SAGTANI EXIM (P) LTD.
Bafal, Kathmandu, Nepal, P.O.Box: 2763
E-mail: contact@sagtanigroup.com, minu@sagtanigroup.com
www.ifbappliances.com



**स्कूल चाहियो**

काठमाडौं तथा ललितपुर जिल्लास्थित सुविधायुक्त स्थानमा नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय र स्थानीय सरकार समेतको स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेको अथवा सम्पूर्ण कागजातसहित सञ्चालन गर्नसक्ने अवस्थामा रहेको १० + २ सम्म अध्ययन/अध्यापन हुने स्कूलको स्वामित्व हस्तान्तरण गरी बिक्री गर्न चाहनुहुनेले अविलम्ब सम्पर्क गनुहोला ।

सम्पर्क नं. ०१-४०१७६३१, ९८६२२२९९९९


# वेस्टर्न ओपनमा शिवराम अगाडि

**कान्तिपुर संवाददाता** (पोखरा)

शीर्ष वरीयताका गल्फर शिवराम श्रेष्ठले १८ होल टुंग्याउँदा केवल १ अन्डर ६८ को कार्डमा सूर्य नेपाल वेस्टर्न ओपन गल्फको पहिलो दिन अग्रता लिएका छन् ।

फ्रन्ट नाइन २ अन्डर ३२ स्कोरमा रहेर उत्कृष्ट सुरुआत गर्ने छनक देखाउँदै उनले १० औं होलमा इगल हिर्काए । पार ५ को होलमा दुई स्ट्रोक जोगाउँदै इगल हाने । तर, १५ औं होलमा आइपुग्दा ट्रिपल बोगी खेपेपछि पहिलो दिनको उत्साह केही मत्थर बन्न पुग्यो ।

१७ औंमा बर्डी हिर्काउँदा १८ औं होलमा भने फेरि बोगी खेप्दै अन्ततः १ अन्डरको कार्ड बनाएर उनी शीर्षस्थानमा रहे । शिवरामलाई पछ्याउने क्रममा आर्मी क्लबका धनबहादुर थापा लेभल पार खेलेका छन् । उनको सुरुआत गतिलो बन्न सकेन । पहिलो होलमै डबल बोगीबाट सुरु गरेका धनले १८ औं फेरि डबल बोगी खेलेर टुंग्याए । यद्यपि उनले लेभल पार (६९) खेल्ने क्रममा फ्रन्ट नाइनमा १ अन्डर र ब्याक नाइन भने १ ओभर खेलेका हुन् ।

तेस्रो स्थानमा भने समान १ ओभर खेलेका धरानका गल्फर शुक्रबहादुर राई, बलभद्र राई र नीरज तामाङ छन् । शुक्रले फ्रन्ट नाइनको दोस्रो होलमा बोगी खेपे । अन्य होलमा भने उनको प्रदर्शन उत्साहजनक रह्यो । १८ औं होलमा बंकरमा परे पनि लेभल पार खेल्दै स्ट्रोक जोगाए । बलभद्रले पनि फ्रन्ट नाइन लेभल पार खेल्ने क्रममा ५ र ८ औं होलमा बर्डी हिर्काउँदा ६ र ९ होलमा भने बोगी खेले । ११ औंमा बोगी, १२ औंमा डबल बोगी खेप्दै तनावमा झेल्न पुगेका बलभद्रले लय गुमाए । १५ र १७ औं होलमा बर्डी हिर्काए ।

नीरजले पनि फ्रन्ट नाइन १ ओभर ३५ को कार्ड बनाए । ब्याक नाइन भने लेभल पार गरे । १०, ११ र १२ औं होलमा बर्डी खेलेर उत्साही बनेका उनी १४ औं होलमा डबल बोगी खेप्दै खराब नजिता आत्मसात गर्न पुगे । १६ औंमा बर्डी खेल्दै लेभल पारको स्थितिमा आइपुगे । भुवन नगरकोटी र भुवनकुमार रोका पनि समान २ ओभर ७१ को स्कोर बनाउँदै पहिलो दिनको १८ होलबाट विश्राम लिएका छन् । ३ ओभर ७२ कार्ड बनाएका रवि खड्का, ५ ओभर ७४ को कार्ड बनाएका सूर्यप्रसाद शर्मा, डिफेन्डिङ च्याम्पियन सन्जय लामा र रामकृष्ण श्रेष्ठ उत्कृष्ट दसभित्र अटाएका छन् ।

सूर्यले पहिलो होलमै ट्रिपल बोगीबाट वेस्टर्न ओपन सुरु गरेका थिए । पार ४ हो पहिलो होलमा उनले ७ स्ट्रोक खर्चिए । रामकृष्णले पनि तेस्रो होलमा डबल बोगी खेप्दा फ्रन्ट नाइन ६ ओभर ४० को स्कोरमा रह्यो । तर ब्याक नाइनमा भने सुधारिएको प्रदर्शन गर्ने क्रममा १ अन्डर ३४ खेले । उनले १२ र १५ औं होलमा बर्डी हिर्काए । १७ मा बोगी खेपे । सन्जयले पनि पहिलो होलमा दुई स्ट्रोक अतिरिक्त हिर्काए । उनको पनि ब्याक नाइन १ अन्डर ३४ मा रहेर समग्रमा ५ ओभर ७४ मा रहेका छन् । एमेच्योरतर्फ भने दीपेश राई र सुरेश लामा क्रमशः ५ र ६ ओभरमा ७४ र ७५ को कार्डमा खेलिरहेका छन् । हिमालयन गल्फ कोर्समा सुरु वेस्टर्न ओपनमा ४८ प्रो र एमेच्योर गल्फरको सहभागिता छ ।


"खोप पाइ स्वस्थ रहने बालबालिकाको अधिकार, खोप पूरा गराई बनौं जिम्मेवार"

राष्ट्रिय दादुरा-रुबेला खोप अभियान
फागुन - चैत्र २०७६/७७

यही २०७६ साल फागुन र चैत्र महिनामा संचालन हुने दादुरा-रुबेला खोप अभियानमा आफ्ना ९ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाऔं ।
साथै, नियमित खोप तालिका अनुसार १५ महिनाभित्रमा सबै खोपको मात्रा पूरा गरौं ।

पहिलो चरण
फागुन, २०७६
प्रदेश: १, २ र ५

दोस्रो चरण
चैत्र, २०७६
प्रदेश: बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम



खोप नि:शुल्क पाईन्छ
खोपले जीवन रक्षा गर्छ
खोप सुरक्षित छ

जनहितमा जारी
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
Ncell

प्राविधिक सहयोग
युनिसेफ र साझेदारहरु


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email: kant@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा



**अतिथिलाई सत्कार**
सिन्धुलीमा पहिलो होमस्टे

**वाग्मतीबाट सम्मानित**
साग पदकधारीलाई प्रदेशको सम्मान । १६



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक — ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५४ विराटनगर | १ फागुन २०७६ बिहीबार फाल्गुण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 13, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ


## अमेरिकामाथि कीर्तिमानी जित



कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार अमेरिकाको विकेट लिएपछि नेपालका सन्दीप लामिछाने कप्तान ज्ञानेन्द्र मल्लसँग खुसी साट्दै । सन्दीपले ६ र सुसन भारीले ४ विकेट बाँडेपछि क्रिकेट विश्वकप लिग २ मा नेपालले अमेरिकालाई ३५ रनमै अलआउट गरेको थियो । थुप्रै कीर्तिमान स्थापित भएको यो खेल नेपालले ८ विकेटले जित्यो । समाचार पृष्ठ १५ । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

ओलीका २ वर्ष

# पूरा भएनन् वाचाहरू

वाम गठबन्धनको चुनावी घोषणापत्रमा दुई, पाँच र १० वर्षभित्र गर्ने कामका सूची थिए । तर दुई वर्षमा ठूल्ठूला महत्त्वाकांक्षी योजनामा मात्र होइन, ससाना काममा समेत उत्साहजनक प्रगति छैन ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सिंहदरबारभित्रका मन्त्रालय र मुख्य विभागमा केही दिनयता कर्मचारीलाई सरकारको कामको फेहरिस्त उतार्ने चटारो छ । उपलब्धिको सूची बुझाउन उनीहरूलाई प्रधानमन्त्री कार्यालयले ताकेता गरेको हो । आउँदो शनिबार फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको दुई वर्ष पुग्दै छ । त्यही दिन उपलब्धिहरू सार्वजनिक गर्ने तयारी छ । वाम गठबन्धनको चुनावी घोषणापत्रलाई दाँजेर हेर्दा भने यी दुई वर्षमा भएका काम उत्साहजनक देखिँदैनन् ।

चुनावमा मत माग्दा तत्कालीन एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमै आफ्नो नेतृत्वमा बहुमतको सरकार बने दुई, पाँच र १० वर्षभित्र के-के गर्ने भनेर काम उल्लेख गरिएको थियो । घोषणापत्रमा 'दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइनेछ' भनिएको थियो । तर यिनै वस्तुका लागि अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्रमुख बाली तथा माछामासु आयातमा ७१ अर्ब र २०७५/७६ मा ७० अर्ब रुपैयाँ बाहिरियो ।

घोषणापत्रमा दुई वर्षभित्र भैरहवा विमानस्थल निर्माण पूरा हुने उल्लेख थियो । तर भैरहवा विमानस्थलको काम अझै पूरा भएको छैन । केही समय तलमाथि हुनुलाई अन्यथा नठानिएला तर प्रतिबद्धताअनुसार काम गर्ने गतिमा देखिएको सुस्तता भने यसले झल्काउँछ ।

घोषणापत्रमा दुई वर्षभित्र काम पूरा गर्ने अर्को विषय थियो- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनले प्रतिस्थापन गर्ने । यो काममा कुनै प्रगति छैन । पेट्रोलियम सवारीकै आयात बढिरहेको छ ।

घोषणापत्रमा 'द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ' भनिएको थियो । यसमा केही प्रगति भएन । उल्टै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग विवादले झन्डै एक वर्ष पदाधिकारीविहीन भए ।

ठूल्ठूला महत्त्वाकांक्षी योजनासँगै जनताका दैनिक जीवनमा प्रभाव पार्ने खालका काम गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा थिए । तर दैनिक जीवनमा प्रभाव पार्ने काममा पनि सर्वसाधारणले अनुभूति गर्ने खालको प्रगति छैन । घोषणापत्रमा सबै पसलमा मूल्यसूची अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने भनिएको थियो । तर मूल्यवृद्धि, सिन्डिकेट र भ्रमपूर्ण विज्ञापन निरन्तर छ । आक्कलझुक्कल मात्र अनुगमन हुन्छ तर औपचारिकताका लागि मात्र जस्तो देखिन्छ ।

घोषणापत्रमा राष्ट्रिय मुद्दा, जनजीविकादेखि अन्तर्राष्ट्रिय विषय पनि समेटिएका थिए । दुई वर्षभित्र भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्ने र सीमा समस्याको समाधान र सीमानाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल हुने पनि उल्लेख थियो । चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, वर्षौंदेखि अल्झिएको पेट्रोलियम पाइपलाइन बिछ्याउने लगायतमा उल्लेख्य प्रगति भए पनि दुई वर्षमा तोकेरै गर्ने भनिएको घोषणापत्रको यो काम भने पूरा भएको छैन ।

सरकार बनेलगत्तै अर्थमन्त्री युवराज खतिवडाले संसद्मा श्वेतपत्र पेस गरी अघिल्ला सरकारको तीव्र आलोचना गरेका थिए । तर एक वर्षको पूर्ण बजेट कार्यान्वयन र अर्को छ महिना बितिसक्दा पनि विकास खर्च सुध्रेको छैन । बुधबारसम्मको तथ्यांक हेर्ने हो भने विकास खर्च साढे १८ प्रतिशत मात्र छ । प्रधानमन्त्री ओली भने अन्तर्राष्ट्रिय संस्थाहरूले सार्वजनिक गरेको सकारात्मक सूचीहरूलाई देखाएर सरकारको गति मापन गर्नुपर्ने बताइरहेका छन् ।

बाँकी पृष्ठ १४ ▶▶

> भनिएको भन्दा अन्य काम गर्ने खालको सरकारको शैली छ, मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखियो
> — खगेन्द्र प्रसाईं, विश्लेषक

### भित्र


प्रदेश र स्थानीय तहको अधिकार कटौती


संक्रमणकालीन न्यायका कामहरू अघि बढ्न सकेनन्


श्रमिकहरू अझै सामाजिक सुरक्षा कोषबाहिरै


कूटनीतिमा अलमल, सम्बन्ध विस्तारमा भने सफल


२०६ पालिकामा पुग्न सकेन प्राविधिक शिक्षा



राजस्व र खर्चमा सरकारलाई सकस

**दुई वर्षभित्र सक्ने भनिएका मुख्य काम :**

- भैरहवा विमानस्थल निर्माण
- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनबाट प्रतिस्थापन
- यातायातलगायत क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य
- तुइनलाई झोलुङ्गे पुलले विस्थापन गर्ने
- राष्ट्रिय परिचयपत्र र गरिबी परिचयपत्र
- सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू
- भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, भूकम्प, बाढी र पहिरोपीडितलाई घर निर्माणमा सहयोग
- सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट
- राष्ट्रव्यापी नापी, भूमिको अभिलेख अद्यावधिक, वैज्ञानिक भूमिसुधार लागू
- आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर
- पूर्वपश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण
- परिमार्जित शिक्षा नीति लागू, बजेटको २० प्रतिशत शिक्षामा लगानी
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्कुल भर्ना
- केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना
- द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरण
- सबै पसलमा मूल्यसूची, गुणस्तर अनुगमन
- स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेपलाई अस्वीकार
- भारतसँगको १९५० को लगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन, सीमा समस्याको समाधान र नाकाको व्यवस्थापन

# ट्रस्टको १७३ रोपनी शंकास्पद मोहीका नाममा

■ **कृष्ण ज्ञवाली**
**बिनु सुवेदी** (काठमाडौं)

नेपाल ट्रस्टको सम्पत्तिमा कसैको हकदाबी नलाग्ने कानुनी व्यवस्था विपरीत बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको मन्त्रिपरिषद् निर्णयबाट १७३ रोपनी जग्गा मोहीका नाममा बाँडेको भेटिएको छ । सरकारले ट्रस्टका नाममा ल्याएको दिवंगत राजा वीरेन्द्र र उनको परिवारका नाममा रहेको १७३ रोपनी जग्गा मन्त्रिपरिषद् निर्णयलाई आधार मानी मालपोत कार्यालयले २०६९ सालमा मोहीका नाममा जग्गा दर्ता गरिएको हो ।

**२०६४ पुस १**
राजा वीरेन्द्र र उनको परिवारको जग्गा नेपाल ट्रस्टका नाममा दर्ता

**२०६९ भदौ ११**
छानबिन गरी आवश्यक देखिए दर्ता स्रेस्ता कायम गर्ने मन्त्रिपरिषद् निर्णय

**२०७० असार ४ देखि**
बिनाछानबिन १७३ रोपनी १५ आना मोहीका नाममा

ट्रस्ट कार्यालयले तत्कालीन अन्तरिम संविधान र प्रचलित कानुनको बर्खिलाप हुने गरी ट्रस्टको जग्गा मोही र उनका हकवालामा दर्ता गरिएको भन्दै छानबिनका लागि सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगमा निवेदन दिइसकेको छ । ट्रस्ट कार्यालयले गत जेठ २१ गते आयोगमा पठाएको पत्रमा काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल, साबिक इचंगु गाविसको १७३ रोपनी १५ आना जग्गा मोहीका नाममा गएको भन्दै छानबिन गर्न आग्रह गरिएको छ । पत्रमा भनिएको छ, 'ती जग्गा २०६४ पुस १ गते मालपोत कार्यालय कलंकीले ट्रस्टमा नामसारी गरेको हो । फेरि मोही र उनीहरूको हकवालाका नाममा नामसारी भएको बुझिन आएको छ ।'

ट्रस्ट कार्यालय स्रोतले जग्गा थाहै नदिई गैरकानुनी रूपमा मोहीका नाममा दर्ता भएकाले आयोगमा निवेदन दिएको जनाएको छ । ट्रस्टले पत्रका साथमा उक्त जग्गा नेपाल सरकारको हो भनी ७५ पानाको प्रमाणसहितको मिसिलसमेत पठाएको छ ।

ट्रस्टको कार्यालयले ती जग्गाबारे सोधखोज गत चैतदेखि गरेको हो । मालपोत कार्यालय कलंकीले जवाफमा '२०६९ भदौ ११ गते मन्त्रिपरिषद्को निर्णयअनुसार एकलौटी रूपमा मोहीका नाममा नामसारी भएको' भनी जवाफ लेखेको थियो । उक्त पत्रपछि ट्रस्टको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पत्र पठाएर 'निर्णयको व्यहोरा के थियो ?' भनी विवरण मागेको थियो ।

नेपाल ट्रस्ट ऐनको दफा १३ मा 'ट्रस्टको सम्पत्ति बिक्रीवितरण र भोगाधिकार गर्नमा प्रतिबन्ध हुने' व्यवस्था छ ।

बाँकी पृष्ठ १४ ▶▶


An ISO 9001:2008 Certified College

CG INSTITUTE OF MANAGEMENT
a CGHOLDINGS initiative

LIMKOKWING UNIVERSITY OF CREATIVE TECHNOLOGY
WORLDWIDE

LEARN HERE, LEAD Globally

ADMISSION OPEN
For 11th Batch

MBA
SPRING 2020 INTAKE
Morning and Evening Shift

ELIGIBLITY CRITERIA FOR ADMISSION
45% or 2 CGPA in Bachelor Degree Program

MoE approved and TU equivalent



Minbhawan, Anup Marga, Kathmandu, Nepal
Phone No.: +977-1-4107101, 4107114
www.cgim.edu.np
/cgimnepal /cgimktm
Admission Helpline Numbers: 9801234525/9801200877/9801200911



NIKE



SALE

SKECHERS



At Skechers Store
Durbarmarg / Civil Mall / Shoe tree (Durbarmarg) / City center / CG Landmark, Bharatpur Heights
At Nike Store
Durbarmarg / Bluebird Mall / Ph. 01-4258709, 9851127846, 9855054313

# विषादी जाँच्ने प्रयोगशाला अलपत्र

सुनसरी (कास)- धरानस्थित कृषिउपज बजारमा विषादी अवशेष मापन गर्ने उद्देश्यले बनाइएको प्रयोगशाला भवन अलपत्र बनेको छ। डेढ वर्षअघि संघीय कृषि मन्त्रालयबाट प्राप्त १० लाख रुपैयाँ र कृषिउपज बजार व्यवस्थापन समितिको ६ लाख रुपैयाँ गरी १६ लाखमा भवन बनाइएको थियो।

करिब ३० लाख रुपैयाँको उपकरण जडान गरेर गत वर्षदेखि प्रयोगशाला सञ्चालनमा ल्याउने भनिएको थियो। प्रदेश १ सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बजेट विनियोजन गरे पनि कार्यान्वयन गर्न नसक्दा बजेट फ्रिज भएको थियो। प्रयोगशाला स्थापना गर्ने योजनामा ढिलाई हुँदा विषादी मापनमा समस्या भएको कृषिउपज बजार व्यवस्थापक लक्ष्मण भट्टराईले बताए। धरानको कृषि बजार कृषि मन्त्रालयको स्वामित्वमा रहेको १ बिघा १३ कट्ठा १२ धुरमा सञ्चालित थोक बजार हो। भवन तयार भएपछि बजार व्यवस्थापन समितिले प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई उपकरण र कर्मचारी उपलब्ध गराउन गत बर्ष पत्र लेखेको थियो। प्रदेश मन्त्रालयले बेवास्ता गर्दा बजेट नै फ्रिज भएपछि पुस १४ गते अर्को पत्र पठाएर जानकारी गराइएको थियो।



ओखलढुंगाको सिद्धिचरण नगरपालिका ६, ठाडेमा रिल्दुक अर्थात् आलुको ढिँडो पिस्दै स्थानीय। उसिनेको आलु ओख्लीमा कुटेर टिम्मुर र खुर्सानीको सुपसँग रिल्दुक खाने गरिन्छ। विशेष गरी जाडोमा खाइने रिल्दुक शेर्पा समुदायको परम्परागत परिकार हो। *तस्बिर : कुम्भराज राई/कान्तिपुर*

# आरोप-प्रत्यारोपले विद्यालय अस्तव्यस्त

**कान्तिपुर संवाददाता** (खोटाङ)

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-८ बुवालुङका वडाध्यक्ष लीला चौहान र अन्नपूर्ण माविका व्यवस्थापन समिति अध्यक्ष जेपी राईबीचको विवादले विद्यालयमा तनाब बढेको छ।

समिति अध्यक्ष राईलाई हटाउने कसरतमा चौहान र चौहानको गतिविधिविरुद्ध राई उत्रिएपछि पठनपाठन बिथोलिन थालेको छ। व्यवस्थापन समिति अध्यक्ष राईले नेतृत्व गर्दा विद्यालयले निल खाएको, आर्थिक पारदर्शिता नभएको लगायतका कारण देखाएर वडा अध्यक्ष चौहानले राईलाई हटाउन कसरतमा जुटेका हुन्।

स्थानीयले भने विद्यालयमा आफू अनुकूलको गतिविधि गर्न नपाउनुका साथै राजनीतिक प्रतिशोधले राईलाई हटाउन खोजिएको विद्यालयका शिक्षक प्रेम थापाले बताए।

'विद्यालय व्यवस्थापन समिति र वडाअध्यक्ष बीचको विवादले विद्यालयमा समस्या उत्पन्न भएको छ' थापाले भने, 'यसले विद्यालयको अवस्था नाजुक बन्दै गएको छ।'

वडा अध्यक्ष चौहानले विद्यालयमा हालिमुहाली गर्न नपाएपछि अनेक तिक्डम गरेको अभिभावक गोपालसिंह राईले आरोप लगाए। उनका अनुसार रिक्त तीन शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले वडाध्यक्षको मान्छे राख्न व्यवस्थापन समितिका अध्यक्ष राईलाई हटाउन खोजिएको हो। दुईचोटिसम्मको अभिभावक भेलाले समेत जेपी राई नेतृत्वकै विद्यालय व्यवस्थापन समिति हुनुपर्ने अडान कसेको राईले सुनाए।

विद्यालयमा कार्यरत वरुणा राई र किशन राईले गत मङ्सिरदेखि र गणित विद्यालयका शिक्षक दिनेश आचार्यले पनि विद्यालय छाडेकाले पठनपाठनमा समस्या आएको शिक्षक थापाले सुनाए। उक्त तीनवटा पदमा शिक्षक

### वडाध्यक्ष र व्यवस्थापन समिति अध्यक्ष एकअर्कालाई हटाउने कसरतमा

नियुक्तिका लागि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा अनुमति माग्दा समेत वडा अध्यक्षले रोकेको व्यवस्थापन समितिका अध्यक्ष राईले बताए।

उक्त विद्यालयमा तीनवटा राहत, निमाविमा दुई वटा राहत र प्राविमा दुई जना दरबन्दीका तथा तीन जना राहत कोटाका शिक्षक कार्यरत छन्। विद्यार्थीचाहिँ ३ सय १६ जना छन्। वडाध्यक्ष चौहानले भने आफूमाथि लगाइएका सबै आरोप सत्य नभएको दावी गरेका छन्।

# 'निर्यातमा जोड दिऔं'

मोरङ (कास)- व्यापार घाटा कम गर्दै निर्यात बढाउन सरकारले प्रदेश १ का उद्योगी व्यवसायीलाई प्रशिक्षण दिएको छ। उद्योग वाणिज्य महासंघ प्रदेश १ को संयोजनमा उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयले प्रदेशका चौधै जिल्लाका उद्योगी व्यवसायीका लागि प्रशिक्षण आयो जना गरेको हो।

बुधबार विराटनगरमा सुरु दुईदिने प्रशिक्षणमा विभिन्न जिल्लाका सरोकारवाला सहभागी छन्। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव महेश आचार्यले आर्थिक समृद्धिका लागि निर्यात बढाउनु पर्ने बताए। 'अन्तर्राष्ट्रिय व्यापारका अवसर र चुनौतीका विषयमा प्रशिक्षण दिन्छौं,' उनले भने।

विश्व बजारमा यहाँका उत्पादित वस्तुहरूको निर्यात गर्ने तौरतरिकाबारे जानकारी गराएर निर्यात बढाउने सरकारको लक्ष्य रहेको उनले बताए। 'सन् २०२२ मा विकासशीलबाट विकासोन्मुख राष्ट्रमा जाने हाम्रो लक्ष्य पूरा गर्न निर्यात बढाउनुको विकल्प छैन,' उनले भने, 'त्यसैले सरकारले निर्यात व्यापारमा दिएका सहुलियत लगायतका विषयमा जानकारी गराउँछौं।' तालिममा औद्योगिक बौद्धिक सम्पत्तिको महत्त्व र प्रयोग, व्यापारलाई कसरी मूल प्रवाहीकरण गर्ने, भन्सारका समस्या र समाधानका उपाय, मूल्य चक्र विषयमा सहभागीलाई जानकारी गराउने आचार्यले बताए। तालिमपछि स्थानीय उत्पादनको बजारीकरण, निर्यातमा सहजता आउने उनले सुनाए। तालिममा प्रदेश १ का जिल्ला र नगर उद्योग वाणिज्य संघका दुई दुई जनाको दरले ४० जनाको सहभागीता छ। सहभागीले आ-आफ्ना जिल्ला र नगरमा गएर तालिममा सिकेका विषयबारे अन्य व्यक्तिलाई जानकारी गराउनुपर्ने लक्ष्य रहेको आचार्यको भनाइ थियो।

प्रदेश १ का उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदिशप्रसाद कुसियतले आयात प्रतिस्थापन र निर्यात वृद्धिका लागि प्रदेश सरकार निजी क्षेत्रसँग समन्वय गरेर अघि बढ्न तत्पर रहेको बताए। अर्थविज्ञ रवि भट्टराईले निकासी र पैठारीको अवस्थाको संभावनाका विषयमा प्रशिक्षण दिने आयोजकले बताए।

# विधेयकमै नदी दोहन रोक्ने प्रावधान राख्न सांसदको माग

'उत्खननविरुद्ध बोल्नेलाई टोले गुन्डाहरूले पेस्तोल देखाएर चुप लगाउँदा जनप्रतिनिधिसमेत देखेको नदेख्यै गरिरहेका छन्'

**देवनारायण साह** (मोरङ)

मापदण्डविपरीत सञ्चालित क्रसर उद्योगले खोला-नदीको तीव्र दोहन गरिरहेको भन्दै प्रदेश सांसदले सरकारको ध्यानाकर्षण गराएका छन्। प्रदेशसभा बैठकमा बुधबार उनीहरूले सरकारले ल्याएको प्रदेश वातावरण संरक्षणसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा दोहन रोक्ने व्यवस्थाको माग गरेका हुन्।

सत्तारूढ दलका सांसद एवं प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति सभापति सर्वध्वज साँवा लिम्बुले राजमार्ग, खोला किनारबाट ५ सय मिटर टाढा, शिक्षण र धार्मिक संस्था, पूरातात्विक र सांस्कृतिक महत्त्वको स्थानबाट टाढा राखिनुपर्नेमा यो मापदण्ड क्रसरहरूले पालना नगरेको बताए।

'लेटाङ नगरपालिकास्थित चिसाङ नदी र केराबारी गाउँपालिकास्थित खदम र गछिया नदीको अनुगमन गर्ने क्रममा नदीजन्य पदार्थसँगै माटोमुनीको ढुंगासमेत निकालेर उत्खनन गरी पोखराको सेती नदीभन्दा गहिरो बनाइएको छ,' उनले भने।

मनोमानी रूपमा भइरहेको नदीजन्य पदार्थको उत्खननले त्यस क्षेत्रमा भएका ट्युबवेल, इनारलगायतका पानीका मुहान सुकेको र कुलोमा पानी नचढ्ने अवस्था रहेको उनको भनाइ थियो। नदीजन्य पदार्थ उत्खननमा 'टोले गुन्डा' को बिगबिगी रहेको उनले बताए। 'सिक्स एन्ड टेन राउण्ड मेड इन जर्मन एन्ड अमेरिका लेखिएका पेस्तोल बोकेर हिँड्ने टोले गुन्डाहरूले नदी उत्खनन विरुद्ध बोल्नेलाई पेस्तोल देखाएर तर्साउने गरेकाले तैं चुप मैं चुपको अवस्था छ,' लिम्बुले भने, 'जनप्रतिनिधिसमेत चुप रहेकाले खोलानदीको अत्यन्तै डरलाग्दो दोहन भइरहेको छ।'

सत्तारूढ दलकै अर्का सांसद अम्बिका थापाले पनि नदीजन्य पदार्थको जथाभावी उत्खनन रोक्नुपर्ने बताइन्। लेटाङमा सञ्चालनमा रहेको ओम श्री क्रसर उद्योग एन्ड सप्लायर्स खोला र बन क्षेत्रमा सञ्चालनमा छ। २०७४ सालमा जिल्ला प्रशासन कार्यालयले यहाँका क्रसर उद्योगहरूको नियमनका लागि गठन गरेको अनुगमन समितिले उक्त उद्योग खोला र वन क्षेत्रमै सञ्चालनमा रहेको प्रतिवेदन दिएको थियो। तर हालसम्म त्यसमाथि कुनै कारबाही अघि बढ्न सकेको छैन।



प्रदेशसभामा बुधबार वातावरण संरक्षण विधेयकमाथि छलफल गरिँदै। *तस्बिर : देवनारायण/कान्तिपुर*

खोलानदी र वन क्षेत्रमा अवैध रूपमा क्रसर सञ्चालन भइरहेको र एक्स्काभेटर लगाएर खोलानदीमा मापदण्डविपरीत उत्खनन भइरहेको गुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय मोरङले तत्कालीन घरेलु तथा साना उद्योग कार्यालय प्रमुख सुशीला श्रेष्ठको संयोजकत्वमा अनुगमन समिति गठन गरेको थियो। रमेश भट्टराईको नाममा दर्ता रहेको ओम श्री क्रसर उद्योग एन्ड सप्लायर्स चिसाङ खोलामा नै स्थापना गरेर हालसम्म सञ्चालन भइरहेको छ। 'ओम श्री क्रसर उद्योगले वन क्षेत्रभन्दा टाढा राख्ने मापदण्डसमेत पूरा गरेको छैन,' प्रतिवेदनमा भनिएको छ, 'बन क्षेत्रबाट २ सय मिटरको दूरीमा क्रसर उद्योग रहनुपर्नेमा ओम श्री क्रसर १ सय ८० मिटरमा नै स्थापना रहेको अनुगमनका क्रममा देखियो।'

चिसाङ खोलामा रहेको अन्य क्रसर उद्योगसमेत मापदण्ड विपरीत सञ्चालन भइरहेको प्रतिवेदनमा उल्लेख छ। यस्तै, केराबारी गाउँपालिकाका अध्यक्ष रोहितबहादुर कार्कीको कृष्ण क्रसर, उक्त गाउँकालिकाका वडा ३ का अध्यक्ष भक्त श्रेष्ठको शिव र वडा ८ का अध्यक्ष मनोज खड्का र वडा १० का अध्यक्ष जंग खवासको महादेव क्रसर उद्योग खदम खोलामा मापदण्ड विपरीत सञ्चालन हुँदै आएको प्रतिवेदनमा भनिएको छ।

घरेलु तथा साना उद्योग कार्यालयमा शारदाप्रसाद ढकालको बेलबारीस्थित एनएआई एग्रिगेट इन्डस्ट्रिज, कृष्णबहादुर खत्रीले केराबारी नगरपालिकामा सञ्चालन गरिरहेको कृष्ण क्रसिङ इन्डस्ट्रिज, गोविन्दप्रसाद भट्टराईको नाममा दर्ता भई मिक्लाजुङ गाउँपालिकामा सञ्चालनमा रहेको पूर्वेली क्रसर उद्योग पनि मापदण्डविपरीत स्थापना गरी सञ्चालन गर्दै आएको स्थानीयको गुनासो छ। सुन्दरहरैंचा नगरपालिकास्थित शंकर रोडा उद्योग, पशुपति स्टोन क्रसिङ, सिद्धकाली रोडा ढुंगा, इस्टर्न एग्रिगेट एन्ड स्टोन मिल, जयश्री तिरुपति क्रसर उद्योग, बेलबारीको माधव एग्रिगेट एन्ड स्टोन, पथरी शनिश्चरेको जयश्री तिरुपति क्रसर उद्योग पनि मापदण्डविपरीत स्थापना गरी सञ्चालनमा रहेको स्थानीयले बताए।

### सत्तापक्षकै असन्तुष्टि

मोरङ- प्रदेश सरकारले ल्याएको प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सत्तारूढ दलकै सांसदले असन्तुष्टि जनाएका छन्। बुधबार भएको छलफलमा भाग लिने सत्तापक्ष सांसदले अध्ययनै नगरी सतही ढंगले संघीय सरकारले बनाएको कानुनलाई 'कपिपेस्ट' गरी विधेयक ल्याएको टिप्पणी गरे।

सत्तापक्ष दलका सांसद लक्ष्मण तिवारीले विधेयकले आवश्यक विषयवस्तु समेट्न नसकेको बताए। सत्तारूढ दलकै सांसद मोहनकुमार खडकाले विधेयकमा २९ वटा प्रत्यायोजित अधिकार उल्लेख रहेको बताए।

'संसद्बाट प्रत्यायोजित गराएर २९ वटा अधिकार अमुक राख्नुको औचित्य के हो ?,' उनले भने, 'अध्ययनै नगरी हचुवाको भरमा ल्याइएकाले समितिमा लगेर दफाबार छलफल गर्नु आवश्यक छ।'

सत्तारुढ दलकै सांसद खिनुलङवा लिम्बुले वातावरणीय अध्ययन प्रतिवेदन मूल्यांकन तथा सिफारिस समिति प्रतिवेदन पेश भएको ३५ दिनभित्र स्विकृतिका लागि सिफारिस गर्नुपर्ने व्यवस्थाले आयोजना कार्यान्वयनमा ढिलाइ हुने बताइन्।

सत्तापक्षकै सांसद सावित्राकुमारी रेग्मीले पहिले नीति बनाएर विधेयक बनाउनुपर्नेमा त्यस्तो नगर्नु गलत भएको बताइन्। 'विधेयकमा धेरै विषय प्रस्ट भएर आउनुपर्ने थियो तर त्यस्तो छैन,' उनले भनिन्, 'केन्द्रको कानुनलाई कपीपेस्ट गरेर ल्याएजस्तो विधेयकको अवस्था छ।'

# हाटबजारका जग्गा अतिक्रमण



चौदण्डीगढी-६ बेल्टार बजारमा निर्माण गरिएको पार्क। *तस्बिर : डिल्लीराम/कान्तिपुर*

**डिल्लीराम खतिवडा** (उदयपुर)

बढ्दो सहरीकरणसँगै बजार क्षेत्रमा सार्वजनिक स्थान अभावमा साप्ताहिक हाटबजार मासिंदै गएका छन्। साप्ताहिक हाट बजारका लागि छुट्याइएका सार्वजनिक जग्गा अतिक्रमणले खुम्चिएपछि सातामा लाग्ने बजार मासिएको हो।

सडक ग्रामीण क्षेत्रमा बजार विस्तार हुँदै गएपछि सप्ताहिक हाट भर्न ग्रामीण क्षेत्रबाट सर्वसाधारण आउन छाडेका छन्। हाट लाग्ने चलन घट्दै गएकाले हाटका लागि छोडिएका जग्गा पनि अतिक्रमण हुँदै गएको हो।

गाउँघर विशेष गरेर दुर्गममा दैनिक उपभोग्य वस्तु लगायतको सेवा प्रभावकारी नहुँदा साप्ताहिक हाट लाग्ने गर्छन्। पहिले-पहिले सर्वसाधारणसँग रकम अभाव हुने र बजारसम्म पुग्न स्रोत साधन नहुने भएकाले साप्ताहिक हाटमै अत्यावश्यक सामग्री किन्ने गरिन्थ्यो।

निजी तथा सरकारी स्तरबाटै साप्ताहिक हाटका लागि छुट्याइएका जग्गा अतिक्रमण भएका छन। स्थानीय तहले हाट लाग्ने स्थान मासेर पार्क, स्तम्भ र अरू काममा प्रयोग गरिएको छ।

'केही वर्षअघिसम्म दैनिक उपभोग्य वस्तु भनेको समय सजिलै उपलब्ध हुँदैन थियो' बेल्टारकी निरु दमाईले भनिन, 'त्यसैले साता दिनसम्म पुग्ने जोहो गर्नुपर्थ्यो।' त्यसका लागि बिहीबार बेल्टारमा लाग्ने सप्ताहिक हाट नै पर्खनु पर्थ्यो। बिहीबारको हाट छुट्यो भने भोलिपल्ट सप्तरीको फत्तेपुरमा लाग्ने शुक्रबारे हाट, त्यो पनि छुटे फत्तेपुरमै लाग्ने सोमबारे हाट जानुको विकल्प नभएको उनले बताइन्। बेल्टारमा बिहीबार, फत्तेपुरमा शुक्रबार र सोमबार, रामपुरठोक्सिलामा शनिबार, गाईघाटमा बुधबार र कटारीमा शुक्रबार हाट लाग्ने गरेका छन्। तर अचेल लाग्ने सप्ताहिक हाट परम्परा धान्नेमात्रै भएको स्थानीयले बताए।

'व्यापारी पनि घरघरै पुगेर सेवा दिन थालेका छन्' त्रियुगा नगरपालिका १३ असारीका प्रमोज दाहालले भने 'व्यापारी दैनिक के के चाहियो भन्दै घरमै आउँछन्।' पहाडी क्षेत्रमा दुई दिन लगाएर साप्ताहिक हाट भर्न आउने चलन थियो। '१० वर्ष पहिलेसम्म खोटाङका सर्वसाधरण दुई दिन हिंडेर उदयपुरको

### निजी तथा सरकारी स्तरबाटै जग्गा मिचिँदा साप्ताहिक हाटबजार मासिँदै छन्

बेल्टार बजारमा बिहीबार लाग्ने हाट भर्न आउँथे' स्थानीय ८३ वर्षीय मानबहादुर राउतले भने, 'दुई/चार पाथी नून, मरमसला र मट्टीतेल लिन बेल्टारको सप्ताहिक हाट आउनुपर्थ्यो।'

गाउँ गाउँमा पनि बजार विस्तार हुदै गएका छन्। त्यसैले साप्ताहिक हाटको चलन घटेको चौदण्डीगढी ५ का वडाध्यक्ष देवनारायण चौधरीले बताए।

'पहिले/पहिलेका साप्ताहिक हाटको धेरै महत्व हुन्थ्यो' त्रियुगा उद्योग वाणिज्य संघ गाईघाटका अध्यक्ष गजेन्द्र भगतले भने, 'अचेल हाटहरू तरकारी किन्ने र न्यून आय भएका सर्वसारधाणको गुजारा गर्ने माध्यममात्रै भएका छन्।'















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | दुबिधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धन | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २ गते शुक्रबार तदनुरुप १४ फरवरी २०२० फाल्गुन कृष्णपक्ष षष्टि तिथि रात्रिको १२:२ बजेसम्म उप्रान्त सप्तमी तिथि, चित्रा नक्षत्र दिनको १२:५६ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, गण्ड योग रात्रिको १०:१४ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको १:८ बजेसम्म उप्रान्त वणिज करण, तुला राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | इट्स माइ सो (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | फिल्म टनिक (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | इट्स माई सो (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (निशान्त) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (निशान्त) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्ट्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

### काठमाडौंका महत्त्वपूर्ण नम्बर

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

**अतिथिलाई सत्कार**
सिन्धुलीमा पहिलो होमस्टे

**वाग्मतीबाट सम्मानित**
साग पदकधारीलाई प्रदेशको सम्मान । १६




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५४ जनकपुर | १ फागुन २०७६ बिहीबार फाल्गुण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 13, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ


## अमेरिकामाथि कीर्तिमानी जित



कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार अमेरिकाको विकेट लिएपछि नेपालका सन्दीप लामिछाने कप्तान ज्ञानेन्द्र मल्लसँग खुसी साट्दै । सन्दीपले ६ र सुसन भारीले ४ विकेट बाँडेपछि क्रिकेट विश्वकप लिग २ मा नेपालले अमेरिकालाई ३५ रनमै अलआउट गरेको थियो । थुप्रै कीर्तिमान स्थापित भएको यो खेल नेपालले ८ विकेटले जित्यो । समाचार पृष्ठ १५ । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

ओलीका २ वर्ष

# पूरा भएनन् वाचाहरू

वाम गठबन्धनको चुनावी घोषणापत्रमा दुई, पाँच र १० वर्षभित्र गर्ने कामका सूची थिए । तर दुई वर्षमा ठूल्ठूला महत्त्वाकांक्षी योजनामा मात्र होइन, ससाना काममा समेत उत्साहजनक प्रगति छैन ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सिंहदरबारभित्रका मन्त्रालय र मुख्य विभागमा केही दिनयता कर्मचारीलाई सरकारको कामको फेहरिस्त उतार्ने चटारो छ । उपलब्धिको सूची बुझाउन उनीहरूलाई प्रधानमन्त्री कार्यालयले ताकेता गरेको हो । आउँदो शनिबार फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको दुई वर्ष पुग्दै छ । त्यही दिन उपलब्धिहरू सार्वजनिक गर्ने तयारी छ । वाम गठबन्धनको चुनावी घोषणापत्रलाई दाँजेर हेर्दा भने यी दुई वर्षमा भएका काम उत्साहजनक देखिँदैनन् ।

चुनावमा मत माग्दा तत्कालीन एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमै आफ्नो नेतृत्वमा बहुमतको सरकार बने दुई, पाँच र १० वर्षभित्र के-के गर्ने भनेर काम उल्लेख गरिएको थियो । घोषणापत्रमा 'दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइनेछ' भनिएको थियो । तर यिनै वस्तुका लागि अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्रमुख बाली तथा माछामासु आयातमा ७१ अर्ब र २०७५/७६ मा ७० अर्ब रुपैयाँ बाहिरियो ।

घोषणापत्रमा दुई वर्षभित्र भैरहवा विमानस्थल निर्माण पूरा हुने उल्लेख थियो । तर भैरहवा विमानस्थलको काम अझै पूरा भएको छैन । केही समय तलमाथि हुनुलाई अन्यथा नठानिएला तर प्रतिबद्धताअनुसार काम गर्ने गतिमा देखिएको सुस्तता भने यसले झल्काउँछ ।

घोषणापत्रमा दुई वर्षभित्र काम पूरा गर्ने अर्को विषय थियो- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनले प्रतिस्थापन गर्ने । यो काममा कुनै प्रगति छैन । पेट्रोलियम सवारीकै आयात बढिरहेको छ ।

घोषणापत्रमा 'द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ' भनिएको थियो । यसमा केही प्रगति भएन । उल्टै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग विवादले झन्डै एक वर्ष पदाधिकारीविहीन भए ।

ठूल्ठूला महत्त्वाकांक्षी योजनासँगै जनताका दैनिक जीवनमा प्रभाव पार्ने खालका काम गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा थिए । तर दैनिक जीवनमा प्रभाव पार्ने काममा पनि सर्वसाधारणले अनुभूति गर्ने खालको प्रगति छैन । घोषणापत्रमा सबै पसलमा मूल्यसूची अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने भनिएको थियो । तर मूल्यवृद्धि, सिन्डिकेट र भ्रमपूर्ण विज्ञापन निरन्तर छ । आक्कलझुक्कल मात्र अनुगमन हुन्छ तर औपचारिकताका लागि मात्र जस्तो देखिन्छ ।

घोषणापत्रमा राष्ट्रिय मुद्दा, जनजीविकादेखि अन्तर्राष्ट्रिय विषय पनि समेटिएका थिए । दुई वर्षभित्र भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्ने र सीमा समस्याको समाधान र सीमानाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल हुने पनि उल्लेख थियो । चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, वर्षौंदेखि अल्झिएको पेट्रोलियम पाइपलाइन बिछ्याउने लगायतमा उल्लेख्य प्रगति भए पनि दुई वर्षमा तोकेरै गर्ने भनिएको घोषणापत्रको यो काम भने पूरा भएको छैन ।

सरकार बनेलगत्तै अर्थमन्त्री युवराज खतिवडाले संसद्मा श्वेतपत्र पेस गरी अघिल्ला सरकारको तीव्र आलोचना गरेका थिए । तर एक वर्षको पूर्ण बजेट कार्यान्वयन र अर्को छ महिना बितिसक्दा पनि विकास खर्च सुध्रेको छैन । बुधबारसम्मको तथ्यांक हेर्ने हो भने विकास खर्च साढे १८ प्रतिशत मात्र छ । प्रधानमन्त्री ओली भने अन्तर्राष्ट्रिय संस्थाहरूले सार्वजनिक गरेको सकारात्मक सूचीहरूलाई देखाएर सरकारको गति मापन गर्नुपर्ने बताइरहेका छन् ।

बाँकी पृष्ठ १४ ▸▸

> **भनिएको भन्दा अन्य काम गर्ने खालको सरकारको शैली छ, मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखियो**
> – **खगेन्द्र प्रसाई,** विश्लेषक

### भित्र



प्रदेश र स्थानीय तहको अधिकार कटौती


श्रमिकहरू अझै सामाजिक सुरक्षा कोषबाहिरै


२०६ पालिकामा पुग्न सकेन प्राविधिक शिक्षा


संक्रमणकालीन न्यायका कामहरू अघि बढ्न सकेनन्


कूटनीतिमा अलमल, सम्बन्ध विस्तारमा भने सफल



राजस्व र खर्चमा सरकारलाई सकस


**दुई वर्षभित्र सक्ने भनिएका मुख्य काम :**

- भैरहवा विमानस्थल निर्माण
- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनबाट प्रतिस्थापन
- यातायातलगायत क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य
- तुइनलाई झोलुङ्गे पुलले विस्थापन गर्ने
- राष्ट्रिय परिचयपत्र र गरिबी परिचयपत्र
- सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू
- भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, भूकम्प, बाढी र पहिरोपीडितलाई घर निर्माणमा सहयोग
- सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट
- राष्ट्रव्यापी नापी, भूमिको अभिलेख अद्यावधिक, वैज्ञानिक भूमिसुधार लागू
- आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर
- पूर्वपश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण
- परिमार्जित शिक्षा नीति लागू, बजेटको २० प्रतिशत शिक्षामा लगानी
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्कुल भर्ना
- केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना
- द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरण
- सबै पसलमा मूल्यसूची, गुणस्तर अनुगमन
- स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेपलाई अस्वीकार
- भारतसँगको १९५० को लगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन, सीमा समस्याको समाधान र नाकाको व्यवस्थापन

# ट्रस्टको १७३ रोपनी शंकास्पद मोहीका नाममा

■ **कृष्ण ज्ञवाली**
**बिनु सुवेदी** (काठमाडौं)

नेपाल ट्रस्टको सम्पत्तिमा कसैको हकदाबी नलाग्ने कानुनी व्यवस्था विपरीत बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको मन्त्रिपरिषद् निर्णयबाट १७३ रोपनी जग्गा मोहीका नाममा बाँडेको भेटिएको छ । सरकारले ट्रस्टका नाममा ल्याएको दिवंगत राजा वीरेन्द्र र उनको परिवारका नाममा रहेको १७३ रोपनी जग्गा मन्त्रिपरिषद् निर्णयलाई आधार मानी मालपोत कार्यालयले २०६९ सालमा मोहीका नाममा जग्गा दर्ता गरिएको हो ।

ट्रस्ट कार्यालयले तत्कालीन अन्तरिम संविधान र प्रचलित कानुनको बर्खिलाप हुने गरी ट्रस्टको जग्गा मोही र उनका हकवालामा दर्ता गरिएको भन्दै छानबिनका लागि सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगमा निवेदन दिइसकेको छ । ट्रस्ट कार्यालयले गत जेठ २१ गते आयोगमा पठाएको पत्रमा काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल, साबिक इचंगु गाविसको १७३ रोपनी १५ आना जग्गा मोहीका नाममा गएको भन्दै छानबिन गर्न आग्रह गरिएको छ । पत्रमा भनिएको छ, 'ती जग्गा २०६४ पुस १ गते मालपोत कार्यालय कलंकीले ट्रस्टमा नामसारी गरेको हो । फेरि मोही र उनीहरूको हकवालाका नाममा नामसारी भएको बुझिन आएको छ ।'

ट्रस्ट कार्यालय स्रोतले जग्गा थाहै नदिई गैरकानुनी रूपमा मोहीका नाममा दर्ता भएकाले आयोगमा निवेदन दिएको जनाएको छ । ट्रस्टले पत्रका साथमा उक्त जग्गा नेपाल सरकारको हो भनी ७५ पानाको प्रमाणसहितको मिसिलसमेत पठाएको छ ।

ट्रस्टको कार्यालयले ती जग्गाबारे सोधखोज गत चैतदेखि गरेको हो । मालपोत कार्यालय कलंकीले जवाफमा '२०६९ भदौ ११ गते मन्त्रिपरिषद्को निर्णयअनुसार एकलौटी रूपमा मोहीका नाममा नामसारी भएको' भनी जवाफ लेखेको थियो । उक्त पत्रपछि ट्रस्टको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पत्र पठाएर 'निर्णयको व्यहोरा के थियो ?' भनी विवरण मागेको थियो ।

नेपाल ट्रस्ट ऐनको दफा १३ मा 'ट्रस्टको सम्पत्ति बिक्रीवितरण र भोगाधिकार गर्नमा प्रतिबन्ध हुने' व्यवस्था छ ।

बाँकी पृष्ठ १४ ▸▸

**२०६४ पुस १**
राजा वीरेन्द्र र उनको परिवारको जग्गा नेपाल ट्रस्टका नाममा दर्ता

**२०६९ भदौ ११**
छानबिन गरी आवश्यक देखिए दर्ता स्रेस्ता कायम गर्ने मन्त्रिपरिषद् निर्णय

**२०७० असार ४ देखि**
बिनाछानबिन १७३ रोपनी १५ आना मोहीका नाममा


An ISO 9001:2008 Certified College

CG INSTITUTE OF MANAGEMENT
a CGHOLDINGS initiative

LIMKOKWING UNIVERSITY OF CREATIVE TECHNOLOGY
WORLDWIDE

LEARN HERE, LEAD Globally

ADMISSION OPEN
For 11th Batch

MBA
SPRING 2020 INTAKE
Morning and Evening Shift

ELIGIBLITY CRITERIA FOR ADMISSION
45% or 2 CGPA in Bachelor Degree Program

MoE approved and TU equivalent



Minbhawan, Anup Marga, Kathmandu, Nepal
Phone No.: +977-1-4107101, 4107114
www.cgim.edu.np
/cgimnepal | /cgimktm

Admission Helpline Numbers: 9801234525/9801200877/9801200911



NIKE



SALE

SKECHERS



At Skechers Store
Durbarmarg / Civil Mall / Shoe tree (Durbarmarg) / City center / CG Landmark, Bharatpur Heights
At Nike Store
Durbarmarg / Bluebird Mall / Ph. 01-4258709, 9851127846, 9855054313

## 'महिलालाई बराबरी अवसर'

धनुषा (कास)- जनकपुरमा दोस्रो राष्ट्रिय बेटी सम्मेलन ९ बुँदे घोषणापत्र जारी गर्दै बुधबार सम्पन भएको छ। 'समानता र समावेशिताका लागि आसनमा महिला, भाषणमा महिला र शासनमा महिला' नारासहित जनकपुरमा ३ दिनसम्म चलेको सम्मेलनले हरेक क्षेत्रमा महिलाको ५० प्रतिशत अर्थपूर्ण सहभागिता नभए भद्र असहमति जनाउने घोषणा गरेको छ।

सम्मेलनले महिलालाई निःशुल्क स्यानेटरी प्याड उपलब्ध गराउन, ७ वटै प्रदेशमा महिला अंकित स्तम्भ निर्माण गरी शान्ति, समृद्धि एवम् लैंगिक मैत्री सन्देश प्रवाह गर्न माग गरेको छ। सम्मेलनले मर्यादित तथा सुरक्षित महिनावारी र विज्ञानमा महिला सहभागिता सुनिश्चित गर्न स्थानीय तहहरूसँग साझेदारी गर्ने घोषणा गरेको छ। बेटी सम्मेलनको घोषणापत्र सार्वजनिक गर्दै प्रदेशकी आर्थिक मामिला तथा योजना राज्यमन्त्री उषा यादवले अधिकारका लागि महिला सशक्तीकरण आवश्यक रहेको बताइन्।

## गाँजासहित एक पक्राउ

सर्लाही (कास)- सर्लाहीको चुरे क्षेत्रबाट प्रहरीले गाँजासहित एक युवकलाई पक्राउ गरेको छ। लालबन्दी नगरपालिका-१२ जियाजोरबाट २४ वर्षीय कान्छाराम स्याङतानलाई मंगलबार प्रहरीले पक्राउ गरेको हो।

गाउँबाट बा४९प ६०२ नम्बरको मोटरसाइकलमा गाँजा लिएर आउँदै गरेका स्याङतानलाई गस्तीमा निस्किएको प्रहरीले शंका लागेर खानतलासी गर्दा मोटरसाइकल पछाडि राखिएको बोराबाट १० किलो गाँजा बरामद भएको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ।

# बर्दिवास–इनरुवा रेलमार्गको ईआईए धमाधम

### १४ ठाउँमा प्लेटफर्म, १३२.४२ किमी निर्माण गर्न १ खर्ब १६ अर्ब १९ करोड रूपैयाँ लाग्ने



■ **अवधेशकुमार झा** (राजविराज)

मेची-महाकाली विद्युतीय रेल मार्गअन्तर्गत महोत्तरीको बर्दिवासदेखि सुनसरीको इनरुवा खण्डको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) अन्तिम चरणमा पुगेको छ। उक्त खण्डको विस्तृत सर्वे र डिजाइन सम्पन्न भइसकेको छ।

ईआईएको जिम्मा पाएको फुल ब्राइट कन्सल्टेन्सीका इन्जिनियर मञ्जुलकृष्ण मानन्धरले प्रस्तावित रेलमार्गले वन क्षेत्रको ठूलो नोक्सानी नगर्ने जनाए। उनका अनुसार ३ स्थानमा रहेका सामुदायिक वनको करिब २ हजार ३८ वटा रूख कटान गर्नुपर्नेछ। रूख कटानको क्षतिपूर्तिस्वरूप ५१ हजार नयाँ बिरुवा रोपिने र त्यसको ५ वर्षसम्म संरक्षण तथा रेखदेख गरिने मानन्धरले बताए। यसैगरी कोशीटप्पु वन्यजन्तु आरक्षअन्तर्गत सप्तरी र सुनसरीका करिब ८ किलोमिटरको ४० हेक्टर मध्यवर्ती क्षेत्रको जग्गा रेलमार्गमा पर्नेछ।

राष्ट्रिय गौरवको आयोजना मेची-महाकाली विद्युतीय रेलमार्गको कुल ९ सय ४५ किलोमिटरमध्ये बर्दिवास-इनरुवा खण्डमा १३२.४२ किमी निर्माण गर्नुपर्नेछ। विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) अनुसार यो खण्डमा १४ वटा स्टेसन रहनेछ। त्यसमध्ये १० स्टेसन मात्र यात्रुले प्रयोग गर्न मिल्नेछ। ४ वटा 'सिग्नल स्टेसन' रहनेछ। बर्दिवास र लहान स्टेसनमा मालवाहक रेलसमेत रोकिनेछ। बर्दिवास, नक्टाझिझ, यज्ञभूमि, मिर्चैया, असनपुर, धनगढी, लहान, मोहनपुर, राजविराज र धनपुरीमा यात्रु चढाउने स्टेसन तय गरिएको छ भने कल्याणपुर, वनरझुला, डिमन र हरिपुरमा सिग्नल स्टेसन स्थापना गरिने तयारी छ।

बर्दिवास-इनरुवा खण्डमा निर्माण हुने रेलमार्गमा कुल २८ वटा प्रमुख नदी पर्ने र ६१ वटा पुल निर्माण गर्नुपर्ने डिजाइन तयार पारिएको छ। सडकको माथिबाट १ सय ४८ वटा पुल निर्माण गर्नुपर्ने तथा कल्भर्टको संख्या २ सय ९१ पुग्ने इन्जिनियर मानन्धरले बताए। सप्तकोही नदीमा सबैभन्दा ठूलो नयाँ पुल निर्माण गरिनेछ। हालको कोशी ब्यारेज पुल रहेको स्थानभन्दा ६ किलोमिटर उत्तरमा रेलमार्गका लागि नयाँ पुलको प्रस्ताव गरिएको छ। कोशी ब्यारेजभन्दा पाँच किलोमिटर क्षेत्रमा कुनै संरचना निर्माण गर्न नसकिने तथा उत्तरी क्षेत्रमा कोशीटप्पु वन्यजन्तु आरक्षको क्षेत्र रहेकाले आरक्षको मध्यवर्ती क्षेत्रमा पुल बनाउने डिजाइन गरिएको मानन्धरले बताए। सप्तकोशीमा २ सय ३ वटा स्पानसहितको ८.१२ किलोमिटर लामो पुल निर्माण गरिने तयारी छ। रेलमार्गको कुल लम्बाइको ११ प्रतिशत पुल नै हुनेछ।

इन्जिनियर मानन्धरका अनुसार रेलमार्गलाई आवश्यक कुल ८१४.२२ हेक्टर जग्गामध्ये ७४१.६७ हेक्टर कृषियोग्य जग्गा अधिग्रहण गर्नुपर्नेछ। प्रस्तावित रेलमार्गमा ३ सय ७१ वटा निजी घरसमेत पर्ने भएको छ। जग्गा प्राप्तिसहित पाँच वर्षमा निर्माण गरिने लक्ष्य लिइएको उक्त रेलमार्गका लागि १ खर्ब १६ अर्ब १९ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। डेढ वर्षअघि नै यो डिजाइन तयार गरिएकाले अहिले लागत बढ्ने मानन्धरले बताए। कुल लागतमध्ये ९६ अर्ब ८४ करोड रुपैयाँ निर्माणमा खर्च हुनेछ। औसतमा प्रतिकिमी रेलमार्ग निर्माणमा ८३ करोड ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

गैरनिर्माण खर्चमा भने १४ अर्ब १७ करोड रुपैयाँ खर्च हुने मानन्धरले बताए। उनका अनुसार वन क्षतिपूर्ति र वृक्षरोपणमा ८५ लाख ८५ हजार, घर जग्गासहित निजी सम्पत्तिको क्षतिपूर्तिमा १३ अर्ब ९१ करोड, सामाजिक सम्वर्द्धन योजनामा ३ करोड ३९ लाख र वातावरणीय र अन्य सम्वर्द्धन योजनामा १६ करोड ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

## चार ठाउँमा विपद् व्यवस्थापन केन्द्र

पर्सा (कास)- वीरगन्ज महानगरपालिकाले ४ स्थानमा विपद् व्यवस्थापन केन्द्र राख्ने भएको छ। महानगरको वातावरण तथा हरियाली प्रवर्द्धन शाखा प्रमुख सुनिल कर्णका अनुसार ४ वटै केन्द्रमा दक्ष अग्नि नियन्त्रक टोलीसहित वारुण यन्त्र राखिनेछ। त्यसमध्ये एउटालाई तालिम केन्द्र बनाइने उनले बताए।

'महानगरको हालको वारुण यन्त्र विभाग घना शहरी क्षेत्रमा परेको र यसका जनशक्ति पनि पुराना भएको छ,' उनले भने, 'त्यसैले नयाँ पूर्वाधार र जनशक्तिसहित ४ वटा केन्द्रको परिकल्पना गरेका हौं।' उनका अनुसार वडा नं १६ नगवा, आईसीपी/सुक्खा बन्दरगाह क्षेत्र, वडा नं ३० बगही/बेल्वा क्षेत्र र पर्सा बारा औद्योगिक करिडोर तथा रक्सौल-अमलेखगन्ज पाइप लाइनलाई लक्षित गरी परवानीपुर क्षेत्रमा यस्तो केन्द्र राख्ने तयारी गरिएको छ।

'एउटा केन्द्रमा फायर फाइटिङ तालिम तथा बाढी लगायतका अन्य विपद् व्यवस्थापन सम्बन्धी तालिम पनि दिइनेछ,' उनले भने, 'प्रत्येक केन्द्र निर्माण तथा सञ्चालनका लागि कम्तीमा १० करोड रुपैयाँ आवश्यक पर्ने भएकाले महानगरले अर्थ मन्त्रालयलाई पत्राचार गरी ४० करोड रुपैयाँको माग गरिसकेको छ।' अर्थ मन्त्रालयले यस सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गृह मन्त्रालयसँग समन्वय गरेर रकम माग गर्न सुझाएको कर्णले जानकारी दिए। 'अर्थको सुझाव अनुरूप दुवै मन्त्रालयलाई पत्राचार गर्ने तयारी भइरहेको छ,' उनले भने।

**प्रत्येक केन्द्र निर्माण तथा सञ्चालनलाई कम्तीमा १० करोड रुपैयाँ आवश्यक**

हाल महानगरको वारुण यन्त्र शाखामा जम्मा ४ वटा वारुणयन्त्र छन्। तीमध्ये ३ ठूला र १ सानो रहेको छ। २ वटाले पानीको फोहोरा मात्र फाल्न सक्छन्। बाँकी २ मध्ये ठूलोले पानी र फोम दुवै फाल्छ भने सानोले फोम मात्रै फाल्छ। आगो नियन्त्रणका लागि कतिपय घटनास्थलमा पानीसँगै फोम पनि प्रभावकारी हुन्छ।

प्रदेशको पर्सादेखि सर्लाही जिल्लासम्म र भारतको मोतिहारीदेखि बेतियासम्म पनि अग्नि नियन्त्रणका लागि यहाँका वारुण यन्त्र लग्ने गरिएको कर्णले बताए। 'एकातिर हामीले अभिभावकको भूमिका खेल्नुपरेको छ,' उनले भने, 'अर्कोतर्फ वीरगन्जमा यसै वर्षदेखि तेलको पाइपलाइनजस्तो ठूलो परियोजना थपिएको छ।' पाइपलाइनबाट जुनसुकै बेला जोखिम हुन सक्ने भएकाले नयाँ विपद् व्यवस्थापन केन्द्र बनाउने तयारी गरिएको उनको भनाइ छ।

जिल्लामै पर्सा-बारा औद्योगिक कोरिडोरको ठूलो हिस्सा पर्ने र यसबाहेक सिर्सिया सुक्खा बन्दरगाह, एकीकृत सुरक्षा जाँचचौकी जस्ता ठूला पूर्वाधार सञ्चालनमा आइसकेकाले विपद् व्यवस्थापनलाई बलियो बनाउनुपर्ने उनको धारणा छ। बारामा सिमरा विमानस्थल सञ्चालनमा रहेको र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं-तराई द्रुतमार्ग पनि निर्माण हुने भएकाले विपद् व्यवस्थापनको गृहकार्य थालिएको उनले बताए।

# सिरहामा झण्डा मेला

**कान्तिपुर संवाददाता** (सिरहा)

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकामा दोस्रो झण्डा महोत्सव आयोजना गरिएको छ। १० दिनसम्म चल्ने मेला माघ २३ गतेदेखि सुरु भएको हो। मेलामा हनुमानको प्रतिमामाथिको झन्डा मुख्य आकर्षण बनेको छ। १५ फिट अग्लो हनुमानको प्रतिमा माथि ८५ फिट अग्लो ध्वजासहित बनाइएको झण्डा महोत्सवको मुख्य आकर्षण बनेको हो। महोत्सवस्थल पुग्ने जोकोही आगन्तुक रामायणकालीन हनुमानसहित राम, लक्ष्मण र सीताको प्रतिमा दर्शनपछि झण्डाको अवलोकन गर्न पुग्छन्।

हनुमानको प्रतिमा र झण्डा सर्लाहीका ५ जना कालीगढले १५ दिन लगाएर बनाएका हुन। महोत्सव मूल आयोजक समितिका संयोजक एवं सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्ष केदारनाथ यादवका अनुसार प्रतिमा र झण्डा निर्माण गर्न १ लाख ३५ हजार रुपैयाँ खर्च भएको छ। महोत्सवमा कृषि, इलेक्ट्रोनिक्स, खाद्यान्नसँग सम्बन्धित सयभन्दा बढी स्टल रहेको उनले जानकारी दिए। महोत्सव स्थलमा राखिएको ५ सय ५० कलश पनि आकर्षण बनेको छ। महोत्सव स्थलमा नेपालको चार सयभन्दा बढी राष्ट्रिय झण्डा समेत टाँगिएको छ।

कृषि ज्ञान केन्द्रद्वारा प्रदर्शनीमा राखिएको आधुनिक कृषि उपकरणमा पनि कृषकले चासो दिएका छन्। महोत्सवमा हाते ट्र्याक्टर, धान रोप्ने र काट्ने मेसिनदेखि कृषि उपज ओसारपसारमा प्रयोग हुने आधुनिक उपकरणबारे जानकारी पाएको स्थानीय कृषक गेनाई यादवले सुनाए।



**सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकामा आयोजित १० दिने दोस्रो झण्डा महोत्सवमा राखिएको सय फिट अग्लो झण्डा।**
*तस्बिर : भरत जर्घामगर/कान्तिपुर*

'माछापालन, आधुनिक कृषि खेती प्रणालीबारे जानकारी पाएँ,' उनले भने। मेलामा २९ किलोग्राम तौलको फर्सीसमेत प्रदर्शनीमा राखिएको छ। साथै, बालविवाह, बहुविवाह, दाइजोप्रथा र लैंगिक हिंसासम्बन्धी दिनहुँ जनचेतनामूलक कार्यक्रमसमेत आयोजना गरिएको अध्यक्ष यादवले जानकारी दिए।

# वाग्मती उत्खननमा रोक

■ **शिव पुरी** (रौतहट)

जिल्ला समन्वय समिति रौतहटले वाग्मती नदीमा नदीजन्य सामग्री उत्खननमा रोक लगाएको छ। मापदण्ड मिच्दै २ मिटरसम्म उत्खनन गरिएको अनुगमनमा भेटिएपछि समितिले रोक लगाएको हो।

उत्खनन रोक्नुमा सर्लाहीसित सीमाको विवाद बढेको र जथाभावी खाडल बनाएको विषयलाई समितिले कारण देखाएको छ। गत वर्ष पनि उत्खननको ठेक्का पाएको ठेकेदारले मनपरी नदीजन्य सामग्री झिकेको पाइएको थियो। चन्द्रपुर-१ स्थित वाग्मतीमा ठूलो खाडल बनाएर मापदण्ड विपरीत उत्खनन भएको पाइएपछि प्रशासनको निर्देशनमा समन्वय समितिले रोक लगाएको हो।

समितिका उपसभापति रामआशिष रायले जिल्ला प्रशासनसित मापदण्डको परिधिभित्र बालुवा-गिट्टीको निकासीमा कडाइ गर्न छलफल गर्ने बताए। 'ठेकेदारले लाखौंमा ठेक्का सकारेको हुन्छ। खोलामा अलिअलि खाडल त भइहाल्छ नि,' उनले भने, 'त्यही पनि स्थानीय प्रशासनसहित बसेर कसरी मापदण्डभित्र बालुवा-गिट्टी निकासी गर्ने छलफल गर्नेछौं।'खोलामा मनपरी उत्खनन रोक्न केही समयका लागि रोक लगाइएको उनले बताए। अघिल्लो वर्ष साह निर्माण सेवा सर्लाहीले सडक निर्माण र तटबन्धका लागि भन्दै एस्क्याभेटर प्रयोग गरी नदीमा ठूलो खाडल बनाएपछि विवाद बढेको थियो। समितिले २ मिटरसम्म गहिरो ४ सय मिटर लम्बाइ र २० चौडाइसम्म उत्खनन गर्ने सर्तसहित सम्झौता गरेकोमा ठेकेदारले सर्त उल्लंघन गर्दै नदीमा ठूलो खाडल पारेपछि अनुगमन टोलीले रोक लगाएको थियो। यही स्थानमा चन्द्रपुरले चालु आर्थिक वर्षका लागि १ करोड ६० लाख रुपैयाँमा ठेक्का लगाएको छ। ठेक्काकै आडमा ठेकेदारले जथाभावी उत्खनन गर्दै आएको छ।



**रौतहटको चन्द्रपुर क्षेत्रस्थित वाग्मती नदी। यहाँ जथाभावी उत्खनन भएपछि नदीजन्य वस्तु झिक्न रोक लगाइएको छ ।** *तस्बिर : शिव/कान्तिपुर*

ठेकेदारलाई सम्झौता र वातावरण प्रभाव मूल्यांकन (ईआईए) बाहिर गएर काम नगर्न निर्देशन दिए पनि नदीमा एस्क्याभेटर प्रयोग गरी खाडल बनाइएको छ। स्थानीय तह गठन भएदेखि नै वाग्मतीको ढुंगा, गिट्टी र बालुवाको चन्द्रपुर नगरपालिकाले ठेक्का लगाउँदै आएका छन्। वाग्मतीको पूर्वतिर पर्ने सर्लाहीको बरहथवा नगरपालिकाले चालू आर्थिक वर्षदेखि उक्त नदी आफ्नो सीमा क्षेत्रमा पर्ने दाबी गर्दै आएको छ। उसले नदीजन्य पदार्थमा दाबी गरेपछि पछिल्लो समय दुवै नगरपालिकाबीच विवाद बढेको छ। विवादकै कारण जिल्ला प्रशासन सर्लाही र रौतहट प्रशासनले दुवैतिर नदीजन्य पदार्थ उत्खननमा रोक लगाएको रौतहटका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बताए।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | दुबिधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धन | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २ गते शुक्रबार तदनुरुप १४ फरवरी २०२० फाल्गुन कृष्णपक्ष षष्टि तिथि रात्रिको १२:२ बजेसम्म उप्रान्त सप्तमी तिथि, चित्रा नक्षत्र दिनको १२:५६ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, गण्ड योग रात्रिको १०:१४ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको १:८ बजेसम्म उप्रान्त वणिज करण, तुला राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | इट्स माइ सो (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | फिल्म टनिक (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | इट्स माई सो (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हवाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हवाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (निशान्त) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (निशान्त) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२९६१२ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०, ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |



**अतिथिलाई सत्कार**
सिन्धुलीमा पहिलो होमस्टे

**वाग्मतीबाट सम्मानित**
साग पदकधारीलाई प्रदेशको सम्मान । १६



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५४ पोखरा | १ फागुन २०७६ बिहीबार फाल्गुण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 13, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

## अमेरिकामाथि कीर्तिमानी जित



कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार अमेरिकाको विकेट लिएपछि नेपालका सन्दीप लामिछाने कप्तान ज्ञानेन्द्र मल्लसँग खुसी साट्दै । सन्दीपले ६ र सुसन भारीले ४ विकेट बाँडेपछि क्रिकेट विश्वकप लिग २ मा नेपालले अमेरिकालाई ३५ रनमै अलआउट गरेको थियो । थुप्रै कीर्तिमान स्थापित भएको यो खेल नेपालले ८ विकेटले जित्यो । समाचार पृष्ठ १५ । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

ओलीका २ वर्ष

# पूरा भएनन् वाचाहरू

वाम गठबन्धनको चुनावी घोषणापत्रमा दुई, पाँच र १० वर्षभित्र गर्ने कामका सूची थिए । तर दुई वर्षमा ठूल्ठूला महत्त्वाकांक्षी योजनामा मात्र होइन, ससाना काममा समेत उत्साहजनक प्रगति छैन ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सिंहदरबारभित्रका मन्त्रालय र मुख्य विभागमा केही दिनयता कर्मचारीलाई सरकारको कामको फेहरिस्त उतार्ने चटारो छ । उपलब्धिको सूची बुझाउन उनीहरूलाई प्रधानमन्त्री कार्यालयले ताकेता गरेको हो । आउँदो शनिबार फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको दुई वर्ष पुग्दै छ । त्यही दिन उपलब्धिहरू सार्वजनिक गर्ने तयारी छ । वाम गठबन्धनको चुनावी घोषणापत्रलाई दाँजेर हेर्दा भने यी दुई वर्षमा भएका काम उत्साहजनक देखिँदैनन् ।

चुनावमा मत माग्दा तत्कालीन एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमै आफ्नो नेतृत्वमा बहुमतको सरकार बने दुई, पाँच र १० वर्षभित्र के-के गर्ने भनेर काम उल्लेख गरिएको थियो । घोषणापत्रमा 'दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइनेछ' भनिएको थियो । तर यिनै वस्तुका लागि अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्रमुख बाली तथा माछामासु आयातमा ७१ अर्ब र २०७५/७६ मा ७० अर्ब रुपैयाँ बाहिरियो ।

घोषणापत्रमा दुई वर्षभित्र भैरहवा विमानस्थल निर्माण पूरा हुने उल्लेख थियो । तर भैरहवा विमानस्थलको काम अझै पूरा भएको छैन । केही समय तलमाथि हुनुलाई अन्यथा नठानिएला तर प्रतिबद्धताअनुसार काम गर्ने गतिमा देखिएको सुस्तता भने यसले झल्काउँछ ।

घोषणापत्रमा दुई वर्षभित्र काम पूरा गर्ने अर्को विषय थियो- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनले प्रतिस्थापन गर्ने । यो काममा कुनै प्रगति छैन । पेट्रोलियम सवारीकै आयात बढिरहेको छ ।

घोषणापत्रमा 'द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुन:स्थापन र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ' भनिएको थियो । यसमा केही प्रगति भएन । उल्टै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग विवादले झन्डै एक वर्ष पदाधिकारीविहीन भए ।

ठूल्ठूला महत्त्वाकांक्षी योजनासँगै जनताका दैनिक जीवनमा प्रभाव पार्ने खालका काम गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा थिए । तर दैनिक जीवनमा प्रभाव पार्ने काममा पनि सर्वसाधारणले अनुभूति गर्ने खालको प्रगति छैन । घोषणापत्रमा सबै पसलमा मूल्यसूची अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने भनिएको थियो । तर मूल्यवृद्धि, सिन्डिकेट र भ्रमपूर्ण विज्ञापन निरन्तर छ । आक्कलझुक्कल मात्र अनुगमन हुन्छ तर औपचारिकताका लागि मात्र जस्तो देखिन्छ ।

घोषणापत्रमा राष्ट्रिय मुद्दा, जनजीविकादेखि अन्तर्राष्ट्रिय विषय पनि समेटिएका थिए । दुई वर्षभित्र भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्ने र सीमा समस्याको समाधान र सीमानाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल हुने पनि उल्लेख थियो । चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, वर्षौंदेखि अल्झिएको पेट्रोलियम पाइपलाइन बिछ्याउने लगायतमा उल्लेख्य प्रगति भए पनि दुई वर्षमा तोकेरै गर्ने भनिएको घोषणापत्रको यो काम भने पूरा भएको छैन ।

सरकार बनेलगत्तै अर्थमन्त्री युवराज खतिवडाले संसद्मा श्वेतपत्र पेस गरी अघिल्ला सरकारको तीव्र आलोचना गरेका थिए । तर एक वर्षको पूर्ण बजेट कार्यान्वयन र अर्को छ महिना बितिसक्दा पनि विकास खर्च सुध्रेको छैन । बुधबारसम्मको तथ्यांक हेर्ने हो भने विकास खर्च साढे १८ प्रतिशत मात्र छ । प्रधानमन्त्री ओली भने अन्तर्राष्ट्रिय संस्थाहरूले सार्वजनिक गरेको सकारात्मक सूचीहरूलाई देखाएर सरकारको गति मापन गर्नुपर्ने बताइरहेका छन् ।

बाँकी पृष्ठ १४ ▸▸

> भनिएको भन्दा अन्य काम गर्ने खालको सरकारको शैली छ, मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखियो
> – **खगेन्द्र प्रसाईं**, विश्लेषक

## भित्र


प्रदेश र स्थानीय तहको अधिकार कटौती


श्रमिकहरू अझै सामाजिक सुरक्षा कोषबाहिरै


२०६ पालिकामा पुग्न सकेन प्राविधिक शिक्षा


संक्रमणकालीन न्यायका कामहरू अघि बढ्न सकेनन्


कूटनीतिमा अलमल, सम्बन्ध विस्तारमा भने सफल



राजस्व र खर्चमा सरकारलाई सकस

**दुई वर्षभित्र सक्ने भनिएका मुख्य काम :**

- भैरहवा विमानस्थल निर्माण
- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनबाट प्रतिस्थापन
- यातायातलगायत क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य
- तुइनलाई झोलुङ्गे पुलले विस्थापन गर्ने
- राष्ट्रिय परिचयपत्र र गरिबी परिचयपत्र
- सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू
- भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, भूकम्प, बाढी र पहिरोपीडितलाई घर निर्माणमा सहयोग
- सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट
- राष्ट्रव्यापी नापी, भूमिको अभिलेख अद्यावधिक, वैज्ञानिक भूमिसुधार लागू
- आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर
- पूर्वपश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण
- परिमार्जित शिक्षा नीति लागू, बजेटको २० प्रतिशत शिक्षामा लगानी
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्कुल भर्ना
- केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना
- द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुन:स्थापन र परिपूरण
- सबै पसलमा मूल्यसूची, गुणस्तर अनुगमन
- स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेपलाई अस्वीकार
- भारतसँगको १९५० को लगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन, सीमा समस्याको समाधान र नाकाको व्यवस्थापन

# ट्रस्टको १७३ रोपनी शंकास्पद मोहीका नाममा

■ **कृष्ण ज्ञवाली**
**बिनु सुवेदी** (काठमाडौं)

नेपाल ट्रस्टको सम्पत्तिमा कसैको हकदाबी नलाग्ने कानुनी व्यवस्था विपरीत बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको मन्त्रिपरिषद् निर्णयबाट १७३ रोपनी जग्गा मोहीका नाममा बाँडेको भेटिएको छ । सरकारले ट्रस्टका नाममा ल्याएको दिवंगत राजा वीरेन्द्र र उनको परिवारका नाममा रहेको १७३ रोपनी जग्गा मन्त्रिपरिषद् निर्णयलाई आधार मानी मालपोत कार्यालयले २०६९ सालमा मोहीका नाममा जग्गा दर्ता गरिएको हो ।

**२०६४ पुस १**
राजा वीरेन्द्र र उनको परिवारको जग्गा नेपाल ट्रस्टका नाममा दर्ता

**२०६९ भदौ ११**
छानबिन गरी आवश्यक देखिए दर्ता स्रेस्ता कायम गर्ने मन्त्रिपरिषद् निर्णय

**२०७० असार ४ देखि**
बिनाछानबिन १७३ रोपनी १५ आना मोहीका नाममा

ट्रस्ट कार्यालयले तत्कालीन अन्तरिम संविधान र प्रचलित कानुनको बर्खिलाप हुने गरी ट्रस्टको जग्गा मोही र उनका हकवालामा दर्ता गरिएको भन्दै छानबिनका लागि सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगमा निवेदन दिइसकेको छ । ट्रस्ट कार्यालयले गत जेठ २१ गते आयोगमा पठाएको पत्रमा काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल, साबिक इचंगु गाविसको १७३ रोपनी १५ आना जग्गा मोहीका नाममा गएको भन्दै छानबिन गर्न आग्रह गरिएको छ । पत्रमा भनिएको छ, 'ती जग्गा २०६४ पुस १ गते मालपोत कार्यालय कलंकीले ट्रस्टमा नामसारी गरेको हो । फेरि मोही र उनीहरूको हकवालाका नाममा नामसारी भएको बुझिन आएको छ ।'

ट्रस्ट कार्यालय स्रोतले जग्गा थाहै नदिई गैरकानुनी रूपमा मोहीका नाममा दर्ता भएकाले आयोगमा निवेदन दिएको जनाएको छ । ट्रस्टले पत्रका साथमा उक्त जग्गा नेपाल सरकारको हो भनी ७५ पानाको प्रमाणसहितको मिसिलसमेत पठाएको छ ।

ट्रस्टको कार्यालयले ती जग्गाबारे सोधखोज गत चैतदेखि गरेको हो । मालपोत कार्यालय कलंकीले जवाफमा '२०६९ भदौ ११ गते मन्त्रिपरिषद्को निर्णयअनुसार एकलौटी रूपमा मोहीका नाममा नामसारी भएको' भनी जवाफ लेखेको थियो । उक्त पत्रपछि ट्रस्टको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पत्र पठाएर 'निर्णयको व्यहोरा के थियो ?' भनी विवरण मागेको थियो ।

नेपाल ट्रस्ट ऐनको दफा १३ मा 'ट्रस्टको सम्पत्ति बिक्रीवितरण र भोगाधिकार गर्नमा प्रतिबन्ध हुने' व्यवस्था छ ।

बाँकी पृष्ठ १४ ▸▸

An ISO 9001:2008 Certified College
CG INSTITUTE OF MANAGEMENT
a CGHOLDINGS initiative
LIMKOKWING UNIVERSITY OF CREATIVE TECHNOLOGY
WORLDWIDE
LEARN HERE, LEAD Globally
ADMISSION OPEN
MBA
SPRING 2020 INTAKE
Morning and Evening Shift
For 11th Batch
ELIGIBLITY CRITERIA FOR ADMISSION
45% or 2 CGPA in Bachelor Degree Program
MoE approved and TU equivalent



Minbhawan, Anup Marga, Kathmandu, Nepal
Phone No.: +977-1-4107101, 4107114
www.cgim.edu.np
/cgimnepal /cgimktm
Admission Helpline Numbers: 9801234525/9801200877/9801200911

NIKE



SALE

SKECHERS



At Skechers Store
Durbarmarg / Civil Mall / Shoe tree (Durbarmarg) / City center / CG Landmark, Bharatpur Heights
At Nike Store
Durbarmarg / Bluebird Mall / Ph. 01-4258709, 9851127846, 9855054313

# हस्ताक्षर किर्ते गर्नेलाई कैद

लमजुङ (कास)- जिल्ला अदालतले बेंसीसहर-४ का वडाध्यक्ष लालवीर गुरुङको हस्ताक्षर किर्ते गरी जग्गा बिक्रीमा संलग्न ४ र किन्ने २ जनालाई कैद फैसला सुनाएको छ। बेंसीसहर-३ का काजीमान दमै, बसन्त बराल, वडा-९ का मिलन गुरुङ र वडा-४ की हरिमाया गुरुङलाई लिखत सम्बन्धी कसुर र ठगीमा मुद्दामा कैद सजाय भएको हो।

उनीहरूलाई जनही १/१ वर्षको कैद र १८/१८ हजार रुपैयाँ जरिवाना तोकिएको अदालतका स्रेस्तेदार जगतबहादुर भण्डारीले बताए। यसैगरी जग्गा किन्ने नुवाकोट सिक्रेका दीपक तामाङ र काभ्रेपलाञ्चोक सिपाली चिलाउने बुद्ध लामालाई ठगी मुद्दामा ८/८ महिना कैद र ८/८ हजार जरिवाना तोकेको छ। जिल्ला न्यायाधीश हरिश्चन्द्र ढुंगानाको इजलासले बिक्री गरिएको जग्गा सम्बन्धित धनीलाई नै फिर्ता गर्ने गरी मंगलबार यस्तो फैसला गरेको स्रेस्तेदार भण्डारीले बताए।

आफ्नो हस्ताक्षर र छाप किर्ते गरेको भन्दै वडाध्यक्ष गुरुङले उनीहरूविरुद्ध प्रहरीमा उजुरी दिएका थिए। अदालतको आदेशमा ६ जना गत वर्ष माघ १४ मा पुर्पक्षको लागि जिल्ला कारागार चलान भएका थिए। कारागारको थुनामा रहेका ६ जनाले कैद भुक्तान गरिसकेको र जरिवाना रकम बुझाएपछि उनीहरू कारागारबाट मंगलबार नै छुटेका छन्।

बेंसीसहर-४ पुरानकोटकी गनमाया गुरुङले आफ्नो ३२ रोपनी १५ आना जग्गा चितवनस्थित पुरुषोत्तम वाग्लेलाई बिक्री गर्ने क्रममा ती ४ जनाले वडाध्यक्ष गुरुङको हस्ताक्षर किर्ते गरेको अभियोग लागेको थियो। चारै जनाले यसअघि तिनै वडाध्यक्ष गुरुङको किर्ते हस्ताक्षर गराएर पुरानकोटकै डुकबीर गुरुङको २ श्रीमती जेठी सुनसरी र कान्छी गनमायाको संयुक्त नाममा रहेको ४४ रोपनी ९ आना १ पैसा ३ दाम जग्गा बिक्री गरेको रहस्य खुलेपछि नुवाकोटका तामाङ र काभ्रेपलाञ्चोकका लामालाई प्रहरीले पक्राउ गरी कारबाही अघि बढाएको थियो।

# दुर्घटनामा ४ को मृत्यु

पूर्वी नवलपरासी (कास)- पूर्वी नवलपरासीको बुलिङटार गाउँपालिका-३ छरछरेमा भएको ट्र्याक्टर दुर्घटनामा मृत्यु हुनेको संख्या ४ पुगेको छ। १३ घाइते भएका छन्।

मृतकमा स्थानीय नरबहादुर सुस्लिङ, यानसिंह सारु, पूर्ण थापा र लीलाबहादुर सारु छन्। नेपाल प्रहरीमा कार्यरत लीलाबहादुर घर बिदामा आउँदा दुर्घटनामा परेका हुन्।

इलाका प्रहरी कार्यालय बुलिङटारका प्रनानि नारायण पौडेलका अनुसार मंगलबार साँझ साढे ७ बजेतिर भएको दुर्घटनामा २ जनाको घटनास्थलमा र अरु दुईको उपचारको क्रममा मृत्यु भएको हो। उनीहरू घाँस काट्न गएका र फर्किंदा ट्र्याक्टरमा चढेर घर जाँदै थिए।

चितवन मेडिकल कलेजमा उपचाररत घाइते १३ जना मध्ये ४ जनाको अवस्था चिन्ताजनक छ। ट्र्याक्टर अनियन्त्रित भएर कच्ची सडकबाट २ सय मिटर तल खसेको हो। दुर्घटनास्थल महेन्द्रराजमार्गको रजहरबाट १२ किलोमिटर उत्तरमा पर्छ।

# जीर्ण कारागारमा कैदीबन्दीको चाप उच्च

■ प्रतीक्षा काफ्ले (गण्डकी)




कास्की कारागार कार्यालय। फाइल तस्बिर : कान्तिपुर

गण्डकी प्रदेशभित्र रहेका सबै १० वटै कारागार भवन जीर्ण रहेको पाइएको छ। न्यूनतम पूर्वाधार पनि नरहेका कतिपय कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखिएको गण्डकी प्रदेशसभा अन्तर्गत प्रदेश मामिला समितिको अनुगमनले देखाएको हो।

'भवन भत्किएका, चर्किएका, चुहिने, झ्यालढोका पनि पुराना र कमजोर अवस्थामा रहेको पाइयो,' समिति सभापति कृष्ण थापाले भने, 'क्षमताभन्दा बढी कैदीबन्दी राखिएको छ। खानेपानीलगायत न्यूनतम पूर्वाधार पनि नभएकाले तत्काल सुधार गर्नुपर्ने अवस्था छ।' कैदीबन्दीले दैनिक पाउने सिदा पनि कम रहेको र कारागार सञ्चालन र व्यवस्थापनमा न्यून बजेट छुट्याइने गरेको समितिले जनाएको छ।

समितिले अनुगमनको प्रतिवेदन बनाएर प्रदेश सरकारलाई बुझाइसकेको छ। समितिका सचिव रविन्द्र घिमिरेका अनुसार पर्वत जिल्ला कारागारको क्षमता संख्या २५ रहेकोमा ९६ जनालाई राखिएको छ। स्याग्दीमा ३२ क्षमतामा १०० जना रहेका छन्। कैदीबन्दीलाई भेट्ने छुट्टै कक्ष नरहेको, शुद्ध खानेपानीको व्यवस्था नभएको, खाना पकाउने स्थल, शौचालय र पानीका धारा नजिक भएकाले सरसफाइको कमजोर व्यवस्थापनले विभिन्न रोग फैलन सक्ने सम्भावना रहेको प्रतिवेदनमा उल्लेख छ। कैदीबन्दीको संख्या अनुसार स्वास्थ्यकर्मी, औषधिलगायत नभएको अनुगमनमा भेटिएको थियो।

बन्दीलाई अदालत, औषधोपचारका लागि लैजान र ल्याउन समस्या रहेको थापाले बताए। कैदीले पाउने सिदा (चामल दैनिक ७०० ग्राम, नगद दैनिक ६० रुपैयाँ) मात्र रहेको र यो समयानुसार अपर्याप्त रहेको ठहर समितिको छ। कारागार परिसरभित्र खुल्ला ठाउँ आवश्यकताभन्दा कम रहेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनका अनुसार उद्धार सामग्री नरहेको, पर्याप्त उज्यालो र हावा खेल्ने व्यवस्था नरहेको, सरसफाइका लागि पानी पर्याप्त नरहेको, विद्युत तथा वायरिङको व्यवस्थित नभएको, उडुस र लामखुट्टेको बिगबिगी तथा भवन दुर्गन्धित भएको पाइएको छ। कारागार संघ र प्रदेशको साझा अधिकारको सूचीअन्तर्गत भएकाले स्थानीय तहबाट प्रत्यक्ष सहयोग गर्न अप्ठ्यारो परेको पनि समितिको निस्कर्ष निकालेको छ। 'बन्दीको कसुर अनुसार वर्गीकरण नगरी राख्दा झगडा, मारपिट, यातना दिनेजस्ता आपराधिक घटना हुने पाइयो,' थापाले भने।

**प्रदेशका १० वटै कारागार जीर्ण छन्, सञ्चालन र व्यवस्थापनमा न्यून बजेट छुट्याइने गरिएको छ**

समितिले कारागारको क्षमताअनुसार मात्रै कैदी राख्न सुझाव दिएको छ। प्रदेश मातहतमा रहने बन्दीगृहको क्षेत्रफल १ हजार रोपनी र जिल्लास्तरमा रहने बन्दीगृहको क्षेत्रफल २ सयदेखि ३ सय रोपनी राख्न उपयुक्त हुने, जीर्ण भवनको मर्मत गर्न, कारागारको सुरक्षा र सुव्यवस्थित सञ्चालनमा महत्वपूर्ण भूमिका रहने सुरक्षा निकायसँग समेत समन्वय गरी भवन डिजाइन गर्दा अझ प्रभावकारी हुने र कसुर अनुसार फरकफरक स्थानमा बन्दी राख्नुपर्ने सुझाव समितिको छ। 'जीविकोपार्जन कार्यक्रममा जोड दिन पनि भनेका छौं,' थापाले भने। यसका लागि तिनै तहका सरकारबीच समन्वय हुनुपर्नेमा उनले जोड दिए। कैद भुक्तानपछि सामाजिकीकरण र जीवनयापन सहज बनाउन सकिने कार्यक्रम सञ्चालन गर्नुपर्नेलगायत सुझाव दिइएको छ।

# सम्बन्धविच्छेदको मुद्दामा मेलमिलाप

कान्तिपुर संवाददाता (पर्वत)

कुश्मा नगरपालिका-१० का एक व्यक्तिले श्रीमतीसँग सम्बन्धविच्छेद गर्न २०७५ कात्तिकमा जिल्ला अदालतमा मुद्दा दर्ता गरे। मुलुकी देवानी संहिताको फाइदा उठाउँदै अदालत पुगेका उनको मुद्दा एक वर्षसम्म विचाराधीन रह्यो। श्रीमती र उनलाई अदालतले छलफलमा बोलायो। मेलमिलापकर्ताले छलफल गराए। अन्तिममा दुवै खुसी भएर पुनः सम्बन्ध कायम गरी घर फर्किए।

गतवर्षकै असोजमा जलजला-९ की एक महिलाले पनि श्रीमान्ले खानलाउन नदिएको, परस्त्रीसँग नजिक भएको, छोराछोरीको हेरचाह नगरेको भन्दै श्रीमान् अलग हुन पाउँ भन्दै मुद्दा दायर गरिन्। ठीक एक वर्षमा दम्पतीलाई बोलाएर अदालतले सम्झाएपछि महिलाले सम्बन्धविच्छेदको मुद्दा फिर्ता गरिन्। अहिले दम्पती मिलेर बसेको छ। परिवार र समाजमा समेत धेरै राम्रो प्रभाव परेको दम्पतीले बताए।

यी दुई उदाहरण मात्रै हुन। जिल्ला अदालतले चालु आर्थिक वर्षको ७ महिनामा १३ जोडीको मेलमिलापबाट बिग्रिएको सम्बन्ध पुनःस्थापित गरिदिएको छ। मुलुकी संहिता लागू भएपछि अदालतमा सम्बन्धविच्छेद गर्न आउनेको संख्या बढेको छ। अदालतले गत मंगलबार गरेको अन्तरर्क्रियाका क्रममा दिएको जानकारी अनुसार चालु वर्षको ६ महिनामा सम्बन्धविच्छेदका मात्रै १३० मुद्दा दर्ता भएका छन्, जसमध्ये पुरुषले दिएका ६४ र महिलाले दिएको संख्या ६६ छ। तीमध्ये ७४ मुद्दा फछ्र्योट भएका छन्। सम्बन्धविच्छेद गर्न आउनेलाई सकेसम्म अदालतले मेलमिलाप गराएर पठाउने गरेको छ।

'मेलमिलाप गराउँदा दुवै पक्षले जितेको महसुस गर्दो रहेछन्,' स्रेस्तेदार जीवनकुमार पौडेलले भने, 'सम्बन्धविच्छेदका मुद्दा लिएर आउने हाँसीखुशी मिलेर घर जाँदा हामी पनि सन्तुष्टको महसुस गर्छौं।' मुलुकी संहिता लागू भएपछि अदालतको मेलमिलाप केन्द्रमा दैनिकजसो छलफल चलाउने गरिएको पौडेलले बताए। मेलमिलापबाट सम्बन्ध सुधार हुँदा सामाजिक सद्भावमात्रै नभएर पारिवारिक सम्बन्धमा समेत सकारात्मक परिवर्तन आउने जिल्ला न्यायाधीश सूर्यबहादुर थापाले बताए। 'स-साना बालबच्चा भएका जोडीलाई मेलमिलापमा बढी जोड दिइन्छ,' उनले भने, 'यसले बालबालिकाको भविष्य बिग्रिँदैन। अभिभावकका कारणले बालमस्तिस्क र पढाइमा असर नपरोस् भन्ने चाहना हो। पारिवारिक सम्बन्ध र सामाजिक सद्भाव पनि सुधार हुन्छ।' क्षणिक असन्तुष्टिका कारण सम्बन्धमा खटपट आउने जोडीलाई कैयौंपटक सम्झाईबुझाई गरेर मेलमिलाप गराउने गरेको अदालतले जनाएको छ। न्यायाधीश थापाले अदालतमा अरु मुद्दाका तुलनामा २ तिहाइ मुद्दा सम्बन्धविच्छेदको हुने गरेको बताए। हाल अदालतका ४०६ मुद्दामध्ये १३० सम्बन्धविच्छेदको रहेको स्रेस्तेदार पौडेलले जानकारी दिए।

# बस्ती पस्यो थार

■ दीपक परियार (पोखरा)



पोखरा-२६ को बुढीबजारमा बुधबार भेटिएको थार। तस्बिर : कान्तिपुर

बिहानीको झिसमिसेमै भैंसीको पाडोजस्तै देखिने जनावर बस्ती पस्यो। पृथ्वी राजमार्गको छेवैमा डुलिरहेको जनावर जंगली हो भन्ने स्थानीयले अड्कल काटे। खेद्दैखेद्दै नजिकैको विद्यालय हातामा पुर्‍याए। उच्च पहाडी भेगमा बस्ने जंगली जनावर थार बुधबार पोखरामा भेटिएको हो।

पोखरा-२६ बुढीबजारमा एकाबिहानै डुलिरहेको थारलाई स्थानीयले नजिकैको जुनियर सिटिजन्स एकेडेमीको तारजालीले घेरिएको खेलकुद मैदानमा पुर्‍याएका थिए। भिरालो र घना जंगलमा बस्ने थार कसरी बेंसी झर्‍यो भन्ने पत्ता लाग्न सकेको छैन। अन्दाजी २ वर्षको भाले थारलाई डिभिजन वन कार्यालय कास्कीको टोलीले उद्धार गरेको छ। थार ४ फिट अग्लो र झण्डै ५० केजीको छ। उद्धार गरिएको थारलाई बेगनास र रुपातालको बीचमा रहेको पचभैयास्थित वन्यजन्तु उद्धार केन्द्रमा राखिएको छ। दुई महिनाअघि पोखराकै बाटुलेचौरमा पनि थार भेटिएको थियो। उक्त थारलाई अर्मलाभन्दा माथिको वनमा लगेर छाडिएको थियो।

डिभिजन वन कार्यालय कास्कीका प्रमुख रामकाजी श्रेष्ठले उच्च पहाडी भेगमा बस्ने थारलाई सहरमा भेटिनुलाई नौलो मानेको बताए। उनका अनुसार यो जंगली जनावर २ हजार ५ सयदेखि ३ हजार ५ सय मिटरसम्मको उचाइमा बस्छ। नेपालमा भने यो ५ सयदेखि ३ हजार ५० मिटरसम्मको उचाइमा पाइन्छ। झुण्डमा भन्दा एक्लाएक्लै भेटिन्छ। अन्नपूर्ण संरक्षण क्षेत्रबाट सेती नदीको तिरैतिर तलसम्म आएको हुनसक्ने उनले बताए। 'जंगलमा प्रशस्त हुने घाँस खाने भएकाले आहाराको खोजीमै बस्ती पसेको भन्न मिल्दैन,' उनले भने, 'चर्दैचर्दै हिँड्दा रातभरि हिँडेको मेसो पाउँदैन। त्यसरी नै तल्लो भेगमा आएको हुनसक्छ।' मान्छे देखेपछि तर्सिएर भाग्दाभाग्दै बस्ती पसेको हुनसक्ने उनले जनाए।

प्राणीशास्त्री एवं प्राध्यापक करण शाहले जंगली कुकुर र ब्वाँसोले लखेट्दा पनि सहरसम्म यो आइपुग्ने बताए। उनका अनुसार नेपालमा यसको संख्या एकिन छैन। तर धेरै शिकार गरिने भएकोले संख्या घट्दै गएको अनुमान गरिन्छ। यो चुरे र मध्यपहाडमा समेत पाइन्छ। नेपाल बाहिर भुटान, चीन, भारत र बंगलादेशमा समेत थार पाइन्छ। थारको आयु १५ वर्षको हुन्छ। जन्मेको ३ वर्षमा बच्चा जन्माउन योग्य हुन्छ। भाले र पोथी दुवैमा सिङ हुन्छ। दुवैको १८ सेन्टिमिटरसम्म लामो पुच्छर हुन्छ। शाकाहारी भएकोले घाँसपात, जंगली फलफूल र काष्ठफल यसको आहारा हो।

अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयूसीएन) ले थारलाई खतराको नजिक रहेको जनावरका रुपमा सूचीकृत गरेको छ। चोरी शिकारी र बासस्थानको कमीले नेपालमा पनि यसलाई खतराको नजिक मानिन्छ। मासुका लागि थारको शिकार हुन्छ। हरिण प्रजातिको थार अन्नपूर्ण संरक्षण क्षेत्रमा प्रशस्त पाइन्छ। कास्कीको घान्द्रुक, लान्द्रुक, अन्नपूर्ण आधार शिविर जाने बाटोमा पर्ने सिनुवा र देउराली लगायत ठाउँमा थार पाइन्छ।

# प्रदेशसभामा कोरोना भाइरसको चर्चा

गण्डकी (कास)- प्रदेशसभा सांसदले कोरोना भाइरसले पोखराको पर्यटन र विकास निर्माणमा असर पुर्‍याएको बताएका छन्। प्रदेशसभाको बुधबारको बैठकमा निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कामसमेत प्रभावित भएको सांसदको भनाइ थियो।

चिनियाँ कम्पनीले जिम्मा लिएको उक्त विमानस्थलमा चिनियाँ कामदारले काम गर्दै आएका थिए। चीन गएका कामदार कोरोना भाइरसकै कारण नेपाल आउन ढिलाइ भएपछि काम रोकिएको हो। प्रदेशसभा सदस्य विन्दुकुमार थापाले नेपालमा भाइरसको संक्रमण नफैलिए पनि त्रास उत्पन्न भएको बताए। 'पोखरेलीको चाहनाका कारण राष्ट्रिय गौरवको आयोजनामा अहिलेसम्म अवरोध थिएन,' उनले भने, 'तर, कोरोना भाइरसका कारण कामदार नभएपछि निर्माणको काम प्रभावित बनेको छ।' थापाले कोरोना भाइरसका कारण पोखराको पर्यटनमा पनि असर पुर्‍याएको बताए। 'पोखराको पर्यटनमा ८० प्रतिशत गिरावट आएको छ। पोखरामा आउने पर्यटकमध्ये २० प्रतिशत चिनियाँ हुन्थे।

अहिले पोखरा घुम्न आउने चिनियाँ पर्यटकको संख्या न्यून छ,' उनले भने, 'कोरोना भाइरसबारे प्रदेश सरकारले के पहल गरिरहेको छ।' संक्रमण देखिएमा पोखराको कुन अस्पतालमा उपचार गराउने, सतकर्ता र तयारी के छ भन्दै उनले सर्वसाधारणलाई सरकार छ भन्ने अनुभूति दिलाउन आग्रह गरे।

नेकपा सांसद राजीव पहारीले केपी ओली सरकारले नेपालमा भ्रष्टाचारको न्यूनीकरण गर्न पहल गरेको बताए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वतन्त्रपूर्वक काम गरेको उनको दाबी थियो। नेकपाकै मीना गुरुङले सञ्चारमाध्यम र सञ्चारकर्मीप्रति गण्डकी प्रदेश सरकारको पनि ध्यान जान जरुरी रहेको बताइन्। श्रमजीवी वर्गप्रति सरकारले ध्यान दिनुपर्ने बताउँदै उनले पत्रकारले न्यूनतम पारिश्रमिक नपाएको जनाइन्।

यसैबीच गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि प्रदेशसभामा सैद्धान्तिक छलफल भएको छ। गण्डकी सरकारले गण्डकीभित्र रहेका भाषा, साहित्य, कला, धर्म, संस्कृति, लगायत लोपोन्मुख अवस्थामा रहेका संस्कृतिलाई जर्गेना गर्ने उद्देश्यले विधेयक सभामा प्रस्तुत गरेको हो। मंगलबार प्रस्तुत विधेयकमाथि बुधबार चन्द्रबहादुर बुढा, प्रभा कोइराला, सरिता गुरुङ र पियारी थापाले बोलेका थिए। उनीहरूले विधेयक ल्याउनेमात्र नभई कार्यान्वयनमा पनि जोड दिए।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | दुबिधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धन | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २ गते शुक्रबार तदनुरुप १४ फरवरी २०२० फाल्गुन कृष्णपक्ष षष्ठि तिथि रात्रिको १२:२ बजेसम्म उप्रान्त सप्तमी तिथि, चित्रा नक्षत्र दिनको १२:५६ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, गण्ड योग रात्रिको १०:१४ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको १:८ बजेसम्म उप्रान्त वणिज करण, तुला राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | इट्स माइ सो (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | फिल्म टनिक (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | इट्स माई सो (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (निशान्त) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (निशान्त) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि ११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६०१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११५ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१२५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२१९ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मृदु अस्पताल | ०७१५४६११७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाँची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७०३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००१३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



**अतिथिलाई सत्कार**
सिन्धुलीमा पहिलो होमस्टे

**वाग्मतीबाट सम्मानित**
साग पदकधारीलाई प्रदेशको सम्मान । १६



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५४ बुटवल | १ फागुन २०७६ बिहीबार फाल्गुण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 13, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ


## अमेरिकामाथि कीर्तिमानी जित



कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार अमेरिकाको विकेट लिएपछि नेपालका सन्दीप लामिछाने कप्तान ज्ञानेन्द्र मल्लसँग खुसी साट्दै । सन्दीपले ६ र सुसन भारीले ४ विकेट बाँडेपछि क्रिकेट विश्वकप लिग २ मा नेपालले अमेरिकालाई ३५ रनमै अलआउट गरेको थियो । थुप्रै कीर्तिमान स्थापित भएको यो खेल नेपालले ८ विकेटले जित्यो । समाचार पृष्ठ १५ । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*



ओलीका २ वर्ष

# पूरा भएनन् वाचाहरू

वाम गठबन्धनको चुनावी घोषणापत्रमा दुई, पाँच र १० वर्षभित्र गर्ने कामका सूची थिए । तर दुई वर्षमा ठूल्ठूला महत्त्वाकांक्षी योजनामा मात्र होइन, ससाना काममा समेत उत्साहजनक प्रगति छैन ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सिंहदरबारभित्रका मन्त्रालय र मुख्य विभागमा केही दिनयता कर्मचारीलाई सरकारको कामको फेहरिस्त उतार्ने चटारो छ । उपलब्धिको सूची बुझाउन उनीहरूलाई प्रधानमन्त्री कार्यालयले ताकेता गरेको हो । आउँदो शनिबार फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको दुई वर्ष पुग्दै छ । त्यही दिन उपलब्धिहरू सार्वजनिक गर्ने तयारी छ । वाम गठबन्धनको चुनावी घोषणापत्रलाई दाँजेर हेर्दा भने यी दुई वर्षमा भएका काम उत्साहजनक देखिँदैनन् ।

चुनावमा मत माग्दा तत्कालीन एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमै आफ्नो नेतृत्वमा बहुमतको सरकार बने दुई, पाँच र १० वर्षभित्र के-के गर्ने भनेर काम उल्लेख गरिएको थियो । घोषणापत्रमा 'दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइनेछ' भनिएको थियो । तर यिनै वस्तुका लागि अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्रमुख बाली तथा माछामासु आयातमा ७१ अर्ब र २०७५/७६ मा ७० अर्ब रुपैयाँ बाहिरियो ।

घोषणापत्रमा दुई वर्षभित्र भैरहवा विमानस्थल निर्माण पूरा हुने उल्लेख थियो । तर भैरहवा विमानस्थलको काम अझै पूरा भएको छैन । केही समय तलमाथि हुनुलाई अन्यथा नठानिएला तर प्रतिबद्धताअनुसार काम गर्ने गतिमा देखिएको सुस्तता भने यसले झल्काउँछ ।

घोषणापत्रमा दुई वर्षभित्र काम पूरा गर्ने अर्को विषय थियो- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनले प्रतिस्थापन गर्ने । यो काममा कुनै प्रगति छैन । पेट्रोलियम सवारीकै आयात बढिरहेको छ ।

घोषणापत्रमा 'द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ' भनिएको थियो । यसमा केही प्रगति भएन । उल्टै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग विवादले झन्डै एक वर्ष पदाधिकारीविहीन भए ।

ठूल्ठूला महत्त्वाकांक्षी योजनासँगै जनताका दैनिक जीवनमा प्रभाव पार्ने खालका काम गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा थिए । तर दैनिक जीवनमा प्रभाव पार्ने काममा पनि सर्वसाधारणले अनुभूति गर्ने खालको प्रगति छैन । घोषणापत्रमा सबै पसलमा मूल्यसूची अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने भनिएको थियो । तर मूल्यवृद्धि, सिन्डिकेट र भ्रमपूर्ण विज्ञापन निरन्तर छ । आक्कलझुक्कल मात्र अनुगमन हुन्छ तर औपचारिकताका लागि मात्र जस्तो देखिन्छ ।

घोषणापत्रमा राष्ट्रिय मुद्दा, जनजीविकादेखि अन्तर्राष्ट्रिय विषय पनि समेटिएका थिए । दुई वर्षभित्र भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्ने र सीमा समस्याको समाधान र सीमानाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल हुने पनि उल्लेख थियो । चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, वर्षौंदेखि अल्झिएको पेट्रोलियम पाइपलाइन बिछ्याउने लगायतमा उल्लेख्य प्रगति भए पनि दुई वर्षमा तोकेरै गर्ने भनिएको घोषणापत्रको यो काम भने पूरा भएको छैन ।

सरकार बनेलगत्तै अर्थमन्त्री युवराज खतिवडाले संसद्मा श्वेतपत्र पेस गरी अघिल्ला सरकारको तीव्र आलोचना गरेका थिए । तर एक वर्षको पूर्ण बजेट कार्यान्वयन र अर्को छ महिना बितिसक्दा पनि विकास खर्च सुध्रेको छैन । बुधबारसम्मको तथ्यांक हेर्ने हो भने विकास खर्च साढे १८ प्रतिशत मात्र छ । प्रधानमन्त्री ओली भने अन्तर्राष्ट्रिय संस्थाहरूले सार्वजनिक गरेको सकारात्मक सूचीहरूलाई देखाएर सरकारको गति मापन गर्नुपर्ने बताइरहेका छन् ।

बाँकी पृष्ठ १४

> भनिएको भन्दा अन्य काम गर्ने खालको सरकारको शैली छ, मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखियो
> – **खगेन्द्र प्रसाई,** विश्लेषक

## भित्र



प्रदेश र स्थानीय तहको अधिकार कटौती


संक्रमणकालीन न्यायका कामहरू अघि बढ्न सकेनन्


श्रमिकहरू अझै सामाजिक सुरक्षा कोषबाहिरै


कूटनीतिमा अलमल, सम्बन्ध विस्तारमा भने सफल


२०६ पालिकामा पुग्न सकेन प्राविधिक शिक्षा



राजस्व र खर्चमा सरकारलाई सकस


**दुई वर्षभित्र सक्ने भनिएका मुख्य काम :**

- भैरहवा विमानस्थल निर्माण
- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनबाट प्रतिस्थापन
- यातायातलगायत क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य
- तुइनलाई झोलुङ्गे पुलले विस्थापन गर्ने
- राष्ट्रिय परिचयपत्र र गरिबी परिचयपत्र
- सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू
- भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, भूकम्प, बाढी र पहिरोपीडितलाई घर निर्माणमा सहयोग
- सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट
- राष्ट्रव्यापी नापी, भूमिको अभिलेख अद्यावधिक, वैज्ञानिक भूमिसुधार लागू
- आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर
- पूर्वपश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण
- परिमार्जित शिक्षा नीति लागू, बजेटको २० प्रतिशत शिक्षामा लगानी
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्कुल भर्ना
- केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना
- द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरण
- सबै पसलमा मूल्यसूची, गुणस्तर अनुगमन
- स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेपलाई अस्वीकार
- भारतसँगको १९५० को लगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन, सीमा समस्याको समाधान र नाकाको व्यवस्थापन

# ट्रस्टको १७३ रोपनी शंकास्पद मोहीका नाममा

■ **कृष्ण ज्ञवाली**
**बिनु सुवेदी** (काठमाडौं)

नेपाल ट्रस्टको सम्पत्तिमा कसैको हकदाबी नलाग्ने कानुनी व्यवस्था विपरीत बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको मन्त्रिपरिषद् निर्णयबाट १७३ रोपनी जग्गा मोहीका नाममा बाँडेको भेटिएको छ । सरकारले ट्रस्टका नाममा ल्याएको दिवंगत राजा वीरेन्द्र र उनको परिवारका नाममा रहेको १७३ रोपनी जग्गा मन्त्रिपरिषद् निर्णयलाई आधार मानी मालपोत कार्यालयले २०६९ सालमा मोहीका नाममा जग्गा दर्ता गरिएको हो ।

**२०६४ पुस १**
राजा वीरेन्द्र र उनको परिवारको जग्गा नेपाल ट्रस्टका नाममा दर्ता

**२०६९ भदौ ११**
छानबिन गरी आवश्यक देखिए दर्ता स्रेस्ता कायम गर्ने मन्त्रिपरिषद् निर्णय

**२०७० असार ४ देखि**
बिनाछानबिन १७३ रोपनी १५ आना मोहीका नाममा

ट्रस्ट कार्यालयले तत्कालीन अन्तरिम संविधान र प्रचलित कानुनको बर्खिलाप हुने गरी ट्रस्टको जग्गा मोही र उनका हकवालामा दर्ता गरिएको भन्दै छानबिनका लागि सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगमा निवेदन दिइसकेको छ । ट्रस्ट कार्यालयले गत जेठ २१ गते आयोगमा पठाएको पत्रमा काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल, साबिक इचंगु गाविसको १७३ रोपनी १५ आना जग्गा मोहीका नाममा गएको भन्दै छानबिन गर्न आग्रह गरिएको छ । पत्रमा भनिएको छ, 'ती जग्गा २०६४ पुस १ गते मालपोत कार्यालय कलंकीले ट्रस्टमा नामसारी गरेको हो । फेरि मोही र उनीहरूको हकवालाका नाममा नामसारी भएको बुझिन आएको छ ।'

ट्रस्ट कार्यालय स्रोतले जग्गा थाहै नदिई गैरकानुनी रूपमा मोहीका नाममा दर्ता भएकाले आयोगमा निवेदन दिएको जनाएको छ । ट्रस्टले पत्रका साथमा उक्त जग्गा नेपाल सरकारको हो भनी ७५ पानाको प्रमाणसहितको मिसिलसमेत पठाएको छ ।

ट्रस्टको कार्यालयले ती जग्गाबारे सोधखोज गत चैतदेखि गरेको हो । मालपोत कार्यालय कलंकीले जवाफमा '२०६९ भदौ ११ गते मन्त्रिपरिषद्को निर्णयअनुसार एकलौटी रूपमा मोहीका नाममा नामसारी भएको' भनी जवाफ लेखेको थियो । उक्त पत्रपछि ट्रस्टको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पत्र पठाएर 'निर्णयको व्यहोरा के थियो ?' भनी विवरण मागेको थियो ।

नेपाल ट्रस्ट ऐनको दफा १३ मा 'ट्रस्टको सम्पत्ति बिक्रीवितरण र भोगाधिकार गर्नमा प्रतिबन्ध हुने' व्यवस्था छ ।

बाँकी पृष्ठ १४


An ISO 9001:2008 Certified College

CG INSTITUTE OF MANAGEMENT
a CGHOLDINGS initiative

LIMKOKWING UNIVERSITY OF CREATIVE TECHNOLOGY
WORLDWIDE

LEARN HERE, LEAD Globally

ADMISSION OPEN
For 11th Batch

MBA
SPRING 2020 INTAKE
Morning and Evening Shift

ELIGIBLITY CRITERIA FOR ADMISSION
45% or 2 CGPA in Bachelor Degree Program

MoE approved and TU equivalent



Minbhawan, Anup Marga, Kathmandu, Nepal
Phone No.: +977-1-4107101, 4107114
www.cgim.edu.np
/cgimnepal /cgimktm
Admission Helpline Numbers: 9801234525/9801200877/9801200911

NIKE


SALE

SKECHERS


At Skechers Store
Durbarmarg / Civil Mall / Shoe tree (Durbarmarg) / City center / CG Landmark, Bharatpur Heights
At Nike Store
Durbarmarg / Bluebird Mall / Ph. 01-4258709, 9851127846, 9855054313

## छोटकरी

**थारु अगुवाद्वारा आन्दोलनको चेतावनी**

नेपालगन्ज (कास)- नेपालगन्जमा भेला भएका नेपाली कांग्रेसनिकट थारु अगुवाहरूले सरकारले अख्तियारलाई आफ्नो प्रभाव र दबाबमा पारेर अधिनायकवाद लाद्न खोजेको आरोप लगाएका छन् । बुधबार बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुरबाट यहाँ आएका उनीहरूले पत्रकार सम्मेलन गर्दै ललिता निवास जग्गा प्रकरणमा कांग्रेस उपसभापति एवं संसदीय दलका उपनेता विजयकुमार गच्छदारलाई भ्रष्टाचारको मुद्दा लगाएर सरकारले अधिनायकवाद लाद्न खोजेको आरोप लगाएका हुन् । थारु जातिबाट प्रधानमन्त्री हुन सक्ने नेतालाई पाखा लगाएर शोषणमा पारिएको आदिवासी थारु समुदायबाट कोही पनि नेतृत्वमा पुग्न नसकोस् भनेर सरकार सुनियोजित रूपमा लागेको पूर्वमन्त्री गोपाल दहितले आरोप लगाए ।

**प्रहरी भवन शिलान्यास**

बर्दिया (कास)- ठाकुरबाबा नगरपालिका-३, बगनाहा प्रहरी चौकीका लागि भवन शिलान्यास गरिएको छ । नगरका ३, ४ र ५ वडाले उपलब्ध गराएको ३० लाख रुपैयाँबाट पाँच कोठे भवन निर्माण गरिन लागेको प्रहरी उपरीक्षक राजेशनाथ बास्तोलाले बताए ।

**कोरोना भाइरसविरुद्ध कार्यक्रम**

बुटवल (कास)- नेपाली कांग्रेस रूपन्देहीले कोरोना भाइरसविरुद्ध जनचेतनामूलक कार्यक्रम गर्ने भएको छ । पार्टीको स्वास्थ्य विभागले कोरोना भाइरसको विषयमा जनचेता अभिवृद्धि कार्यक्रम गर्ने निर्णय गरेको हो । चीनमा फैलिएको कोरोना भाइरसले नेपाली समाजलाई प्रभावित नगरोस् भन्नका लागि विभागले जनचेतनामूलक कार्यक्रम गर्ने निर्णय गरेको सदस्य गोविन्द लम्सालले बताए । मंगलबार बसेको बैठकले छलफल, गोष्ठी, र्‍यालीलगायत कार्यक्रम गरेर तत्कालै कार्यक्रम थाल्ने निर्णय गरेको छ ।

**नीतिगत भ्रष्टाचार बढ्दो**

नेपालगन्ज (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल सम्पर्क कार्यालय नेपालगन्जले घुसमात्र भ्रष्टाचार नभएको भन्दै स्थानीय तहमा नीतिगत भ्रष्टाचार बढ्दै गएको बताएको छ । २९औं स्थापना दिवस मनाउने क्रममा मंगलबार जिल्लामा रहेका सरकारी कार्यालयका प्रमुखसँगको छलफलमा उक्त निष्कर्ष निकालेको हो । प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले कर्मचारीले पदीय मर्यादामा रहेर आफ्नो कर्तव्य निर्वाह गरे भ्रष्टाचारजन्य कुरा अन्त्य हुने बताए ।

**एनप्याब्सनको अध्यक्षमा गौतम**

दाङ (कास)- राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एनप्याब्सन)को जिल्ला अध्यक्षमा मंगलबार विमल गौतम सर्वसम्मत चयन भएका छन् । उपाध्यक्षमा भोजराज न्यौपाने र भूमाण्डप केसी, सचिवमा ठाकुरप्रसाद डाँगी, कोषाध्यक्षमा हरिप्रसाद भण्डारी, सहसचिवमा विक्रान्त ज्ञवाली र सहकोषाध्यक्षमा भुवन वली चयन भएका छन् ।

# वातावरण संरक्षण विधेयकमा सचिवलाई ‘तजबिजी’ अधिकार

### प्रदेशसभा लगिएको विधेयकमा सचिवले मापदण्ड मिच्ने परामर्शदातालाई डेढ करोडसम्म जरिवाना तिराउन सक्ने व्यवस्था छ

■ **घनश्याम गौतम** (रूपन्देही)



फाइल तस्बिर

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले परामर्शदाता व्यक्ति वा संस्थालाई डेढ करोडसम्म जरिवाना गराउने ‘तजबिजी’ अधिकारसहितको वातावरण संरक्षण विधेयक तयार गरेको छ ।

प्रदेशसभामा छलफलका लागि मन्त्री लीला गिरीले पेस गरेको ‘वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ले मापदण्डविपरीत वातावरणीय प्रभाव मूल्यांकन गर्ने र सम्बन्धित निकायबाट स्वीकृत नगराई कार्यान्वयन गर्ने परामर्शदातालाई तीन लाखदेखि १ करोड ५० लाख रुपैयाँसम्म जरिवाना गराउने अधिकार सचिवलाई दिएको हो । त्यसले मन्त्रालयका सचिवलाई आफैंले अनुगमन गर्ने, आफैं जरिवाना तोक्ने र कारबाही गर्ने अधिकार सुम्पेको छ । सबै अधिकार सचिवलाई दिनुभन्दा अनुगमन र क्षतिपूर्ति सिफारिसका लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने सरोकारवालाको सुझाव छ ।

विधेयकको दफा ३ मा प्रदेश ५ सरकारले प्रदेश प्राथमिकता प्राप्त विकास आयोजना, प्रदेशका गौरवका आयोजना, प्रदेश लगानी बोर्डबाट स्वीकृत भएर कार्यान्वयन गरिने आयोजना, प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माणका कार्य वा आयोजना, एकभन्दा बढी स्थानीय तहमा सञ्चालन गर्नुपर्ने योजना र प्रदेश सरकारले तोकेका आयोजनाको अनिवार्य प्रारम्भिक वातावरणीय परीक्षण, अध्ययन र वातावरण प्रभाव मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । त्यसमा प्रदेशको क्षेत्राधिकारभित्रको प्रदेश मन्त्रालयमै र स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने योजनाको स्थानीय तहमै प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । विधेयकको दफा २५ मा जरिवाना तथा क्षतिपूर्तिको व्यवस्था छ । दफा २५ को उपदफा (१) अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार नगरी वा स्वीकृत नगराई प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन विपरीत गर्नेलाई १० लाख र वातावरणीय प्रभाव मूल्यांकन नै गलत गराउने वा स्वीकृत नगराई कार्यान्वयनमा लैजानेलाई ५० लाख रुपैयाँसम्म जरिवाना गराउने उल्लेख छ । उपदफा (२) मा अध्ययन वा मूल्यांकन नै नगरी कार्य अघि बढाएमा मन्त्रालयले अध्ययन मूल्यांकन गर्न र स्वीकृत नगराएको भए गराउन आदेश दिन सक्ने उल्लेख छ । मन्त्रालयको आदेश कार्यान्वयन नगरेको अवस्थामा सचिवले तेब्बरसम्म जरिवाना तोक्न सक्ने अधिकार छ । ‘उपदफा २ बमोजिम दिएको आदेश कार्यान्वयन नगरेमा,’ विधेयकमा भनिएको छ, ‘मन्त्रालयको सचिवले उपदफा १ बमोजिमको जरिवानाको तेब्बरसम्म जरिवाना गर्न सक्नेछ ।’ स्थानीय तहमा भने त्यही अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको छ ।

> ‘अनुगमन, क्षति मूल्यांकन र क्षतिपूर्ति भराउने अधिकार एउटैलाई दिंदा झन् अराजकता निम्तिन्छ’
> – वातावरणविद्

सरकारले सचिवलाई दिएको तजबिजी अधिकारले सचिवको मनोमानी बढ्ने वातावरणविद् एवं विश्लेषक युवराज कँडेलले बताए । ‘अनुगमन गर्ने, क्षति मूल्यांकन गर्ने र क्षतिपूर्ति भराउने अधिकार एउटैलाई छ,’ उनले भने, ‘त्यसले झन् अराजकता र मनोमानी निम्त्याउँछ ।’ त्यसको नियन्त्रण र नियमनका लागि छुट्टै अधिकार सम्पन्न समिति बनाउनु जरुरी रहेको उनको सुझाव छ । मन्त्रालयका सबै सचिवसँग प्राविधिक ज्ञान नभएको अवस्थामा विवेक प्रयोग गर्न बाध्य हुन सक्ने भएकाले त्यो सधैं उपयुक्त नहुने उनले बताए । विधेयकमा वातावरणीय सेवाको भुक्तानीको व्यवस्था नै छैन । प्रदूषण गर्नेलाई क्षतिपूर्ति भराउनुपर्ने विश्वव्यापी मान्यता रहे पनि विधेयकले उजुरी गरेपछि मात्र कारबाही गर्ने उल्लेख गरेको छ ।

जलवायु अनुकूल हुने गरी स्थानीय तहले योजना गराउन सक्ने उल्लेख छ । बाध्यकारी व्यवस्था छैन । त्यस्तै विधेयक प्रदेशको वातावरण सुहाउँदो नभई संघीय सरकारको कपिपेस्ट भएको कँडेलले बताए । त्यसले प्रदेशको भूगोल र आवश्यकताअनुसारको वातावरण संरक्षणमा सहयोग नपुग्ने उनको दाबी छ ।

नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति भराउने व्यवस्था गर्न आफूले विधेयक प्रदेश सभामा पेस गरेको मन्त्री गिरीले बताए । ‘प्रदेशको क्षेत्राधिकारभित्र विकास निर्माणसम्बन्धी कार्य वा कुनै आयोजना, परियोजना, कार्यक्रम सञ्चालन गर्न चाहने प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्छ,’ उनले भने, ‘त्यो नगर्नेलाई विधेयकले कारबाही गर्न, जरिवाना गराउन र कालोसूचीमा राख्न सक्नेसम्मका प्रावधानको व्यवस्था गरिएको छ ।’

आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा त्यसको सार्वजनिक सुनुवाइ गर्नुपर्ने, आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन र दीर्घकालीन प्रभाव र त्यसको न्यूनीकरणका लागि अवलम्बन गरिने विधि र प्रक्रिया उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ । वातावरणमैत्री योजना तयार, एकीकृत प्रदूषण नियन्त्रण प्रणाली, वातावरणीय स्वच्छताका लागि हरियाली प्रवर्द्धनलगायत काम गर्नुपर्ने विधेयकमा उल्लेख छ । विधेयकमा वातावरणीय अध्ययन प्रतिवेदन, विकल्पको विस्तृत विश्लेषण, वातावरणीय व्यवस्थापन योजना, पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने, रणनीतिक योजना तयार गर्नसक्ने, वातावरण निरीक्षकको व्यवस्थापन, जलवायु परिवर्तनको असर तथा जोखिम व्यवस्थापन पर्नेलगायतका व्यवस्था पनि छन् ।

विधेयक तयार गर्ने क्रममा सरोकारवालासँग पर्याप्त छलफल गर्न नसके पनि सम्बन्धित मन्त्रालयका कानुन अधिकृत, मुख्य न्यायाधिवक्तासहितको कार्यदलमा छलफल गरेर विधेयक तयार गरेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयकी कानुन अधिकृत सुजाता भण्डारीले बताइन् । ‘सचिवलाई अधिकार दिने कि नदिने विषयमा पर्याप्त छलफल भएको हो,’ उनले भनिन्, ‘संघीय कानुनअनुसार प्रदेशमा व्यवस्था गर्ने भन्ने निष्कर्षपछि त्यसरी अधिकार तोकिएको हो ।’

# तयार हुँदै १५ सय उद्यमी

**कान्तिपुर संवाददाता** (पाल्पा)

तीन वर्षमा जिल्लामा १ हजार ५ सय ढाका उद्यमी तयार हुने भएका छन् । प्रत्येक वर्ष पाँच सयका दरले ढाका उद्यमी तयार गर्ने परियोजना सुरु भएको हो । यो परियोजना तीन वर्षको हुनेछ ।

पाल्पाली ढाकाको पहिचान मेटिने अवस्था आएपछि यसको अस्तित्व जोगाउन परियोजना सुरु गरेको पाल्पाली ढाका संघले जनाएको छ । संघीय, प्रदेश र स्थानीय सरकारले पनि ढाका उद्यमी तयार गर्न पहल थालेको अध्यक्ष तथा पाल्पाली ढाकाकी संस्थापक ८१ वर्षीया पूर्णमाया महर्जनले बताइन् । ‘अब पाल्पाली ढाकाले पुनर्जीवन पाउँछ कि भन्ने लागेको छ,’ उनले भनिन्, ‘सबैको ध्यान परम्परागत पाल्पाली ढाकामा पुग्न थालेको छ ।’

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था युकेएड, सीप परियोजनाको सहयोगमा संघीय र प्रदेश सरकार पाल्पाली ढाकाको अस्तित्व बचाउन अग्रसर भएको हो । बुधबार सहमति-पत्रमा हस्ताक्षर गर्दै प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले यो कार्यक्रम सफल भयो भने अन्य जिल्लामा पनि यस्ता कार्यक्रम विस्तार गरिने बताए । ‘यसबाट स्थानीय तहका महिला स्वरोजगार बन्न सकून् भन्ने नै हाम्रो ध्येय हो,’ उनले भने, ‘पाल्पाली ब्रान्ड स्थापना गरेर पुनर्जीवन दिलाउन खोजिएको हो ।’ प्रदेशकै पहिचानका रूपमा पनि ढाका हुने उनले बताए । पाल्पाली ढाकालाई जोगाउन तालिम, तान निर्माण, महिला स्वरोजगार बनाउनेलगायत विषयमा सहमति भएको छ । मुख्यमन्त्री पोखरेलले पाल्पाली ढाका संघसँगको सहकार्य सफल भएमा यसले फेरि एकपटक देश र विदेशमा ख्याति कमाउने बताए । ‘अब यस्तो सीप हस्तान्तरण र हराउन लागेकालाई जोगाउने कर्तव्य प्रदेश सरकारको पनि हो,’ उनले भने, ‘अब पुरानै संस्कृतिमा मान्छे फर्किन लागेको अवस्थामा हातैले बुनेको तानबाट बनेका पाल्पाली ढाकाको खोजीखोजी बिक्री हुनेछ ।’

पाल्पाली ढाकाबाट महिलालाई स्वरोजगार बनाउने मुख्य उद्देश्य रहेको तानसेन नगरपालिका प्रमुख अशोककुमार शाहीले बताए । ‘बजारमा अब पाल्पाली ढाकाको ब्रान्ड, लेबल नै फरक हुनेछ,’ उनले भने, ‘त्यसका लागि नगरपालिका सघाउन तयार छ ।’

### पाल्पाली ढाकालाई सरकारी सहयोग

डिफिडका नथानेल विभन, युकेएड सीप परियोजनाका टिम लिडर दलजित बोहराले पाल्पाली ढाका उत्पादनसँगै बजारीकरणका लागि पनि सहयोग गर्ने बताए ।

तानसेन नगरपालिका-६ का वडाध्यक्ष तथा ढाका व्यवसायी सागरमान महर्जनले तानसेनका साथै जिल्लाका ग्रामीण भेगका महिलाले बढी फाइदा पाउने गरी परियोजना तयार भएको बताए । पहिलो वर्षमा चार करोड रुपैयाँबराबरको लगानी हुनेछ । परियोजनाअन्तर्गत सीप परियोजना, स्टेप, प्रदेश ५ सामाजिक विकास मन्त्रालय, पाल्पाली ढाका संघको संयुक्त लगानी रहनेछ ।

# एकीकरण सन्देश दिन घर-घर पुग्दै नेकपा

रूपन्देही (कास)- पार्टी एकीकरण पूरा भएको सन्देश दिन नेकपाले देशव्यापी अभियानको सुरुवात प्रदेश ५ को कोहलपुरबाट गर्ने भएको छ । अभियान तत्कालीन माओवादीको भूमिगत अवस्थामा जस्तै जनताको घरमा बस्ने र त्यहीं खाना खाने गरी सुरु हुनेछ ।

नेकपा केन्द्रीय कमिटीको निर्णयअनुसार दुई अध्यक्षले प्रदेश ५ बाट फागुन ४ गते अभियान सुरु गरी फागुन २१ गते विराटनगरमा समापन गर्ने तालिका मंगलबार सार्वजनिक गरेका हुन् । नेकपाको प्रदेश ५ को मंगलबार नै बुटवलमा बसेको कार्यालय बैठकले बाँकेको कोहलपुरबाट अभियान सुरु गर्ने निर्णय गरेको हो । नेकपा प्रदेश कमिटी अध्यक्ष ओनसरी घर्तीको अध्यक्षता र प्रदेश इन्चार्ज एवं मुख्यमन्त्री शंकर पोखरेलको प्रमुख आतिथ्यतामा बैठक बसेको थियो ।

नेकपा प्रदेश ५ कार्यालय सदस्य भूमिश्वर ढकालले प्रदेशको कार्यालय बुटवलमै रहेकाले यहींबाट गर्ने भन्ने केन्द्रको निर्णय भए पनि प्रदेश कमिटीले कोहलपुरबाट गर्ने निर्णय गरेको बताए । उनका अनुसार फागुन ४ गते कोहलपुरमा अगुवा कार्यकर्ता भेला गरेर अभियानको सुरुवात गरिनेछ । भेला उद्घाटनका लागि केन्द्रीय नेता, संघीय मन्त्री, प्रदेशका मुख्यमन्त्री र मन्त्रीसहितका दुई सयभन्दा बढी अगुवा नेता-कार्यकर्ता कोहलपुरमा जुट्नेछन् । उनीहरूका लागि कुनै मेस र होटलको व्यवस्था गरिएको छैन । ‘मन्त्रीदेखि कार्यकर्ता सबै जनताको घरमा बाँडिएर बस्ने र खानेछन्,’ ढकालले भने, ‘त्यही अभियान जिल्ला/जिल्लामा पुग्नेछ ।’

अगुवा कार्यकर्ता भेलामा जिल्लाको अहिलेसम्मको एकताको अवस्था र गर्नुपर्ने बाँकी कामका बारेमा जिल्ला अध्यक्षले रिपोर्टिङ गर्नेछन् । भेलाले जिल्लाको अवस्था जानकारी गराएपछि फागुन ५ मा प्रदेशस्तरीय बैठक बस्नेछ । बैठकले प्रदेशका लागि तीनमहिने अभियानको खाका तयार गर्ने, फागुनभरि जिल्ला तहदेखि तल्लो तहसम्मका पार्टीका बैठक गर्ने, जनसंगठन निर्माण गर्ने, चैतमा सर्वसाधारण र कार्यकर्ताबाट सुझाव संकलन गर्ने, तीन तहकै सरकारको कामको समीक्षा गर्ने, सरकारका कामको प्रचारप्रसार गर्ने र वैशाखमा बृहत् जनसभा गर्ने निर्णय गरेको कार्यालय सदस्य बलराम अधिकारीले बताए ।

# समारोहमा सीमित थारू संस्कृति

■ **दुर्गालाल केसी** (दाङ)


परम्परागत पहिरनमा सजिएका दाङका थारू युवती । तस्बिर : दुर्गालाल/कान्तिपुर

दाङ थारूहरूको बाहुल्य क्षेत्र हो । जिल्लाको पश्चिम-दक्षिण भेगको सुकौराकोटमा थारू राजा दंगिशरणले राज्य गरेको इतिहास छ । यही नामबाट गाउँपालिकाको पनि नामकरण गरिएको छ । दंगिशरण गाउँपालिकाको अध्यक्षमा पनि थारू समुदायकै भागिराम चौधरी निर्वाचित भएका छन् । दाङमा थारू समुदायलाई आदिवासी मानिन्छ । बर्दिया, कैलाली, कञ्चनपुरतिर दाङबाटै बसाइँसराइ गरेर गएका हुन् । जसलाई बुह्रान जाने भनिन्थ्यो । दाङमा जमिन्दारबाट सताइएपछि र उतातिर पर्याप्त जमिन पाइने भएपछि दाङका धेरै थारू बुह्रान गएका हुन् ।

थारू जातिको आफ्नै इतिहास र संस्कृति छ । आफ्नै भेषभूषा र गरगहनाले थारूको बेग्लै पहिचान दिन्छ तर अहिले बिस्तारै संस्कृति हराउँदै गएको छ । अन्य समुदायले कुनै औपचारिक कार्यक्रम गर्न थाले भने पनि थारू गरगहनाले सजिएकाको नाचगानलाई महत्त्व दिने गर्छन् । ‘आफ्नो संस्कृति भनेपछि माया लाग्छ । सधैं लगाएर हिँड्न सकिँदैन,’ घोराहीकी सुशीला चौधरीले भनिन्, ‘चाडपर्व र मेला-महोत्सवमा आफ्नो समुदायको पहिचान दिन लगाउने गर्छौं ।’ पुराना थारू महिलाले लगाउने ढुंग्रीमाला, चुरिया, मुन्द्री, मंग्या, मालाजस्ता परम्परागत गहना लगाएर युवा पुस्ता रमाउने गर्छ । धेरैजसो नयाँ पुस्तालाई त यस्ता गहनाको नामसमेत थाहा छैन । पुरुषले लगाउने भेग्वा, फेटा, काठका खराउजस्ता कपडा र सामान पनि अहिले हराइसके । थारू जातिको पहिचान दिने पुराना कपडा, गहना, दैनिक उपभोग्य सामान र भाषासमेत नयाँ पुस्ताका लागि आकर्षणको केन्द्र बन्न नसके पनि कहिलेकाहीं भए पनि इज्जत भने धानेका छन् । अन्य समुदाय र आधुनिकताको प्रभावले कला संस्कृति चाडपर्वमा सीमित भइरहेको थारू कल्याणकारिणी सभाका अध्यक्ष भुवन चौधरीले बताए । ‘नयाँ पुस्ता अन्य समुदायसँग घुलमिल भइरहेको छ । संस्कार पनि अरूबाटै सिकिरहेको छ,’ उनले भने, ‘औपचारिक कार्यक्रम, मेलापर्व र महोत्सवमा मात्रै आफ्नो भेषभूषा लगाउने चलन आएको छ । यसले संस्कृति बचाउन कठिन छ ।’ अन्य समयमा उपयोग नहुने भएकाले थारू भेषभूषा नियमित प्रयोगमा आउन नसकेको उनले बताए ।

पुराना गहना र कपडा गह्रौं भएकाले पनि नयाँ पुस्ताले त्यसलाई छोड्दै गएको थारू अगुवाहरूको भनाइ छ । थारू नाचमा गहना र भेषभूषाको महत्त्व भएकाले गीत र नाचसँग मात्रै देखापर्ने स्थिति आएको उनीहरूको गुनासो छ । दैनिक जीवनमा प्रयोग नभएपछि अहिले संरक्षणका लागि संकलन गर्ने र मेला महोत्सवमा प्रदर्शन गर्ने अवस्था आएको थारू गीत र नाचका जानकार घोराही उपमहानगरपालिका-१०, जलौराका चन्द्रप्रकाश चौधरीले बताए । ‘नियमित भेषभूषा लगाउने चलन हरायो । चाडपर्वमा पनि नलगाए त हाम्रो संस्कृति नै हराइहाल्छ,’ उनले भने, ‘सधैं नलगाए पनि आवश्यक पर्दा लगाउने गरेका छौं ।’

कला क्षेत्रमा लागेको युवा पुस्ता पनि परम्परागत संस्कृति झल्किने सामग्रीभन्दा बजार सुहाउँदो आधुनिकतामा रमाएको थारू कलाकार संघका अध्यक्ष शालिकराम चौधरीले बताए । ‘सबै श्रोता र दर्शक हाम्रो भाषा बुझ्दैनन्,’ उनले भने, ‘तैपनि, हामीले थारू संस्कृतिलाई नेपाली भाषामै भए पनि प्रस्तुत गर्ने प्रयास गरिरहेका छौं ।’















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | दुबिधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धन | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २ गते शुक्रबार तदनुरुप १४ फरवरी २०२० फाल्गुन कृष्णपक्ष षष्ठि तिथि रात्रिको १२:२ बजेसम्म उप्रान्त सप्तमी तिथि, चित्रा नक्षत्र दिनको १२:५६ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, गण्ड योग रात्रिको १०:१४ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको १:८ बजेसम्म उप्रान्त वणिज करण, तुला राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:०० | कान्तिपुर समाचार |
| ५:३० | आध्यात्मिक सन्देश | ४:३० | रजतपट (रिपिट) |
| ६:०० | जीवन विज्ञान | ५:०० | कल कान्तिपुर |
| ६:३० | भजन | ६:०० | कान्तिपुर न्युज |
| ७:०० | कान्तिपुर समाचार | ६:३० | सुमनसँग (रिपिट) |
| ८:०० | गुडमर्निङ नेपाल | ७:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्युज | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ९:०० | इट्स माइ सो (रिपिट) | ८:०० | कान्तिपुर समाचार |
| १०:०० | कान्तिपुर समाचार | ९:०० | ह्वाट द फ्लप |
| १०:३० | फिल्म टनिक (रिपिट) | १०:०० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज | १०:३० | कान्तिपुर न्युज |
| ११:३० | रजतपट (रिपिट) | ११:०० | प्रदेश विशेष (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार | ११:३० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| २:०० | कान्तिपुर समाचार | १:३० | सुमनसँग (रिपिट) |
| २:३० | बलियो घर (रिपिट) | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| ३:०० | इट्स माई सो (रिपिट) | २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| | | ३:०० | कल कान्तिपुर रिपीटेड |
| | | ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (निशान्त) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (निशान्त) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०१२३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७००२०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राविधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगञ्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगञ्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगञ्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगञ्ज | ५२०१७४ |
| दमकल नेपालगञ्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगञ्ज | ५२०१२० |
| नेपालगञ्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



**अतिथिलाई सत्कार**
सिन्धुलीमा पहिलो होमस्टे



**वाग्मतीबाट सम्मानित**
साग पदकधारीलाई प्रदेशको सम्मान । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५४ सुर्खेत | १ फागुन २०७६ बिहीबार फाल्गुण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 13, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ


## अमेरिकामाथि कीर्तिमानी जित



कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार अमेरिकाको विकेट लिएपछि नेपालका सन्दीप लामिछाने कप्तान ज्ञानेन्द्र मल्लसँग खुसी साट्दै । सन्दीपले ६ र सुसन भारीले ४ विकेट बाँडेपछि क्रिकेट विश्वकप लिग २ मा नेपालले अमेरिकालाई ३५ रनमै अलआउट गरेको थियो । थुप्रै कीर्तिमान स्थापित भएको यो खेल नेपालले ८ विकेटले जित्यो । समाचार पृष्ठ १५ । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*



ओलीका २ वर्ष

# पूरा भएनन् वाचाहरू

वाम गठबन्धनको चुनावी घोषणापत्रमा दुई, पाँच र १० वर्षभित्र गर्ने कामका सूची थिए । तर दुई वर्षमा ठूल्ठूला महत्त्वाकांक्षी योजनामा मात्र होइन, ससाना काममा समेत उत्साहजनक प्रगति छैन ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सिंहदरबारभित्रका मन्त्रालय र मुख्य विभागमा केही दिनयता कर्मचारीलाई सरकारको कामको फेहरिस्त उतार्ने चटारो छ । उपलब्धिको सूची बुझाउन उनीहरूलाई प्रधानमन्त्री कार्यालयले ताकेता गरेको हो । आउँदो शनिबार फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको दुई वर्ष पुग्दै छ । त्यही दिन उपलब्धिहरू सार्वजनिक गर्ने तयारी छ । वाम गठबन्धनको चुनावी घोषणापत्रलाई दाँजेर हेर्दा भने यी दुई वर्षमा भएका काम उत्साहजनक देखिँदैनन् ।

चुनावमा मत माग्दा तत्कालीन एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमै आफ्नो नेतृत्वमा बहुमतको सरकार बने दुई, पाँच र १० वर्षभित्र के-के गर्ने भनेर काम उल्लेख गरिएको थियो । घोषणापत्रमा 'दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइनेछ' भनिएको थियो । तर यिनै वस्तुका लागि अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्रमुख बाली तथा माछामासु आयातमा ७१ अर्ब र २०७५/७६ मा ७० अर्ब रुपैयाँ बाहिरियो ।

घोषणापत्रमा दुई वर्षभित्र भैरहवा विमानस्थल निर्माण पूरा हुने उल्लेख थियो । तर भैरहवा विमानस्थलको काम अझै पूरा भएको छैन । केही समय तलमाथि हुनुलाई अन्यथा नठानिएला तर प्रतिबद्धताअनुसार काम गर्ने गतिमा देखिएको सुस्तता भने यसले झल्काउँछ ।

घोषणापत्रमा दुई वर्षभित्र काम पूरा गर्ने अर्को विषय थियो- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनले प्रतिस्थापन गर्ने । यो काममा कुनै प्रगति छैन । पेट्रोलियम सवारीकै आयात बढिरहेको छ ।

घोषणापत्रमा 'द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ' भनिएको थियो । यसमा केही प्रगति भएन । उल्टै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग विवादले झन्डै एक वर्ष पदाधिकारीविहीन भए ।

ठूल्ठूला महत्त्वाकांक्षी योजनासँगै जनताका दैनिक जीवनमा प्रभाव पार्ने खालका काम गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा थिए । तर दैनिक जीवनमा प्रभाव पार्ने काममा पनि सर्वसाधारणले अनुभूति गर्ने खालको प्रगति छैन । घोषणापत्रमा सबै पसलमा मूल्यसूची अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने भनिएको थियो । तर मूल्यवृद्धि, सिन्डिकेट र भ्रमपूर्ण विज्ञापन निरन्तर छ । आक्कलझुक्कल मात्र अनुगमन हुन्छ तर औपचारिकताका लागि मात्र जस्तो देखिन्छ ।

घोषणापत्रमा राष्ट्रिय मुद्दा, जनजीविकादेखि अन्तर्राष्ट्रिय विषय पनि समेटिएका थिए । दुई वर्षभित्र भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्ने र सीमा समस्याको समाधान र सीमानाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल हुने पनि उल्लेख थियो । चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, वर्षौंदेखि अल्झिएको पेट्रोलियम पाइपलाइन बिछ्याउने लगायतमा उल्लेख्य प्रगति भए पनि दुई वर्षमा तोकेरै गर्ने भनिएको घोषणापत्रको यो काम भने पूरा भएको छैन ।

सरकार बनेलगत्तै अर्थमन्त्री युवराज खतिवडाले संसद्मा श्वेतपत्र पेस गरी अघिल्ला सरकारको तीव्र आलोचना गरेका थिए । तर एक वर्षको पूर्ण बजेट कार्यान्वयन र अर्को छ महिना बितिसक्दा पनि विकास खर्च सुध्रेको छैन । बुधबारसम्मको तथ्यांक हेर्ने हो भने विकास खर्च साढे १८ प्रतिशत मात्र छ । प्रधानमन्त्री ओली भने अन्तर्राष्ट्रिय संस्थाहरूले सार्वजनिक गरेको सकारात्मक सूचीहरूलाई देखाएर सरकारको गति मापन गर्नुपर्ने बताइरहेका छन् ।

बाँकी पृष्ठ १४ ▸▸

> भनिएको भन्दा अन्य काम गर्ने खालको सरकारको शैली छ, मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखियो
>
> – **खगेन्द्र प्रसाई**, विश्लेषक

### भित्र



प्रदेश र स्थानीय तहको अधिकार कटौती


संक्रमणकालीन न्यायका कामहरू अघि बढ्न सकेनन्


श्रमिकहरू अझै सामाजिक सुरक्षा कोषबाहिरै


कूटनीतिमा अलमल, सम्बन्ध विस्तारमा भने सफल


२०६ पालिकामा पुग्न सकेन प्राविधिक शिक्षा



राजस्व र खर्चमा सरकारलाई सकस


**दुई वर्षभित्र सक्ने भनिएका मुख्य काम :**

- भैरहवा विमानस्थल निर्माण
- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनबाट प्रतिस्थापन
- यातायातलगायत क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य
- तुइनलाई झोलुङ्गे पुलले विस्थापन गर्ने
- राष्ट्रिय परिचयपत्र र गरिबी परिचयपत्र
- सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू
- भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, भूकम्प, बाढी र पहिरोपीडितलाई घर निर्माणमा सहयोग
- सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट
- राष्ट्रव्यापी नापी, भूमिको अभिलेख अद्यावधिक, वैज्ञानिक भूमिसुधार लागू
- आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर
- पूर्वपश्चिम राजमार्गको समानान्तर र रसुवागढी–काठमाडौं–वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण
- परिमार्जित शिक्षा नीति लागू, बजेटको २० प्रतिशत शिक्षामा लगानी
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्कुल भर्ना
- केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना
- द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरण
- सबै पसलमा मूल्यसूची, गुणस्तर अनुगमन
- स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेपलाई अस्वीकार
- भारतसँगको १९५० को लगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन, सीमा समस्याको समाधान र नाकाको व्यवस्थापन

# ट्रस्टको १७३ रोपनी शंकास्पद मोहीका नाममा

■ **कृष्ण ज्ञवाली**
**बिनु सुवेदी** (काठमाडौं)

नेपाल ट्रस्टको सम्पत्तिमा कसैको हकदाबी नलाग्ने कानुनी व्यवस्था विपरीत बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको मन्त्रिपरिषद् निर्णयबाट १७३ रोपनी जग्गा मोहीका नाममा बाँडेको भेटिएको छ । सरकारले ट्रस्टका नाममा ल्याएको दिवंगत राजा वीरेन्द्र र उनको परिवारका नाममा रहेको १७३ रोपनी जग्गा मन्त्रिपरिषद् निर्णयलाई आधार मानी मालपोत कार्यालयले २०६९ सालमा मोहीका नाममा जग्गा दर्ता गरिएको हो ।

ट्रस्ट कार्यालयले तत्कालीन अन्तरिम संविधान र प्रचलित कानुनको बर्खिलाप हुने गरी ट्रस्टको जग्गा मोही र उनका हकवालामा दर्ता गरिएको भन्दै छानबिनका लागि सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगमा निवेदन दिइसकेको छ । ट्रस्ट कार्यालयले गत जेठ २१ गते आयोगमा पठाएको पत्रमा काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल, साबिक इचंगु गाविसको १७३ रोपनी १५ आना जग्गा मोहीका नाममा गएको भन्दै छानबिन गर्न आग्रह गरिएको छ । पत्रमा भनिएको छ, 'ती जग्गा २०६४ पुस १ गते मालपोत कार्यालय कलंकीले ट्रस्टमा नामसारी गरेको हो । फेरि मोही र उनीहरूको हकवालाका नाममा नामसारी भएको बुझिन आएको छ ।'

ट्रस्ट कार्यालय स्रोतले जग्गा थाहै नदिई गैरकानुनी रूपमा मोहीका नाममा दर्ता भएकाले आयोगमा निवेदन दिएको जनाएको छ । ट्रस्टले पत्रका साथमा उक्त जग्गा नेपाल सरकारको हो भनी ७५ पानाको प्रमाणसहितको मिसिलसमेत पठाएको छ ।

ट्रस्टको कार्यालयले ती जग्गाबारे सोधखोज गत चैतदेखि गरेको हो । मालपोत कार्यालय कलंकीले जवाफमा '२०६९ भदौ ११ गते मन्त्रिपरिषद्को निर्णयअनुसार एकलौटी रूपमा मोहीका नाममा नामसारी भएको' भनी जवाफ लेखेको थियो । उक्त पत्रपछि ट्रस्टको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पत्र पठाएर 'निर्णयको व्यहोरा के थियो ?' भनी विवरण मागेको थियो ।

नेपाल ट्रस्ट ऐनको दफा १३ मा 'ट्रस्टको सम्पत्ति बिक्रीवितरण र भोगाधिकार गर्नमा प्रतिबन्ध हुने' व्यवस्था छ ।

बाँकी पृष्ठ १४ ▸▸

**२०६४ पुस १**
राजा वीरेन्द्र र उनको परिवारको जग्गा नेपाल ट्रस्टका नाममा दर्ता

**२०६९ भदौ ११**
छानबिन गरी आवश्यक देखिए दर्ता स्रेस्ता कायम गर्ने मन्त्रिपरिषद् निर्णय

**२०७० असार ४ देखि**
बिनाछानबिन १७३ रोपनी १५ आना मोहीका नाममा







# पोल मक्किसके, बिजुली अझै पुगेन

■ **विप्लव महर्जन** (सल्यान)

कालीमाटी गाउँपालिकाका विभिन्न वडामा विद्युत् सेवा विस्तार गर्न ७ वर्षअघि पोल गाडिए पनि बत्ती अझै बलेको छैन । घरमा तारसमेत जोडिसकेका स्थानीय अँध्यारोमै बस्न बाध्य छन् ।
कालीमाटीका बासिन्दा सल्लाको दियालो, टुकी र लाल्टिन बालेर रात काट्छन् । सरकारी निकायको लापरबाहीले गाउँपालिकाका ७ हजार बासिन्दाको वर्षौंदेखिको विद्युत् सपना पूरा नभएको हो । साविक कालीमाटी र रामपुर गाविसले ९ लाख रुपैयाँ बजेट विनियोजन गरी गाउँगाउँमा पोल गाडेका थिए । केन्द्रीय प्रशारणलाइन जोड्न गाडिएका अधिकांश पोल ढलेका छन् । प्रयोगविहीन पोल जीर्ण बन्दै गएको स्थानीयको गुनासो छ ।

कालीमाटी गाउँपालिका-१ स्थित लक्ष्मीपुरमा मात्र विद्युत् सुविधा उपलब्ध छ । लाइन विस्तार नहुँदा बिजुली बाल्ने धोको पूरा नभएको स्थानीय पूर्णबहादुर खड्काले बताए । 'हुने-खानेले सोलार जडान गरेका छन्,' उनले भने, 'विपन्न घरधुरी अझै पनि सल्लाको दियालो, टुकी र लालटिनकै भरमा रात गुजार्न बाध्य छौं ।'

विद्युत् सेवा बिस्तार हुने भन्दै केही घरधुरीले घरमा वायरिङसमेत गरेका थिए । 'घरमा गरिएको वायरिङ धूलोधूवाले कालै भइसक्यो,' स्थानीय अर्जुन विकले भने,' घरअगाडि गाडेका पोल पनि ढल्ने अवस्थामा पुगेका छन् ।' स्थानीय तह निर्वाचनको बेला गाउँमा बिजुली पुर्‍याउँछौं भन्ने उम्मेदवारले फर्केर नहेरेको उनले गुनासो गरे । विद्युत् नहुँदा गाउँमा घरेलु उद्योग स्थापना गरी स्वरोजगार बन्ने धोको अधुरै रहेको उनको दुःखेसो छ ।

स्थानीय सरकार र विद्युत् प्राधिकरणको लापरबाहीले घर अगाडिका पोल हेरेर चित्त बुझाउनुपर्ने बाध्यता भएको स्थानीयको गुनासो छ । 'हाम्रा बाबुबाजेले टुकी र सल्ले झर्‍रोको भरमा रात कटाएका थिए, हामीले पनि परम्परागत ऊर्जा प्रयोग गरिरहेका छौं,' विकले भने, 'यस्तै अवस्था हो भने छोरानातिका पालासम्म पनि गाउँमा बिजुली बल्दैन होला ।' उनले विद्युत् सुविधा नहुँदा मोवाइल चार्ज गर्न छिमेकी गाउँमा जानुपर्ने बाध्यता रहेको सुनाए ।

> विद्युतसेवा विस्तार हुने भन्दै घरमा वायरिङसमेत गरेका स्थानीय अहिले निराश छन्

बिजुलीका पोल गाड्न स्थानीयले एक महिनासम्म श्रमदान गरेका थिए । योजना पूरा नहुँदा सरकारी लगानी खेर गएको स्थानीय रेशमबहादुर थापाले बताए । 'वारिपारिका गाउँहरू रातभर झिलिमिली हुन्छन्,' उनले भने, 'बिजुली नहुँदा हाम्रो गाउँ सम्साँझै सुनसान हुन्छ ।' उनले बिद्युत् नहुँदा बालबालिकाको पढाइ गुणस्तरीय हुन नसकेको गुनासो गरे । गाडिएका पोलको सदुपयोग गर्न स्थानीय स्तरमै भए पनि लघुजलविद्युत् योजना निर्माण गर्न स्थानीयले माग गरेका छन् ।

कालीमाटी -३ स्थित शारदा खोलामा ड्याम बाँधेर बिजुली उत्पादन गर्न बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले ५ वर्षअघि सर्भे गरेको थियो । केन्द्रले विद्युत् योजना निर्माणका लागि सबै वडामा घरधुरी सर्भेक्षणसमेत गरे पनि बजेट नआउँदा आफूहरू निरास बन्नुपरेको थापाको गुनासो छ । 'जनप्रतिनिधि आश्वासन मात्रै दिन्छन्, काम गर्दैनन्,' उनले भने, 'बिजुली बाल्ने सपना पूरा नहुँदा हामीलाई स्थानीय सरकारको अनुभूति नै छैन ।'

गाउँपालिका कार्यालयका अनुसार लक्ष्मीपुरका ५० घरधुरीमा मात्र केन्द्रीय प्रशारण लाइनको बिजुली छ । स्थानीय खोलाबाट विद्युत् उत्पादन गर्न सकिने भए पनि बजेट अभावमा समस्या भएको गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले बताए । 'हाम्रो स्रोतसाधन र सीमित बजेटले स्थानीयस्तरमै विद्युत् उत्पादन गर्न भ्याउँदैन,' उनले भने, 'माथिल्ला सरकारले बेवास्ता गरिरहेका छन् ।' उनले चालु आर्थिक वर्षभित्र गाउँपालिकाको केन्द्र र वडा नं ६ मा विद्युतीकरण गर्नेगरी बजेटको व्यवस्था गरिएको जानकारी दिए । 'गत वर्ष मुद्दा परेपछि विद्युतीकरणको काम हुन सकेन,' उनले भने, 'चालु आर्थिक वर्षका लागि टेन्डर प्रक्रिया सुरु गरिसकेका छौं ।' गाउँपालिकाले यस वर्ष उज्यालो गाउँपालिका कार्यक्रमअन्तर्गत ५० लाख रुपैयाँ विनियोजन गरेको छ ।


सल्यानको कालीमाटी गाउँपालिकामा गाडिएका पोल ।
तस्विर : विप्लव/कान्तिपुर

# पूर्वाधारमा लम्किँदै गोतामकोट

चालू वर्ष एकीकृत कृषि फार्मिङका लागि ५ करोड रुपैयाँ छुट्याइएको छ भने १ करोड लगानी गरेर मन्दिर बनाइँदै छ


गोतामकोटदेखि मालिका मन्दिर जान बनाइएको रेलिङसहितको बाटो ।
तस्विर : हरि/कान्तिपुर

■ **हरि गौतम** (रुकुम पश्चिम)

आठबीसकोट नगरपालिका-४ स्थित गोतामकोट र सम्पेचौर पछिल्लो समय चर्चामा छन् । गोतामकोट गौतमहरूको उद्‌गमस्थल हो भने सम्पेचौर अत्रि ऋषिको आश्रयस्थल । आठबीसकोट नगरपालिकाले दुवै ठाउँलाई पर्यटकीय गन्तव्य बनाउन पूर्वाधार विकासमा जोड दिएको छ ।

गोतामकोटमा गौतमहरूको उद्‌गमस्थल, अत्रि ऋषिको आश्रम, मालिका मन्दिर, चित्रीपाटनलगायतलाई जोडेर बृहत् पर्यटकीय क्षेत्र बनाउन विभिन्न संरचना निर्माणको काम भइरहेको नगरपालिकाले जनाएको छ । गत आर्थिक वर्षको नीति तथा कार्यक्रममै 'गोतामकोट जाऔं, गौतमहरूको उद्‌गमस्थल चिनौं र पर्यटन प्रवर्द्धनमा लागौं' भन्ने नारा समेटिएको थियो । कर्णाली प्रदेश सरकारको लगानीमा पनि केही संरचना निर्माण भइरहेको नगर प्रमुख गोर्खबहादुर केसीले बताए ।

गोतामकोट गाउँदेखि मालिका मन्दिरसम्म ६ सय १३ वटा सिँढीसहितको बाटो बनाइएको छ । ५० लाख रुपैयाँको लगानीमा रेलिङसहितको बाटो हुँदै मालिका मन्दिरबाट सम्पेचौरस्थित अत्रि ऋषिको आश्रम पुग्ने बाटो निर्माण पनि जारी छ । मालिका मन्दिरनजिकै १ करोड रुपैयाँमा मुख्य मन्दिर निर्माण भइरहेको केसीले जानकारी दिए । उनका अनुसार आधारभूत संरचना निर्माण भइसकेको मन्दिर यसै वर्षभित्र सक्ने नगरपालिकाको योजना छ ।

गोतामकोटबाट चित्रीपाटन उक्लने बाटो बनाउने योजनासमेत नगरपालिकाले अघि सारेको छ । चित्रीपाटन क्षेत्र ओलीहरूको उद्‌गमथलो मानिन्छ । जाँदा भीरैभीरको बाटोमा चित्रिपाटन उक्लने र चिप्लेटीमार्फत फर्कने गरी संरचना बनाउन डीपीआरको काम भइरहेको नगर प्रमुख केसीले बताए । 'धार्मिक, पर्यटकीय र कृषि पर्यटनका लागि गुरुयोजना बनाएका छौं,' उनले भने, 'गौतमहरूको उद्‌गम थलको विकास गरी कृषि र पर्यटनलाई जोड्ने हाम्रो योजना हो ।'

चालु आर्थिक वर्षमा एकीकृत कृषि फार्मिङको लागि ५ करोड रुपैयाँ बजेट परिचालन हुने केसीले जानकारी दिए । उनका अनुसार नेपालका पहाडी गाउँमा व्यवसाय र पर्यटनलाई जोडेर कसरी मोडेल गाउँ बनाउन सकिन्छ भन्ने सन्देश दिइनेछ । सबै संरचनाको काम दुई वर्षमा सक्ने गरी निर्माणलाई तीव्रता दिइएको नगरप्रमुख केसीले बताए ।

सुन्दर फाँट र मिलेका बस्ती, धार्मिक तथा प्राकृतिक सम्पदाले पनि गोतामकोट महत्वपूर्ण रहेको छ । चित्रीपाटनबाट झर्ने ९ छहराले पनि पर्यटकलाई आकर्षित गर्छन् । बुधबार नेकपा उपाध्यक्ष बामदेव गौतम, प्रतिनिधिसभा सदस्य जनार्दन शर्मा, कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले गोतमकोट र गौतमहरूको उद्‌गमस्थल, अत्री ऋषिको आश्रमस्थल, मालिका मन्दिर जाने सिढीलगायतको अवलोकन गरेका छन् ।

हेलिकप्टरमार्फत आएका उनीहरूले गोतामकोटको सौन्दर्यको वर्णन गरे । उपाध्यक्ष गौतमले गोतामकोटको विकासका लागि संघीय सरकारको पनि सहयोग हुने बताए । उनका अनुसार ७ सय वर्षदेखि गोतामकोटमा गौतमहरू रहेको इतिहास छ ।

### उद्‌गम थलोबाटै गौतम विस्थापित

गौतमहरूको उद्‌गमस्थल गोतामकोटमा गौतम भने घट्दै गएका छन् । यहाँका गौतमहरू विभिन्न कारणले विस्थापित भएर अन्यत्र गएका छन् । गोतामकोटमा रेग्मी, पौडेल र केसीभन्दा पछि मात्र गौतमहरूको संख्या गणना हुन्छ । पछिल्लो समय गोतामकोटमा भण्डारी, थापा, बस्नेत र विष्टको बाहुल्य पनि बढिरहेको छ ।

अत्रि ऋषिको आश्रममा हरेक वर्ष हुने विशेष पूजामा मुस्किलले ३० परिवार गौतम पुग्छन् । मन्दिरका पुजारी देउदत्त गौतमले हरेक वर्षको ४ वटा पूर्णिमामा मन्दिरमा पूजा हुने गरेको जानकारी दिए । उनका अनुसार अहिले गोतामकोटको पानीकोटमा २६ घरधुरी गौतमको मात्रै बसोबास छ । उनले बैशाख, साउन, कार्तिक र माघे पूर्णिमामा सम्पचौरको मन्दिरमा पुजाआजा हुने जनाए ।

मन्दिरमा गाईको दूध, चामल, फूलपाती मात्रै चढाउने गरिन्छ । पूजामा एक वर्णे गाई (पूरै कालो वा पूरै रातो) को दूध मात्रै चढाइने पुजारी गौतमले बताए । 'अत्रि ऋषिको मन्दिरमा दूध चढाएको गाईका बहरले जोत्न मिल्दैन,' उनले भने, 'मन्दिर आसपासको जंगलमा हसिया र बन्चरो लाउन मिल्दैन ।' उनका अनुसार अहिलेसम्म कसैले पनि उक्त जंगलका घाँसपात काटेका छैनन् । खडेरी पर्दा अत्रि ऋषिको मन्दिरमा पुजा गर्दा वर्षा हुने विश्वास छ ।

अत्रि ऋषिका पछिल्ला तीन भाइ गोतामकोटबाट फाटेको गौतमले जानकारी दिए । जेठा शिवदास, माइला काशीदास र कान्छा बलु पाध्याय थिए ।

सेवासुविधा र अरु हिसाबले गाउँ छाड्नेहरू बढ्दै गएको स्थानीय प्रेमबहादुर खत्रीले बताए । उनका अनुसार तीमध्ये माइला काशीदास मात्रै गोतामकोटमा बसे र उनका सन्तान अहिले पानीकोटमा छन् । जेठा होलीतिर लागेका थिए भने कान्छा धानचामल भन्ने ठाउँमा गएको किंवदन्ती छ । मुख्य ऋषिको आश्रममा माइलाबाहेक अरू आउन छाडेको धेरै भइसक्यो ।

# कर्णालीमा आविष्कार केन्द्र खुल्ने

वीरेन्द्रनगर (कास)- कर्णालीमा प्रदेशस्तरीय आविष्कार केन्द्र स्थापना हुने भएको छ । राष्ट्रिय आविष्कार केन्द्र र मध्यपश्चिमाञ्चल विश्वविद्यालयबीच बुधबार प्रदेशस्तरीय आविष्कार केन्द्र स्थापना गर्न द्विपक्षीय समझदारी भएको छ ।

केन्द्रका अध्यक्षसमेत रहेका महावीर पुन र विश्वविद्यालयको इन्जिनियरिङ संकायका डीन अनन्तराज घिमिरेले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । कर्णालीमा आविष्कार केन्द्र स्थापना भए स्थानीय स्तरमा उत्पादन हुने आविष्कर्तालाई आफ्नै ठाउँमा आत्मनिर्भर हुने बाटो खुल्ने डीन घिमिरले बताए ।

मंगलबार र बुधबार वीरेन्द्रनगरमा भएको 'कर्णाली ईन्टरप्रेनरसीप एण्ड लिडरसिप समिट' (केल्सा)ले मुगुस्थित रारा ताल परिसरमा लगानी सम्मेलन गर्ने घोषणा पनि गरेको छ ।

विभिन्न क्षेत्रका विज्ञहरूको सहभागितामा भएको सम्मेलनले आगामी अक्टुबरमा राराताल परिसरमा लगानी सम्मेलन गर्ने घोषणा गरेको हो । कर्णालीमा लगानीकर्तालाई आकर्षण गर्ने उदेश्यले लगानी सम्मेलन गर्न लागिएको आयोजक कर्णाली सञ्चार नेटवर्कका प्रमुख डम्मर साहुले जानकारी दिए । उनका अनुसार कर्णालीमा सन् २०२० र २०२१ भित्र एक हजार करोड लगानी भित्र्याउने उदेश्यका साथ अगाडि बढिनेछ । आर्थिक, कृषि, पर्यटनलगायतसँग सम्बन्धित देशभरका ६५ जना विज्ञहरू र लगानीकर्ताहरू समेत सहभागी रहेको सम्मेलनले जुम्लामा कर्णाली बिजनेश एण्ड ईकोनोमिक समिट गर्ने पनि निर्णय गरेको प्रमुख साहुले जनाए । कुनैपनि राजनीतिक आस्था नराख्ने स्वतन्त्र व्यक्तिहरूलाई सहभागी गराई कर्णाली रिसर्च सेन्टर (कर्णाली थिंक ट्यांक) पनि स्थापना गर्ने साहुले बताए । कर्णालीलाई समृद्ध बनाउने सरकारको योजनामा हातेमालो गर्दै अगाडि बढ्ने आफूहरूको योजना रहे पनि सरकारले आफूहरूसँग सहकार्य नगरेको प्रमुख साहुको गुनासो छ ।

सम्मेलनमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, म्यागासेसे पुरस्कार विजेता महाविर पुन, कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष पुण्यप्रसाद रेग्मी, कान्तिपुर पव्लिकेसन्सका सहायक महाप्रवन्धक महेश स्वाँर, नेकपा केन्द्रीय सदस्य नरबहादुर बिष्टलगायतले विभिन्न सेसनमा सहभागिता जनाएका थिए ।

## छोटकरी

**दुर्घटनामा जमदारको मृत्यु, ६ सैनिक घाइते**
सल्यान (कास)- कपुरकोट गाउँपालिकाको चोरखोलामा बुधबार दिउँसो सैन्य गाडी दुर्घटना हुँदा नेपाली सेनाका जमदार यादव भडोलको मृत्यु भएको छ । दुर्घटनामा अन्य ६ सैनिक गम्भीर घाइते भएका छन् । सिमखर्कबाट दाङतर्फ जाँदै गरेको लु१त १२३ नम्बरको गाडी दुर्घटनामा परेको हो । गाडीमा नेपाली सेना सिमखर्क ब्यारेकको साढे ७ टन सामान रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा सेनानी ईश्वर सिलवाल, हुद्दा जयप्रकाश बोहरा, मोहन थापा, सिपाही विशाल गुरुङ, रेशम लित मगर र बिपिन श्रेष्ठ घाइते भएका छन् । घाइते सबैको दाङको तुलसीपुरस्थित अञ्चल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी प्रमुख डीएसपी ढकेन्द्र खतिवडाले जानकारी दिए । उनका अनुसार गाडी दुर्घटनाको कारण खुल्न सकेको छैन । गाडी सडकदेखि ७ सय मिटर तल खसेको थियो ।

**महोत्सव सुरु**
सल्यान (कास)- प्रादेशिक कृषि, पर्यटन, उद्योग, व्यापार तथा सांस्कृतिक महोत्सव बुधबारदेखि सुरु भएको छ । महोत्सवको कर्णालीका प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले उद्‌घाटन गरे । महोत्सवमा २ सय बढी स्टलहरू रहेका छन् । करिब ५ करोड बराबरको कारोवार गर्ने लक्ष्यसहित सञ्चालन गरिएको महोत्सव करिब एक लाख दर्शकले अवलोकन गर्ने आयोजक सल्यान उद्योग वाणिज्य संघले बताएको छ । महोत्सव उद्‌घाटन गर्दै मुख्यमन्त्री शाहीले सल्यान र प्रदेश राजधानी जोड्ने सडक अबको २ बर्षभित्र कालोपत्रे हुने गरी काम भइहेको बताए । सल्यानमा कृषिको सम्भावना प्रचूर संभावना रहेको भन्दै उनले कृषि, पूर्वाधारलगायत क्षेत्रमा प्रदेश सरकारले लगाननी गर्ने बताए । कार्यक्रममा प्रदेशकाका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला, प्रतिनिधिसभा सदस्य टेकबहादुर बस्नेतलगायतले बोलेका थिए ।

# करोडको अर्गानिक मकै निर्यात

■ **भीमबहादुर सिंह** (जाजरकोट)

जिल्लामा उत्पादन हुने अर्गानिक मकैको माग जिल्लाबाहिर बढ्दै गएको छ । कुशे गाउँपालिका र छेडागाड नगरपालिकाबाट एक वर्षको अवधिमा करिब १ करोड रुपैयाँको मकै जिल्लाबाहिर गएको छ ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार मकै, कोदो, भटमासलगायत अन्नको माग नेपालगन्ज, काठमाडौंलगायत ठाउँमा बढिरहेको छ । कुशे, नलगाड, जुनीचाँदे र छेडागाड जिल्लामा मकै उत्पादनको भण्डार मानिन्छन् । एक वर्षको अवधिमा करिब १ करोडको मकै र करिब ५० लाख रुपैयाँको अन्य कृषिजन्य उत्पादन जिल्लाबाहिर गएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार चालु आर्थिक वर्षको सात महिनामा मात्रै १ करोड रुपैयाँको उत्पादन जिल्लाबाहिर गएको छ ।

स्थानीय जातको मकै, कोदो, भटमास, सिमी, रातो चामललगायत अर्गानिक अन्नको माग सहरमा बढेको स्थानीय व्यापारी भद्रबहादुर ओलीले बताए । उनका अनुसार मधुमेहलगायत रोगका बिरामीले रोटी, चाख्ला, भात, ढिढोलगायत परिकार खानका लागि अर्गानिक मकै र कोदो खोज्ने गरेका छन् ।


भेरी नगरपालिका-३, न्युरोडमा नेपालगन्ज लैजान तयार राखिएको मकै ।
तस्विर : भीमबहादुर/कान्तिपुर

काठमाडौंका बासिन्दाले पहाडको अर्गानिक मकै, रातो चामल र कोदोको माग कोसेलीको रुपमा पठाउन आफन्तलाई आग्रह गर्ने गरेको उनको भनाइ छ । 'सहरका ठूला होटल र रेष्टुरेण्टमा भटमास र सिमी खपत हुने क्रम पनि बढिरहेको छ,' उनले भने, 'आफ्नो उत्पादन बाहिर पठाउन लागेपछि कृषकको जीवनस्तरसमेत फेरिएको छ ।'

जिल्लाबाट नेपालगन्ज, सुर्खेतलगायत ठाउँमा पठाइने मकै बोइलर कुखुराको दानामा पनि प्रयोग हुने गरेको छ । ओलीले यस वर्ष एक सय ३० मेट्रिक टन मकै, १५ मेट्रिक टन भटमास र १५ मेट्रिक टन कोदो नेपालगन्ज पठाइसकेको जानकारी दिए । उनका अनुसार स्थानीय बजारमा मकै ३५, कोदो ३८ र भटमास ७८ रुपैयाँ प्रतिकिलोमा खरिद बिक्री भइरहेको छ । जिल्लाका दुर्गम क्षेत्रमा २८ रुपैयाँ प्रतिकिलोमा मकै खरिद हुने गरेको छ ।

जिल्लामा उत्पादन हुने रातो चामलको माग पनि बढिरहेको छ । यहाँको रातो चामल प्रतिकिलो ३ सय रुपैयाँमा नेपालगन्ज र काठमाडौंमा बिक्री हुने गरेको छ । तर, यातायातको असुविधाका कारण बारेकोट गाउँपालिकामा उत्पादन हुने अर्गानिक अन्नले बजार पाउन सकेको छैन । कुशे गाउँपालिकाबाट सबैभन्दा बढी मकै जिल्लाबाहिर गएको कृषि कार्यालयको तथ्यांक छ । कुशेको चाल्ना, जिन्ताला, चौराटा, पैक, लाता कफल्लालगायत ठाउँको मकै रोटी र ढिढोका लागि प्रख्यात मानिन्छ ।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | दुबिधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धन | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २ गते शुक्रबार तदनुरुप १४ फरवरी २०२० फाल्गुन कृष्णपक्ष षष्टि तिथि रात्रिको १२:२ बजेसम्म उप्रान्त सप्तमी तिथि, चित्रा नक्षत्र दिनको १२:५६ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, गण्ड योग रात्रिको १०:१४ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको १:८ बजेसम्म उप्रान्त वणिज करण, तुला राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:०० | कान्तिपुर समाचार |
| ५:३० | आध्यात्मिक सन्देश | ४:३० | रजतपट (रिपिट) |
| ६:०० | जीवन विज्ञान | ५:०० | कल कान्तिपुर |
| ६:३० | भजन | ६:०० | कान्तिपुर न्यूज |
| ७:०० | कान्तिपुर समाचार | ६:३० | सुमनसँग (रिपिट) |
| ८:०० | गुडमर्निङ नेपाल | ७:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्युज | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ९:०० | इट्स माइ सो (रिपिट) | ८:०० | कान्तिपुर समाचार |
| १०:०० | कान्तिपुर समाचार | ९:०० | ह्वाट द फ्लप |
| १०:३० | फिल्म टनिक (रिपिट) | १०:०० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज | १०:३० | कान्तिपुर न्युज |
| ११:३० | रजतपट (रिपिट) | ११:०० | प्रदेश विशेष (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार | ११:३० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| २:०० | कान्तिपुर समाचार | १:३० | सुमनसँग (रिपिट) |
| २:३० | बलियो घर (रिपिट) | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| ३:०० | इट्स माई सो (रिपिट) | २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| | | ३:०० | कल कान्तिपुर रिपीटेड |
| | | ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (निशान्त) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (निशान्त) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |



**अतिथिलाई सत्कार**
सिन्धुलीमा पहिलो होमस्टे

**वाग्मतीबाट सम्मानित**
साग पदकधारीलाई प्रदेशको सम्मान । १६




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५४ गोदावरी | १ फागुन २०७६ बिहीबार फाल्गुण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 13, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ


## अमेरिकामाथि कीर्तिमानी जित



कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार अमेरिकाको विकेट लिएपछि नेपालका सन्दीप लामिछाने कप्तान ज्ञानेन्द्र मल्लसँग खुसी साट्दै । सन्दीपले ६ र सुसन भारीले ४ विकेट बाँडेपछि क्रिकेट विश्वकप लिग २ मा नेपालले अमेरिकालाई ३५ रनमै अलआउट गरेको थियो । थुप्रै कीर्तिमान स्थापित भएको यो खेल नेपालले ८ विकेटले जित्यो । समाचार पृष्ठ १५ । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*



ओलीका २ वर्ष

# पूरा भएनन् वाचाहरू

वाम गठबन्धनको चुनावी घोषणापत्रमा दुई, पाँच र १० वर्षभित्र गर्ने कामका सूची थिए । तर दुई वर्षमा ठूल्ठूला महत्त्वाकांक्षी योजनामा मात्र होइन, ससाना काममा समेत उत्साहजनक प्रगति छैन ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सिंहदरबारभित्रका मन्त्रालय र मुख्य विभागमा केही दिनयता कर्मचारीलाई सरकारको कामको फेहरिस्त उतार्ने चटारो छ । उपलब्धिको सूची बुझाउन उनीहरूलाई प्रधानमन्त्री कार्यालयले ताकेता गरेको हो । आउँदो शनिबार फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको दुई वर्ष पुग्दै छ । त्यही दिन उपलब्धिहरू सार्वजनिक गर्ने तयारी छ । वाम गठबन्धनको चुनावी घोषणापत्रलाई दाँजेर हेर्दा भने यी दुई वर्षमा भएका काम उत्साहजनक देखिँदैनन् ।

चुनावमा मत माग्दा तत्कालीन एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमै आफ्नो नेतृत्वमा बहुमतको सरकार बने दुई, पाँच र १० वर्षभित्र के-के गर्ने भनेर काम उल्लेख गरिएको थियो । घोषणापत्रमा 'दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइनेछ' भनिएको थियो । तर यिनै वस्तुका लागि अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा प्रमुख बाली तथा माछामासु आयातमा ७१ अर्ब र २०७५/७६ मा ७० अर्ब रुपैयाँ बाहिरियो ।

घोषणापत्रमा दुई वर्षभित्र भैरहवा विमानस्थल निर्माण पूरा हुने उल्लेख थियो । तर भैरहवा विमानस्थलको काम अझै पूरा भएको छैन । केही समय तलमाथि हुनुलाई अन्यथा नठानिएला तर प्रतिबद्धताअनुसार काम गर्ने गतिमा देखिएको सुस्तता भने यसले झल्काउँछ ।

घोषणापत्रमा दुई वर्षभित्र काम पूरा गर्ने अर्को विषय थियो- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनले प्रतिस्थापन गर्ने । यो काममा कुनै प्रगति छैन । पेट्रोलियम सवारीकै आयात बढिरहेको छ ।

घोषणापत्रमा 'द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ' भनिएको थियो । यसमा केही प्रगति भएन । उल्टै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग विवादले झन्डै एक वर्ष पदाधिकारीविहीन भए ।

ठूल्ठूला महत्त्वाकांक्षी योजनासँगै जनताका दैनिक जीवनमा प्रभाव पार्ने खालका काम गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा थिए । तर दैनिक जीवनमा प्रभाव पार्ने काममा पनि सर्वसाधारणले अनुभूति गर्ने खालको प्रगति छैन । घोषणापत्रमा सबै पसलमा मूल्यसूची अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने भनिएको थियो । तर मूल्यवृद्धि, सिन्डिकेट र भ्रमपूर्ण विज्ञापन निरन्तर छ । आक्कलझुक्कल मात्र अनुगमन हुन्छ तर औपचारिकताका लागि मात्र जस्तो देखिन्छ ।

घोषणापत्रमा राष्ट्रिय मुद्दा, जनजीविकादेखि अन्तर्राष्ट्रिय विषय पनि समेटिएका थिए । दुई वर्षभित्र भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौता पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्ने र सीमा समस्याको समाधान र सीमानाकाको व्यवस्थापनका लागि कूटनीतिक पहल हुने पनि उल्लेख थियो । चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण, वर्षौंदेखि अल्झिएको पेट्रोलियम पाइपलाइन बिछ्याउने लगायतमा उल्लेख्य प्रगति भए पनि दुई वर्षमा तोकेरै गर्ने भनिएको घोषणापत्रको यो काम भने पूरा भएको छैन ।

सरकार बनेलगत्तै अर्थमन्त्री युवराज खतिवडाले संसद्मा श्वेतपत्र पेस गरी अघिल्ला सरकारको तीव्र आलोचना गरेका थिए । तर एक वर्षको पूर्ण बजेट कार्यान्वयन र अर्को छ महिना बितिसक्दा पनि विकास खर्च सुध्रेको छैन । बुधबारसम्मको तथ्यांक हेर्ने हो भने विकास खर्च साढे १८ प्रतिशत मात्र छ । प्रधानमन्त्री ओली भने अन्तर्राष्ट्रिय संस्थाहरूले सार्वजनिक गरेको सकारात्मक सूचीहरूलाई देखाएर सरकारको गति मापन गर्नुपर्ने बताइरहेका छन् ।

बाँकी पृष्ठ १४

> भनिएको भन्दा अन्य काम गर्ने खालको सरकारको शैली छ, मत माग्नका लागि मात्र घोषणापत्र ल्याएजस्तो देखियो
> – **खगेन्द्र प्रसाईं**, विश्लेषक

### भित्र



प्रदेश र स्थानीय तहको अधिकार कटौती



श्रमिकहरू अझै सामाजिक सुरक्षा कोषबाहिरै



२०६ पालिकामा पुग्न सकेन प्राविधिक शिक्षा



संक्रमणकालीन न्यायका कामहरू अघि बढ्न सकेनन्



कूटनीतिमा अलमल, सम्बन्ध विस्तारमा भने सफल




राजस्व र खर्चमा सरकारलाई सकस

**दुई वर्षभित्र सक्ने भनिएका मुख्य काम :**

- भैरहवा विमानस्थल निर्माण
- काठमाडौंमा पेट्रोलियम बाहनलाई विद्युतीय बाहनबाट प्रतिस्थापन
- यातायातलगायत क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य
- तुइनलाई झोलुङ्गे पुलले विस्थापन गर्ने
- राष्ट्रिय परिचयपत्र र गरिबी परिचयपत्र
- सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू
- भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, भूकम्प, बाढी र पहिरोपीडितलाई घर निर्माणमा सहयोग
- सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट
- राष्ट्रव्यापी नापी, भूमिको अभिलेख अद्यावधिक, वैज्ञानिक भूमिसुधार लागू
- आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर
- पूर्वपश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण
- परिमार्जित शिक्षा नीति लागू, बजेटको २० प्रतिशत शिक्षामा लगानी
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्कुल भर्ना
- केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना
- द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरण
- सबै पसलमा मूल्यसूची, गुणस्तर अनुगमन
- स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेपलाई अस्वीकार
- भारतसँगको १९५० को लगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन, सीमा समस्याको समाधान र नाकाको व्यवस्थापन

# ट्रस्टको १७३ रोपनी शंकास्पद मोहीका नाममा

■ **कृष्ण ज्ञवाली**
**बिनु सुवेदी** (काठमाडौं)

नेपाल ट्रस्टको सम्पत्तिमा कसैको हकदाबी नलाग्ने कानुनी व्यवस्था विपरीत बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको मन्त्रिपरिषद् निर्णयबाट १७३ रोपनी जग्गा मोहीका नाममा बाँडेको भेटिएको छ । सरकारले ट्रस्टका नाममा ल्याएको दिवंगत राजा वीरेन्द्र र उनको परिवारका नाममा रहेको १७३ रोपनी जग्गा मन्त्रिपरिषद् निर्णयलाई आधार मानी मालपोत कार्यालयले २०६९ सालमा मोहीका नाममा जग्गा दर्ता गरिएको हो ।

**२०६४ पुस १**
राजा वीरेन्द्र र उनको परिवारको जग्गा नेपाल ट्रस्टका नाममा दर्ता

**२०६९ भदौ ११**
छानबिन गरी आवश्यक देखिए दर्ता स्रेस्ता कायम गर्ने मन्त्रिपरिषद् निर्णय

**२०७० असार ४ देखि**
बिनाछानबिन १७३ रोपनी १५ आना मोहीका नाममा

ट्रस्ट कार्यालयले तत्कालीन अन्तरिम संविधान र प्रचलित कानुनको बर्खिलाप हुने गरी ट्रस्टको जग्गा मोही र उनका हकवालामा दर्ता गरिएको भन्दै छानबिनका लागि सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगमा निवेदन दिइसकेको छ । ट्रस्ट कार्यालयले गत जेठ २१ गते आयोगमा पठाएको पत्रमा काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल, साबिक इचंगु गाविसको १७३ रोपनी १५ आना जग्गा मोहीका नाममा गएको भन्दै छानबिन गर्न आग्रह गरिएको छ । पत्रमा भनिएको छ, 'ती जग्गा २०६४ पुस १ गते मालपोत कार्यालय कलंकीले ट्रस्टमा नामसारी गरेको हो । फेरि मोही र उनीहरूको हकवालाका नाममा नामसारी भएको बुझिन आएको छ ।'

ट्रस्ट कार्यालय स्रोतले जग्गा थाहै नदिई गैरकानुनी रूपमा मोहीका नाममा दर्ता भएकाले आयोगमा निवेदन दिएको जनाएको छ । ट्रस्टले पत्रका साथमा उक्त जग्गा नेपाल सरकारको हो भनी ७५ पानाको प्रमाणसहितको मिसिलसमेत पठाएको छ ।

ट्रस्टको कार्यालयले ती जग्गाबारे सोधखोज गत चैतदेखि गरेको हो । मालपोत कार्यालय कलंकीले जवाफमा '२०६९ भदौ ११ गते मन्त्रिपरिषद्को निर्णयअनुसार एकलौटी रूपमा मोहीका नाममा नामसारी भएको' भनी जवाफ लेखेको थियो । उक्त पत्रपछि ट्रस्टको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पत्र पठाएर 'निर्णयको व्यहोरा के थियो ?' भनी विवरण मागेको थियो ।

नेपाल ट्रस्ट ऐनको दफा १३ मा 'ट्रस्टको सम्पत्ति बिक्रीवितरण र भोगाधिकार गर्नमा प्रतिबन्ध हुने' व्यवस्था छ ।

बाँकी पृष्ठ १४


An ISO 9001:2008 Certified College

CG INSTITUTE OF MANAGEMENT
a CGHOLDINGS initiative

LIMKOKWING UNIVERSITY OF CREATIVE TECHNOLOGY
WORLDWIDE

LEARN HERE, LEAD Globally

ADMISSION OPEN
For 11th Batch

MBA
SPRING 2020 INTAKE
Morning and Evening Shift

ELIGIBLITY CRITERIA FOR ADMISSION
45% or 2 CGPA in Bachelor Degree Program

MoE approved and TU equivalent



Minbhawan, Anup Marga, Kathmandu, Nepal
Phone No.: +977-1-4107101, 4107114
www.cgim.edu.np
/cgimnepal /cgimktm
Admission Helpline Numbers: 9801234525/9801200877/9801200911



NIKE



SALE

SKECHERS



At Skechers Store
Durbarmarg / Civil Mall / Shoe tree (Durbarmarg) / City center / CG Landmark, Bharatpur Heights
At Nike Store
Durbarmarg / Bluebird Mall / Ph. 01-4258709, 9851127846, 9855054313



कञ्चनपुर सदरमुकाम महेन्द्रनगरस्थित कर्मचारी मिलन केन्द्रको जमिनमा तरकारी बेच्न बसेका महिला । विपन्न समुदायका महिलाले तरकारी बिक्री गरेरै आफ्नो गुजारा चलाउने गरेका छन् । तस्बिर : भवानी भट्ट/कान्तिपुर

# बिनायोजना नमुना विद्यालय

■ गणेश चौधरी (टीकापुर)

टीकापुर नगरपालिकाले नमुना बनाउने भन्दै गत वर्ष कर्णाली माविलाई पाँच लाख रुपैयाँ विनियोजन गर्‍यो । यो रकमले विद्यालयले सीसी क्यामेरा, प्रोजेक्टर लगायतका सामग्री खरिद गर्‍यो । यस वर्ष नगरपालिकाले योजनालाई विस्तार गर्दै प्रत्येक वडामा एउटा विद्यालय नमुना बनाउने लक्ष्य लिएको छ । जसका लागि प्रतिविद्यालय १/१ लाख रुपैयाँ छुट्याएको पनि छ । तर आवश्यक नीति र योजनाबिना हचुवाका भरमा बजेट छुट्याउँदा आशातित सफलता हासिल नहुने सरोकारवालाहरूको भनाइ छ ।

कर्णाली माविका प्रधानाध्यापक धर्मराज शर्माले नमुना विद्यालयको नाममा आएको बजेटबाट किनिएको प्रोजेक्टर र ल्यापटपले कक्षामा श्रव्यदृश्य माध्यमबाट कक्षा सञ्चालन गर्न सकेको सुनाए । उनले भने, 'तर यति थोरै रकमले नमुना त के बनाउन सकिन्थ्यो र ? सुरुवात भयो भन्नुपर्‍यो ।' नमुना विद्यालय बनाउने नारा र नाम मात्रको बजेट विनियोजनले लक्ष्य हासिल नहुने उनको भनाइ छ । 'यो वर्ष प्रत्येक वडामा एउटा विद्यालय नमूना बनाउने भनिएको छ । एक लाखमा के बन्छ र विद्यालय नमुना बनाउने,' उनले प्रश्न गरे । नमुना विद्यालय भनेपछि सेवा तथा सिकाइ उपलब्धि, विद्यार्थी संख्या बढेको हुनुपर्ने प्रधानाध्यापक शर्मा बताउँछन् । टीकापुर नगरपालिकाका निमित्त प्रमुख दमनसिंह चौधरीले नमुना विद्यालयका नाममा यो वर्ष छुट्याइएको रकम निकासा भइनसकेको बताए । उनले भने, 'वडाध्यक्षले आफ्नो वडामा भएका विद्यालयमध्ये एउटा विद्यालय छान्ने र त्यहीअनुसार बजेट दिने भनिएको छ ।' उक्त रकमले विद्यालयलाई नमुना बनाउन सहयोग पुग्ने उनको दाबी छ ।

नमुना विद्यालय बनाउने भनिए पनि आवश्यक अध्ययन र योजनाबिनै बजेट छुट्याइएको सरोकारवालाको आरोप छ । नमुना बनाउने नाममा आवश्यक तयारी नै नगरी बजेट छुट्याउँदा त्यस्ता योजना नारामा मात्र सीमित हुने कर्णाली मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खडक शाह बताउँछन् । नेकपाका नगर इन्चार्जसमेत रहेका उनले भने, 'नमुना विद्यालय बनाउने भनेर मात्र हुन्न । बहुवर्षीय योजना हो भने त्यहीअनुसार क्रमागत बजेटिङ हुनुपर्छ । एक वर्षीय हो भने त्यहीअनुसार गर्नुपर्‍यो । यस्तो पाराले नमूनाको नारा मात्र हुन्छ ।'

विकास भनेको सडक निर्माण मात्रै हो भन्ने बुझाइबाट स्थानीय तह बाहिर आउनुपर्ने उनको सुझाव छ । 'अहिलेको जमानामा पाँच लाखले के हुन्छ ? नमुना बनाउने कुरा व्यवहारमा ल्याउनुपर्‍यो,'

> केन्द्रले शिक्षा नीति लागू नगर्दा र उपयुक्त योजनाबिनै बजेट बाँड्दा विद्यालयलाई नमुना बनाउने कार्यक्रम प्रभावकारी हुन सकेको छैन

अध्यक्ष शाहले भने, 'स्थानीय तहले शिक्षालाई हेर्ने नजर नै फरक छ । विकास भनेको बाटोघाटो मात्र हो भन्ने भ्रम पहिले त्याग्नुपर्छ ।' नमुना विद्यालय बनाउन मुख्य काम विद्यार्थीलाई ज्ञान दिनु नै रहेको बताउँदै उनले त्यसका लागि शिक्षकको भूमिका सोचेजस्तो नभएको गुनासो गरे । 'शिक्षा क्षेत्रको समस्या सबैलाई थाहा छ तर समाधान खोज्नतिर हामी जाँदैनौं,' उनले भने, 'जनप्रतिनिधिदेखि शिक्षकसम्म सबै जानकार हुँदा पनि काम नगरिकनै ठूलो मान्छे बन्ने प्रवृत्ति छ । शिक्षकलाई १० बजेदेखि ४ बजेसम्म पढाउनुपर्छ भन्ने थाहा छ तर पढाउँदैनन् ।'

टीकापुर नगरपालिका शिक्षा शाखा प्रमुख नरेश अवस्थीले शिक्षा क्षेत्र नगरको प्राथमिकतामा नपरेको स्वीकार गरे । उनले भने, 'नगरमा शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन नगर्ने, हतोत्साही बनाउने काम भएको छ । यसरी शिक्षामा गुणस्तर खोजेर पाइन्न ।'

### केन्द्रमा शिक्षा नीति नबन्दा समस्या

केन्द्रले शिक्षा नीति जारी नगर्दा स्थानीय तहलाई शिक्षा नीति लागू गर्न गाह्रो भइरहेको जनप्रतिनिधिहरू बताउँछन् । 'केन्द्रको नीति नआउँदासम्म हामीले बनाएको नीति लागू गर्न समस्या छ,' जानकी गाउँपालिकाका अध्यक्ष प्रदीपकुमार चौधरीले भने, 'शिक्षकलाई तलब खुवाउने, शिक्षक बीचको अन्तर्द्वन्द्व कम गर्ने काम मात्रै शिक्षा शाखाले गरिरहेको छ । शिक्षामा केही गर्न खोजे तपाईंको अधिकार छैन भन्छ केन्द्र सरकारले, अनि गर्ने के ?'

उनले नमुना विद्यालयको अवधारणा आफूहरूले ल्याएको भए पनि केन्द्र सरकारले शिक्षा नीति जारी नगर्दा उक्त कार्य रोकिएको बताए । घोडाघोडी नगरपालिकाको उदाहरण दिँदै अध्यक्ष चौधरीले भने, 'घोडाघोडीले आफैंले शिक्षा नीति बनाएर लागु गर्न खोज्यो । तर जिल्ला अदालतमा मुद्दा परेर पनि नगरपालिकाले मुद्दा हारेको छ । अनि कसरी शिक्षा क्षेत्रमा पालिकाले काम गर्ने ?'

जानकी गाउँपालिकाको जनता माविलाई नमुना बनाउन केन्द्र सरकारबाट आएको करिब एक करोड बजेट फ्रिज भयो । गाउँपालिकाका शिक्षा शाखा प्रमुख कलमबहादुर खडकाले भने, 'नमुना बनाउने भनियो तर काम नै भएन ।' टीकापुरका स्थानीय भुवनेश्वर अधिकारीले शिक्षामा परिवर्तन होला भनेर आशा गर्ने अवस्था नरहेको बताए । 'देश संघीयतामा गए पनि शिक्षा एकात्मक प्रणालीमै छ,' उनले भने, 'संघले शिक्षा नीति नल्याउँदा स्थानीय सरकारले शिक्षा नीति ल्याउन सकेका छैनन् । यस्तो अवस्थामा शिक्षामा परिवर्तन कसरी आशा गर्नु ?'

# ५ वर्षमा पनि बनेन डोटी सभाहल

संरचना बने पाँचवटा हलमा एकसाथ १५ सय जनालाई तालिम दिन सकिनेछ तर कामले तीव्रता नपाउँदा तेस्रोपटक म्याद थपको तयारी भइरहेको छ

■ मोहन शाही (डोटी)

सुदूरपश्चिम प्रदेशकै ठूलो क्षमताको भनिएको डोटीमा निर्माणाधीन सभाहल अहिले अलपत्र अवस्थामा छ । दिपायल राजपुरमा निर्माण भइरहेको सभाहल बनाउने कार्य ठेकेदारको ढिलासुस्तीका कारण अलपत्र परेको हो । २०७१ सालमा सम्झौता भई तीन वर्षमा काम सक्नेगरी श्याम सुन्दर निर्माण सेवा, काठमाडौंले सभाहल निर्माणको जिम्मेवारी पाएको थियो । तर दोस्रोपटक थपिएको म्यादसमेत गुज्रिसकेकोले निर्माण कम्पनीले तेस्रोपटक म्याद थपका लागि माग गरेको छ ।

संघीय सहरी तथा भवन निर्माण आयोजनामार्फत निर्माण भइरहेको सो योजनाअन्तर्गत पाँचवटा तालिम हल बन्नेछन् । जसमा एकैसाथ १५ सय जनालाई तालिम दिन सकिने आयोजनाका सबइन्जिनियर अभिषेक मलासीले बताए । 'पाँचवटा हलमा एकसाथ १५ सय जनालाई व्यवस्थित रूपमा तालिम दिन सकिने संरचना सभाहलभित्र बन्नेछन्,' उनले भने, 'तर दुर्भाग्य कामले तीव्रता नपाउँदा तेस्रोपटक म्याद थपको तयारी भइरहेको छ ।'

निर्माण थालिएयता बीचमा स्थानीय तहको निर्वाचन, प्रदेश राजधानीका सम्बन्धमा भएको आन्दोलन लगायतका कारण निर्माणमा ढिलाइ भएको उनको भनाइ छ । सभाहलको निर्माण कार्य दुई चरणमा अघि बढाइएको छ । स्टेज र प्यारापिटसहितको कन्फरेन्स हल, बेन्क्वेट हल लगायतका संरचना पहिलो चरणमा निर्माण हुने बताइएको थियो ।

जसका लागि ११ करोड ५२ लाखमा सम्झौता भई काम सुरु गरिए पनि अहिलेसम्म सम्पन्न भएको छैन । सुविधासम्पन्न भनिएको सभाहलमा ५० जना महिला पुरुषले एकसाथ प्रयोग गर्न मिल्ने शौचालय बनाइने छ । सबइन्जिनियर मलासीका अनुसार पहिलो चरणको संरचना निर्माणका लागि तेस्रोपटक म्याद थप्ने प्रक्रिया अघि बढेको हो । दोस्रो चरणमा २ करोड ६५ लाख रुपैयाँको लागतमा अफिस लाइब्रेरी, मिटिङ हल लगायतका संरचना बन्नेछन् । यसका लागि दोस्रोपटक थपिएको म्याद आगामी जेठमा सकिनेछ । दोस्रो चरणको काम भने सम्पन्न हुने अवस्थामा पुगेको उनले बताए ।



डोटीको दिपायलस्थित राजपुरमा निर्माणाधीन सभाहल । तस्बिर : मोहन/कान्तिपुर

### उपयोगबारे अन्योल

सभाहल निर्माणसँगै त्यसको उपयोगबारे अन्योलता छ । प्रदेशको राजधानी तोक्नुपूर्व नै निर्माण सुरु गरिएको सभाहलको सञ्चालनसम्बन्धी स्पष्ट कार्यविधि नबनेकाले त्यसको सञ्चालन सम्बन्धमा अन्योलता थपिएको हो । 'हामीले कसलाई हस्तान्तरण गर्ने त्यो स्पष्ट छैन,' सबइन्जिनियर मलासीले भने, 'त्यसको मर्मत, सम्भार र सुरक्षाको कुरा पनि छ ।' पछिल्लो समय कञ्चनपुरको महेन्द्रनगर र कैलालीको टीकापुरमा पनि सभाहल निर्माण भएका छन् । तर क्षमताका अधारमा डोटीमा निर्माणाधीनभन्दा कम क्षमताका हुन् । 'प्रदेश राजधानी हुन सक्ने आधारमा डोटी सभाहलको तयारी गरिएको हो,' दिपायल सिलगढी नगरपालिका-४ का वडाध्यक्ष वीरेन्द्र शाहले भने, 'राजधानी अन्यत्र गए पनि डोटी सभाहलको पूर्ण रूपमा उपयोग कसरी गर्ने भन्ने चिन्ता स्थानीय तहलाई छ ।'

सुदूरपश्चिमका मुख्यमन्त्री त्रिलोचन भट्टले उक्त सभाहललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन आफ्नै भवन नभएका सरकारी कार्यालयहरू राख्न सकिने सुझाएका छन् ।

# ग्रामीण सडकले मुख्य राजमार्गमा जोखिम

कान्तिपुर संवाददाता (दार्चुला)

निर्माणाधीन ग्रामीण सडकले मुख्य राजमार्गमा क्षति पुर्‍याउँदा दुर्घटनाको जोखिम बढेको छ । ग्रामिण सडक निर्माणका क्रममा माथिबाट माटो, ढुंगा खस्दा महाकाली राजमार्गअन्तर्गत दार्चुला खण्ड पटक-पटक अवरुद्धसमेत हुने गरेको छ ।

शैल्यशिखर नगरपालिकाको गोकुलेश्वरदेखि सदरमुकाम खलंगासम्म निर्माण भइरहेका ग्रामिण सडकले मुख्य राजमार्गका विभिन्न स्थानमा क्षति पुर्‍याएको छ । माथिबाट ढुंगामाटो खस्ने, पहिरो जाने, सडक भासिनेजस्ता कारणले राजमार्ग क्षेत्रमा यात्रा गर्दा जोखिम बढेको यातायात व्यवसायी बताउँछन् । हिलाम्य र धुलाम्य हुने समस्याले समेत हैरानी बढाएको छ ।

नौगाड, मार्मा, दुहु, मालिकार्जुन र लेकम गाउँपालिका र शैल्यशिखर नगरपालिकाले डोजर खरिद गरेर धमाधम सडक निर्माण गरिरहेका छन् । वातावरणीय प्रभाव मूल्यांकन नगरीकनै प्रदेश तथा संघ सरकारको विशेष र समपुरक अनुदानबाट उनीहरूले सडक योजना अघि बढाइरहेका हुन् । महाकाली लोकमार्ग भएर शैल्यशिखर नगरपालिका-७ पनेबाजदेखि बन्तोली जाने सडक र मालिकार्जुन गाउँपालिका-४ ऐरिछ्रानादेखि हुनैनाथ हुँदै वडा नम्बर ५ डाँडाकोट जाने सडकले सबैभन्दा बढी समस्या निम्त्याएको मालिकार्जुन गाउँपालिका-४ का जमनसिंह धामीले बताए । 'पनेबाजदेखि ऐरिछ्रानासम्म धेरै ठाउँमा राजमार्गमा क्षति पुगेको छ,' उनले भने, 'राजमार्गको माथिल्लो भागबाट शाखा सडक निर्माण भइरहेकोले त्यहाँबाट खस्ने ढुंगा, माटोले गर्दा यात्रा गर्दा अप्ठेरो भएको छ ।'

लामो समयदेखि महाकाली राजमार्गमा गाडी चलाउँदै आएका दिलानन्द जोशीले ग्रामीण सडक बनाउँदा खसेका ढुंगा र माटोका ढिस्काले मुख्य राजमार्गमा यातायात अवरुद्ध हुने गरेको बताए । उनले भने, 'पहिला यस्तो समस्या थिएन । अहिले त माथिबाट खसेका ढुंगा, माटोले सडक भास्सिएर दुर्घटनाको जोखिम बढाएको छ ।' ऐरिछ्रानाबाट-डाँडाकोट सडक निर्माणका क्रममा खसेको माटोले ऐरिछ्रानास्थित महाकाली राजमार्गको नाली बन्द भएको छ । गत वर्षदेखि मालिकार्जुन गाउँपालिकाले ठेक्कामा निर्माण सुरु गराएको सो सडक अझै बन्न सकेको छैन । 'सडकको ट्र्याकसम्म खोलिएको छ । तर, ग्रेड नमिलाउँदा सवारी चल्ने अवस्था छैन,' स्थानीय जोग्रेन्द्र धामीले भने, 'सडकको सुविधा पुग्ने ठाउँमा समेत मुख्य सडक बिग्रेको छ ।' गाउँमा सडक लैजाने नाममा राजमार्ग बिग्रेकोमा धामीले गुनासो गरे । 'गाउँतिर पनि सडक पुग्नुपर्छ तर मुख्य राजमार्गमा क्षति नहुनेगरी काम गर्नुपर्छ,' उनले भने ।

करकले-देथला-दल्लेक-खलंगा सडक खण्डमा पनि आधा दर्जन ठाउँमा सहायक मार्ग बनिरहेका छन् । महाकाली नगरपालिका-३, मालबेला पुग्न उक्त सडक बनिरहेको हो । प्रदेश सरकारको बजेटमा बन्न लागेको सो सडकको ट्र्याक गत असारमै खोलिएको हो । ग्रामीण सडकहरू प्राविधिक योजनाबिनै निर्माण भइरहेका लास्कुका स्थानीय बताउँछन् । दल्लेक-नागु-सीना सडक निर्माणका कारण नौगाड गाउँपालिका-३, चौड आसपासको खोला किनार क्षेत्रमा वर्षातमा मुख्य राजमार्ग क्षेत्र नै अवरुद्ध हुने गरेको नौगाड-२ का गोविन्दसिंह ठगुन्नाले बताए । 'यस सडकले दल्लेक गाउँका केही घरमा जोखिम बढाएको छ,' उनले भने, 'गाउँपालिकाले सडक बनाउनुअघि सम्भावित जोखिमका बारेमा कहिल्यै सोचेन, जसका कारण यस्तो अवस्था आएको हो ।'



दार्चुला मालिकार्जुन गाउँपालिकाको डाँडाकोट जाने ग्रामीण सडकका कारण बिग्रिएको ऐरिछ्रानास्थित महाकाली राजमार्ग । तस्बिर : मनोज बडू/कान्तिपुर










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | दुबिधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धन | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २ गते शुक्रबार तदनुरुप १४ फरवरी २०२० फाल्गुन कृष्णपक्ष षष्टि तिथि रात्रिको १२:२ बजेसम्म उप्रान्त सप्तमी तिथि, चित्रा नक्षत्र दिनको १२:५६ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, गण्ड योग रात्रिको १०:१४ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको १:८ बजेसम्म उप्रान्त वणिज करण, तुला राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:०० | कान्तिपुर समाचार |
| ५:३० | आध्यात्मिक सन्देश | ४:३० | रजतपट (रिपिट) |
| ६:०० | जीवन विज्ञान | ५:०० | कल कान्तिपुर |
| ६:३० | भजन | ६:०० | कान्तिपुर न्यूज |
| ७:०० | कान्तिपुर समाचार | ६:३० | सुमनसँग (रिपिट) |
| ८:०० | गुडमर्निङ नेपाल | ७:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्यूज | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ९:०० | इट्स माइ सो (रिपिट) | ८:०० | कान्तिपुर समाचार |
| १०:०० | कान्तिपुर समाचार | ९:०० | ह्वाट द फ्लप |
| १०:३० | फिल्म टनिक (रिपिट) | १०:०० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज | १०:३० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) | ११:०० | प्रदेश विशेष (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार | ११:३० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | १:०० | कान्तिपुर न्यूज रिपीटेड |
| २:०० | कान्तिपुर समाचार | १:३० | सुमनसँग (रिपिट) |
| २:३० | बलियो घर (रिपिट) | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| ३:०० | इट्स माई सो (रिपिट) | २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| | | ३:०० | कल कान्तिपुर रिपीटेड |
| | | ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्ट्स डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरू (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (निशान्त) | ०२:०० | नेपाली गीतहरू लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरू लगातार |
| १४:०५ | के छ नेपाल (निशान्त) | ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८०४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३०५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |